# राष्ट्रिय स्वतन्त्र पार्टी

## Rastriya Swatantra Party

## (रास्वपा)

# विधान

(चौथो संशोधन २०८३ सहित)

केन्द्रीय कार्यालय: काठमाडौं, नेपाल

Central Office: Kathmandu, Nepal

# राष्ट्रिय स्वतन्त्र पार्टी
## Rastriya Swatantra Party
## (रास्वपा)

# विधान

(चौथो संशोधन २०८३ सहित)
संशोधित मिति: २०८३ असार ९ गते

केन्द्रीय कार्यालय: काठमाडौं, नेपाल
Central Office: Kathmandu, Nepal

# विषय सूची

## भाग - १


प्रारम्भिक ........ २

१. संक्षिप्त नाम, प्रारम्भ र विस्तार ........ २

२. परिभाषा ........ २


## भाग - २


संस्थागत पहिचान र वैधानिक स्वरूप ........ ४

३. संस्थागत पहिचान र प्रतीक (नाम, चुनाव चिह्न,झण्डा, र छाप) ........ ४

४. कार्यालय ........ ५

५. वैधानिक हैसियत तथा अविच्छिन्न उत्तराधिकार ........ ५


## भाग - ३


वैचारिक आधार र निर्देशक सिद्धान्त ........ ६

६. पार्टीको राजनीतिक दर्शन र वैचारिक दृष्टिकोणः ........ ६

७. उन्नत लोकतन्त्र, सुशासन र पार्टी सञ्चालनका आधारस्तम्भः ........ ७

८. पार्टीको उद्देश्य तथा कार्यक्रमः ........ १०

९. निर्वाचन वाचापत्र र राजनीतिक सङ्कल्पः ........ ११


## भाग - ४


पार्टीको सदस्यता ........ १२

१०. सदस्यताका प्रकार र वैज्ञानिक मापदण्ड ........ १२

११. पार्टी सदस्यको योग्यता ........ १४

१२. पार्टी सदस्यताको समाप्ति ........ १५

१३. सदस्यता वितरण प्रक्रिया ........ १५

१४. सदस्यताको अभिलेख ........ १५

१५. सदस्यता शुल्क र नवीकरण ........ १५

१६. पार्टी सदस्यको अधिकार र कर्तव्य ........ १५

१७. सदस्यता पुनः प्राप्ति ........ १७


## भाग - ५


पार्टीको संगठनात्मक संरचना ........ १७

१८. केन्द्रीय तह ........ १७

१९. प्रदेश तह ........ १७

२०. स्थानीय तह ........ १८

भाग - ६

केन्द्रीय तह (महाधिवेशन, समिति तथा सचिवालय) ........ १८

२१. राष्ट्रिय महाधिवेशन ........ १८
२२. केन्द्रीय समिति ........ २४
२३. पार्टी सचिवालय ........ ५५

भाग - ७

प्रदेश तह (अधिवेशन, समिति तथा सचिवालय) ........ ५८

२४. प्रदेश अधिवेशन ........ ५८
२५. प्रदेश समिति ........ ६०
२६. प्रदेश सचिवालय ........ ७७

साङ्गठनिक समन्वय र प्रदेश इन्चार्ज ........ ७९

भाग - ८

स्थानीय तह (अधिवेशन, समिति तथा सचिवालय) ........ ८१

२७. जिल्ला अधिवेशन ........ ८१
२८. जिल्ला समिति ........ ८४
२९. निर्वाचन क्षेत्र समिति ........ ९५
३०. पालिका अधिवेशन ........ १०१
३१. पालिका समिति ........ १०४
३२. वडा अधिवेशन ........ ११२
३३. वडा समिति ........ ११४
३४. बुथ (मतदान केन्द्र) समिति ........ १२१
३५. टोल समिति ........ १२२

भाग - ९

राष्ट्रिय महाधिवेशन र अधिवेशनसम्बन्धी थप व्यवस्था ........ १२४

३६. अधिवेशन र महाधिवेशनसम्बन्धी थप व्यवस्था ........ १२४
३७. प्रथम राष्ट्रिय महाधिवेशन र अधिवेशनसम्बन्धी व्यवस्था ........ १२७

भाग - १०

विभाग ........ १२८

३८. विभागहरूको गठन र वर्गीकरण ........ १२८
३९. विभागहरूको संरचनागत विस्तार तथा वैधानिक हैसियत ........ १३९
४०. सबै विभागहरूको साझा प्रारूप ........ १४०

भाग - ११

सल्लाहकार परिषद् ...... १४२

४१. सल्लाहकार परिषद् तथा समितिको गठन र व्यवस्थाः ...... १४२

भाग - १२

अनुशासन आयोग, लेखा आयोग तथा निर्वाचन आयोग ...... १४३

४२. अनुशासन आयोगको गठन र व्यवस्थाः ...... १४३

४३. सम्पत्ति विवरणसम्बन्धी विशेष अधिकार (पारदर्शिता): ...... १४५

४४. आयोगको पदावधि, पदमुक्ति र पदपूर्तिसम्बन्धी व्यवस्थाः ...... १४५

४५. अनुशासनात्मक कारबाहीको प्रक्रियाः ...... १४६

४६. केन्द्रीय लेखा आयोगको गठन र व्यवस्थाः ...... १४८

४७. प्रदेश लेखा आयोग र अन्य व्यवस्थाः ...... १५०

४८. केन्द्रीय लेखा आयोगको काम, कर्तव्य र अधिकारः ...... १५०

४९. केन्द्रीय निर्वाचन आयोगको गठन र व्यवस्थाः ...... १५१

५०. केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारः ...... १५३

भाग - १३

योग्यता, पद रिक्त, पद मुक्त तथा पदपूर्ति ...... १५३

५१. पदाधिकारी तथा सदस्यको योग्यताः ...... १५३

५२. पद स्वतः रिक्त हुने अवस्थाहरूः ...... १५३

५३. पदमुक्त गरिने अवस्था र प्रक्रियाः ...... १५४

५४. पदपूर्ति सम्बन्धी व्यवस्था ...... १५५

भाग - १४

तहगत कार्यालय तथा प्रशासनिक व्यवस्था ...... १५७

५५. केन्द्रीय कार्यालय र कार्यालय सचिवको व्यवस्थाः ...... १५७

५६. प्रदेश, जिल्ला तथा पालिका कार्यालयको व्यवस्थाः ...... १५८

भाग - १५

पुनरावेदन तथा न्यायिक पुनरावलोकन ...... १५९

५७. पुनरावेदन समितिको गठन र व्यवस्थाः ...... १५९

## भाग - १६


पार्टीको कोष, आर्थिक व्यवस्थापन तथा लेखापरीक्षण ........ १६१
५८. पार्टी कोषको व्यवस्था र आर्थिक स्रोतहरूः ........ १६१
५९. कानुनी परिपालना र पारदर्शिताः ........ १६२
६०. पार्टी कोषको सञ्चालन तथा व्यवस्थापनः ........ १६२


## भाग -१७


बैठक र निर्णय ........ १६५
६१. बैठक आह्वान तथा निर्णयसम्बन्धी व्यवस्थाः ........ १६५
६२. नियमित बैठकको समयावधि र विशेष बैठकसम्बन्धी व्यवस्थाः ........ १६५


## भाग - १८


निर्वाचन र उम्मेदवार छनोट ........ १६७
६३. उम्मेदवार छनोट रूपरेखा ........ १६७
६४. क्यान्डिडेट क्लब ........ १६८
६५. लिडरसिप एकेडेमी ........ १६८


## भाग - १९


संसदीय दल ........ १६९
६६. संसदीय दलसम्बन्धी व्यवस्थाः ........ १६९
६७. सरकारको नेतृत्व तथा कार्यकारी प्रमुख (प्रधानमन्त्री/मुख्यमन्त्री) सम्बन्धी व्यवस्थाः ........ १७०
६८. संसदीय दलको नेतालाई पदमुक्त गर्ने र प्रत्याह्वान सम्बन्धी व्यवस्थाः ........ १७३


## भाग - २०


निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार ........ १७५
६९. प्रस्तावको सुरुवातः ........ १७५
७०. आन्तरिक छानबिन तथा परीक्षणः ........ १७६
७१. केन्द्रीय समितिको दुई-तिहाइबाट अनुमोदनः ........ १७६
७२. विशेष अवस्थामा केन्द्रीय समितिको विशेषाधिकारः ........ १७६
७३. प्रत्याह्वानको वैज्ञानिक सीमाः ........ १७७
७४. विस्तृत कार्यविधिः ........ १७७

भाग - २१

कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी व्यवस्था ........ १७७

७५. कार्यसम्पादन मूल्याङ्कनः ........ १७७

भाग - २२

विविध ........ १७९

७६. पार्टी विघटन हुने अवस्थाः ........ १७९

७७. पार्टी एकीकरण वा विभाजनः ........ १७९

७८. पार्टी सदस्यलाई एजेन्डा उठाउने अधिकारः ........ १८०

७९. पार्टीका तहगत समितिहरूबीचको अन्तरसम्बन्ध र साङ्गठनिक शृङ्खला ........ १८१

८०. पार्टी सदस्यमा निहित सार्वभौमसत्ता तथा निर्णय खारेज गर्न सक्ने विशेषाधिकार ........ १८२

८१. विधान संशोधनको अधिकार, प्रक्रिया र अपरिवर्तनीय व्यवस्थाहरू ........ १८३

८२. विधानको आधिकारिक व्याख्या र विवाद निरूपण ........ १८५

८३. नियमावली, निर्देशिका तथा कार्यविधि तर्जुमा र जारी गर्ने अधिकार ........ १८५

८४. बाधा अड्काउ फुकाउने अधिकार र त्यसका सीमाहरू ........ १८७

८५. शपथ ग्रहण ........ १८८

८६. आधिकारिक सम्पर्क व्यक्ति ........ १८८

८७. सङ्क्रमणकालीन साङ्गठनिक व्यवस्था ........ १८९

८८. खारेजी र बचाउ ........ १९०

भाग - २३

विशेष महाधिवेशनसम्बन्धी व्यवस्था ........ १९१

८९. विशेष महाधिवेशनको आह्वानः ........ १९१

९०. आयोजनाका आधार र प्रक्रियाः ........ १९१

९१. समयावधिको बन्देजः ........ १९१

९२. समयावधि र बाध्यात्मक व्यवस्थाः ........ १९१

९३. कार्यसूचीको सीमितताः ........ १९२

९४. विशेष महाधिवेशन प्रतिनिधिः ........ १९२

९५. निर्णयको वैधानिकताः ........ १९२

अनुसूची - १

शपथको ढाँचा ........ १९३

## प्रस्तावना

नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान, विश्वभर फैलिएका नेपालीको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्वलाई आत्मसात् गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्ने अभीष्टका साथ,

वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत समन्यायिक समावेशी समाज निर्माण गर्ने ध्येय राखी,

नेपालको संविधानको मर्म अनुरूप अप्रिय ऐतिहासिक बिरासतका रूपमा विद्यमान लैंगिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदहरूविरुद्ध निर्णायक प्रहार गरी अवसरको न्यायिक वितरण, पहुँच र उपयोग सुनिश्चित गर्न,

लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोत-साधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानीअनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयनका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाई राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित सामाजिक पुँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्न सर्वात्मना प्रतिबद्ध रहँदै,

सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टीका रूपमा 'राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)' को स्थापना गरी सामाजिक लोकतन्त्रलाई पार्टीको मूल राजनीतिक दर्शन मानी पार्टी सुसञ्चालन र व्यवस्थापनका लागि हामीले यो विधान तर्जुमा गरी जारी गरेका छौं ।

## भाग - १
## प्रारम्भिक

### १. संक्षिप्त नाम, प्रारम्भ र विस्तार

(क) यस विधानको नाम "राष्ट्रिय स्वतन्त्र पार्टीको विधान" रहेको छ ।

(ख) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा:

(क) 'पार्टी' भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)' लाई बुझिनेछ ।

(ख) 'विधान' भन्नाले 'राष्ट्रिय स्वतन्त्र पार्टीको विधान' लाई बुझिनेछ ।

(ग) 'नियमावली वा कार्यविधि' भन्नाले यस विधानको अधीनमा रही पार्टीले निर्माण गरेका विभिन्न नियमावली, निर्देशिका वा कार्यविधिहरूलाई बुझिनेछ ।

(घ) 'सदस्य' भन्नाले यस विधानबमोजिम सदस्यता प्राप्त गरेका पार्टीका साधारण तथा अन्य प्रकारका सदस्यहरूलाई बुझिनेछ ।

(ङ) 'महाधिवेशन' भन्नाले यस विधानबमोजिम सम्पन्न हुने पार्टीको सर्वोच्च नीति निर्माण गर्ने केन्द्रीय महाधिवेशनलाई बुझिनेछ ।

(च) 'केन्द्रीय समिति' भन्नाले पार्टीको सर्वोच्च कार्यकारी निकायका रूपमा रहेको केन्द्रीय समितिलाई बुझिनेछ ।

(छ) 'केन्द्रीय सचिवालय' भन्नाले केन्द्रीय समितिप्रति उत्तरदायी हुने प्रमुख पार्टी पदाधिकारीहरू र सचिवालय सदस्यसहितको समूहलाई बुझिनेछ ।

(ज) 'समिति' भन्नाले यस विधानबमोजिम गठन भएका पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला र स्थानीय तहका समितिहरूलाई बुझिनेछ ।

(झ) 'सभापति' भन्नाले पार्टीका केन्द्रीय तथा विभिन्न तहगत समितिका प्रमुख (सभापति) लाई बुझिनेछ ।

(ञ) 'पदाधिकारी' भन्नाले यस विधानबमोजिम निर्वाचित वा मनोनित भएका पार्टीका केन्द्रीय वा तहगत समितिका सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, सहप्रवक्ता लगायतका पदाधिकारीलाई बुझिनेछ ।

(ट) 'निकाय' भन्नाले पार्टीअन्तर्गतका विभिन्न तहगत समिति, विभाग, आयोग वा पार्टीसम्बद्ध अन्य आधिकारिक संरचनाहरूलाई बुझिनेछ ।

(ठ) 'कार्यालय' भन्नाले पार्टीको केन्द्रीयलगायत विभिन्न तहमा स्थापित कार्यालयलाई बुझिनेछ ।

(ड) 'संसदीय दल' भन्नाले संघीय संसद (प्रतिनिधि सभा र राष्ट्रिय सभा) तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने पार्टीका सदस्यहरूको दललाई बुझिनेछ ।

(ढ) 'स्थानीय समिति' भन्नाले नेपाल सरकारले निर्दिष्ट गरेको स्थानीय तह मानिएको गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका वा महानगरपालिका तथा सोका वडास्तरमा क्रियाशील पार्टीका समितिलाई बुझिनेछ ।

(ण) 'निर्वाचन क्षेत्र' भन्नाले प्रचलित कानुनबमोजिम संघीय र प्रदेश सभा सदस्य निर्वाचनका लागि निर्धारण गरिएको भौगोलिक निर्वाचन क्षेत्रलाई बुझिनेछ ।

(त) 'उम्मेदवार छनोट रूपरेखा' भन्नाले पार्टीले भाग लिने विभिन्न निर्वाचनमा उम्मेदवारी दिने व्यक्तिहरू चयन गर्न तय गरेको विधि तथा प्रक्रियालाई बुझिनेछ । यसअन्तर्गत सञ्चालन हुने 'क्यान्डिडेट क्लब' र 'लिडरसिप एकेडेमी' समेत यसका अभिन्न अंग मानिनेछन् ।

(थ) 'आयोग' भन्नाले पार्टीको विधानबमोजिम गठन हुने अनुशासन आयोग, निर्वाचन आयोग वा अन्य यस्तै प्रकृतिका आयोगहरूलाई बुझिनेछ ।

## भाग - २
## संस्थागत पहिचान र वैधानिक स्वरूप

**३. संस्थागत पहिचान र प्रतीक (नाम, चुनाव चिह्न,झण्डा, र छाप)**

**(क) पार्टीको नामः**

यस पार्टीको नाम **"राष्ट्रिय स्वतन्त्र पार्टी",** नेपालीमा संक्षिप्तमा "**रास्वपा**" रहनेछ । यसलाई अंग्रेजीमा **Rastriya Swatantra Party**, संक्षिप्तमा **RSP** भनिनेछ ।

**(ख) पार्टीको चिन्ह**

पार्टीको आफ्नो छुट्टै चिन्ह हुनेछ । पार्टीको चिन्ह निम्न भए बमोजिम हुनेछ ।



**(ग) पार्टीको छाप**

पार्टीको आफ्नो काम कारवाहीका लागि निम्न बमोजिमको एउटा छुट्टै छाप हुनेछ ।



**(घ) पार्टीको झण्डा**

पार्टीको झण्डा निम्न बमोजिम हुनेछ ।



**(ङ) पार्टीका राजनितिक दस्तावेज**

पार्टीका आफ्ना छुट्टै राजनितिक दस्तावेजहरु हुनेछन् ।

## ४. कार्यालय

(क) पार्टीले संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा तत् तत् निकायले कार्यालय स्थापना गर्न सक्नेछ ।

(ख) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(ग) पार्टीको प्रदेश तहको कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा रहनेछ । आवश्यकता अनुसार केन्द्रीय कार्यालयको अनुमति लिई अन्य स्थानमा सम्पर्क कार्यालय समेत खोल्न सकिनेछ ।

(घ) पार्टीको जिल्ला कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ ।

(ङ) पार्टीको स्थानीय तहको कार्यालय सम्बन्धित स्थानीय तहमा रहनेछ ।

## ५. वैधानिक हैसियत तथा अविच्छिन्न उत्तराधिकार

(क) यस विधान बमोजिम स्थापना भई नेपालको संविधान र प्रचलित कानून वमोजिम दर्ता भएको पार्टी अविच्छिन्न उत्तराधिकार वाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(ख) पार्टीले प्रचलित कानुनको अधीनमा रही व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ ।

(ग) पार्टीले आफ्नो नामबाट नालिस उजुर गर्न र पार्टी उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(घ) पार्टीले प्रचलित कानुनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ ।

## भाग - ३
## वैचारिक आधार र निर्देशक सिद्धान्त

**६. पार्टीको राजनीतिक दर्शन र वैचारिक दृष्टिकोण:**

पार्टीका प्रमुख वैचारिक दृष्टिकोण र आदर्शहरू देहायबमोजिम हुनेछन्:

**(१) पूर्ण लोकतान्त्रिक गणतन्त्र र विधिको शासन:**

वैयक्तिक स्वतन्त्रता र मौलिक हकको पूर्ण प्रत्याभूतिसहितको बहुलवादमा आधारित पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासन ।

**(२) सामाजिक लोकतन्त्र:**

रास्वपा लोकतान्त्रिक मूल्य, प्रतिस्पर्धात्मक अर्थतन्त्र, बलिया संस्था, उत्तरदायी शासन र समावेशी समाजलाई एकअर्काका पूरक मान्छ । यसको लक्ष्य केवल सरकार बनाउने होइन, राज्यको चरित्र बदल्ने हो । केवल सत्ता प्राप्त गर्ने होइन, नागरिकको विश्वास पुन:स्थापित गर्ने हो । भावी पुस्ताका लागि सक्षम, समृद्ध र न्यायपूर्ण नेपाल निर्माण गर्ने हो । माथि उल्लेखित लक्ष्य प्राप्त गर्न सामाजिक लोकतन्त्र बिचारधाराको सैद्धान्तिक अवधारणा भित्र रहि स्वतन्त्रता, समृद्धि, सुशासन र सामाजिक न्याय सुनिश्चित गर्नु सामाजिक लोकतन्त्रको उद्देश्य हो । पार्टीले अवलम्बन गरेको सामाजिक लोकतन्त्रको राजनीतिक दर्शन पाँच

मूल आधारस्तम्भमा आधारित छ ।

(क) **प्रतिष्पर्धात्मक उदार अर्थतन्त्र**

(ख) **विधिको शासन (र संस्थागत पद्दती)**

(ग) **जनउत्तरदायी सरकार**

(घ) **लोककल्याणकारी राज्य**

(ङ) **समन्यायिक समावेशी समाज**

(३) **योग्यता, सुशासन र सदाचारः**
राज्य संयन्त्रमा योग्यता, दक्षता र कर्मशीलतालाई प्रश्रय दिँदै भ्रष्टाचार र अनियमितताप्रति पूर्ण रूपमा शून्य सहनशीलताको नीति ।

(४) **सनातन सभ्यता र सांस्कृतिक सहअस्तित्वः** नेपालको इतिहास, सनातन सभ्यता तथा धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मानको प्रवर्द्धन ।

## ७. उन्नत लोकतन्त्र, सुशासन र पार्टी सञ्चालनका आधारस्तम्भः

(यस दफामा उल्लेखित आधारभूत लोकतान्त्रिक मूल्य, मान्यता र सुशासनका सिद्धान्तहरू पार्टी सञ्चालनका प्रस्थान बिन्दु हुनेछन् । पार्टीका सम्पूर्ण संरचना, कार्यविधि र नीतिहरू अनिवार्य रूपमा यसैको अधीनमा रही निर्देशित हुनेछन् ।)

(१) **परिवारवाद र नातावादको पूर्ण निषेधः**

(क) पार्टीमा एकै परिवारका एक जनाभन्दा बढी सदस्य पार्टीको कुनै समान तहको समिति, विभाग, आयोग वा संयन्त्रमा नियुक्ति, मनोनीत वा निर्वाचित हुन पाउने छैनन् ।

(ख) पार्टीको केन्द्रीय निकाय र प्रदेश निकायका सदस्यको परिवारबाट पार्टीको कुनै पनि निकाय र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस वा मनोनीत गरिने छैन ।

(ग) यस विधानको प्रयोजनका लागि “परिवार” भन्नाले पति, पत्नी, बाबु, आमा, सौतेनी बुवा, सौतेनी आमा, छोरा,

छोरी, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी, बाजे, बज्यै, ठूलो बुवा, ठूली आमा, काका, काकी, फुपू, मामा, जेठान, जेठानी, जेठी सासू, देवर, नन्द, साला, साली र निजहरूका पति वा पत्नीसमेतलाई जनाउनेछ ।

**(२) डिजिटल तथा सहभागितामूलक लोकतन्त्रः**

(क) प्रविधिलाई सूचना प्रवाहमा मात्र सीमित नराखी नीतिगत निर्णय प्रक्रियामै जोड्न पार्टीले 'डिजिटल प्लेटफर्म' को उच्चतम प्रयोग गर्नेछ ।

(ख) आवश्यक हुँदा पार्टीका महत्त्वपूर्ण नीतिगत निर्णयहरूको 'डिजिटल भोटिङ' वा सर्वेक्षणमार्फत प्रत्यक्ष जनमत लिने व्यवस्था गरिनेछ ।

(ग) डिजिटल प्रणालीमार्फत सङ्कलन गरिएका पार्टी सदस्यहरूका व्यक्तिगत तथ्याङ्कको पूर्ण सुरक्षा र गोपनीयताको सुनिश्चितता गरिनेछ । यसलाई अनधिकृत स्वार्थका लागि प्रयोग गर्न पूर्ण निषेध गरिनेछ ।

**(३) पूर्ण आन्तरिक लोकतन्त्र र प्रारम्भिक निर्वाचनः**

पार्टीको तर्फबाट जुनसुकै तहको निर्वाचन (स्थानीय, प्रादेशिक वा संघीय) मा उम्मेदवार तय गर्दा सम्बन्धित निर्वाचन क्षेत्रका साधारण सदस्यहरूले 'प्रारम्भिक निर्वाचन' मार्फत प्रत्यक्ष मतदान गर्ने व्यवस्थालाई हरेक उम्मेदवार छनोट प्रक्रियामा बाध्यकारी बनाइनेछ ।

**(४) सक्षमता र कार्यसम्पादनमा आधारित प्रणालीः**

पार्टीभित्र जिम्मेवारी, अवसर र पदोन्नति वितरण गर्दा केवल नाता, कृपा वा पहुँचलाई नभई व्यक्तिको 'सक्षमता र कार्यसम्पादन' लाई मात्र मुख्य आधार मानिनेछ ।

**(५) स्वार्थको द्वन्द्व निषेधः**

कुनै पनि व्यक्तिले राज्य वा पार्टीको जुन निकाय वा क्षेत्रमा आफ्नो प्रत्यक्ष निजी व्यापार, व्यवसाय वा आर्थिक स्वार्थ जोडिएको छ, सोही क्षेत्रको नीति निर्माण गर्ने संसदीय समिति, मन्त्रालय वा पार्टीको विभागमा जिम्मेवारी लिन पाउने छैन ।

**(६) प्रत्याह्वानको अधिकारः**

पार्टीको तर्फबाट निर्वाचित कुनै पनि जनप्रतिनिधि वा पार्टीको कार्यकारी पदमा रहेको व्यक्तिले पदीय दायित्व पूरा नगरेमा निजको कार्यकाल सकिनु अगावै सम्बन्धित मतदाता वा पार्टी सदस्यहरूले विधानमा तोकिएको प्रक्रिया पूरा गरी पदबाट फिर्ता बोलाउन सक्ने व्यवस्था लागू गरिनेछ ।

**(७) नेतृत्वको आवधिक सीमाः**

पार्टीमा नेतृत्वको एकाधिकार तोड्न र पुस्तान्तरणलाई स्वाभाविक प्रक्रिया बनाउन, पार्टीको कुनै पनि कार्यकारी पदमा एउटै व्यक्ति लगातार दुई कार्यकालभन्दा बढी निर्वाचित वा मनोनीत हुन पाउने छैन । यस प्रकारको कार्यकालको गणना पहिलो ऐतिहासिक महाधिवेशन सम्पन्न भएपछि मात्र प्रारम्भ हुनेछ ।

**(८) समन्यायिक प्रतिनिधित्व र पूर्ण समावेशिताः**

पार्टीको हरेक साङ्गठनिक संरचनालाई नेपाली समाजको सुन्दर विविधताको वास्तविक ऐना बनाइनेछ । पार्टीका सम्पूर्ण तहका समिति, विभाग र निकायहरूमा कम्तीमा ३३ प्रतिशत महिला र कम्तीमा ३३ प्रतिशत युवाको अर्थपूर्ण प्रतिनिधित्व अनिवार्य गरिनेछ । यसका अतिरिक्त, देशको भूगोल, जनसंख्याको अनुपात र विभिन्न सामाजिक समुदाय (क्लस्टर) को विशिष्ट यथार्थलाई सम्बोधन गर्दै सबै वर्ग, क्षेत्र र सीमान्तकृत समुदायको समन्यायिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

**(९) समानुपातिकमा 'एक व्यक्ति, एक अवसर':**

राज्यको पिँधमा रहेका सीमान्तकृत र अल्पसङ्ख्यक समुदायलाई नेतृत्वमा ल्याउन समावेशिताको सिद्धान्त अपनाइनेछ । तर, समानुपातिक प्रतिनिधित्वको अवसर वितरण गर्दा सीमित व्यक्तिको कब्जाबाट मुक्त राख्न 'एक व्यक्ति, एक पटक मात्र' को नीति लागू गरिनेछ ।

**(१०) पूर्ण वित्तीय पारदर्शिता र जनकोषः**

पार्टीको आम्दानी र खर्चको पूर्ण विवरण 'ओपन लेजर'

प्रणालीमार्फत पारदर्शी रूपमा सार्वजनिक गरिनेछ । अपारदर्शी चन्दालाई पूर्ण निषेध गर्दै पार्टी सञ्चालन आम नागरिकको योगदान र बैंकिङ⁄डिजिटल प्रणालीबाट मात्र गरिनेछ ।

**(११) आन्तरिक शक्ति पृथकीकरण:**

पार्टीभित्र कार्यकारी संयन्त्र र न्यायिक संयन्त्र पूर्ण रूपमा अलग हुनेछन् । सदस्यहरूको गुनासो सुन्न, विवाद निरुपण गर्न र अनुशासनको कारबाही गर्न पार्टी नेतृत्वको प्रभावबाट पूर्ण रूपमा मुक्त स्वतन्त्र अनुशासन संयन्त्र रहनेछ ।

## ८. पार्टीको उद्देश्य तथा कार्यक्रम:

**(१) राजनीतिक तथा शासकीय :**

राजनीतिलाई सुसंस्कृत, मूल्यमान्यतामा आधारित र पूर्ण रूपमा जवाफदेही बनाउने । विधिमा आधारित असल शासन मार्फत भ्रष्टाचार र दण्डहीनताको अन्त्य गर्दै, राज्यका सबै तहमा जनउत्तरदायी र लोककल्याणकारी राज्यको व्यवस्था सुनिश्चित गर्ने ।

**(२) आर्थिक :**

सार्वजनिक, निजी र सहकारी (सामुदायिक) क्षेत्रको सन्तुलित तथा प्रभावकारी परिचालन गर्ने । शान्तिपूर्ण लोकतान्त्रिक मार्गबाट समतामूलक समृद्धिका लक्ष्यहरू हासिल गर्ने 'सामाजिक लोकतन्त्र' को अवधारणाअनुरूप; राष्ट्रिय अर्थतन्त्रलाई उद्यममैत्री, लगानी-अनुकूल, प्रविधिमैत्री र आत्मनिर्भर बनाउँदै दिगो आर्थिक वृद्धि हासिल गर्ने ।

**(३) सामाजिक तथा सांस्कृतिक :**

नेपालको गौरवमय इतिहास, सनातन सभ्यता र बहुलवादी सांस्कृतिक विविधतालाई राष्ट्रिय सम्पत्तिका रूपमा संरक्षण गर्दै, सामाजिक सद्भाव र सहअस्तित्वलाई सुदृढ गर्ने । अवसरहरूको समन्यायिक वितरणमार्फत सबै प्रकारका लैङ्गिक, जातीय, वर्गीय र क्षेत्रीय विभेदहरूको अन्त्य गरी एउटा समतामूलक, सभ्य, र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

(४) **अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीति :**

एसियाको उदाउँदो भू-राजनीतिक महत्त्वलाई दृष्टिगत गर्दै, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय हितलाई सर्वोपरी राख्ने । सार्वभौमिक समानता र पञ्चशीलका सिद्धान्तमा आधारित रही, छिमेकी मित्रराष्ट्रहरू तथा अन्तर्राष्ट्रिय समुदायसँग असंलग्न, स्वतन्त्र र सन्तुलित कूटनीतिक सम्बन्ध विस्तार गर्ने ।

(५) **वातावरणीय तथा दिगो विकास**

नेपालको विशिष्ट भौगोलिक अवस्थिति र हिमालदेखि तराईसम्मको जैविक विविधताको संरक्षण गर्ने । विश्वव्यापी जलवायु परिवर्तनका गम्भीर असरहरूलाई न्यूनीकरणगर्दै, पर्यावरणीय सन्तुलन र प्राकृतिक स्रोतसाधनको दिगो उपयोगलाई राष्ट्रिय विकास नीतिको अभिन्न अङ्ग बनाउने । हरित अर्थतन्त्र र स्वच्छ ऊर्जाको प्रवर्द्धन गर्ने ।

## ९. निर्वाचन वाचापत्र र राजनीतिक सङ्कल्पः

(१) **अवधारणाः**

पार्टीले परम्परागत 'घोषणापत्र' को सट्टा जनताप्रतिको अकाट्य दायित्वबोध र जवाफदेहितासहितको 'निर्वाचन वाचापत्र' जारी गर्नेछ। यो वाचापत्र पार्टी र आम नागरिकबीचको पवित्र सम्झौता मानिनेछ ।

(२) **निर्माण प्रक्रियाः**

वाचापत्र निर्माण गर्दा बन्द कोठामा नभई विषयविज्ञ, सम्बन्धित सरोकारवाला र आम नागरिकको व्यापक सहभागिता र सुझावका आधारमा निर्माण गरिनेछ ।

(३) **वस्तुनिष्ठताः**

वाचापत्रमा उल्लेख गरिने योजना तथा सङ्कल्पहरू केवल नारामा सीमित नभई स्पष्ट समयसीमा, बजेट तथा स्रोतको सुनिश्चितता र कार्यान्वयनको स्पष्ट मार्गचित्रसहित वस्तुनिष्ठ र वैज्ञानिक हुनेछन् ।

(४) **कार्यान्वयन र बाध्यकारिताः**

पार्टीको तर्फबाट निर्वाचित जुनसुकै तहको सरकार वा जनप्रतिनिधिको मुख्य कार्यभार वाचापत्रको कार्यान्वयन गर्नु

हुनेछ। वाचापत्रको कार्यान्वयनको अवस्थाबारे पार्टीले हरेक वर्ष आम नागरिकसमक्ष सार्वजनिक परीक्षण गराउनेछ।

(पार्टीको वैचारिक आधार र निर्देशक सिद्धान्तलाई महाधिवेशनमा प्रस्तुत हुने प्रतिवेदनका आधारितमा परिवर्तन गर्न मिल्नेछ।)

## भाग - ४
## पार्टीको सदस्यता

**१०. सदस्यताका प्रकार र वैज्ञानिक मापदण्ड**

पार्टीको दर्शन र उद्देश्यप्रति प्रतिबद्ध नागरिकहरूलाई उनीहरूको योगदान, सक्रियता र अवस्थाका आधारमा देहायबमोजिम सदस्यता प्रदान गरिनेछ:

**(१) साधारण सदस्य:**

पार्टीको विचार र विधानप्रति पूर्ण सहमति जनाई, तोकिएको डिजिटल वा भौतिक फाराम भरी प्रारम्भिक सदस्यता शुल्क बुझाउने जुनसुकै नेपाली नागरिक 'साधारण सदस्य' हुनेछन्।

**अधिकार:** यस्ता सदस्यहरू पार्टीका आधारभूत समर्थक मानिनेछन्। उनीहरूलाई पार्टीका खुला कार्यक्रम तथा आन्तरिक डिजिटल सर्वेक्षणहरूमा सहभागी हुने अधिकार हुनेछ। तर, पार्टीको आन्तरिक निर्वाचनमा मतदान गर्ने वा उम्मेदवार बन्ने पूर्ण साङ्गठनिक अधिकार हुनेछैन।

**(२) सक्रिय सदस्य:**

साधारण सदस्यका रूपमा प्रवेश गरेका व्यक्तिहरू देहायका वस्तुनिष्ठ मापदण्ड पूरा गरेपश्चात् मात्र प्रणालीमार्फत स्वतः 'सक्रिय सदस्य' मा स्तरोन्नति हुनेछन्:

(क) **समयावधि:** साधारण सदस्यका रूपमा कम्तीमा ६ महिना निरन्तर व्यतीत गरेको। (पहिलो महाधिवेशनसम्म यो लागू नहुने)

(ख) **वैचारिक परीक्षण:** पार्टीले सञ्चालन गरेको अनिवार्य

आधारभूत राजनीतिक तथा साङ्गठनिक अभिमुखीकरण (भौतिक वा अनलाइन डिजिटल कोर्स) सफलतापूर्वक उत्तीर्ण गरेको ।

(ग) **साङ्गठनिक/सामाजिक योगदानः** पार्टीले आह्वान गरेका अभियान, समाजसेवा वा विपद् व्यवस्थापनमा वार्षिक रूपमा कम्तीमा तोकिएको निश्चित गुणात्मक समय दिएको ।

(घ) **नियमित लेबीः** पार्टीलाई बुझाउनुपर्ने नियमित लेबी बैंकिङ/डिजिटल प्रणालीमार्फत भुक्तान गरिरहेको ।

**अधिकारः** आन्तरिक निर्वाचनमा मतदान गर्ने, उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुने र जुनसुकै कार्यकारी वा सार्वजनिक पदको उम्मेदवार बन्न पाउने पूर्ण अधिकार केवल 'सक्रिय सदस्य' लाई मात्र हुनेछ ।

(३) **आजीवन सदस्यः**

पार्टीको संस्थागत विकास र आर्थिक दिगोपनका लागि योगदान गर्न चाहने प्रतिबद्ध नागरिक वा पुराना सदस्यलाई आजीवन सदस्यता प्रदान गरिनेछ ।

(क) **मापदण्डः** पार्टीको आर्थिक सबलीकरणका लागि केन्द्रीय समितिले तोकेबमोजिमको एकमुस्ट विशिष्ट आर्थिक योगदान गर्ने व्यक्ति, वा पार्टीको सक्रिय सदस्यका रूपमा निरन्तर ७ वर्षसम्म काम गरिसकेका व्यक्ति आजीवन सदस्य हुनेछन् ।

(ख) **सुविधाः** आजीवन सदस्यले हरेक वर्ष सदस्यता नवीकरण गरिरहनु पर्ने झन्झट हुनेछैन । उनीहरूलाई पार्टीको 'सम्मान-सूची' मा राखिनेछ ।

(आजीवन सदस्यले पनि चुनाव लड्न वा भोट हाल्न चाहेमा उपदफा (२) को सक्रिय सदस्यको मापदण्ड (तालिम र स्वयंसेवा) भने अनिवार्य रूपमा पूरा गरेकै हुनुपर्नेछ ।)

**(४) मानार्थ सदस्यः**

विज्ञान, प्रविधि, कला, साहित्य, खेलकुद, अर्थतन्त्र, सार्वजनिक प्रशासन वा अन्य कुनै पनि व्यावसायिक क्षेत्रबाट समाज र राष्ट्रका लागि विशिष्ट योगदान पुऱ्याएका लब्धप्रतिष्ठित व्यक्तिहरूलाई केन्द्रीय समितिले सम्मानस्वरूप मानार्थ सदस्यता' प्रदान गर्न सक्नेछ । आवश्यक परेको बखत यस्ता विज्ञहरूलाई ल्याटरल इन्ट्री मार्फत सिधै सार्वजनिक पदको उम्मेदवारसमेत बनाउन सकिनेछ । ।

## ११. पार्टी सदस्यको योग्यता

देहाय बमोजिम योग्यता भएका नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछन् ।

(क) १८ वर्ष उमेर पूरा भएको ।

(ख) विगतमा राजनीतिक पूर्वाग्रह वा आन्दोलनसँग जोडिएका विषय र सन्दर्भबाहेक अन्य अवस्थामा भ्रष्टाचार, यौनजन्य कसूर, मानव बेचबिखन तथा ओसारपसार, अवैध लागुऔषध कारोबार, सम्पत्ति शुद्धीकरण, अपहरण, ज्यान सम्बन्धी कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर नभएको हुनुपर्नेछ । यीबाहेक अन्य फौजदारी कसूरको हकमा कानुन बमोजिम सजाय भुक्तान गरेको एक वर्षभन्दा बढी अवधि पूरा भएको हुनुपर्नेछ ।

(ग) मानसिक सन्तुलन ठिक भएको ।

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार पसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएको हुन नहुने । यस भन्दा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको हुनु पर्ने ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक,

शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको ।

(च) प्रचलित कानुनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको ।

(छ) अन्य राजनीतिक पार्टीको सदस्य नभएको वा सदस्यता त्याग गरेको ।

## १२. पार्टी सदस्यताको समाप्ति

देहायको अवस्थामा पार्टीको सदस्य भएका व्यक्तिको सदस्यता समाप्त हुनेछ :

(क) सदस्यको मृत्यु भएमा ।

(ख) पार्टी सदस्यताको लागि आवश्यक योग्यता कायम नरहेमा ।

(ग) पार्टीले अनुशासन सम्बन्धी कारवाही गरी सदस्यबाट हटाएमा ।

(घ) स्वेच्छाले पार्टी सदस्यता त्याग गरेको लिखित सूचना दिएमा ।

(ङ) अन्य पार्टीको सदस्यता प्राप्त गरेमा ।

(च) सदस्यता नवीकरण नगरेमा ।

## १३. सदस्यता वितरण प्रक्रिया

नियमावलीमा तोकिए बमोजिम सदस्यता आवेदन फारम, तोकिएको शुल्क र आवश्यक कागजातसहित कार्यालयमा बुझाई (अनलाइन, हुलाक वा स्वयम् कार्यालयमा उपस्थित भई) सदस्यताको लागि योग्यता पुगेका नेपाली नागरिकले निवेदन दिनुपर्नेछ । उक्त निवेदन उपर जाँचबुझ गरी विधान र नियमावली बमोजिम योग्य ठहरिएमा पालिका समिति, जिल्ला समिति, प्रदेश समिति वा केन्द्रीय समितिले सदस्यता प्रदान गर्नेछ ।

## १४. सदस्यताको अभिलेख

पार्टीका सदस्यको अभिलेखीकरण केन्द्रीय संगठन विभागले राखी आवश्यकता अनुसार केन्द्रीय निर्वाचन आयोग तथा संगठनका सम्बन्धित तहगत निकायहरुलाई डिजिटल फर्म्याटमा वा कुनै माध्यमबाट उपलब्ध गराउन सक्नेछ ।

## १५. सदस्यता शुल्क र नवीकरण

सदस्यता तथा नवीकरण शुल्क नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## १६. पार्टी सदस्यको अधिकार र कर्तव्य

पार्टी सदस्यका अधिकार र कर्तव्यहरू देहायबमोजिम हुनेछन्:

(१) **सदस्यताको अनिवार्यता:** पार्टीले भाग लिने कुनै पनि तहको सार्वजनिक निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार बन्न र पार्टीका आधिकारिक गतिविधिमा प्रतिनिधित्व गर्न पार्टीको (सक्रिय) सदस्यता अनिवार्य हुनेछ । सदस्यता प्राप्त नगरेको व्यक्तिले पार्टीगत रूपमा कुनै पनि गतिविधि सञ्चालन गर्न र पार्टीका तर्फबाट निर्वाचनमा भाग लिन पाउने छैन ।

(२) **संगठित हुने र मतदान गर्ने:** पार्टीका तोकिएका समिति, निकाय, विभाग वा संयन्त्रमा संगठित भई कार्य गर्ने । साथै, तोकिए बमोजिमका बैठक, भेला, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र आफ्नो मत जाहेर गर्ने ।

(३) **प्रारम्भिक निर्वाचनमा सहभागिता:** आफू सम्बन्धित निर्वाचन क्षेत्र र भौगोलिक तहमा उम्मेदवार छनोटका लागि हुने पार्टीको प्रारम्भिक निर्वाचनमा मतदान गर्ने ।

(४) **विचार र एजेन्डा राख्ने:** पार्टीका विचार, विधान वा राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका मुद्दामा आफ्ना विचार, एजेन्डा र सिर्जनात्मक सुझावहरू सम्बन्धित समितिमा राख्ने ।

(५) **सहमति र असहमति व्यक्त गर्ने:** पार्टीका निर्णयहरूप्रति विधिसम्मत रूपमा आफ्नो सहमति वा असहमतिको मत दर्ता गराउने ।

(६) **प्राकृतिक न्यायको अधिकार:** पार्टीले गर्न सक्ने कुनै पनि प्रकारको अनुशासनात्मक कारबाहीका विरुद्ध स्पष्टीकरण दिने, सुनुवाइको मौका पाउने र माथिल्लो समितिमा पुनरावेदन गर्ने अधिकारको उपयोग गर्ने ।

(७) **नीति नियमको पालना र प्रचार:** पार्टीप्रति पूर्ण इमानदार रही पार्टीका आधिकारिक दस्तावेजहरू (विधान, नीति, नियमावली,

आचारसंहिता, वाचापत्र, कार्यविधि आदि) को अध्ययन गर्ने, तिनको पूर्ण रूपमा अनुसरण गर्ने र शुभचिन्तक तथा आम नागरिकलाई सोबारे सुसूचित गराउने ।

(८) **नवीकरण र लेबीः** पार्टी सदस्यताको नियमित रूपमा नवीकरण गर्ने, पार्टीले तोकेको लेबी (नियमित शुल्क) बुझाउने र पार्टीका कार्यक्रमहरूमा सक्रिय भई सल्लाह, सुझाव र रचनात्मक आलोचना गर्ने ।

(९) **गोपनीयता र आचरणः** पार्टीका आन्तरिक र संवेदनशील विषयहरूको गोपनीयता कायम राख्ने तथा पार्टीको छविमा आँच आउने वा गुट उपगुट सिर्जना गर्ने कुनै पनि कार्य नगर्ने ।

(१०) **राष्ट्रिय दायित्वः** भ्रष्टाचारमुक्त, सुशासित र समृद्ध राष्ट्र निर्माणको महाअभियानमा एक असल नागरिकका रूपमा आफ्नो तर्फबाट निरन्तर योगदान गर्ने ।

### १७. सदस्यता पुनः प्राप्ति

राजीनामा दिई वा पार्टीले गरेको अनुशासनात्मक कारबाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले विधान र नियमावलीबमोजिम केन्द्रीय समितिको निर्णयबाट पुनः पार्टी सदस्यता प्राप्त गर्न सक्नेछ ।

## भाग - ५
## पार्टीको संगठनात्मक संरचना

### १८. केन्द्रीय तह

केन्द्रीय तहमा देहायका संरचना हुनेछन्:

(क) राष्ट्रिय महाधिवेशन

(ख) केन्द्रीय समिति (पार्टी सचिवालय समेत)

(ग) केन्द्रीय सल्लाहकार परिषद्

(घ) केन्द्रीय आयोग

(ङ) केन्द्रीय विभाग

## १९. प्रदेश तह

प्रदेश तहमा देहायका संरचना हुनेछन्:

(क) प्रदेश अधिवेशन

(ख) प्रदेश समिति (प्रदेश सचिवालय समेत)

(ग) प्रदेश आयोग

(घ) प्रदेश विभाग

## २०. स्थानीय तह

स्थानीय तहमा देहायका संरचना हुनेछन् :

(१) जिल्ला अधिवेशन

(२) जिल्ला समिति (जिल्ला समिति, निर्वाचन क्षेत्र समिति)

(३) पालिका अधिवेशन

(४) पालिका समिति

(५) वडा अधिवेशन

(६) वडा समिति

(७) बुथ समिति

(८) टोल समिति

# भाग - ६

# केन्द्रीय तह (महाधिवेशन, समिति तथा सचिवालय)

## २१. राष्ट्रिय महाधिवेशन

### (१) राष्ट्रिय महाधिवेशनको परिचय र आयोजना

(क) राष्ट्रिय महाधिवेशन पार्टीको नीति निर्माण गर्ने तथा नेतृत्व चयन गर्ने सर्वोच्च र सार्वभौम निकाय हुनेछ ।

(ख) पार्टीको राष्ट्रिय महाधिवेशन प्रत्येक पाँच (५) वर्षमा आयोजना हुनेछ ।

(ग) विधानबमोजिम निर्वाचित केन्द्रीय समितिको कार्यकाल सकिनु ६ महिनाअगावै केन्द्रीय निर्वाचन आयोगले केन्द्रीय समितिलाई राष्ट्रिय महाधिवेशन आयोजना गर्न

औपचारिक सिफारिस गर्नेछ ।

(घ) केन्द्रीय समितिले राष्ट्रिय महाधिवेशनको मिति, स्थान र समयतालिका घोषणा गर्नेछ ।

(ङ) राष्ट्रिय महाधिवेशनको मिति घोषणा भएपश्चात् विद्यमान केन्द्रीय समिति स्वतः 'महाधिवेशन आयोजक समिति' मा रूपान्तरण हुनेछ र यसले महाधिवेशन सम्पन्न नभएसम्म सोही हैसियतमा कार्य गर्नेछ ।

**(२) राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरू**

राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने प्रतिनिधिहरूको छनोट सङ्गठनको आकार, सदस्यता वृद्धि, कार्यसम्पादन र पार्टी निर्माणको विशिष्ट आवश्यकताका आधारमा देहायबमोजिम हुनेछः

**(क) पदेन, साङ्गठनिक तथा विभागीय प्रतिनिधिः**

**(अ)** **केन्द्रः** केन्द्रीय समिति, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय आयोगका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

**(आ)** **केन्द्रीय विभागः** पार्टीका सम्पूर्ण केन्द्रीय विभागहरूबाट विभागीय प्रमुख, उपप्रमुख र सचिवसहित सम्बन्धित विभागले छनोट गरेका अधिकतम ११ जना (कम्तीमा ३३ प्रतिशत महिलासहित) ।

**(इ)** **प्रदेश/जिल्लाः** प्रदेश समितिका सबै सदस्य, प्रदेश विभाग/आयागका प्रमुखहरू, जिल्ला सभापतिहरू र निर्वाचन क्षेत्रका संयोजक/उपसंयोजकहरू ।

**(ई)** **स्थानीय तहः** पार्टीका सम्पूर्ण पालिका (महानगर/ उपमहानगर/ नगर/ गाउँपालिका) समितिका बहालवाला सभापतिहरू (सभापति उपस्थित हुन नसक्ने अवस्थामा समितिले तोकेको १ जना) ।

**(ख) जननिर्वाचित प्रतिनिधिः**

पार्टीका तर्फबाट निर्वाचित सङ्घीय संसद् (प्रतिनिधिसभा र

राष्ट्रियसभा) तथा प्रदेशसभाका सम्पूर्ण सदस्यहरू ।

पार्टीका तर्फबाट निर्वाचित स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षहरू ।

(ग) **क्रियाशील सदस्यताका आधारमा प्रतिनिधि (आधारभूत कोटा तथा थप भाराङ्क):**

सङ्गठन विस्तारलाई उच्च प्राथमिकता दिँदै, पालिका अधिवेशनले देहायको आधारभूत मापदण्ड र 'थप सदस्यताको भाराङ्क' का आधारमा प्रतिनिधिहरू प्रत्यक्ष निर्वाचित गर्नेछ:

(अ) **आधारभूत कोटा:** महाधिवेशन अगावै सत्यापित सदस्यताका आधारमा - २०१ भन्दा बढी सदस्य भएको गाउँपालिकाबाट १ जना, ४०१ भन्दा बढी सदस्य भएको नगरपालिकाबाट २ जना, ५०१ भन्दा बढी सदस्य भएको उपमहानगरबाट ३ जना र ७०१ भन्दा बढी सदस्य भएको महानगरपालिकाबाट ४ जना प्रतिनिधि निर्वाचित हुनेछन् ।

(आ) **थप सदस्यताको भाराङ्क:** माथि उल्लेखित आधारभूत संख्या पार गरिसकेपछि, थप सङ्गठन विस्तार गरे बापत प्रत्येक थप ५०० (पाँच सय) प्रमाणित सदस्य बराबर थप १ जना का दरले प्रतिनिधि निर्वाचित हुनेछन् ।

(घ) **साङ्गठनिक कार्यसम्पादनमा आधारित 'प्रोत्साहन कोटा':**

वडा र तल्ला तहका अधिवेशनहरूलाई संरचनागत रूपमै चलायमान बनाउन दिइने साङ्गठनिक प्रोत्साहन:

(अ) **आधारभूत योग्यता:** कुनै पनि संरचनाले माथि (बुँदा ग) बमोजिमका प्रतिनिधि प्राप्त गर्न आफ्नो मातहतका संरचनामध्ये न्यूनतम ३०%को अधिवेशन अनिवार्य रूपमा सम्पन्न गरेको हुनुपर्नेछ ।

(आ) **कार्यसम्पादन प्रोत्साहन:** यदि कुनै संरचनाले ६०% वा सोभन्दा बढी अधिवेशन सफलतापूर्वक सम्पन्न

गरेमा, आफ्नो सङ्गठन विस्तारको मूल्याङ्कनस्वरूप प्राप्त गर्ने कुल प्रतिनिधि संख्यामा थप २ जना 'अतिरिक्त प्रतिनिधि' गरेर पठाउन पाउनेछ । ९०% भन्दा माथि वा शतप्रतिशत अधिवेशन सम्पन्न गरेमा थप ४ जना 'अतिरिक्त प्रतिनिधि' निर्वाचित हुनेछन् ।

**(ङ) प्रवास प्रतिनिधिः**

प्रवास नेपाली सम्पर्क विभाग र विदेशस्थित शाखाहरूबाट प्रमुखसहित अधिकतम ११ जना र थप शाखाहरूको साङ्गठनिक विस्तार (सदस्यता वृद्धि) को वैज्ञानिक अनुपातमा केन्द्रीय समितिले तोकेबमोजिम निर्वाचित प्रतिनिधिहरू हुनेछन् ।

**(च) विशिष्ट मनोनयन तथा राजनीतिक समायोजनः**

निर्वाचन प्रक्रियाबाट छुटेका अति-सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, विज्ञहरू तथा पार्टी निर्माणको ऐतिहासिक चरणमा अन्य विचार, समूह वा राजनीतिक दलबाट ध्रुवीकरण भई पार्टीमा 'समायोजन' हुन आएका नेतृत्व र कार्यकर्ताहरूलाई समेट्न केन्द्रीय समितिले विशेष महाधिवेशन प्रतिनिधि मनोनयन गर्न सक्नेछ ।

पार्टी निर्माण र समायोजनको विशिष्ट परिस्थितिलाई मध्यनजर गर्दै 'पहिलो ऐतिहासिक महाधिवेशन' को हकमा यस्तो मनोनयन कोटा कुल प्रतिनिधिको अधिकतम १०% (दश प्रतिशत) सम्म हुनेछ । पहिलो महाधिवेशन सम्पन्न भएपश्चात्, भविष्यका सबै नियमित महाधिवेशनहरूमा यो संख्या स्वतः घटेर कुल प्रतिनिधिको अधिकतम ५% (पाँच प्रतिशत) मा सीमित हुनेछ ।

यस्तो विशिष्ट मनोनयन वा समायोजनको कार्य महाधिवेशन हुने मितिभन्दा कम्तीमा १० (दश) दिन अगाडिसम्म गरिसक्नुपर्नेछ ।

**(छ) विशेषाधिकार, कट-अफ मिति तथा दोहोरो प्रतिनिधित्वमा बन्देज**

**(अ) प्रतिनिधि चयनमा कट-अफ मिति र मनोनयनमा रोकः**

कुनै पनि तहको महाधिवेशन वा अधिवेशनको मिति औपचारिक रूपमा घोषणा भइसकेपछि, सम्बन्धित निकाय वा सोअन्तर्गतका कुनै पनि समिति, विभाग वा संयन्त्रमा मनोनयन वा नियुक्ति पाएका व्यक्तिहरूले उक्त नवनियुक्त पदको हैसियतमा (पदेन रूपमा) महाधिवेशन वा अधिवेशनको प्रतिनिधि बन्न पाउने छैनन् ।

तर, निजहरूले यस विधानमा उल्लेखित नियमित निर्वाचन प्रक्रिया (तल्लो कमिटी वा सदस्यहरूबाट प्रत्यक्ष निर्वाचित हुने विधि) बाट प्रतिनिधि चुनिएर आउन भने यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

**(आ) नेतृत्व हस्तान्तरणको विशेषाधिकार :**

आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न र नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न प्रोत्साहनस्वरूप, अधिवेशन गराउने आयोजक समितिको बहालवाला सभापतिको हकमा देहायको 'विशेषाधिकार' लागू हुनेछः

कुनै पनि कमिटीको बहालवाला सभापति (जसले आयोजक समितिको रूपमा सम्बन्धित अधिवेशन सफलतापूर्वक सम्पन्न गरायो) ले उक्त अधिवेशनमा आफूले कुनै पनि पदमा पुनः उम्मेदवारी नदिई नेतृत्व हस्तान्तरण गऱ्यो भने, निजलाई आफू बहाल रहेको कमिटीभन्दा ठीक 'एक तह माथिल्लो'

कमिटीको अधिवेशन वा महाधिवेशनमा स्वतः 'पदेन प्रतिनिधि' को मान्यता प्रदान गरिनेछ । (स्पष्टीकरणः पुनः उम्मेदवारी नदिने वडा सभापति स्वतः पालिका र जिल्ला अधिवेशनको, पालिका सभापति स्वतः जिल्ला र प्रदेश अधिवेशनको र जिल्ला सभापति स्वतः केन्द्रीय महाधिवेशनको प्रतिनिधि बन्न पाउनेछ) ।

**(इ) दोहोरो प्रतिनिधित्वमा बन्देजः**

कुनै पनि व्यक्तिले महाधिवेशन प्रतिनिधि बन्नका लागि माथिका एकभन्दा बढी मापदण्ड पूरा गरेको भए तापनि, निजले 'एक व्यक्ति, एक मत' को सिद्धान्तअनुसार केवल एउटा हैसियतबाट (एक जना प्रतिनिधि भएर) मात्र प्रतिनिधित्व गर्न र मतदान गर्न पाउनेछ ।

**(ज) निर्वाचन प्रक्रिया**

राष्ट्रिय महाधिवेशनको सम्पूर्ण निर्वाचनसम्बन्धी कार्य केन्द्रीय निर्वाचन आयोगको प्रत्यक्ष नियन्त्रण, सुपरिवेक्षण र निर्देशनमा सञ्चालन हुनेछ ।

**(झ) महाधिवेशनको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) विधानबमोजिम आगामी कार्यकालका लागि केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

(२) केन्द्रीय समितिले आवश्यक ठानी प्रस्तुत गरेका राजनीतिक प्रतिवेदन, सांगठनिक प्रस्ताव, आर्थिक प्रतिवेदन र विधान संशोधन प्रस्तावहरूमाथि व्यापक छलफल गरी पारित गर्ने ।

## २२. केन्द्रीय समिति

### (१) केन्द्रीय समितिको आकार र बनोटः

पार्टीको सर्वोच्च कार्यकारी निकायका रूपमा १५८ (१५०+७+१) सदस्यीय केन्द्रीय समिति रहनेछ। यो समिति राष्ट्रिय महाधिवेशन प्रति उत्तरदायी हुनेछ। केन्द्रीय समितिको बनोट देहायबमोजिम हुनेछः

(क) राष्ट्रिय महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित सभापतिः १ जना

(ख) राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यः ९९ जना

(ग) सभापतिद्वारा मनोनित केन्द्रीय सदस्यः ५१ जना

(घ) पदेन केन्द्रीय सदस्य (प्रदेश सभापतिहरू): ७ जना

**कुल जम्माः** १५८ सदस्यीय केन्द्रीय समिति ।

### (२) पार्टी सभापतिको निर्वाचन तथा आन्तरिक एकतासम्बन्धी व्यवस्थाः

**(क) उम्मेदवारको योग्यताः**

पार्टी सभापति पदमा उम्मेदवार हुनका लागि पार्टीको एक कार्यकाल केन्द्रीय समितिको सदस्य भई काम गरिसकेको हुनुपर्नेछ ।

**(ख) निर्वाचन प्रणाली (सर्वाधिक मत प्राप्त गर्ने विजयी हुने):**

पार्टी सभापति पदको निर्वाचन महाधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट हुनेछ। उक्त मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी (सर्वाधिक) मत प्राप्त गर्ने उम्मेदवारलाई स्वतः पार्टी सभापति पदमा निर्वाचित भएको घोषणा गरिनेछ ।

**(ग) निकटतम प्रत्यासीको पदीय सुनिश्चितताः**

आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न र निर्वाचनपश्चात् पार्टीभित्र बृहत् एकता र सन्तुलन कायम राख्न, सभापति पदको निर्वाचनमा पराजित हुने तर कुल सदर मतको

कम्तीमा १० (दस) प्रतिशत मत प्राप्त गर्ने 'निकटतम प्रत्यासी' (प्रतिद्वन्द्वी) स्वतः केन्द्रीय समितिको सदस्य हुनेछ ।

(३) **९९ सदस्यीय केन्द्रीय समितिको निर्वाचनः**

महाधिवेशनबाट निर्वाचित हुने कुल ९९ सदस्यीय केन्द्रीय समितिको निर्वाचन सिङ्गो महाधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट एकैपटक हुनेछ । यो निर्वाचन प्रणालीलाई देहायबमोजिम 'मिश्रित-वैज्ञानिक प्रतिनिधित्व प्रणाली' का आधारमा सम्पन्न गरिनेछः

(क) **पूर्वसर्त (उम्मेदवारी घोषणा र पदाधिकारीको योग्यता):** निर्वाचन सुरु हुनुअगावै उम्मेदवारहरूले आफू 'प्रदेशगत (३५ सदस्य)' वा 'राष्ट्रिय (६४ सदस्य)' मा लड्ने भनी तय गर्नुपर्नेछ । एक व्यक्तिले प्रदेशगत वा राष्ट्रिय मध्य एकमा मात्र उम्मेदवारी दिन पाउनेछ ।

(ख) **पदाधिकारीको योग्यताः** पार्टीका पदाधिकारीको रुपमा उम्मेदवार भई निर्वाचित हुन 'राष्ट्रिय प्रतिनिधित्व' को ६४ सदस्य (राष्ट्रिय खुला ३२ वा समन्यायिक समावेशी ३२) बाट निर्वाचित भएको हुनुपर्नेछ । प्रदेशगत (३५ सदस्य) बाट लड्ने विजयी उम्मेदवारहरू निर्वाचित हुने पदाधिकारीमा लड्न पाउने छैनन् । मनोनित पदाधिकारीको हकमा भने यो व्यवस्था लागु हुने छैन ।

(४) **प्रदेशगत प्रतिनिधित्व - ३५ सदस्यः**

पार्टीको सङ्गठनात्मक सुदृढीकरण र प्रादेशिक सन्तुलन कायम गर्न सातवटै प्रदेशबाट गरी कुल ३५ जना केन्द्रीय सदस्यको प्रतिनिधित्व रहनेछ । प्रत्येक प्रदेशबाट ५ (पाँच) जनाका दरले निर्वाचित हुने उक्त प्रादेशिक प्रतिनिधित्वमा देहायबमोजिमका समावेशी सिद्धान्तहरू अनिवार्य रूपमा लागू हुनेछन् ।

(क) **प्रदेशमा न्यूनतम ३३% महिला अनिवार्यः** यस ३५ सदस्यीय प्रदेश तर्फको केन्द्रीय सदस्यको नतिजा

घोषणा गर्दा, निर्वाचित हुने कुल ३५ जनामध्ये अनिवार्य रूपमा ३३ प्रतिशत (अर्थात् कम्तीमा १४ जना) महिला हुनैपर्नेछ । प्राकृतिक प्रतिस्पर्धाबाट १४ जना महिला नआएमा, सम्बन्धित प्रदेशहरूमा सबैभन्दा बढी मत ल्याउने महिला उम्मेदवारहरूलाई प्राथमिकता दिई (कम मत ल्याउने पुरुषलाई विस्थापित गर्दै) यो संख्या अनिवार्य पुऱ्याइनेछ ।

(ख) **क्लस्टर प्रतिनिधित्वः** प्रदेशगत जनसांख्यिक बनोट र विविधतालाई सम्बोधन गर्न, उक्त ५ सदस्यीय समूहभित्र सम्बन्धित प्रदेशको प्रमुख क्लस्टरबाट १ जना सदस्यको प्रतिनिधित्व अनिवार्य रहनेछ ।

(५) **समग्र राष्ट्रिय प्रतिनिधित्व - ६४ सदस्यः**

सिङ्गो देशलाई एउटै निर्वाचन क्षेत्र मानी प्रत्यक्ष प्रतिस्पर्धाबाट निर्वाचित हुने बाँकी ६४ सदस्यहरुलाई देहायबमोजिम 'राष्ट्रिय खुला' र 'समन्यायिक समावेशी' गरी २ भागमा विभाजन गरेर एकैपटक निर्वाचन गरिनेछः

(क) **राष्ट्रिय खुला प्रतिस्पर्धा - ३२ सदस्यः**

यसमा कुनै पनि लिङ्ग, जात वा भूगोलको आरक्षण हुनेछैन । क्षमता र लोकप्रियताका आधारमा खुला प्रतिस्पर्धाबाट सबैभन्दा बढी मत ल्याउने शीर्ष ३२ जना सीधै निर्वाचित हुनेछन् ।

(ख) **समन्यायिक समावेशी प्रतिस्पर्धा - ३२ सदस्यः**

यस ३२ सदस्यका लागि समन्यायिक प्रतिनिधित्व सुनिश्चित गर्न अन्तिम नतिजा निकाल्दा निम्न आधार बनाइनेछः

**सीमान्तकृत क्लस्टरको अनिवार्य ग्यारेन्टीः**

यो ३२ सिटभित्र ६ वटा क्लस्टरहरू

| कलस्टर | प्रतिशत | सदस्य संख्या |
|---|---|---|
| १. खस आर्य | - ३०.२८% | - १० सदस्य |

| | | |
|---|---|---|
| २. आदिवासी जनजाति | - २८.७२% | - ९ सदस्य |
| ३. मधेसी | - १६.१५% | - ५ सदस्य |
| ४. दलित | - १३.४४% | - ४ सदस्य |
| ५. थारू | - ६.५२% | - २ सदस्य |
| ६. मुस्लिम | - ४.८९% | - २ सदस्य |
| **कुल** | - १००% | - ३२ सदस्य |

(यसरी ३२ जना निर्वाचित हुदैं गर्दा कम्तीमा एक जना पिछडिएको क्षेत्रबाट र एकजना अपाङ्ग अनिवार्य छनोट गर्नुपर्नेछ ।)

निर्वाचनको अन्तिम परिणाम घोषणा गर्दा तोकिएको क्लस्टर गत कोटा (खस-आर्य, जनजाति, मधेसी, दलित, थारु, मुस्लिम/अल्पसङ्ख्यक) पूरा हुनु अनिवार्य छ । यदि खुल्ला मतदानको परिणामबाट कुनै क्लस्टरको कोटा स्वतः पूरा नभएको अवस्थामा जुन क्लस्टरको प्रतिनिधित्व न्यूनतम सीमाभन्दा कम छ, उक्त क्लस्टरबाट परिणाम समायोजन गरिनेछ। कोटा पूरा गर्नका लागि उक्त क्लस्टरका उम्मेदवारलाई समावेश गर्दा, अन्य क्लस्टरका उम्मेदवारहरूको मत धेरै आएको भए पनि विस्थापित गरिनेछ ।

**(६) समग्रमा एक तिहाई महिला प्रतिनिधित्वको सुनिश्चितता:**

१५८ सदस्यीय केन्द्रीय समितिमा समग्रमा एक तिहाकई अर्थात ३३.३३ प्रतिशत (५३ जना) महिला हुनुपर्नेछ । यसको गणितीय व्यवस्थापन निम्नअनुसार एकमुस्ट गरिनेछः

प्रदेश (३५ सदस्य) बाट १४ जना महिला पहिल्यै सुनिश्चित भइसकेका हुनेछन् ।

राष्ट्रिय (६४ सदस्य) बाट थप १९ जना महिला अनिवार्य चाहिनेछ ।

पहिलो चरणमा 'राष्ट्रिय खुला ३२' बाट जति महिला आउँछन्, त्यो संख्या घटाई बाँकी अपुग महिलाको संख्या 'समन्यायिक

समावेशी ३२' को कोटाबाट अनिवार्य पूर्ति गरिनेछ ।

अपुग महिला संख्या पूर्ति गर्दा समावेशी ३२ को सूचीमा रहेका सर्वाधिक मत ल्याउने महिलाहरूलाई स्वतः विजयी घोषणा गरिनेछ ।

१५८ सदस्यीय केन्द्रीय समितिमा एक तिहाई अर्थात ३३.३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्न निर्वाचनबाट निर्वाचित महिला सदस्यको संख्याबाट माथिको कार्यदिशा अनुसार नपुग भएको खण्डमा अपुग महिला सदस्यको संख्या सभापतिले मनोनयन गर्ने ५१ जना केन्द्रीय सदस्यहरूमध्येबाट पूर्ति गरिनेछ । प्रवासमा रहेका नेपालीहरूको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्ने उद्देश्यले सभापतिबाट मनोनयन हुने ५१ जना केन्द्रीय सदस्यमध्ये कम्तीमा ३ जना सदस्य प्रवास क्षेत्रको प्रतिनिधित्व गर्ने व्यक्तिहरूबाट अनिवार्य रूपमा मनोनयन गरिनेछ ।

(७) **निर्वाचनका चरणहरू:**

केन्द्रीय समिति र पदाधिकारीको पूर्णता देहायबमोजिम दुई चरणमा सम्पन्न गरिनेछ:

(क) **पहिलो चरण - प्रत्यक्ष तथा एकमुष्ट निर्वाचन:**

महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित हुने कुल १०० पद (१ जना पार्टी सभापति र ९९ जना केन्द्रीय सदस्य) को निर्वाचन छुट्टाछुट्टै नभई, सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट पहिलो चरणमा एकै पटक सम्पन्न गरिनेछ ।

(ख) **दोस्रो चरण - पदाधिकारीको निर्वाचन:**

पहिलो चरणको प्रत्यक्ष निर्वाचनबाट केन्द्रीय समितिको निर्माण भइसकेपछि, पार्टीका बाँकी पदाधिकारीहरूको निर्वाचन वा चयन प्रक्रिया दोस्रो चरणमा सम्पन्न गरिनेछ। (यसरी दोस्रो चरणमा पदाधिकारी चयन गर्दा, 'राष्ट्रिय प्रतिनिधित्व (६४ सिट)' बाट निर्वाचित भएका केन्द्रीय सदस्यहरू मात्र निर्वाचित हुने पदाधिकारीका लागि उम्मेदवार बन्न पाउनेछन् ।

**(८) पदाधिकारीको संख्या, स्वरूप र चयन प्रक्रियाः**

केन्द्रीय समितिमा सभापतिसहित कुल १८ (अठार) जना पदाधिकारीहरू रहनेछन् । पदाधिकारीको पदीय स्वरूप, निर्वाचन तथा चयन प्रक्रिया र समावेशी व्यवस्था देहायबमोजिम हुनेछः

**(क) पदाधिकारीको कुल संख्या र पदहरूः**

- सभापति - १ जना
- उपसभापति - ३ जना
- महामन्त्री - २ जना
- सहमहामन्त्री - ५ जना
- प्रवक्ता - १ जना
- सहप्रवक्ता - ३ जना
- कोषाध्यक्ष - १ जना
- सहकोषाध्यक्ष- २ जना

**(ख) महाधिवेशन प्रतिनिधिहरूबाट प्रत्यक्ष निर्वाचित हुने थप पदाधिकारी (६ जना):**

सभापतिको निर्वाचन पहिलो चरणमै सम्पन्न भइसक्ने हुँदा, योग्यता पुगेका (६४) केन्द्रीय सदस्यहरूमध्येबाट उम्मेदवार भई देहायका ६ (छ) जना पदाधिकारीहरू सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट दोस्रो चरणमा निर्वाचित हुनेछन्:

**(अ) उपसभापति (२ जना):**

कुल ३ मध्ये अनिवार्य रूपमा १ (एक) मा महिला उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई (महिला आरक्षित कोटामा) निर्वाचित गरिनेछ भने, बाँकी २ (दुई) मध्ये १ (एक) मा खुला प्रतिस्पर्धा हुनेछ ।

**(आ) महामन्त्री (१ जना):**

१ (एक) महामन्त्रीका लागि योग्यता पुगेका उम्मेदवारहरूबीच खुला प्रतिस्पर्धाबाट सर्वाधिक मत ल्याउने एक जना निर्वाचित हुनेछन् ।

(इ) **सहमहामन्त्री (३ जना):**
कुल ३ मध्ये अनिवार्य रूपमा १ (एक) मा महिला उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई (महिला आरक्षित कोटामा) निर्वाचित गरिनेछ भने, बाँकी २ (दुई) मा खुला प्रतिस्पर्धा हुनेछ ।

(ग) **मनोनयनबाट पदपूर्ति हुने पदाधिकारी (११ जना):**
दोस्रो चरणमा महाधिवेशनबाट छानिने माथिका पदाधिकारी ६ (छ) जना बाहेक बाँकी ११ (एघार) जना पदाधिकारीहरूको (१ उपसभापति, १ महामन्त्री, २ सहमहामन्त्री, १ प्रवक्ता, ३ सह-प्रवक्ता, १ कोषाध्यक्ष र २ सहकोषाध्यक्ष) चयन सभापतिले गर्नेछन् ।
नवनिर्वाचित सभापतिले योग्यता पुगेका केन्द्रीय सदस्यहरूमध्येबाट समावेशी सिद्धान्त र सक्षमतालाई ध्यानमा राखी उक्त ११ पदका लागि नाम प्रस्ताव गर्नेछन् र केन्द्रीय समितिको बैठकले त्यसलाई अनिवार्य अनुमोदन गर्नुपर्नेछ ।

(घ) **पदाधिकारी मनोनयनमा अनिवार्य समावेशी व्यवस्था:**
सभापतिले ११ (एघार) जना पदाधिकारी (१ उपसभापति, १ महामन्त्री, २ सहमहामन्त्री, १ प्रवक्ता, ३ सहप्रवक्ता, १ कोषाध्यक्ष र १ सहकोषाध्यक्ष) को मनोनयन प्रस्ताव गर्दा समावेशिताको सिद्धान्तलाई अनिवार्य रूपमा पालना गर्नुपर्नेछ । यसरी मनोनयन हुने कुल ११ जना पदाधिकार ीमध्ये देहायको प्रतिनिधित्व अनिवार्य हुनुपर्नेछ:

(अ) **महिला प्रतिनिधित्व:** कम्तीमा ४ (चार) जना महिला अनिवार्य ।

(आ) **सीमान्तकृत समुदायको प्रतिनिधित्व:** कम्तीमा २ (दुई) जना सीमान्तकृत समुदाय (आदिवासी जनजाति, मधेसी, दलित, थारू वा मुस्लिम/ अल्पसङ्ख्यक क्लस्टर) बाट अनिवार्य ।

(स्पष्टीकरण: यदि प्रस्तावित उम्मेदवार 'महिला' र 'सीमान्तकृत समुदाय' दुवै क्लस्टरमा पर्ने भएमा (जस्तैः दलित महिला, मधेसी महिला वा थारू महिला), त्यस्तो अवस्थामा एउटै व्यक्तिको मनोनयनले माथिका दुवै (क र ख) सर्तहरू एकैपटक पूरा गरेको मान्न सकिनेछ ।)

**(९) अन्य व्यवस्थाहरू**

**(क) निर्णय प्रक्रिया र निर्णायक मतः**

केन्द्रीय समितिको बैठकमा कुनै पनि विषयमा निर्णय गर्दा सर्वसम्मतिलाई प्राथमिकता दिइनेछ। तर, निर्णयका लागि मतदान गर्नुपर्ने अवस्था सिर्जना भई पक्ष र विपक्षमा बराबर मत परेमा मात्र सभापतिले आफ्नो निर्णायक मत दिनेछ। अन्य सामान्य अवस्थामा सभापतिले मतदान गर्ने छैन ।

**(ख) कार्यकालः**

केन्द्रीय समितिको कार्यकाल ५ वर्षको हुनेछ ।

**(ग) केन्द्रीय पदाधिकारी तथा सदस्यको पदमुक्ति र पदपूर्तिः**

(१) मनोनीत केन्द्रीय समितिका सदस्य वा पदाधिकारीलाई उचित कारण र आधार खुलाएर सभापतिको प्रस्तावमा केन्द्रीय सचिवालयको निर्णयले पदमुक्त गर्न सक्नेछ । तर, यसरी पदमुक्त गर्नुअघि निजलाई आफ्नो सफाइ पेस गर्ने उचित अवसर प्रदान गरिनुपर्नेछ। उक्त रिक्त पदमा पार्टी सदस्यहरू मध्येबाट समावेशी सिद्धान्तलाई समेत ध्यानमा राखी सभापतिले मनोनयन गरी पदपूर्ति गर्न सक्नेछन् ।

(२) निर्वाचित पदाधिकारी वा सदस्यको हकमा, यस विधानबमोजिम अनुशासन आयोगको सिफारिसमा केन्द्रीय सचिवालयको निर्णयले पदमुक्त गर्न

सक्नेछ। यस अवस्थामा पनि सम्बन्धित व्यक्तिलाई आफ्नो स्पष्टीकरण पेस गर्ने पूर्ण अवसर दिइनेछ। यसरी पदमुक्त भई रिक्त भएको स्थानमा, पद रिक्त भएको मितिले एक वर्षभित्र जुन विधि र प्रक्रियाबाट निज निर्वाचित भएको हो, सोही विधि र प्रक्रिया अवलम्बन गरी पदपूर्ति गरिनेछ।

**(१०) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार**

केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(क) नीतिगत तथा राजनीतिक कार्यहरू**

(१) राष्ट्रिय महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने र सोको नियमित अनुगमन गर्ने।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको आधिकारिक दृष्टिकोण, नीति, विचार र कार्यक्रम तय गर्ने।

(३) अन्य राजनीतिक दलहरूसँगको सम्बन्ध, निर्वाचन पूर्वको गठबन्धन, निर्वाचन पछिको तालमेल तथा सरकारमा सहभागी हुने वा नहुने (सत्ता समीकरण) विषयमा अन्तिम राजनीतिक निर्णय गर्ने।

(४) समान विचार राख्ने अन्तर्राष्ट्रिय राजनीतिक दल तथा संघसंस्थाहरूसँग भाइचारा सम्बन्ध स्थापना र विस्तार गर्ने।

**(ख) संसदीय तथा निर्वाचनसम्बन्धी कार्यहरू**

(१) संघीय संसद्, प्रदेश सभा र स्थानीय तहको निर्वाचनका लागि पार्टीको वाचापत्र, नीति र कार्यक्रम तयार गर्ने तथा निर्वाचनका लागि सम्पूर्ण निकायलाई परिचालन गर्ने।

(२) पार्टीको 'उम्मेदवार छनोट रूपरेखा' बाट छनोट भई आएका उम्मेदवारहरूको अन्तिम अनुमोदन गर्ने र निर्वाचन आयोगको नियमअनुसार आधिकारिक मनोनयनपत्र (टिकट) प्रदान गर्ने।

(३) पार्टीको नीति, विचार र वाचापत्रअनुरूप काम गर्न संघीय तथा प्रादेशिक संसदीय दललाई आवश्यक नीतिगत निर्देशन दिने र समन्वय गर्ने ।

**(ग) सांगठनिक तथा व्यवस्थापकीय कार्यहरू**

(१) विधानबमोजिम विभिन्न समिति, विभाग, आयोग, कार्यदल र संयन्त्रहरू गठन गर्ने र तिनीहरूको काम, कर्तव्य र अधिकार निर्धारण गरी आपसी समन्वय गर्ने ।

(२) पार्टीका तल्ला समिति, निकाय वा संयन्त्रहरूका निर्णयहरूलाई आवश्यक परिमार्जन र सुझावसहित अनुमोदन गर्ने ।

(३) केन्द्रीय समितिका सदस्यहरूको कार्यविभाजन गर्ने तथा आवश्यकताअनुसार पार्टी संयन्त्रहरू विस्तार वा थपघट गर्ने ।

(४) पार्टीको केन्द्रीय कार्यालयलाई प्रशासनिक एवम् दैनिक कामकारबाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(५) विधानबमोजिम राष्ट्रिय महाधिवेशनको आयोजना गर्ने ।

(६) पार्टीको आर्थिक व्यवस्थापन तथा सुदृढीकरणका निम्ति स्रोतसाधनको पहिचान, संकलन र परिचालन गर्ने ।

(७) पार्टीको वार्षिक बजेट र आयव्ययको लेखापरीक्षण प्रतिवेदन अनुमोदन गरी प्रचलित कानुनबमोजिम निर्वाचन आयोग वा सम्बन्धित निकायमा पेस गर्ने ।

(८) पार्टी सञ्चालनका लागि आवश्यक नियमावली, निर्देशिका वा कार्यविधिहरू निर्माण गर्ने ।

(९) पार्टीको विधि, विधान र आचारसंहिता पालना

गराउने । अनुशासन उल्लङ्घन गर्ने सदस्य वा पदाधिकारीलाई कारबाही गर्ने र पार्टीको निर्देशन नमान्ने तल्ला समिति, विभाग वा निकायलाई विघटन गर्ने । निर्वाचित पदाधिकारी, सदस्यहरुले जिम्मेवारी पुरा गर्न नसकको, पदको गरिमा कायम राख्न नसकेको, पद अनुसारको आचरण नगरेको वा पदकोलागि योग्य नदेखिएको खण्डमा जिम्मेवारी हरेफेर, पदमुक्त वा निश्चित समयको लागि छुटटीमा राख्न सक्नेछ ।

**(घ) जनपरिचालन तथा सामाजिक कार्यहरू**

(१) राष्ट्रको भौतिक तथा मानवीय विकास, उत्पादन वृद्धि, जनजीविका, जनचेतना र सामाजिक न्यायका लागि अगुवाइ गर्ने ।

(२) राष्ट्रियता, संवैधानिक सर्वोच्चता, सुशासन र जनहितको रक्षाका लागि आवश्यक पर्दा आन्दोलन, अभियान र जनपरिचालनको नेतृत्व गर्ने ।

(३) पार्टीको वैचारिक प्रस्टता र प्रचारप्रसारका लागि आवश्यक दस्ताबेज तथा प्रचार सामग्री प्रकाशन गर्ने ।

**(११) पार्टीका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) पार्टी सभापतिको काम, कर्तव्य र अधिकार**

पार्टी सभापति सङ्गठनको सर्वोच्च कार्यकारी प्रमुख, वैचारिक मार्गनिर्देशक र पार्टी एकताको प्रतीक हुनेछ । विधान र विधिको शासनभित्र रही पार्टीलाई सुदृढ र गतिशील नेतृत्व प्रदान गर्न सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(अ) वैचारिक तथा राजनीतिक नेतृत्वः**

**(१) समग्र नेतृत्व र वैचारिक दिशाबोधः** पार्टीको समग्र राजनीतिक, साङ्गठनिक

र वैचारिक नेतृत्व गर्ने । पार्टीका आदर्श, सिद्धान्त र लोकतान्त्रिक मूल्य-मान्यतालाई उच्च राख्दै सङ्गठनलाई सबल, पारदर्शी र जनउत्तरदायी बनाउन सर्वोपरि नेतृत्व प्रदान गर्ने ।

(२) **आधिकारिक भाष्य र प्रतिनिधित्वः** पार्टीको प्रमुख नेता र आधिकारिक प्रतिनिधिको हैसियतमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरू, राज्यका निकायहरू र अन्य राजनीतिक दलहरूसँगको सम्बन्धमा पार्टीको आधिकारिक दृष्टिकोण प्रस्तुत गर्ने र प्रतिनिधित्व गर्ने/गराउने ।

(३) **संसदीय दलसँगको समन्वयः** पार्टी र संसदीय दलबीच वैचारिक, नीतिगत तथा राजनीतिक समन्वय कायम गर्ने । पार्टी सभापति संसदीय दलको नेता नरहेको अवस्थामा, संसदमा पार्टीको आधिकारिक नीति, सिद्धान्त, निर्णय र दृष्टिकोणको प्रभावकारी प्रतिनिधित्व तथा कार्यान्वयनका लागि संसदीय दललाई आवश्यक नीतिगत मार्गनिर्देशन प्रदान गर्ने । यस्तो मार्गनिर्देशनको पालना गर्नु संसदीय दल, संसदीय दलका नेता तथा सदस्यहरूको अनिवार्य कर्तव्य हुनेछ ।

(आ) **साङ्गठनिक तथा कार्यकारी अधिकारः**

(१) **बैठकको अध्यक्षता र निर्णायक मतः** पार्टीको केन्द्रीय महाधिवेशन, केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालय बैठकको आह्वान गर्ने र ती बैठकहरूको

सभापतितत्व गर्दै सामूहिक निर्णय प्रक्रियालाई सहज बनाउने । आफूले अध्यक्षता गरेको बैठकमा निर्णय गर्दा मत बराबर भएको अवस्थामा सभापतिले 'निर्णायक मत' प्रयोग गर्ने ।

(२) **निर्णय कार्यान्वयन र अनुगमनः** पार्टीका विभिन्न समिति, विभाग, आयोग तथा संयन्त्रहरूबाट भएका निर्णयहरूको प्रभावकारी कार्यान्वयन भए/नभएको प्रत्यक्ष रेखदेख गर्ने र आवश्यक निर्देशन दिने ।

(३) **नियुक्ति, मनोनयन र कार्यविभाजनः** विधानले तोकेको परिधिभित्र रही पार्टीका केन्द्रीय स्तरका समिति, विभाग र आयोगका प्रमुख, पदाधिकारी तथा सदस्यहरूको मनोनयन, कार्यविभाजन र हेरफेर गर्ने । (तर, विधानले नै स्पष्ट रूपमा अन्य निकाय वा समितिलाई दिएको अधिकारको हकमा सोही निकायबाट मात्र हेरफेर हुने कुराको सुनिश्चितता गर्ने ।)

(४) **टिकट वितरणः** सङ्घीय, प्रादेशिक वा स्थानीय तहको निर्वाचनमा पार्टीको तर्फबाट खडा हुने उम्मेदवारहरूको अन्तिम छनोट प्रक्रियाको नेतृत्व र उम्मेदवारहरूको आधिकारिक मनोनयनपत्र (टिकट) मा पार्टीको सर्वोच्च प्रतिनिधिको हैसियतले हस्ताक्षर गर्ने ।

**(इ) विशेषाधिकार तथा आपत्कालीन व्यवस्थाः**

(१) **पुनर्विचारको विशेषाधिकारः** केन्द्रीय समिति वा अन्य कुनै निकायले गरेको निर्णयले पार्टीको मूल सिद्धान्त, विधान वा राष्ट्रिय हितमा गम्भीर असर पर्छ भन्ने सभापतिलाई लागेमा, त्यस्तो निर्णयलाई एकपटकका लागि कार्यान्वयन नगरी आवश्यक कारणसहित 'पुनर्विचारका लागि फिर्ता पठाउन सक्नेछ । (तर, सोही निर्णयलाई केन्द्रीय समितिले पुनः तत्काल कायम सदस्य संख्याको दुई-तिहाइ (२/३) बहुमतले पारित गरेमा सभापतिले अनिवार्य स्वीकार गर्नुपर्नेछ ।

(२) **तत्काल निलम्बनको अधिकारः** पार्टीको छविमा गम्भीर आँच आउने वा अनुशासनहीन काम गर्ने जुनसुकै तहको सदस्य वा पदाधिकारीलाई प्रारम्भिक छानबिनका आधारमा सभापतिले तत्काल 'पदबाट निलम्बन' गर्न सक्नेछ । यसको अन्तिम किनारा वा अनुमोदन केन्द्रीय समितिबाट गराउनुपर्नेछ ।

(३) **कार्यवाहक मुकररः** सभापति आफू देश बाहिर गएको अवस्थामा, लामो समय अनुपस्थित हुनुपर्दा, वा आफ्नो आवश्यकता अनुसार उपसभापतिलाई 'कार्यवाहक सभापति' को जिम्मेवारी तोक्ने ।

(४) **रिक्त पदको व्यवस्थापनः** कुनै पदाधिकारी निलम्बनमा परेको, अनुपस्थित रहेको वा पद रिक्त रहेको अवस्थामा, पार्टीको

कामकारबाही नरोकिने गरी सभापतिले केन्द्रीय समितिका कुनै सदस्य वा पदाधिकारीलाई उक्त पदको कार्यवाहक तोक्न सक्ने ।

(५) **आपत्कालीन निर्णयः** देशमा उत्पन्न अस्वाभाविक परिस्थिति वा पार्टीका अगाडि तत्काल परिआएका गम्भीर राजनीतिक तथा साङ्गठनिक कार्यहरूमा तत्काल आवश्यक निर्णय लिने । (यसरी गरिएका निर्णयहरूको जानकारी र अनुमोदनका लागि लगत्तै बस्ने केन्द्रीय समितिको बैठकमा पेस गर्नुपर्नेछ ।)

(ई) **अवशिष्ट तथा अन्य अधिकारः**

(१) **वित्तीय सुशासनको अनुगमनः** पार्टीको सम्पूर्ण आर्थिक कारोबार पारदर्शी र कानुनसम्मत छ भन्ने कुराको सुनिश्चितता गर्न कोषाध्यक्षमार्फत कोष सञ्चालनको प्रत्यक्ष अनुगमन गर्ने ।

(२) **अधिकारको निक्षेपणः** विधानमा कुनै पदाधिकारीलाई नतोकिएका, तर पार्टीको केन्द्रीय पदाधिकारी तहबाट सम्पादन हुनुपर्ने कार्यहरू सभापतिले आफैँ गर्ने वा अन्य पदाधिकारीलाई जिम्मेवारी तोकेर सम्पादन गराउने ।

(३) **अतिरिक्त जिम्मेवारीः** केन्द्रीय समिति वा पार्टी सचिवालयले आवश्यकता अनुसार पारित गरी तोकेबमोजिमका अन्य राजनीतिक तथा साङ्गठनिक कार्यहरू गर्ने ।

(४) **विधानको संरक्षकः** यस विधानमा अन्य कुनै

निकायले गर्ने भनी नतोकिएका पार्टीका सम्पूर्ण कार्यहरू र प्रचलित कानुनमा राजनीतिक दलले गर्नुपर्ने भनी तो किएका सम्पूर्ण कार्यहरू गर्ने । नागरिक सर्वोच्चतालाई अक्षुण्ण राख्दै पार्टीलाई अविच्छिन्न, संस्थागत र उत्तरदायी र ाजनीतिक संस्थाका रूपमा अघि बढाउन तथा गुट-उपगुटको संकुचित परिधिभन्दा माथि उठेर देश र नागरिकको हितमा केन्द्रित संस्था बनाउन आवश्यक सबै कार्यहरू गर्ने ।

**(ख) पार्टी उपसभापतिको काम, कर्तव्य र अधिकार**

पार्टीको समग्र वैचारिक तथा साङ्गठनिक कार्यमा सभापतिलाई मुख्य सहयोगी (सारथि) का रूपमा सघाउन पार्टीमा ३ (तीन) जना (दुई खुला र एक महिला) उपसभापतिहरू रहनेछन ।सभापतिको प्रत्यक्ष नेतृत्व र निर्देशनमा रहेर उपसभापतिहरूको साझा र विशिष्टीकृत कार्यविभाजन देहायबमोजिम हुनेछः

**(अ) उपसभापतिहरूका साझा काम, कर्तव्य र अधिकारः**

(१) **सभापतिको मुख्य सहयोगीः** पार्टीको समग्र नीति, निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने दिशामा सभापतिलाई प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने । सभापतिको वैचारिक र साङ्गठनिक नेतृत्वलाई सफल बनाउन मुख्य सहयोगी खम्बाका रूपमा काम गर्ने ।

(२) **प्रत्यायोजित अधिकारको प्रयोगः** सभापतिले आफ्नो अधिकारक्षेत्र भित्र रही आवश्यकता अनुसार प्रत्यायोजन गरेका विशेष

राजनीतिक तथा साङ्गठनिक कार्यहरू सम्पादन गर्ने ।

(३) **समग्र निर्देशन र अनुगमनः** पार्टीका समग्र साङ्गठनिक गतिविधिहरूको अनुगमन गर्ने र पार्टीका नीतिहरू तल्लो तहसम्म सही ढङ्गले पुगेको सुनिश्चित गर्न सभापतिको नेतृत्व र मार्गदर्शनमा रही सिङ्गो पार्टी पङ्क्तिलाई आवश्यक राजनीतिक निर्देशन दिने ।

(४) **निर्देशित दायित्व निर्वाहः** राष्ट्रिय महाधिवेशन, केन्द्रीय समिति र पदाधिकारी बैठकले समय - समयमा तोकेका अन्य जिम्मेवारीहरू निर्वाह गर्ने ।

(५) **कार्यवाहक सभापतिको जिम्मेवारीः** सभापतिको अनुपस्थितिमा, सभापतिले लिखित रूपमा तोकेको उपसभापतिले 'कार्यवाहक सभापति' को जिम्मेवारी सम्हाल्नेछ ।

(आ) **विशिष्टीकृत कार्यविभाजन र अधिकारः** सभापतिलाई सहयोग गर्ने क्रममा पार्टीको समग्र कार्यसम्पादनलाई थप प्रभावकारी, व्यवस्थित र परिणाममुखी बनाउन सभापतिले उपसभापतिहरूको अनुभव, अभिरुचि, दक्षता तथा उपयुक्तताका आधारमा उनीहरूलाई संगठन तथा राजनीतिक परिचालन, नीति अनुसन्धान तथा समन्वय, समावेशिता तथा सामाजिक न्याय, र जनसम्पर्कसम्बन्धी कार्यक्षेत्रमध्ये कुनै एक वा बढी कार्यक्षेत्र तोक्न सक्नेछ। यसरी तोकिएको कार्यक्षेत्र आवश्यकता, कार्यसम्पादन र परिस्थितिका

आधारमा सभापतिले समय समयमा हेरफेर गर्न सक्नेछ ।

(ग) **पार्टी महामन्त्रीको काम, कर्तव्य र अधिकार**

पार्टीको प्रथम कार्यकारी तहमा रहेको सभापति र मर्यादाको दोस्रो तहमा रहेका उपसभापतिहरूको राजनीतिक मार्गदर्शनमा रही, पार्टीको 'मुख्य प्रशासकीय तथा सञ्चालन संयन्त्रका रूपमा काम गर्न २ (दुई) जना महामन्त्रीहरू रहनेछन् ।महामन्त्रीहरू पार्टीको साङ्गठनिक सुदृढीकरण, प्रशासकीय चुस्तता र निर्णय कार्यान्वयन गर्ने प्रमुख कार्यकारी खम्बा हुन् । एक-अर्काका प्रतिस्पर्धी नभई एउटै साङ्गठनिक रथका सहयात्री बन्ने सुनिश्चितताका साथ, उनीहरूको साझा र विशिष्टीकृत कार्यविभाजन देहायबमोजिम हुनेछः

(अ) **महामन्त्रीहरूका साझा काम, कर्तव्य र अधिकारः**

(१) **निर्णय कार्यान्वयनः** महाधिवेशन, केन्द्रीय समिति र सचिवालय बैठकबाट पारित नीति तथा निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ठोस कार्ययोजना तयार गर्ने र सिङ्गो पार्टी पङ्क्तिमा लागू गराउने ।

(२) **सभापति र उपसभापतिलाई प्रशासकीय सहयोगः** पार्टीको दैनिक कार्यसञ्चालनमा सभापतिलाई पूर्ण रूपमा सघाउने । सभापतिले गर्ने साङ्गठनिक र राजनीतिक परिचालनका कार्यहरूमा आवश्यक प्रशासकीय र व्यवस्थापकीय बन्दोबस्त उपलब्ध गराउने ।

(३) **अन्तर-विभागीय समन्वयः** पार्टीका केन्द्रीय

विभाग, आयोग र तल्ला संरचनाहरूबीच प्रशासनिक समन्वय कायम गरी पार्टीको समग्र संयन्त्रलाई नतिजामुखी र चुस्त बनाउने ।

(४) **सहकार्य र कार्यवाहक:** कुनै पनि महत्त्वपूर्ण परिपत्र जारी गर्नु वा नयाँ प्रणाली लागू गर्नुअघि दुवै महामन्त्रीले आपसमा समन्वय गरी साझा बुझाइ निर्माण गर्नेछन् । कुनै एक महामन्त्री अनुपस्थित रहेको अवस्थामा अर्को महामन्त्रीले स्वतः सम्पूर्ण प्रशासकीय कार्यभार सम्हाल्नेछ ।

(आ) **विशिष्टीकृत कार्यविभाजन र अधिकार:** पार्टीको समग्र सञ्चालनलाई आधुनिक, छिटोछरितो, सन्तुलित, व्यवस्थित र प्रभावकारी बनाउन तथा पार्टीका कुनै पनि प्रशासनिक, सांगठनिक, नीतिगत, प्राविधिक वा प्रशिक्षणसम्बन्धी कार्यहरू नछुट्ने सुनिश्चित गर्न सभापतिले महामन्त्रीहरूको अनुभव, अभिरुचि, दक्षता तथा उपयुक्तताका आधारमा उनीहरूलाई सामान्य प्रशासन सञ्चालन, सांगठनिक सञ्जाल विस्तार तथा व्यवस्थापन, डिजिटल रूपान्तरण, नीति मस्यौदा, प्रशिक्षण, नवप्रवर्तन तथा अन्य आवश्यक कार्यक्षेत्रमध्ये उपयुक्त कार्यक्षेत्र तोक्न सक्नेछ । यसरी तोकिएको कार्यक्षेत्र आवश्यकता, कार्यसम्पादन, संगठनात्मक प्राथमिकता र परिस्थितिका आधारमा सभापतिले समय समयमा हेरफेर गर्न सक्नेछ ।

(घ) **पार्टीको सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार**

पार्टीका महामन्त्रीहरूको बृहत् प्रशासकीय तथा व्यवस्थापकीय कार्यभारलाई सहज बनाउन, पार्टीका

अभियानहरूलाई विशिष्टीकृत ढङ्गले सञ्चालन गर्न र साङ्गठनिक समन्वयलाई तल्लो तहसम्म प्रभावकारी बनाउन पार्टीमा ५ (पाँच) जना सहमहामन्त्रीहरू रहनेछन्। समावेशिताको सुनिश्चितताका लागि यी ५ पदमध्ये कम्तीमा १ (एक) पदमा महिला सहमहामन्त्री अनिवार्य हुनेछ ।

सहमहामन्त्रीहरूले महामन्त्रीको प्रत्यक्ष समन्वयमा रही कार्य गर्नेछन् । उनीहरूको साझा र विशिष्टीकृत कार्यविभाजन देहायबमोजिम हुनेछः

**(अ) सहमहामन्त्रीहरूका साझा काम, कर्तव्य र अधिकारः**

(१) **महामन्त्रीको प्रशासकीय सारथिः** पार्टीको दैनिक कार्यसञ्चालन, नीति निर्माणको तयारी र निर्णय कार्यान्वयनको शृङ्खलामा सम्बन्धित महामन्त्रीलाई प्रत्यक्ष रूपमा सहयोग गर्ने ।

(२) **प्रत्यायोजित कार्यको सम्पादनः** सभापति वा महामन्त्रीले आफ्नो अधिकारक्षेत्रभित्र रही प्रत्यायोजन गरेका विशेष प्रशासकीय तथा साङ्गठनिक कार्यहरूको नेतृत्व गर्ने ।

(३) **संस्थागत समन्वय र बैठक आह्वानः** महामन्त्रीको निर्देशनमा आवश्यकताअनुसार सम्बन्धित तह, संयन्त्र वा विभागहरूको बैठक बोलाउने र पार्टीका निर्णयहरूलाई तल्लो तहसम्म प्रवाह गराउने ।

(४) **कार्यवाहकको जिम्मेवारीः** दुवै महामन्त्री अनुपस्थित भएको खण्डमा सभापतिको निर्देशनबमोजिम तोकिएको सहमहामन्त्रीले 'कार्यवाहक महामन्त्री' को प्रशासकीय

जिम्मेवारी सम्हाल्ने ।

(आ) **विशिष्टीकृत कार्यविभाजन र अधिकारः**
पार्टीको समग्र कार्यप्रणालीलाई वैज्ञानिक, सन्तुलित, आधुनिक, छिटोछरितो र प्रभावकारी बनाउँदै कुनै पनि महत्वपूर्ण प्रशासनिक, सांगठनिक, नीतिगत, प्राविधिक, प्रशिक्षणसम्बन्धी वा नवप्रवर्तनात्मक कार्य नछुट्ने सुनिश्चित गर्न सभापतिले चार जना सहमहामन्त्रीहरूको अनुभव, अभिरुचि, दक्षता तथा उपयुक्तताका आधारमा उनीहरूलाई उपयुक्त कार्यक्षेत्र तोक्न सक्नेछ। यस्तो कार्यक्षेत्रमा सामान्य प्रशासन सञ्चालन, सांगठनिक सञ्जाल विस्तार तथा व्यवस्थापन, डिजिटल रूपान्तरण, नीति मस्यौदा, प्रशिक्षण, नवप्रवर्तन तथा पार्टीले आवश्यक ठानेका अन्य कार्यहरू समावेश हुन सक्नेछन् । यसरी तोकिएको कार्यक्षेत्र आवश्यकता, कार्यसम्पादन, संगठनात्मक प्राथमिकता तथा परिस्थितिका आधारमा सभापतिले समय समयमा हेरफेर गर्न सक्नेछ ।

(ङ) **पार्टीको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**
पार्टीको आर्थिक सुशासन, पारदर्शिता र वित्तीय व्यवस्थापनको प्रमुख जिम्मेवार पदाधिकारीका रूपमा पार्टीमा एकजना कोषाध्यक्ष रहनेछन् ।

कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **बजेट निर्माण र वित्तीय योजनाः** पार्टी सञ्चालनका निमित्त आवश्यक पर्ने समग्र आर्थिक स्रोत र साधनको व्यवस्थापन गर्ने । आगामी वर्षको वार्षिक बजेट तथा निर्वाचन लक्षित विशेष वित्तीय कार्ययोजनाको मस्यौदा तयार गरी केन्द्रीय

कार्यसमितिबाट पारित गराउने ।

(२) **पारदर्शी स्रोत संकलन र आर्थिक आचारसंहिताः** पार्टीलाई प्राप्त हुने सदस्यता शुल्क, लेवी, तथा तोकिएबमोजिमका अन्य शुल्क संकलन गर्ने । कानुनसम्मत र पारदर्शी रूपमा सहयोग (चन्दा) संकलनको नेतृत्व गर्ने र स्रोत नखुलेका वा स्वार्थ बाझिने शंकास्पद आर्थिक सहयोगलाई अस्वीकार गर्ने ।

(३) **खाता सञ्चालन र वित्तीय अनुशासनः** केन्द्रीय कार्यसमिति वा पार्टी सचिवालयको निर्णयअनुसार पार्टीको आधिकारिक बैंक खाता खोल्ने र विधानले तोकेको अर्को पदाधिकारी सहितको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन गर्ने । पारित बजेट र केन्द्रीय समितिको निर्णयको परिधिभित्र रहेर मात्र खर्चको भुक्तानी दिने र बजेटभन्दा बाहिरका वा आर्थिक अनुशासनविपरीतका खर्चहरूलाई रोक्ने ।

(४) **लेखापरीक्षण, कानुनी दायित्व र डिजिटल पारदर्शिताः** पार्टीको समग्र आर्थिक गतिविधिलाई सुशासनयुक्त बनाउन आधुनिक डिजिटल लेखा प्रणाली को विकास र व्यवस्थापन गर्ने । आर्थिक वर्ष समाप्त भएपछि मान्यता प्राप्त बाह्यलेखा परीक्षकबाट पार्टीको आय-व्ययको परीक्षण गराई, राज्यको निर्वाचन कानुनबमोजिम निर्वाचन आयोग लगायतका सम्बन्धित निकायमा समयमै प्रतिवेदन बुझाउने । साथै, पार्टीको वार्षिक आर्थिक प्रतिवेदन महाधिवेशन र केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने ।

(५) **संस्थागत दायित्व निर्वाहः** महाधिवेशन, केन्द्रीय कार्यसमिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले समय-समयमा तोकेका

अन्य आर्थिक तथा व्यवस्थापकीय कार्यहरू गर्ने/गराउने ।

(च) **पार्टी सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

पार्टीको आर्थिक प्रशासनलाई चुस्त राख्न, वित्तीय पारदर्शिता कायम गर्न र कोषाध्यक्षको कार्यभारमा विशिष्टीकृत ढंगले सघाउन पार्टीमा दुईजना सह-कोषाध्यक्ष रहनेछन् । जस मध्ये एकजना महिला अनिवार्य रहनेछ । सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **कोषाध्यक्षलाई सहयोग र प्रत्यायोजित कार्यः** पार्टीको समग्र वित्तीय योजना, वार्षिक बजेट निर्माण र आर्थिक प्रतिवेदन तयारीको कार्यमा कोषाध्यक्षले तोकेबमोजिम आवश्यक सहयोग पुर्याउने । कोषाध्यक्षले आफ्नो अधिकारक्षेत्रभित्र रही प्रत्यायोजन गरेका सम्पूर्ण आर्थिक तथा व्यवस्थापकीय कार्यहरू सम्पादन गर्ने ।

(२) **आन्तरिक स्रोत संकलन र डिजिटल अभिलेखः** पार्टीका सदस्यहरूबाट उठ्ने नियमित लेबी, सदस्यता शुल्क तथा नवीकरण दस्तुर लगायतका आन्तरिक स्रोत संकलनको प्रत्यक्ष व्यवस्थापन गर्ने । दैनिक आय-व्यय, बिल-भर्पाई र आर्थिक कारोबारलाई पूर्ण पारदर्शी बनाउन अद्यावधिक डिजिटल अभिलेख राख्ने कार्यमा कोषाध्यक्षलाई सघाउने ।

(३) **आन्तरिक लेखापरीक्षण र अनुगमनः** प्रदेश, जिल्ला र स्थानीय तहका कमिटीहरूको आर्थिक गतिविधि र लेखा प्रणालीको नियमित अनुगमन गर्ने । पार्टीको मान्यताप्राप्त बाह्य लेखापरीक्षण हुनुअघि सम्पूर्ण खातापाता दुरुस्त

राख्न आन्तरिक लेखापरीक्षणको संयोजन गर्ने ।

(४) **संस्थागत दायित्व र कार्यवाहकको भूमिकाः** कोषाध्यक्षको लामो अनुपस्थिति वा पद रिक्त रहेको अवस्थामा विधानबमोजिम कार्यवाहक कोषाध्यक्षको जिम्मेवारी सम्हाल्ने । साथै, महाधिवेशन, केन्द्रीय कार्यसमिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले समय-समयमा तोकेका अन्य जिम्मेवारीहरू पूर्ण निष्ठाका साथ निर्वाह गर्ने ।

**(छ) पार्टी प्रवक्ताको काम, कर्तव्य र अधिकार**

पार्टीको नीति, विचार, दृष्टिकोण र निर्णयहरूलाई आम नागरिक तथा सञ्चारमाध्यमसमक्ष पुऱ्याउने पार्टीको आधिकारिक र संस्थागत आवाज का रूपमा १ (एक) जना प्रवक्ता रहनेछन् । आधुनिक राजनीतिक सञ्चार र रणनीतिक अभ्यासको मर्मअनुसार प्रवक्ताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **आधिकारिक सूचना र दृष्टिकोणको प्रवाहः** महाधिवेशन, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयका निर्णयहरूलाई आम जनमानसमा पारदर्शी र सटिक रूपमा प्रवाह गर्ने ।

पार्टीको नीति, विचार, तथा समसामयिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा पार्टीको आधिकारिक दृष्टिकोण र अडान निर्माण गरी सार्वजनिक गर्ने ।

(२) **सञ्चार समन्वय र पब्लिक रिलेसन्सः** राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आम सञ्चारमाध्यमसँग सुमधुर, व्यावसायिक र दोहोरो संवादको सम्बन्ध कायम राख्ने । आवश्यकताअनुसार नियमित पत्रकार सम्मेलन र आधिकारिक प्रेस-विज्ञप्ति

जारी गर्ने ।

पार्टीका आधिकारिक निर्णय र गतिविधिहरूलाई मूलधारको मिडियाका साथै पार्टीको 'डिजिटल इकोसिस्टम' (वेबसाइट, सामाजिक सञ्जाल र अन्य डिजिटल प्लेटफर्म) मार्फत द्रुत, पारदर्शी र प्रभावकारी रूपमा सम्प्रेषण गर्ने/गराउने ।

(३) **भाष्य निर्माण र सन्देश अनुशासनः**

(अ) **सकारात्मक भाष्यः** राष्ट्रिय राजनीतिमा पार्टीको अनुकूल हुने गरी सकारात्मक भाष्य निर्माण गर्ने र मिडियामा पार्टीको बलियो उपस्थिति जनाउने ।

(आ) **एकद्वार सञ्चार नीतिः** पार्टीका नेता, पदाधिकारी र जनप्रतिनिधिहरूले सार्वजनिक रूपमा बोल्ने विषय र भाष्यमा एकरूपता ल्याउन सञ्चार निर्देशिका र टकिङ पोइन्ट्स तयार गरी पार्टी पङ्क्तिमा सर्कुलर तथा सहजीकरण गर्ने ।

(४) **सङ्कटकालीन सञ्चार र तथ्य-जाँचः**

(अ) **सङ्कटकालीन सञ्चारः** राजनीतिक सङ्कट, आन्तरिक विवाद वा मिथ्या सूचना फैलिएको समयमा पार्टीको वैचारिक प्रतिरक्षा गर्ने र जनतामा पर्न सक्ने भ्रमलाई तत्काल चिर्न 'सङ्कटकालीन सञ्चार' को नेतृत्व गर्ने ।

(आ) **तथ्य-जाँचः** पार्टी र नेतृत्वविरुद्ध सञ्चार माध्यम वा सामाजिक सञ्जालमा आएका भ्रामक कुराहरूको तत्काल 'तथ्य-जाँच गरी प्रमाणसहित आधिकारिक खण्डन गर्ने संयन्त्रको विकास गर्ने ।

**(५) जनमत विश्लेषण र नेतृत्वलाई ब्रिफिङ**

**(अ) जनभावनाको अनुगमनः** सञ्चारमाध्यम र सामाजिक सञ्जालमा नागरिकको मनोविज्ञान र पार्टीप्रतिको धारणाबारे नियमित अनुगमन गर्ने ।

**(आ) फिडब्याक लुपः** मिडिया र जनमानसबाट प्राप्त फिडब्याकलाई एकीकृत गरी नीति सच्याउन वा परिमार्जन गर्न नेतृत्व (सभापति र पदाधिकारी बैठक) लाई नियमित रूपमा सञ्चार ब्रिफिङ उपलब्ध गराउने ।

**(६) संस्थागत दायित्व र तल्लो तहको समन्वयः**

पार्टीको सार्वजनिक छवि र मर्यादालाई उच्च राख्न दीर्घकालीन रणनीतिक सञ्चारको खाका निर्माण गर्ने ।

प्रदेश र जिल्ला तहका कमिटीका प्रवक्ता वा सूचना अधिकारीहरूसँग नियमित समन्वय गर्ने र उनीहरूलाई मिडिया व्यवस्थापनसम्बन्धी अभिमुखीकरण दिने ।

सभापतिको निर्देशन वा आधिकारिक निकायले तोकेबमोजिमका अन्य जिम्मेवारीहरू निर्वाह गर्ने ।

**(ज) पार्टी सहप्रवक्ताको काम, कर्तव्य र अधिकार**

पार्टीको सञ्चार रणनीतिलाई थप प्रभावकारी बनाउन, मिडिया व्यवस्थापनलाई चुस्त राख्न र आधिकारिक सूचना प्रवाहमा प्रवक्तालाई विशिष्टीकृत ढङ्गले सघाउन पार्टीमा ३ (तीन) जना सहप्रवक्ताहरू रहनेछन् । समावेशिताको सुनिश्चितताका लागि यी ३ पदमध्ये कम्तीमा १ (एक) पदमा महिला सहप्रवक्ता अनिवार्य हुनेछ ।

सहप्रवक्ताहरूले प्रवक्ताको प्रत्यक्ष समन्वय र 'चेन अफ

कमान्ड' मा रही कार्य गर्नेछन् । उनीहरूको साझा र विशिष्टीकृत कार्यविभाजन देहायबमोजिम हुनेछः

(अ) **सहप्रवक्ताहरूका साझा काम, कर्तव्य र अधिकारः**

(१) **प्रवक्तालाई सहयोग र प्रत्यायोजित कार्यः** पार्टीको आधिकारिक सूचना प्रवाह, भाष्य निर्माण र रणनीतिक सञ्चारको दैनिक कार्यमा प्रवक्तालाई प्रत्यक्ष सहयोग पुऱ्याउने । प्रवक्ताले आफ्नो अधिकार क्षेत्रभित्र रही प्रत्यायोजन गरेका सञ्चार तथा जनसम्पर्कसम्बन्धी सम्पूर्ण कार्यहरू सम्पादन गर्ने ।

(२) **कार्यवाहक प्रवक्ताको भूमिकाः** प्रवक्ताको लामो अनुपस्थिति वा पद रिक्त रहेको विशेष अवस्थामा (प्रवक्ता वा सभापतिले लिखित रूपमा तोकेको व्यक्ति वा नतोकिएको खण्डमा वरियताका आधारमा) 'कार्यवाहक प्रवक्ता' को हैसियतमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(३) **संस्थागत दायित्वः** 'केन्द्रीय सूचना, सञ्चार तथा प्रचारप्रसार विभाग' को पदेन सदस्य भई काम गर्ने र महाधिवेशन, केन्द्रीय समिति वा पदाधिकारी बैठकले तोकेका अन्य सञ्चार तथा साङ्गठनिक जिम्मेवारीहरू निर्वाह गर्ने ।

(आ) **विशिष्टीकृत कार्यविभाजन र अधिकारः**

सञ्चार तथा प्रचारप्रसारलाई थप नतिजामुखी बनाउन र कार्यक्षेत्र नजुध्नका लागि तीनैजना सहप्रवक्ताहरूको जिम्मेवारीलाई 'परम्परागत मिडिया', 'डिजिटल मिडिया' र 'जनभावना

अनुगमन' गरी ३ भागमा विशिष्टीकृत गरिनेछः

**(१) प्रेस तथा मूलधार मिडिया समन्वय):**

यो जिम्मेवारी मूलतः मूलधार मिडिया सँगको सम्बन्ध व्यवस्थापनमा केन्द्रित हुनेछ ।

**(क) प्रेस व्यवस्थापनः** आम सञ्चारमाध्यमका सम्पादक र संवाददाताहरूसँगको दैनिक सम्पर्कलाई सुमधुर बनाउन 'मिडिया डेस्क' को नेतृत्व गर्ने । प्रेस विज्ञप्तिहरूको मस्यौदा तयार गर्न र पत्रकार सम्मेलनहरूको भौतिक तयारी गर्न प्रवक्तालाई प्रत्यक्ष सघाउने ।

**(ख) मिडिया अनुगमनः** मूलधारका सञ्चार माध्यममा पार्टीका गतिविधि, निर्णय र नेतृत्वका बारेमा उठेका विषयहरूको नियमित अनुगमन गर्ने र त्यसको विश्लेषणात्मक रिपोर्ट प्रवक्तालाई उपलब्ध गराउने ।

**(२) डिजिटल सञ्चारः**

यो जिम्मेवारी मूलतः पार्टीको 'डिजिटल पीआर र सोसल मिडिया' व्यवस्थापनमा केन्द्रित हुनेछ ।

**(क) डिजिटल सञ्चार समन्वयः** पार्टीका आधिकारिक डिजिटल माध्यमहरू (वेबसाइट, फेसबुक, एक्स, टिकटक, एप्स आदि) बाट हुने द्रुत सूचना सम्प्रेषणको प्राविधिक व्यवस्थापन गर्ने ।

**(ख) द्रुत प्रतिवाद र तथ्य-जाँचः** सामाजिक

सञ्जालमा पार्टीविरुद्ध आउने भ्रामक वा मिथ्या सूचनाको डिजिटल अनुगमन गर्ने र त्यसलाई चिर्न तत्काल 'फ्याक्ट-चेक' सहित आधिकारिक खण्डन वा प्रतिवाद सामग्री तयार पार्ने ।

(इ) **समावेशी सन्देश तथा पब्लिक फिडब्याकः** यो जिम्मेवारी मूलतः पार्टीको 'सञ्चार मा समावेशिता' र 'नागरिक सुनुवाइ' मा केन्द्रित हुनेछ ।

(क) **समावेशी भाष्यको प्रवर्द्धनः** पार्टीको आधिकारिक भाष्य र सूचनाहरूमा महिला, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायका मुद्दाहरूलाई प्राथमिकताका साथ स्थापित गराउन भूमिका खेल्ने ।

(ख) **नागरिक जनमत अनुगमनः** सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्महरू र तल्लो तहका नागरिकबाट आएका प्रतिक्रिया, आलोचना र सुझावहरूको मनोवैज्ञानिक विश्लेषण गर्ने र नागरिकहरूको बुझाई कस्तो छ भनी प्रवक्तामार्फत नेतृत्वलाई रणनीतिक रिपोर्ट बुझाउने ।।

(झ) **पार्टी केन्द्रीय समिति सदस्यको काम, कर्तव्य र अधिकार**

केन्द्रीय समिति सदस्यहरू पार्टीको सामूहिक नेतृत्व, नीति निर्माण र ग्रासरुट सङ्गठन सञ्चालनका मुख्य संवाहक हुन् । उनीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **नीति निर्माण, स्वअध्ययन र नवप्रवर्तनः** पार्टीको नीति, सिद्धान्त र रणनीतिक योजना तर्जुमा गर्ने प्रक्रियामा सक्रिय रूपले सहभागी हुने । मुलुक

निर्माणका खातिर विविध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयहरूमा निरन्तर स्वअध्ययन र अनुसन्धान गर्ने तथा पार्टी, देश र जनताको हितमा सिर्जनात्मक एवं नवप्रवर्तनात्मक कार्यहरू गर्ने ।

(२) **संस्थागत दायित्व र निर्देशित कार्य:** महाधिवेशन, केन्द्रीय समिति र पार्टी सभापतिले तोके का नीतिगत, सांगठनिक तथा अभियानमुखी कार्यहरू पूर्ण जिम्मेवारीका साथ सम्पादन गर्ने । विधान र पार्टी निर्णयहरूको परिधिभित्र रही तोकिएका अन्य पदीय दायित्वहरू निर्वाह गर्ने ।

(३) **सांगठनिक समन्वय र अभिभावकत्व:** पार्टीका साधारण तथा क्रियाशील सदस्यहरूसँग निरन्तर सम्पर्कमा रहने, आवश्यक समन्वय र सहयोग गर्ने। केन्द्र र तल्लो तहका कमिटीहरू (प्रदेश, जिल्ला र स्थानीय तह) बीच जीवन्त पुलको रूपमा काम गर्दै, स्थानीय स्तरमा देखिएका सांगठनिक विवाद समाधान गर्न र कार्यकर्ताहरूको मनोबल उच्च राख्न अभिभावकत्व ग्रहण गर्ने ।

(४) **नागरिक संवाद, डिजिटल जनसम्पर्क र उत्तर दायित्व:** पार्टीलाई जनमुखी र पारदर्शी बनाउन प्रत्यक्ष नागरिक संवादमा जोड दिने । जनसहभागिता र प्रत्यक्ष नागरिक गुनासो संकलन गर्न सञ्चालन गरिने पार्टीले अवलम्बन गर्ने विभिन्न माध्यम मार्फत जनतासँग निरन्तर जोडिने, सुशासनको वकालत गर्ने र नागरिकका सरोकारहरूलाई केन्द्रीय समितिको एजेन्डा बनाउन पहल गर्ने ।

(५) **नैतिक नेतृत्व र आदर्श:** सार्वजनिक जीवनमा पार्टीको मूल्य-मान्यता र अनुशासनको उच्च

दृष्टान्त प्रस्तुत गर्ने । पदीय मर्यादालाई कायम राख्दै जवाफदेही र पारदर्शी भूमिका निर्वाह गर्ने ।

(ञ) **वरिष्ठ नेता**

(१) **पदको व्यवस्था र मनोनयनः**

पार्टीको नीति निर्माण र साङ्गठनिक सुदृढीकरणमा लामो समयदेखि विशेष योगदान पुऱ्याएका तथा उच्च राजनीतिक अनुभव हासिल गरेका नेतालाई पार्टी सभापतिको प्रस्तावमा केन्द्रीय समितिले 'वरिष्ठ नेता' मनोनीत गर्न सक्नेछ ।

(२) **मर्यादा तथा वरीयताक्रमः**

पार्टीको साङ्गठनिक मर्यादाक्रम तथा केन्द्रीय समितिको बैठकलगायत सम्पूर्ण औपचारिक कार्यक्रमहरूमा वरिष्ठ नेताको वरीयता पार्टी सभापतिपछिको दोस्रो (द्वितीय) स्थानमा रहनेछ ।

(३) **बहु-वरिष्ठ नेताको वरीयता निर्धारणः**

मनोनीत वरिष्ठ नेताहरूको सङ्ख्या दुई वा दुईभन्दा बढी भएको अवस्थामा, निजहरूबीचको आपसी वरीयताक्रम केन्द्रीय समितिले निर्णय गरी निर्धारण गरेबमोजिम हुनेछ ।

(४) **काम, कर्तव्य र अधिकारः**

वरिष्ठ नेताको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पार्टीको नीति निर्माण, साङ्गठनिक सञ्चालन र राष्ट्रिय राजनीतिका महत्त्वपूर्ण विषयहरूमा पार्टी सभापति तथा केन्द्रीय समितिलाई आवश्यक सल्लाह, सुझाव प्रदान गर्ने ।

(ख) पार्टीभित्र आन्तरिक एकता, साङ्गठनिक सुदृढीकरण र भावनात्मक सद्भाव कायम राख्न सन्तुलनकारी भूमिका निर्वाह गर्ने ।

(ग) केन्द्रीय समिति वा पदाधिकारी बैठकले तोकेका तथा सुम्पेका अन्य विशेष जिम्मेवारीहरू पूरा गर्ने ।

## २३. पार्टी सचिवालय

पार्टीको दैनिक कार्यसञ्चालन गर्न, तत्काल आइपर्ने राजनीतिक तथा साङ्गठनिक विषयमा द्रुत निर्णय लिन र केन्द्रीय समितिका निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन पार्टीमा एक उच्चस्तरीय कार्यकारी संयन्त्र का रूपमा पार्टी सचिवालय रहनेछ । यसको गठन, सञ्चालन र अधिकार देहायबमोजिम हुनेछः

**(१) सचिवालयको गठन र बनोटः**

पार्टी सभापतिको नेतृत्वमा बढीमा ३३ (तेत्तीस) सदस्यीय पार्टी सचिवालय गठन हुनेछ । सचिवालयको बनोट देहायबमोजिम हुनेछः

**(क) पदेन सदस्यहरू (१२):** सचिवालयमा विधानबमोजिम निर्वाचित र मनोनित हुने निम्न पदाधिकारीहरू

३ उपसभापति,

२ महामन्त्री,

५ सहमहामन्त्री

१ कोषाध्यक्ष

१ प्रवक्ता अनिवार्य

(पदेन) सदस्यका रूपमा रहनेछन् ।

**(ख) सभापतिद्वारा मनोनित सदस्यहरू (२० जना):** माथि उल्लेखित निर्वाचित र मनोनित पदाधिकारीहरूका अतिरिक्त, ३३ सदस्यीय केन्द्रीय सचिवालयलाई पूर्णता दिन बाँकी रहेका २० (बीस) जना सदस्यहरू सभापतिले केन्द्रीय समितिका सदस्यहरूमध्येबाट आवश्यकता, समावेशिता र सक्षमताका आधारमा मनोनयन गर्नेछन् । यसरी मनोनयन गरेको जानकारी केन्द्रीय

समितिलाई औपचारिक रूपमा गराएपछि केन्द्रीय समितिले त्यसलाई अनिवार्य रुपमा अनुमोदन गर्नुपर्नेछ ।

(ग) **मनोनयनमा समावेशिताः** सभापतिले २० जना सदस्य मनोनित गर्दा सचिवालयको समग्र बनोटमा महिला, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायको अर्थपूर्ण उपस्थिति हुने गरी समावेशिताको सिद्धान्तलाई अनिवार्य रूपमा ध्यान दिनु पर्नेछ ।

(२) **जिम्मेवारी हेरफेर र पुनर्गठनको विशेषाधिकारः**

सचिवालयको कार्यसम्पादनलाई नतिजामुखी बनाउन, पार्टी सभापतिले आवश्यकता अनुसार आफूले मनोनित गरेका सचिवालय सदस्यहरूको जिम्मेवारी हेरफेर गर्न वा उनीहरूलाई सचिवालयबाट पदमुक्त गरी केन्द्रीय समितिका अन्य सदस्यहरूलाई मनोनयन गर्न सक्नेछ ।

(३) **पार्टी सचिवालयका काम, कर्तव्य र अधिकारः**

केन्द्रीय समितिको एउटा र अर्को बैठकको बीचमा पार्टीको सर्वोच्च कार्यकारी संयन्त्रका रूपमा काम गर्ने पार्टी सचिवालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) **अन्तर-बैठक कार्यसम्पादनः**

केन्द्रीय समितिको बैठक नबसेको अवस्थामा केन्द्रीय समितिले गर्नुपर्ने सम्पूर्ण कार्यहरू (राजनीतिक, साङ्गठनिक एवं अनुशासनात्मक) सचिवालयले सम्पादन गर्नेछ ।

(ख) **द्रुत तथा आपत्कालीन निर्णयः**

राष्ट्रिय राजनीतिमा तत्काल आइपर्ने गम्भीर सङ्कट, समसामयिक घटनाक्रम वा केन्द्रीय समितिको बैठक पर्खिन असम्भव भएको अवस्थामा तत्काल आवश्यक निर्णय लिने र पार्टीको आधिकारिक दृष्टिकोण तय गरी सार्वजनिक गर्ने ।

(ग) **निर्णय कार्यान्वयन र निर्देशनः**

राष्ट्रिय महाधिवेशन, तथा केन्द्रीय समितिका बैठकबाट पारित नीति तथा निर्णयहरूलाई सिङ्गो

पार्टी पङ्क्तिमा पूर्ण रूपमा कार्यान्वयन गर्ने/गराउने । पार्टीको साङ्गठनिक सुदृढीकरणका लागि तल्ला कमिटीहरूलाई रणनीतिक निर्देशन दिने र आधिकारिक परिपत्र (सर्कुलर) जारी गर्न महामन्त्रीलाई स्वीकृति दिने ।

(घ) **कार्यसूची र प्रस्ताव तयारीः**

केन्द्रीय समितिका बैठकहरूको कार्यसूची तय गर्ने । केन्द्रीय समितिबाट पारित गरिनुपर्ने नीतिगत प्रस्तावहरू, राजनीतिक दस्ताबेजहरू र साङ्गठनिक निर्देशिकाहरूको प्रारम्भिक मस्यौदा तयार गरी बैठकमा पेस गर्ने ।

(ङ) **साङ्गठनिक समन्वय र समीक्षाः**

पार्टीका केन्द्रीय विभाग, आयोग, तल्ला कमिटी (प्रदेश र स्थानीय) तथा अन्य संयन्त्रहरूबीच निरन्तर समन्वय कायम गर्ने र ती निकायहरूको कार्यप्रगति तथा कार्यसम्पादनको नियमित अनुगमन र समीक्षा गर्ने ।

(च) **प्रशासन तथा जनशक्ति व्यवस्थापनः**

पार्टीका महामन्त्रीहरूमार्फत केन्द्रीय कार्यालयको दैनिक प्रशासनिक कार्यसञ्चालनलाई निर्देशित गर्ने । पार्टीको प्रशासनिक नियमावलीअनुसार केन्द्रीय कार्यालय सञ्चालनका लागि आवश्यक कर्मचारी नियुक्त गर्ने, कार्यविभाजन गर्ने तथा हेरफेर गर्ने ।

(छ) **बैठक आह्वान र सञ्चालनः**

पार्टी सचिवालयको बैठक सभापतिको अनुमति र निर्देशनमा महामन्त्रीले आह्वान गर्ने र सञ्चालन गर्नेछ ।

(ज) **लोकतान्त्रिक उत्तरदायित्व र अनिवार्य अनुमोदनः**

सचिवालयले आफ्नो कार्यकारी अधिकार प्रयोग गरी गरेका सम्पूर्ण राजनीतिक, नीतिगत, अनुशासनात्मक र साङ्गठनिक निर्णयहरू जानकारी र अन्तिम अनुमोदनका लागि लगत्तै बस्ने केन्द्रीय समितिको आगामी बैठकमा अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ ।

(झ) **अतिरिक्त जिम्मेवारीः**

महाधिवेशन तथा केन्द्रीय समितिले समय-समयमा तोकेका अन्य राजनीतिक तथा साङ्गठनिक जिम्मेवारीहरू निर्वाह गर्ने ।

## भाग - ७

## प्रदेश तह (अधिवेशन, समिति तथा सचिवालय)

### २४. प्रदेश अधिवेशन

(१) **सर्वोच्च निकायः** प्रदेशभित्र पार्टीको सर्वोच्च निकायका रूपमा 'प्रदेश अधिवेशन' रहनेछ ।

(२) **अधिवेशनका प्रतिनिधिहरूः प्रदेश अधिवेशनका प्रतिनिधिहरू देहायबमोजिम हुनेछन्ः**

(क) प्रदेश समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

(ख) प्रदेश सल्लाहकार परिषद्का सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

(ग) प्रदेश अनुशासन आयोग र प्रदेश लेखा आयोगका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

(घ) प्रदेश विभागका प्रमुखसहित ९ जना (सम्बन्धित विभागले छनोट गरेका कम्तीमा ३३ प्रतिशत महिलासहित) ।

(ङ) जिल्ला अनुशासन आयोग र जिल्ला सङ्गठन विभागका पदाधिकारीहरू ।

(च) प्रदेश सम्पर्क विभागका प्रमुखसहित ३ जना (सम्बन्धित विभागले छनोट गरेकी कम्तीमा १ महिलासहित) ।

(छ) जिल्ला समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

(ज) जिल्ला सम्पर्क विभाग र जिल्ला र्याट (RAT) का प्रमुखसहित ३ जना (सम्बन्धित विभागले छनोट गरेको कम्तीमा १ महिलासहित) ।

(झ) निर्वाचन क्षेत्रका सम्पूर्ण संयोजक र उपसंयोजकहरू ।

(ञ) पालिका समितिका सभापति (सभापति सहभागी हुन नसक्ने अवस्थामा समितिले तोकेको १ जना सदस्य)।

(ट) पालिका अधिवेशनले छनोट गरेका प्रतिनिधिहरू (जसअन्तर्गतः १५१ भन्दा बढी पार्टी सदस्य भएको गाउँपालिकाबाट १ जना, ३०१ भन्दा बढी सदस्य भएको नगरपालिकाबाट २ जना, ४०१ भन्दा बढी सदस्य भएको उपमहानगरपालिकाबाट ३ जना र ५०१ भन्दा बढी सदस्य भएको महानगरपालिकाबाट ४ जना)।

(ठ) पार्टीका तर्फबाट निर्वाचित प्रदेश सभाका सदस्यहरू तथा पालिकाका प्रमुख र उपप्रमुखहरू।

(ड) प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने सम्पूर्ण सदस्यहरू र प्रदेशबाट केन्द्रीय विभागमा प्रतिनिधित्व गर्ने सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू।

**(३) अधिवेशनको सिफारिसः** विधानबमोजिम प्रदेश समितिको कार्यकाल सकिनु ६ महिनाअगावै केन्द्रीय निर्वाचन आयोगले प्रदेश समितिलाई प्रदेश अधिवेशन सम्पन्न गर्न सिफारिस गर्नेछ।

**(४) मिति र स्थानको तयः** केन्द्रीय निर्वाचन आयोगको सिफारिसका आधारमा प्रदेश समितिले प्रदेश अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तोक्नेछ।

**(५) निर्वाचन प्रक्रियाः** प्रदेश अधिवेशनसम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया केन्द्रीय निर्वाचन आयोगले पूरा गर्नेछ।

**(६) आयोजना र व्यवस्थापनः** प्रदेश अधिवेशनको आयोजना तथा व्यवस्थापन प्रदेश समितिले गर्नेछ।

**(७) समयावधिः** प्रदेश अधिवेशन प्रत्येक ५ वर्षमा आयोजना हुनेछ।

**(८) प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार**

प्रदेशभित्र पार्टीको सर्वोच्च नीति-निर्माण र नेतृत्व चयन गर्ने निकायका रूपमा प्रदेश अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(क) नेतृत्व चयनः** पार्टी विधान र निर्वाचन नियमावली

बमोजिम आगामी कार्यकालका लागि प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरू, र प्रदेश तहका विभिन्न आयोगहरू (जस्तैः प्रदेश अनुशासन आयोग र प्रदेश लेखा आयोग)का पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

(ख) **प्रतिवेदन छलफल र अनुमोदनः** प्रदेश समितिले अधिवेशनमा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन, सांगठनिक कार्ययोजना र आर्थिक प्रतिवेदन (आय-व्यय विवरण) माथि वृहत् छलफल गरी आवश्यक संशोधनसहित पारित गर्ने ।

(ग) **प्रदेशस्तरीय नीति तथा रणनीति तयः** महाधिवेशन र केन्द्रीय समितिका नीतिहरूको अधीनमा रही प्रदेशको विशिष्ट भौगोलिक, राजनीतिक र सामाजिक अवस्थालाई मध्यनजर गर्दै पार्टीको प्रदेशस्तरीय नीति, आगामी कार्यदिशा र रणनीति तय गर्ने । प्रदेशका समसामयिक मुद्दाहरूमा विशेष प्रस्ताव वा संकल्प पारित गर्ने ।

(घ) **अन्तरिम व्यवस्थापन समिति गठनः** प्रदेश अधिवेशन सुरु हुनुअघि अघिल्लो प्रदेश समिति विघटन भई नयाँ निर्वाचित प्रदेश समितिले पद तथा गोपनीयताको शपथ नलिँदासम्म अधिवेशनको व्यवस्थापन र आवश्यक प्रशासनिक कार्य सञ्चालन गर्न अन्तरिम व्यवस्थापन समिति गठन गर्ने ।

(ङ) **समीक्षा र मार्गनिर्देशनः** प्रदेशअन्तर्गतका स्थानीय तह र प्रदेश सरकारमा पार्टीको भूमिका, जनप्रतिनिधिहरूको कार्यसम्पादन र समग्र सांगठनिक अवस्थाको समीक्षा गर्दै स्थानीय र प्रादेशिक समितिहरूलाई आगामी दिनका लागि आवश्यक मार्गनिर्देशन गर्ने ।

## २५. प्रदेश समिति

पार्टीको प्रादेशिक तहको सर्वोच्च कार्यकारी निकायका रूपमा प्रत्येक प्रदेशमा एक प्रदेश समिति रहनेछ । यो समिति प्रदेश अधिवेशन प्रति उत्तरदायी हुनेछ। सङ्घीयताको यथार्थ मर्म र केन्द्रीय समितिको साङ्गठनिक

भावनासँग पूर्ण रूपमा तालमेल हुने गरी प्रदेश समितिको संरचना र गठन प्रक्रिया देहायबमोजिम हुनेछः

**(१) प्रदेश पदाधिकारीको संरचनाः**

प्रदेश समितिमा कार्यसम्पादनलाई चुस्त, सन्तुलित र समावेशी राख्न देहायबमोजिमका ८ (आठ) जना पदाधिकारीहरू रहनेछन्:

(क) प्रदेश सभापति - १ जना (पहिलो चरणमा प्रत्यक्ष निर्वाचित)

(ख) उपसभापति - २ जना (१ खुला र १ महिला अनिवार्य दोस्रो चरणमा निर्वाचित)

(ग) महामन्त्री - १ जना (दोस्रो चरणमा निर्वाचित)

(घ) सहमहामन्त्री - २ जना (१ खुला र १ महिला अनिवार्य दोस्रो चरणमा निर्वाचित)

(ङ) कोषाध्यक्ष - १ जना (मनोनित)

(च) प्रवक्ता - १ जना (मनोनित)

**(२) प्रदेश समितिको आकार र गणितीय आधारः**

प्रत्येक प्रदेशको भौगोलिक र जनसाङ्ख्यिक विशिष्टतालाई सम्बोधन गर्न, प्रदेश समितिको कुल सदस्य संख्या सबै प्रदेशमा एकैनास नभई एउटा निश्चित सूत्रका आधारमा तय गरिनेछः

(सूत्रः सम्बन्धित प्रदेशका प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १/१ जना + १५ जना समावेशी सदस्य + सम्बन्धित जिल्ला सभापतिहरू पदेन + १ निकटतम प्रत्यासी + समितिलाई बिजोर बनाउन मनोनित गरिने २ वा ३ जना)।

यस वैज्ञानिक सूत्रका आधारमा ७ वटै प्रदेश समितिको कुल सदस्य संख्या देहायबमोजिम कायम हुनेछः

**(क) कोशी प्रदेश (६१ सदस्यीय):** २८ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + १४ (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + ३ (मनोनित)।

**(ख) मधेस प्रदेश (५९ सदस्यीय):** ३२ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + ८ (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + ३ (मनोनित)।

(ग) **बागमती प्रदेश (६५ सदस्यीय):** ३३ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + १३ (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + ३ (मनोनित) ।

(घ) **गण्डकी प्रदेश (४७ सदस्यीय):** १८ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + ११ (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + २ (मनोनित) ।

(ङ) **लुम्बिनी प्रदेश (५७ सदस्यीय):** २६ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + १२ (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + ३ (मनोनित) ।

(च) **कर्णाली प्रदेश (४१ सदस्यीय):** १२ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + १० (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + ३ (मनोनित) ।

(छ) **सुदूरपश्चिम प्रदेश (४३ सदस्यीय):** १६ (निर्वाचन क्षेत्र) + १५ (समावेशी) + ९ (जिल्ला सभापति पदेन) + १ (प्रत्यासी) + २ (मनोनित) ।

केन्द्रीय समितिले निर्णय गरेको अवस्थामा प्रदेशहरूमा आवश्यकताका आधारमा छ जनासम्म थप सदस्यहरू थप्न सकिने छ ।

(३) **निर्वाचन तथा गठन प्रक्रिया (दुई चरणको व्यवस्था):**
प्रदेश समिति र पदाधिकारीको पूर्णता देहायबमोजिम दुई चरणमा सम्पन्न गरिनेछ:

(क) **पहिलो चरण (प्रत्यक्ष एकमुष्ट निर्वाचन):** प्रदेश अधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट १ जना प्रदेश सभापति र प्रदेश सदस्यहरू (प्रत्येक सङ्घीय निर्वाचन क्षेत्रबाट १/१ जना र समग्र प्रदेशको समावेशी कोटाबाट १५ जना) को एकैपटक एकमुष्ट निर्वाचन हुनेछ ।

(ख) **दोस्रो चरण (पदाधिकारीको निर्वाचन):** पहिलो चरणबाट प्रत्यक्ष निर्वाचित भएका प्रदेश सदस्यहरूमध्येबाट मात्र उम्मेदवार भई, सम्पूर्ण अधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट दोस्रो चरणमा उपसभापति (२),

महामन्त्री (१) र सहमहामन्त्री (२) को निर्वाचन गरिनेछ । (स्पष्टीकरणः पदेन जिल्ला सभापतिहरू र मनोनित सदस्यहरू पदाधिकारीमा उम्मेदवार बन्न पाउने छैनन्) ।

(ग) **पदाधिकारी मनोनयनः** निर्वाचित प्रदेश सदस्यहरूमध्येबाट सक्षमता र समावेशिताका आधारमा प्रदेश सभापतिको सिफारिसमा प्रदेश समितिबाट अनुमोदन गराई १ कोषाध्यक्ष र १ प्रवक्ताको चयन गरिनेछ ।

(४) **निर्वाचन प्रणाली र निकटतम प्रत्यासीः**

(क) **सर्वाधिक मत प्रणालीः** प्रदेश सभापतिको निर्वाचनमा प्रत्यक्ष मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी (सर्वाधिक) मत प्राप्त गर्ने उम्मेदवार स्वतः प्रदेश सभापति निर्वाचित भएको घोषणा गरिनेछ ।

(ख) **निकटतम प्रत्यासीः** प्रदेश सभापतिको निर्वाचनमा पराजित हुने तर कुल सदर मतको कम्तीमा १० (दस) प्रतिशत मत प्राप्त गर्ने 'निकटतम प्रत्यासी' स्वतः प्रदेश समितिको सदस्य हुनेछ । (कुनै कारणले उक्त पद रिक्त भएमा, विधानको गणित नबिग्रिने गरी प्रदेश सभापतिले थप १ जना सदस्य मनोनित गरी संख्या मिलान गर्नेछ) ।

(५) **१५ सदस्यीय समावेशी कोटाको संरचनागत वैज्ञानिकताः**

प्रदेश समितिमा निर्वाचित हुने १५ जना समावेशी सदस्यहरूको पदपूर्ति सम्बन्धित प्रदेशको यथार्थ जनसंख्यामा आधारित 'गतिशील जनसाङ्ख्यिक सूत्र' मार्फत गरिनेछः

(क) **१३+२ को क्लस्टरः** कुल १५ सिटमध्ये १३ सिट संविधानले निर्दिष्ट गरेका ६ वटा मुख्य सामाजिक क्लस्टरहरू (खस-आर्य, आदिवासी जनजाति, मधेसी, दलित, थारू र मुस्लिम) का लागि र बाँकी २ सिट सीमान्तकृत (अति-अल्पसङ्ख्यक/अपाङ्गता/पिछडिएको क्षेत्र) र खुला युवा (४० वर्षमुनि) का लागि १/१ सुरक्षित गरिनेछ ।

(ख) **प्रादेशिक सूत्रः** माथिका १३ सिट कुन क्लस्टरले कति पाउने भन्ने कुरा राष्ट्रिय तथ्याङ्क कार्यालयको पछिल्लो

आधिकारिक जनगणनालाई आधार मानी, 'सम्बन्धित प्रदेशमा जुन क्लस्टरको जनसंख्या जति प्रतिशत छ, सोही दामासाहीका आधारमा' केन्द्रीय निर्वाचन समितिले प्रदेश अधिवेशनअगावै वैज्ञानिक बाँडफाँट सार्वजनिक गर्नेछ ।

**(ग)** **सार्वभौम मतदाताः** उम्मेदवारले सम्बन्धित क्लस्टरमा मात्र उम्मेदवारी दिनेछन्, तर मतदान भने सिङ्गो प्रदेश अधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूले गर्नेछन् र सम्बन्धित क्लस्टरमा सर्वाधिक मत ल्याउने उम्मेदवार विजयी हुनेछन् ।

**(६)** **३३% महिला प्रतिनिधित्वको सुनिश्चितताः**

समग्र प्रदेश समितिमा कानुनबमोजिम कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिला सहभागिता अनिवार्य रूपमा सुनिश्चित गरिनेछ। पहिलो चरणको प्रत्यक्षतर्फ (निर्वाचन क्षेत्र) र पदेन (जिल्ला सभापति) बाट प्राकृतिक रूपमा महिला संख्या अपुग भएमा, १५ जना समावेशी कोटा को नतिजा निकाल्दा सम्बन्धित क्लस्टरभित्र सर्वाधिक मत ल्याउने महिला उम्मेदवारहरूलाई प्राथमिकता दिई र सभापतिले सदस्य मनोनयन गर्दा अनिवार्य रूपमा अपुग महिला संख्या पूर्ति गर्नुपर्नेछ ।

**(७)** **पदेन सदस्य (जिल्ला सभापतिहरू):**

सम्बन्धित प्रदेशअन्तर्गत निर्वाचित सम्पूर्ण 'जिल्ला सभापतिहरू' प्रदेश समितिका स्वतः 'पदेन सदस्य' हुनेछन् ।

**(८)** **कार्यकाल र रिक्त पदको पूर्तिः**

**(क)** **कार्यकालः** प्रदेश समितिको कार्यकाल एउटा प्रदेश अधिवेशनदेखि अर्को प्रदेश अधिवेशनसम्म (५ वर्षको) हुनेछ ।

**(ख)** **पदपूर्तिः** कार्यकालको बीचमा कुनै पनि पद (सभापति बाहेक) रिक्त हुन गएमा प्रदेश समितिले नै बहुमतबाट उक्त पदको पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पदसरह नै कानुनी मान्यता दिइनेछ ।

(९) **प्रदेश समितिको काम, कर्तव्य र अधिकार**

प्रदेशभित्र पार्टीको समग्र राजनीतिक, सांगठनिक र नीतिगत नेतृत्व गर्ने कार्यकारी निकायका रूपमा प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) **कार्यकारी नेतृत्व र अन्तर-बैठक कार्यसम्पादनः** दुई प्रदेश अधिवेशनको बैठकको बीचमा प्रदेशभित्र समग्र पार्टीको कार्यकारी नेतृत्व गर्ने । तत्काल आवश्यक पर्ने राजनीतिक तथा सांगठनिक निर्णयहरू लिने र ती निर्णयहरूलाई आगामी परिषद्मा अनुमोदनका लागि पेस गर्ने ।

(ख) **निर्णय कार्यान्वयन र निर्देशन पालनाः** प्रदेश अधिवेशनले पारित गरेका निर्णय, नीति र कार्यदिशालाई पूर्ण रूपमा कार्यान्वयन गर्ने र गराउने । साथै, केन्द्रीय कार्यसमितिबाट जारी हुने सम्पूर्ण नीति, निर्णय र निर्देशनहरूको अक्षरसः पालना गर्ने र मातहतका कमिटीहरूलाई गराउने ।

(ग) **नीति निर्माण र दृष्टिकोण तयः** प्रदेशको समसामयिक राजनीतिक, आर्थिक र सामाजिक परिस्थितिमाथि पार्टीको आधिकारिक दृष्टिकोण, नीति र विचार तय गर्ने । नेपालको संविधान र प्रचलित कानुनबमोजिम प्रदेश समितिले गर्नुपर्ने भनी उल्लेख भएका सम्पूर्ण कार्यहरू गर्ने ।

(घ) **निर्वाचन परिचालन र रणनीतिः** प्रदेश तथा स्थानीय तहको निर्वाचनमा पार्टीको चुनावी वाचापत्र, नीति र कार्यक्रम तयार गर्न माथिल्लो समितिलाई सघाउने र निर्वाचन सफलताका लागि प्रदेशभित्रका सम्पूर्ण पार्टी निकायहरूलाई प्रभावकारी रूपमा परिचालन गर्ने ।

(ङ) **जनसरोकार, जनपरिचालन र आन्दोलनः** प्रदेशभित्रका नागरिकको भौतिक तथा मानवीय विकास, उत्पादन वृद्धि, जनजीविकाका सवाल र सामाजिक न्यायको

सुनिश्चितताका लागि अगुवाइ गर्ने । जनहितको रक्षाका लागि आवश्यकताअनुसार शान्तिपूर्ण जनपरिचालन, रचनात्मक आन्दोलन र जनचेतनामूलक अभियानहरूको घोषणा तथा सञ्चालन गर्ने ।

(च) **सांगठनिक अनुगमन र समन्वयः** प्रदेशअन्तर्गतका सम्पूर्ण समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रहरूको कार्यसम्पादनको नियमित अनुगमन, मूल्यांकन र दिशाबोध गर्ने । ती निकायहरूका निर्णयलाई आवश्यक सुझाव र संशोधनसहित अनुमोदन गर्दै मातहतका संयन्त्रहरूलाई क्रियाशील बनाउने ।

(छ) **कार्यविभाजनः** सांगठनिक कार्यलाई नतिजामुखी बनाउन आवश्यकताअनुसार प्रदेश समितिका पदाधिकारी र सदस्यहरूबीच स्पष्ट कार्यविभाजन गर्ने ।

(ज) **आर्थिक व्यवस्थापन र स्रोत परिचालनः** प्रदेशभित्र पार्टीको आर्थिक व्यवस्थापनलाई पारदर्शी र सुदृढ बनाउन कानुनसम्मत स्रोतको पहिचान, संकलन र परिचालन गर्ने ।

(झ) **कार्यालय व्यवस्थापन र प्रशासनः** पार्टीको प्रदेश कार्यालयलाई व्यवस्थित, प्रविधिमैत्री र चुस्त बनाउन दैनिक प्रशासनिक कार्यसञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ञ) **अधिवेशन आयोजनाः** पार्टी विधानले तोकेको समयसीमा र विधिबमोजिम प्रदेश अधिवेशनको नियमित आयोजना गर्ने ।

### (१०) प्रदेश पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

#### (क) प्रदेश सभापतिको काम, कर्तव्य र अधिकार

प्रदेशभित्र पार्टीको सर्वोच्च राजनीतिक नेतृत्व गर्दै, केन्द्रीय नीति र निर्देशनलाई प्रादेशिक तहमा जोड्ने प्रमुख पदाधिकारीका रूपमा प्रदेश सभापतिको काम, कर्तव्य र

अधिकार देहायबमोजिम हुनेछः

(१) **राजनीतिक नेतृत्व, वैचारिक एकरूपता र प्रतिनिधित्वः** केन्द्रीय समितिले तय गरेको नीति, विचार र राजनीतिक कार्यदिशाको पूर्ण अधीनमा रही प्रदेशभित्र पार्टीको समग्र नेतृत्व गर्ने । पार्टीको केन्द्रीय भाष्य र वैचारिक दृष्टिकोणसँग नबाझिने गरी प्रदेशको विशिष्ट सन्दर्भमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) **केन्द्रीय निर्णयको कार्यान्वयन र सांगठनिक सुदृढीकरणः** केन्द्रीय समिति, वा महाधिवेशनले गरेका निर्णय, परिपत्र र निर्देशनहरूलाई प्रदेशभित्र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने/गराउने । प्रदेशको सङ्गठनलाई सबल बनाउँदै केन्द्रीय नेतृत्व र तल्लो तहका कमिटीहरूबीच बलियो वैचारिक तथा सांगठनिक पुलको काम गर्ने ।

(३) **तत्काल निर्णय र संकटकालीन व्यवस्थापनः** पार्टीको केन्द्रीय नीति र विधानको परिधिभित्र रही प्रदेशमा तत्काल आइपरेका राजनीतिक वा सांगठनिक कार्यहरू (संकटकालीन अवस्थामा) गर्ने। यसरी तत्काल गरिएका निर्णयहरूको जानकारी प्रदेश समितिको आगामी बैठकका साथै केन्द्रीय समितिलाई समेत गराउने ।

(४) **कार्यविभाजन र कार्यवाहक तोक्नेः** आवश्यकता अनुसार प्रदेश समितिका सदस्यहरूको कार्यविभाजन गर्ने र हेरफेर गर्ने। आफू अनुपस्थित हुनुपर्ने अवस्थामा प्रदेश उपसभापतिलाई कार्यवाहक सभापतिको जिम्मेवारी तोक्ने । साथै, कुनै प्रदेश पदाधिकारीको पद रिक्त, निलम्बन वा लामो समय अनुपस्थित भएको अवस्थामा प्रदेश

समितिका अन्य पदाधिकारी वा सदस्यलाई उक्त पदको कार्यवाहक तोक्ने ।

(५) **अनुगमन र समन्वयः** प्रदेशअन्तर्गतका सम्पूर्ण समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रहरूका निर्णयहरू (विशेषगरी केन्द्र र प्रदेशका एजेन्डाहरू) कार्यान्वयन भए/नभएको प्रत्यक्ष रेखदेख, अनुगमन र मूल्यांकन गर्ने तथा गराउने ।

(६) **बैठक आह्वान र अध्यक्षताः** प्रदेश समितिको बैठक बोलाउन निर्देशन दिने र बैठकको अध्यक्षता गर्दै आवश्यक एजेन्डाहरूमाथि छलफल र निर्णय गराउने ।

(७) **संस्थागत दायित्वः** प्रदेश समिति तथा माथिल्लो निकाय (केन्द्रीय समिति)ले तोकेबमोजिम वा पार्टीको निर्णयअनुरूप प्रदेश सभापतिले गर्नुपर्ने अन्य सांगठनिक जिम्मेवारीहरू पूरा गर्ने ।

**(ख) प्रदेश उपसभापतिको काम, कर्तव्य र अधिकार**

प्रदेशको सांगठनिक सुदृढीकरण र समावेशी नेतृत्वलाई सन्तुलित रूपमा अगाडि बढाउन प्रदेशमा रहने दुईजना उपसभापतिको साझा र विशिष्टीकृत काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(१) साझा काम, कर्तव्य र अधिकार**

(अ) **सभापतिलाई सहयोग र प्रत्यायोजित कार्यः** प्रदेश सभापतिलाई पार्टीको राजनीतिक, वैचारिक तथा सांगठनिक कार्य सञ्चालनमा प्रत्यक्ष रूपमा सहयोग गर्ने । प्रदेश सभापतिले आफ्नो अधिकारक्षेत्रभित्र रही प्रत्यायोजन गरेका कार्यहरू सम्पादन गर्ने ।

(आ) **कार्यवाहकको भूमिका:** प्रदेश सभापतिको अनुपस्थितिमा (सभापतिले तोकेबमोजिम) कार्यवाहक प्रदेश सभापतिको हैसियतमा सम्पूर्ण कार्य सञ्चालन गर्ने ।

(इ) **संस्थागत दायित्व:** प्रदेश समितिले समय-समयमा तोकेका वा निर्णय गरेका अन्य सांगठनिक जिम्मेवारी तथा कार्यहरू पूर्ण निष्ठाका साथ पूरा गर्ने ।

(२) **विशिष्टीकृत कार्यविभाजन र अधिकार**

दुवै उपसभापतिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन र कार्यक्षेत्र नजुध्न उनीहरूको जिम्मेवारीलाई निम्नानुसार विशिष्टीकृत गरिनेछः

(अ) **उपसभापति - १ (सांगठनिक समन्वय तथा अभियान परिचालन):** प्रदेशअन्तर्गतका जिल्ला तथा स्थानीय कमिटीहरूको सांगठनिक अवस्थाको प्रत्यक्ष अनुगमन र मूल्यांकन गर्ने । प्रदेश र स्थानीय तहका निर्वाचनहरूमा पार्टीको चुनावी अभियान र जनपरिचालनको मुख्य संयोजन गर्ने । पार्टीका निर्णय र अभियानहरूलाई तल्लो तहसम्म प्रभावकारी रूपमा पुर्‍याउन 'सांगठनिक पुल' को काम गर्ने ।

(आ) **उपसभापति - २, महिला (समावेशिता, जनसम्पर्क तथा प्रशिक्षण):** प्रदेशभित्र पार्टीका सम्पूर्ण संरचना, समिति र गतिविधिहरूमा महिला, सीमान्तकृत र अल्पसंख्यक समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित

गराउन अगुवाइ गर्ने । प्रदेश स्तरमा पार्टीको वैचारिक प्रशिक्षण, नीतिगत अनुसन्धान र नागरिकहरूसँगको प्रत्यक्ष संवादको संयोजन गर्ने ।

(ग) **प्रदेश महामन्त्रीको काम, कर्तव्य र अधिकार**

प्रदेश कमिटीको मुख्य प्रशासकीय पदाधिकारी तथा सांगठनिक समन्वयकर्ताका रूपमा प्रदेश महामन्त्रीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **प्रशासनिक नेतृत्व र कार्यालय सञ्चालनः** प्रदेश कार्यसमितिको प्रशासनिक प्रमुखको रूपमा काम गर्ने । पार्टीको प्रदेश कार्यालय महामन्त्रीको प्रत्यक्ष मातहतमा रहनेछ र कार्यालयको दैनिक रेखदेख, सञ्चालन र व्यवस्थित अभिलेखीकरणको सम्पूर्ण जिम्मेवारी महामन्त्रीको हुनेछ ।

(२) **कार्ययोजना तर्जुमा र कार्यान्वयनः** केन्द्रीय समिति, प्रदेश अधिवेशन, प्रदेश समितिबाट पारित नीति तथा निर्णयहरूको कार्यान्वयनका लागि विस्तृत सांगठनिक कार्ययोजना तयार गरी प्रदेश समितिमा पेस गर्ने । पारित कार्ययोजनाको अक्षरसः कार्यान्वयन र सुपरिवेक्षण गर्ने ।

(३) **बैठकको आह्वान र व्यवस्थापनः** प्रदेश सभापतिको परामर्श र सहमतिमा प्रदेश समितिका बैठकहरू आह्वान गर्ने । बैठकको स्पष्ट सूचना जारी गर्ने, अजेन्डा (कार्यसूची) तयार पार्ने र बैठकका निर्णयहरूलाई व्यवस्थित रूपमा लिपिबद्ध र प्रमाणित गर्ने ।

(४) **सांगठनिक चुस्तता र सञ्चारः** प्रदेशभित्रको समग्र पार्टी सङ्गठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका खेल्ने । मातहतका

कमिटीहरू र पार्टी सदस्यहरूलाई पार्टीका गतिविधि, निर्णय र निर्देशनहरूबारे नियमित रूपमा आन्तरिक सूचना प्रवाह गर्ने ।

(५) **अभिलेखीकरण र डिजिटल प्रशासनः** प्रदेशभित्रका सम्पूर्ण प्रकारका आधिकारिक दस्तावेज, सदस्यता विवरण, बैठकका निर्णय र आर्थिक तथा सांगठनिक अभिलेखहरूको (डिजिटल माध्यमसमेत प्रयोग गरी) सुरक्षित संरक्षण गर्ने र गराउने ।

(६) **समन्वय र परामर्शः** पार्टीको दैनिक कार्यसञ्चालनमा प्रदेश सभापतिलाई प्रत्यक्ष रूपमा सहयोग गर्ने । आवश्यकताअनुसार प्रदेशका अन्य पदाधिकारी तथा सदस्यहरूबीच समन्वय कायम गर्ने र सांगठनिक हितमा सभापतिलाई आवश्यक सल्लाह र सुझाव दिने ।

(७) **संस्थागत दायित्वः** प्रदेश समितिले तोकेका वा प्रदेश सभापतिले निर्देशन दिएबमोजिमका अन्य आवश्यक सांगठनिक जिम्मेवारीहरू निर्वाह गर्ने ।

**(घ) प्रदेश सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार**

प्रदेश महामन्त्रीको कार्यभारलाई सहज बनाउन, प्रदेशका अभियानहरूलाई विशिष्टीकृत ढंगले सञ्चालन गर्न र सांगठनिक समन्वयलाई प्रभावकारी बनाउन प्रदेश समितिमा दुईजना सहमहामन्त्रीहरू रहनेछन्, जसमध्ये कम्तीमा एकजना महिला सहमहामन्त्री अनिवार्य हुनेछ । कार्यप्रकृतिका आधारमा उनीहरूको साझा र विशिष्टीकृत कार्यविभाजन देहायबमोजिम हुनेछः

**(१) साझा काम, कर्तव्य र अधिकार**

(अ) **महामन्त्रीलाई सहयोगः** प्रदेशको दैनिक कार्यसञ्चालन, नीति निर्माण र निर्णय

कार्यान्वयनमा महामन्त्रीको कार्यमा महामन्त्रीले तोकेबमोजिम आवश्यक सहयोग गर्ने ।

(आ) **प्रत्यायोजित र निर्देशित कार्य:** महामन्त्रीले आफ्नो कार्यक्षेत्रभित्र रही प्रत्यायोजन गरेको कार्य गर्ने, साथै प्रदेश सभापतिको निर्देशनबमोजिमका आवश्यक राजनीतिक र सांगठनिक कार्यहरू गर्ने ।

(इ) **बैठक आह्वान र अन्य कार्य:** प्रदेश सभापतिले तोकेको अन्य कार्यहरू गर्ने वा सभापतिको निर्देशनमा आवश्यकताअनुसार सम्बन्धित तह वा विभागको बैठक बोलाउने ।

(ई) **संस्थागत दायित्व निर्वाह:** प्रदेश अधिवेशन, प्रदेश समिति, पदाधिकारी बैठक तथा सचिवालयले समय-समयमा तोकेका अन्य जिम्मेवारीहरू निर्वाह गर्ने ।

(२) **विशिष्टीकृत कार्यविभाजन र अधिकार**

नागरिक र तल्ला कमिटीहरूसँग प्रत्यक्ष जोडिने गरी तथा प्रदेश महामन्त्रीको प्रत्यक्ष प्रशासनिक समन्वयमा रहने गरी, २ (दुई) जना प्रदेश सहमहामन्त्रीहरूलाई देहायबमोजिम विशिष्टीकृत जिम्मेवारी बाँडफाँट गरिनेछ:

(अ) **सहमहामन्त्री - १ (सङ्गठन, स्थानीय कमिटी तथा सुशासन/संसदीय समन्वय):**

यो जिम्मेवारीमा रहने सहमहामन्त्रीले मूलत: प्रदेशभित्रको आन्तरिक साङ्गठनिक सञ्जाल र निर्वाचित जनप्रतिनिधिहरूको समन्वयमा केन्द्रित भई काम गर्नेछन्:

(आ) **सङ्गठन तथा तल्ला कमिटी व्यवस्थापनः** प्रदेशअन्तर्गतका तल्लो तहका संरचना (जिल्ला, पालिका र वडा) हरूको प्रत्यक्ष साङ्गठनिक अनुगमन गर्ने । पार्टी सदस्यता वितरण र अद्यावधिक गर्ने कार्यको 'फिल्ड लेभल' रेखदेख गर्ने ।

(इ) **साङ्गठनिक विवाद समाधानः** प्रदेश समिति र जिल्ला/स्थानीय कमिटीहरूबीच निरन्तर पुलको काम गर्दै तल्लो तहमा देखिएका साङ्गठनिक विवादहरू समाधान गर्न सहजीकरण गर्ने र त्यसको प्रगति प्रतिवेदन महामन्त्रीलाई बुझाउने ।

(ई) **संसदीय मामिला र स्थानीय सरकार समन्वयः** प्रदेशभित्र पार्टीका तर्फबाट निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरू (प्रदेश सांसद र स्थानीय तहका प्रमुख/उपप्रमुख) बीच नीतिगत एकरूपता ल्याउन समन्वय गर्ने ।

(उ) **सुशासन अनुगमनः** जनप्रतिनिधिहरूले पार्टीको नीति, सङ्कल्पपत्र र जनअपेक्षा अनुसार पारदर्शी रूपमा काम गरे/नगरेको अनुगमन गर्ने संयन्त्रको नेतृत्व गर्ने ।

(३) **सहमहामन्त्री - २, महिला (समावेशिता, जनसम्पर्क, सामाजिक अभियान तथा प्रविधि):**

(अ) **यो जिम्मेवारीमा रहने महिला सहमहामन्त्रीले मूलतः** पार्टीको समावेशिता, जनसम्पर्क, गुनासो सुनुवाइ र प्रविधि व्यवस्थापनमा केन्द्रित भई काम गर्नेछिन्:

(आ) **लैङ्गिक तथा समावेशी नीति कार्यान्वयनः** प्रदेशभित्रका हरेक तहका कमिटीहरू र निर्णय प्रक्रियामा महिला, सीमान्तकृत र अल्पसङ्ख्यक समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गराउन नेतृत्वदायी भूमिका खेल्ने ।

(इ) **सामाजिक अभियान र जनसम्पर्कः** युवा, महिला तथा विभिन्न समुदायलाई सीधै पार्टीको मूलधारमा जोड्न 'नागरिक संवाद' र 'सामाजिक न्याय' का प्रादेशिक अभियानहरूको नेतृत्व गर्ने । नागरिक समाज र गैर-सरकारी संस्थाहरूसँग पार्टीको जनसम्पर्क विस्तार गर्ने ।

(ई) **जनगुनासो व्यवस्थापन र जवाफदेहिताः** नागरिकका प्रस्ताव तथा जनआवाजप्रति राज्य संयन्त्रलाई उत्तरदायी बनाउन समन्वय गर्ने । नागरिक मञ्चहरूबाट आएका जनगुनासो लाई सम्बन्धित विधायक र जनप्रतिनिधिसम्म पुऱ्याउने कार्यको संयोजन गर्ने ।

(उ) **सञ्चार प्रविधि र डिजिटल रूपान्तरणः** प्रदेश स्तरमा पार्टीको 'डिजिटल रूपान्तरण' अभियानलाई अगाडि बढाउँदै डिजिटल ड्यासबोर्ड र सामाजिक सञ्जालको व्यवस्थापनमा महामन्त्रीलाई प्राविधिक सहयोग पुऱ्याउने ।

(ङ) **प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

प्रदेश कमिटीको आर्थिक सुशासन, पारदर्शिता र वित्तीय व्यवस्थापनको प्रमुख जिम्मेवार पदाधिकारीका रूपमा

प्रदेश समितिमा एकजना कोषाध्यक्ष रहनेछन् । प्रदेश कोषाध्यक्षले केन्द्रीय आर्थिक नीति र अनुशासनको अधीनमा रही सम्पादन गर्ने काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **बजेट निर्माण र वित्तीय योजनाः** प्रदेश कमिटी सञ्चालनका निमित्त आवश्यक पर्ने समग्र आर्थिक स्रोत र साधनको व्यवस्थापन गर्ने । आगामी वर्षको वार्षिक बजेट तथा प्रदेशस्तरीय नियमित र विशेष सांगठनिक कार्यक्रमहरूको वित्तीय कार्ययोजनाको मस्यौदा तयार गरी प्रदेश समितिबाट पारित गराउने ।

(२) **पारदर्शी स्रोत संकलन र केन्द्रीय समन्वयः** पार्टीको केन्द्रीय आर्थिक आचारसंहिताको अधीनमा रही प्रदेशलाई प्राप्त हुने लेवी तथा तोकिएबमोजिमका अन्य शुल्क संकलन गर्ने । कानुनसम्मत र पारदर्शी रूपमा आर्थिक स्रोतको संकलन गर्ने र स्रोत नखुलेका वा स्वार्थ बाझिने शंकास्पद आर्थिक सहयोगलाई पूर्णतः अस्वीकार गर्ने ।

(३) **खाता सञ्चालन र वित्तीय अनुशासनः** प्रदेश समितिको निर्णयअनुसार पार्टीको प्रदेशस्तरीय आधिकारिक बैंक खाता खोल्ने र विधानले तोकेको अर्को पदाधिकारी सहितको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन गर्ने । पारित बजेट र प्रदेश समितिको निर्णयको परिधिभित्र रहेर मात्र खर्चको भुक्तानी दिने र बजेटभन्दा बाहिरका वा आर्थिक अनुशासनविपरीतका खर्चहरूलाई कडाइका साथ रोक्ने ।

(४) **लेखापरीक्षण, कानुनी दायित्व र डिजिटल पारदर्शिताः** प्रदेशको समग्र आर्थिक गतिविधिलाई

सुशासनयुक्त बनाउन केन्द्रीय कोषाध्यक्षको समन्वयमा केन्द्रले तय गरेको आधुनिक डिजिटल लेखा प्रणालीकै प्रयोग गर्ने । आर्थिक वर्ष समाप्त भएपछि मान्यता प्राप्त बाह्य लेखापरीक्षकबाट प्रदेशको आय-व्ययको परीक्षण गराई केन्द्रीय कार्यालय तथा राज्यको सम्बन्धित निकायमा समयमै प्रतिवेदन बुझाउने । साथै, प्रदेशको वार्षिक आर्थिक प्रतिवेदन प्रदेश अधिवेशन र प्रदेश परिषद्मा प्रस्तुत गर्ने ।

(५) **संस्थागत दायित्व तथा प्रतिवेदनः** प्रदेशको आर्थिक अवस्थाको नियमित प्रतिवेदन केन्द्रीय कोषाध्यक्षलाई उपलब्ध गराउने । साथै, प्रदेश अधिवेशन, प्रदेश समिति र पदाधिकारी बैठकले समय-समयमा तोकेका अन्य आर्थिक तथा व्यवस्थापकीय कार्यहरू गर्ने र गराउने ।

**(च) प्रदेश समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) **बैठकमा सहभागिता र तोकिएको जिम्मेवारी पूरा गर्नेः** प्रदेश समितिका बैठकहरूमा नियमित उपस्थित भई एजेन्डाहरूमाथि रचनात्मक र सक्रिय सहभागिता जनाउने । प्रदेश समिति तथा प्रदेश सभापतिले तोकेका सांगठनिक, राजनीतिक वा अन्य विशेष कार्यहरू निष्ठापूर्वक सम्पादन गर्ने ।

(२) **सांगठनिक समन्वय र जनसम्पर्कः** पार्टीका तल्लो तहका कमिटीहरू, साधारण सदस्यहरू र आम नागरिकसँग निरन्तर सम्पर्क र समन्वय कायम राख्ने । जनगुनासो सुन्ने, समाधानको पहल गर्ने र पार्टीको सिद्धान्त, विचार तथा नीतिलाई आम नागरिकसम्म पुर्याउन बलियो पुलको काम गर्ने ।

(३) **नीति तथा निर्णयको पालना र अनुशासनः** पार्टीको विधान, वाचापत्र र केन्द्रीय तथा प्रादेशिक नेतृत्वबाट भएका आधिकारिक निर्णयहरूको पूर्ण रूपमा पालना गर्ने । पार्टीको मर्यादा र अनुशासनलाई उच्च प्राथमिकतामा राखी आफ्ना गतिविधिहरू सञ्चालन गर्ने ।

(४) **रचनात्मक कार्य र सामाजिक उत्तरदायित्वः** देश, जनता र पार्टीको बृहत्तर हितका लागि पार्टी नीतिको परिधिभित्र रही रचनात्मक, सिर्जनात्मक र समाज सुधारका कार्यहरूको अगुवाइ गर्ने । आफ्नो क्षेत्रका स्थानीय समस्याहरूको पहिचान गरी समाधानका लागि पार्टीको तर्फबाट पहलकदमी लिने ।

(५) **अध्ययन, अनुसन्धान र नीतिगत सुझावः** राष्ट्र निर्माण, प्रादेशिक विकास, सुशासन र जनजीविकाका विविध विषयमा निरन्तर स्वअध्ययन तथा अनुसन्धान गर्ने । अध्ययनबाट प्राप्त निष्कर्ष र नागरिकका आकांक्षाहरूलाई समेटेर प्रदेशको नीति निर्माणमा सहयोग पुर्याउन पार्टीसमक्ष लिखित रूपमा ठोस सुझाव तथा कार्ययोजना पेस गर्ने ।

## २६. प्रदेश सचिवालय

### (१) प्रदेश सचिवालय गठन

(क) **आवश्यकता र औचित्यः** प्रदेश समितिको दैनिक कार्यसम्पादन गर्न, तत्काल आइपर्ने राजनीतिक तथा साङ्गठनिक विषयमा द्रुत निर्णय लिन र प्रदेश समितिका निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन प्रदेश तहमा एक कार्यकारी संयन्त्रका रूपमा प्रदेश सचिवालय रहनेछ ।।

(ख) **सचिवालयको संरचनाः** प्रदेश सभापतिको नेतृत्वमा १३

(तेह्र) सदस्यीय प्रदेश सचिवालय गठन हुनेछ । यसको संरचना देहायबमोजिम हुनेछः

**(१) पदेन सदस्यहरू (८ जना):**

सचिवालयमा सभापतिसहित प्रदेशका सम्पूर्ण ८ जना पदाधिकारीहरू

- २ उपसभापति (१ महिला अनिवार्य),
- १ महामन्त्री,
- २ सहमहामन्त्री (१ महिला अनिवार्य),
- १ कोषाध्यक्ष र
- १ प्रवक्ता अनिवार्य (पदेन) सदस्यका रूपमा रहनेछन् ।

**(२) सभापतिद्वारा मनोनित सदस्यहरू (५ जना):**

प्रदेश सभापतिले प्रदेश समितिका निर्वाचित वा मनोनित सदस्यहरूमध्येबाट सक्षमता र समावेशिताको सिद्धान्तलाई ध्यानमा राखी पाँच जनालाई मनोनयन गर्नेछ । उक्त मनोनयनको जानकारी प्रदेश समितिलाई गराइनेछ ।

**(३) स्थायी आमन्त्रित सदस्यः**

सम्बन्धित प्रदेशको 'राजधानी (मुकाम)' रहेको जिल्लाका पार्टी सभापति, प्रदेश सचिवालयको बैठकमा 'स्थायी आमन्त्रित सदस्य' का रूपमा सहभागी हुनेछन् । (स्पष्टीकरणः स्थायी आमन्त्रित सदस्यले बैठकका छलफलहरूमा भाग लिन पाउनेछन् र प्रदेश कार्यालय व्यवस्थापनमा सहयोग गर्नेछन्, तर सचिवालयको निर्णय प्रक्रियामा मताधिकार हुनेछैन) ।

**(२) प्रदेश सचिवालयका काम, कर्तव्य र अधिकारः**

प्रदेश समितिको बैठक नबसेको समयमा कार्यकारी निकायका रूपमा प्रदेश सचिवालयले देहायका कार्यहरू सम्पादन गर्नेछः

(क) **द्रुत तथा आपत्कालीन निर्णयः** प्रदेशको राजनीतिमा तत्काल आइपर्ने गम्भीर सङ्कट, समसामयिक घटनाक्रम वा साङ्गठनिक विषयहरूमा प्रदेश समितिको बैठक पर्खिन असम्भव भएको अवस्थामा तत्काल आवश्यक निर्णय लिने र प्रदेशको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने ।

(ख) **कार्यसूची र प्रस्तावको तयारीः** प्रदेश समितिका बैठकहरूको कार्यसूची तय गर्ने । प्रदेश समितिबाट पारित गरिनुपर्ने नीतिगत प्रस्ताव र साङ्गठनिक कार्ययोजनाहरूको प्रारम्भिक मस्यौदा तयार गरी बैठकमा पेस गर्ने ।

(ग) **दैनिक कार्यसञ्चालन र अनुगमनः** प्रदेश महामन्त्रीमार्फत प्रदेश कार्यालयको दैनिक प्रशासनिक कार्यसञ्चालनलाई निर्देशित गर्ने । प्रदेशअन्तर्गतका जिल्ला तथा तल्ला कमिटीहरूको साङ्गठनिक गतिविधि र स्थानीय सरकारमा पार्टीका जनप्रतिनिधिहरूको कार्यप्रगतिको नियमित अनुगमन गर्ने ।

(घ) **साङ्गठनिक विवाद समाधानः** तल्ला कमिटीहरूमा उत्पन्न भएका साङ्गठनिक वा पदीय विवादहरूलाई प्रारम्भिक रूपमा सुल्झाउन आवश्यक पहल र सहजीकरण गर्ने ।

(ङ) **अनिवार्य अनुमोदनः** प्रदेश सचिवालयले गरेका सम्पूर्ण राजनीतिक, नीतिगत र साङ्गठनिक निर्णयहरू जानकारी र अन्तिम अनुमोदनका लागि लगत्तै बस्ने प्रदेश समितिको आगामी बैठकमा अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

## साङ्गठनिक समन्वय र प्रदेश इन्चार्ज

### (१) प्रदेश इन्चार्जको व्यवस्था र नियुक्तिः

पार्टीको केन्द्रीय समिति र प्रदेश संरचनाबीच नीतिगत एकरूपता, साङ्गठनिक समन्वय र प्रभावकारी सञ्चार कायम गर्न केन्द्रीय सचिवालयले प्रत्येक प्रदेशका लागि एक-एक जना 'प्रदेश इन्चार्ज' तोक्न सक्नेछ । इन्चार्जको नियुक्ति केन्द्रीय समितिबाट अनुमोदन हुनुपर्नेछ ।

**(२) योग्यता, सर्त तथा बन्देजहरू:**

प्रदेश इन्चार्जको कार्यसम्पादनलाई तटस्थ, पारदर्शी, गुटरहित र प्रभावमुक्त बनाउन देहायबमोजिमका योग्यता, सर्त तथा बन्देजहरू अनिवार्य रूपमा लागू हुनेछन्:

(क) नियुक्तिको आधार: प्रदेश इन्चार्जको जिम्मेवारी पार्टीका सभापति, उपसभापति र महामन्त्री बाहेकका केन्द्रीय सचिवालयका बहालवाला सदस्यहरूमध्येबाट मात्र तोकिनेछ ।

(ख) गृह-प्रदेश: साङ्गठनिक कामकारबाहीमा सहजता ल्याउन सम्भव हुँदासम्म सचिवालय सदस्यलाई निजको स्थायी बसोबास भएको वा मतदाता नामावली कायम रहेको प्रदेश (गृह-प्रदेश) को इन्चार्ज तोकिने छ ।

**(३) काम, कर्तव्य र अधिकार:**

प्रदेश इन्चार्जको मुख्य भूमिका कार्यकारी नभई समन्वयकारी र मार्गनिर्देशक हुनेछ । निजका दायित्व देहायबमोजिम हुनेछन्:

(क) केन्द्रको नीति, निर्देशन र राष्ट्रिय रणनीतिको प्रदेश तहमा प्रभावकारी कार्यान्वयन गराउन सहजकर्ताको भूमिका निर्वाह गर्ने ।

(ख) प्रदेश कमिटी र केन्द्रीय सचिवालयबीच दोहोरो सञ्चार-पुलका रूपमा कार्य गर्ने ।

(ग) प्रदेश संरचनाभित्र कुनै राजनीतिक वा साङ्गठनिक विवाद उत्पन्न भएमा केन्द्रीय प्रतिनिधिको हैसियतमा तटस्थ मध्यस्थता गरी समस्या समाधान गर्ने ।

(घ) प्रदेश कमिटीको कार्यसम्पादनको नियमित अनुगमन गरी केन्द्रीय सचिवालयमा आवधिक प्रतिवेदन पेस गर्ने ।

(ङ) प्रदेश कमिटीको बैठक, भेला र प्रशिक्षण कार्यक्रमहरूमा केन्द्रीय प्रतिनिधिको रूपमा उपस्थित भई आवश्यक वैचारिक तथा साङ्गठनिक मार्गदर्शन गर्ने ।

**(४) कार्यक्षेत्रको स्पष्टता र सीमा:**

प्रदेश इन्चार्जले प्रदेश कमिटीको स्वायत्तता र दैनिक प्रशासनिक कार्यमा कुनै प्रकारको हस्तक्षेप गर्ने छैन ।प्रदेश कमिटीको बैठक आह्वान गर्ने, कार्यसूची तय गर्ने, प्रदेशस्तरका साङ्गठनिक संरचना निर्माण गर्ने र कार्यकारी निर्णय गर्ने सम्पूर्ण अधिकार विधानबमोजिम निर्वाचित/गठित प्रदेश सभापति र प्रदेश कमिटीमै निहीत रहनेछ ।

## भाग - ८
## स्थानीय तह (अधिवेशन, समिति तथा सचिवालय)

**२७. जिल्ला अधिवेशन**

सम्बन्धित जिल्लाभरि पार्टीको सांगठनिक, राजनीतिक र नीतिगत विषयमा निर्णय लिने सर्वोच्च आधिकारिक निकायका रूपमा 'जिल्ला अधिवेशन' रहनेछ । यसको गठन, प्रतिनिधि चयन र अधिकारक्षेत्र देहायबमोजिम हुनेछः

(१) **संरचना र समयावधि**

(क) **सर्वोच्च निकायः** जिल्ला अधिवेशन जिल्ला तहमा पार्टीको सर्वोच्च सांगठनिक निकाय हुनेछ ।

(ख) **नियमित आयोजनाः** पार्टी विधानबमोजिम प्रत्येक ३ वर्षमा जिल्ला अधिवेशनको नियमित आयोजना गरिनेछ ।

(२) **जिल्ला अधिवेशनका प्रतिनिधिहरू**

**जिल्ला अधिवेशनमा सहभागी हुने प्रतिनिधिहरूको चयन र योग्यता पूर्णतः** समावेशी र सहभागितामूलक हुनेछ । यसमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन्:

(क) **पदेन प्रतिनिधिहरू :**

जिल्ला समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

जिल्ला सल्लाहकार परिषद्का सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

जिल्ला अनुशासन आयोगका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

जिल्ला संगठन विभागका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

जिल्ला र्‍याट (RAT) र जिल्ला सम्पर्क विभागका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

सम्बन्धित जिल्लाअन्तर्गतका सम्पूर्ण निर्वाचन क्षेत्र समितिका पदाधिकारी तथा सदस्यहरू ।

जिल्लाअन्तर्गतका सम्पूर्ण पालिका/स्थानीय तह समितिका पदाधिकारी तथा सदस्यहरू ।

पालिकास्तरका विभिन्न विभाग तथा पालिका र्याट (RAT) का पदाधिकारीहरू ।

**(ख) माथिल्लो तह र जननिर्वाचित प्रतिनिधिहरू:**

सम्बन्धित जिल्लाबाट पार्टीको तर्फबाट निर्वाचित भएका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरू (स्थानीय तह, प्रदेश र संघीय तहका) ।

सम्बन्धित जिल्लाबाट प्रदेश र केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

प्रदेश र केन्द्रका विभिन्न विभाग तथा आयोगहरूमा जिल्लाबाट प्रतिनिधित्व गर्ने सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

**(ग) पालिका अधिवेशनबाट निर्वाचित प्रतिनिधिहरू:**

सम्बन्धित पालिकामा मतदाता नामावली/ठेगाना भएका र पार्टीको कुनै पनि आधिकारिक समितिमा नरहेका साधारण/सक्रिय सदस्यहरूमध्येबाट पालिका अधिवेशनले देहायबमोजिम प्रतिनिधिहरू छनोट गरी पठाउनेछ:

**(अ) २०० जनासम्म सदस्य भएको पालिकाबाट:** समावेशी आधारमा कम्तीमा १ जना महिला अनिवार्य हुने गरी कुल ३ जना प्रतिनिधि ।

**(आ) २०० भन्दा बढी सदस्य भएको पालिकाबाट:** २०० जना सदस्य बराबर माथिको (३ जना) व्यवस्था लागू हुने र सोभन्दा बढी सदस्य सङ्ख्या भएको हकमा थप १ जना प्रतिनिधि ।

**(३) अधिवेशनको आयोजना र निर्वाचन प्रक्रिया**

**(क) पूर्व-तयारी र सिफारिस:** जिल्ला समितिको कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा ३ (तीन) महिनाअगावै केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि

जिल्ला समितिलाई आधिकारिक सिफारिस र पत्राचार गर्नेछ ।

(ख) **मिति र स्थान तयः** केन्द्रीय निर्वाचन आयोगको सिफारिस र निर्देशनको परिधिभित्र रही जिल्ला समितिले अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तय गरी माथिल्लो कमिटीलाई जानकारी गराउनेछ ।

(ग) **निर्वाचन सञ्चालनः** जिल्ला अधिवेशनको सम्पूर्ण निर्वाचन प्रक्रिया (मतदाता नामावली प्रकाशन, उम्मेदवारी दर्ता, मतदान र परिणाम घोषणा) केन्द्रीय निर्वाचन आयोग वा आयोगले तोकेको निर्वाचन अधिकृतको प्रत्यक्ष रोहबर र निर्देशनमा सम्पन्न हुनेछ ।

(घ) **व्यवस्थापकीय दायित्वः** जिल्ला अधिवेशनको समग्र भौतिक तथा आर्थिक व्यवस्थापन र आयोजना गर्ने मुख्य दायित्व बहालवाला जिल्ला समितिको हुनेछ ।

४. **जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार**

जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) **अन्तरिम व्यवस्थापन र विघटनः** जिल्ला अधिवेशनको औपचारिक उद्घाटन हुनुअगावै बहालवाला जिल्ला समिति स्वतः विघटन हुनेछ । नयाँ निर्वाचित जिल्ला समितिले पद तथा गोपनीयताको शपथ नलिएसम्म अधिवेशनको व्यवस्थापन र दैनिक कार्य सञ्चालनका लागि एक 'अन्तरिम व्यवस्थापन समिति' गठन गर्ने ।

(ख) **नयाँ नेतृत्व चयनः** विधानबमोजिम गोप्य मतदान वा सर्वसम्मत प्रक्रियाबाट आगामी कार्यकालका लागि जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको निर्वाचन गर्ने ।

(ग) **निर्वाचन क्षेत्र समिति गठनः** जिल्ला अधिवेशनमा सहभागी सम्बन्धित प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन क्षेत्रका प्रतिनिधिहरूमध्येबाट विधानबमोजिम 'निर्वाचन क्षेत्र समिति' को गठन र पदाधिकारी चयन गर्ने ।

(घ) **प्रतिवेदन पारितः** निवर्तमान जिल्ला समितिले प्रस्तुत गरेका सांगठनिक, राजनीतिक र आर्थिक आय-व्ययको प्रतिवेदनमाथि विस्तृत छलफल गरी आवश्यक संशोधनसहित पारित गर्ने ।

(ङ) **नीतिगत निर्णयः** जिल्लाको समसामयिक राजनीतिक परिस्थिति र नागरिकका समस्याहरूलाई सम्बोधन गर्न आवश्यक नीति, प्रस्ताव र कार्ययोजनाहरू पारित गर्ने ।

## २८. जिल्ला समिति

जिल्ला समिति सम्बन्धित जिल्लाभित्र सर्वोच्च कार्यकारी निकाय हुनेछ । यो समिति आफ्नो कार्यसम्पादनका लागि माथिल्लो कमिटी (प्रदेश समिति) प्रति पूर्ण रूपमा उत्तरदायी हुनेछ । माथिल्ला कमिटीहरूको साङ्गठनिक मर्मसँग एकरूपता कायम गर्दै यसको गठन, संरचना र निर्वाचन प्रक्रिया देहायबमोजिम हुनेछः

**(१) जिल्ला पदाधिकारीको संरचना (७ जना):**

जिल्लाको कार्यसम्पादनलाई छरितो र प्रभावकारी बनाउन जिल्ला समितिमा देहायबमोजिमका ५ (पाँच) जना पदाधिकारीहरू रहनेछन्:

(क) जिल्ला सभापति - १ जना (पहिलो चरणमा प्रत्यक्ष निर्वाचित)

(ख) उपसभापति - २ जना (दोस्रो चरणमा निर्वाचित, १ जना महिला अनिवार्य)

(ग) सचिव - १ जना (दोस्रो चरणमा निर्वाचित)

(घ) सहसचिव - २ जना (दोस्रो चरणमा निर्वाचित, १ जना महिला अनिवाय)

(ङ) कोषाध्यक्ष - १ जना (मनोनित)

**(२) निर्वाचन तथा गठन प्रक्रिया (दुई चरणको व्यवस्था):**

प्रदेश र केन्द्रको साङ्गठनिक अभ्यासअनुरूप जिल्ला समिति र पदाधिकारीको पूर्णता पनि दुई चरणमा सम्पन्न गरिनेछः

(क) **पहिलो चरण (प्रत्यक्ष एकमुष्ट निर्वाचन):** जिल्ला अधिवेशनका सम्पूर्ण प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट '१ जना जिल्ला सभापति' र 'जिल्ला सदस्यहरू' (प्रत्येक सङ्घीय प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट कम्तीमा १/१ जना र समग्र जिल्लाको समावेशी कोटाबाट ५ जना) को एकैपटक एकमुष्ट निर्वाचन हुनेछ ।

(ख) **दोस्रो चरण (पदाधिकारीको निर्वाचन):** पहिलो चरणबाट निर्वाचित भएका जिल्ला सदस्यहरूमध्येबाट मात्र उम्मेदवार भई, सम्पूर्ण अधिवेशन प्रतिनिधिहरूको प्रत्यक्ष मतदानबाट दोस्रो चरणमा उपसभापति (२), सचिव (१) र सहसचिव (२) को निर्वाचन गरिनेछ । (स्पष्टीकरण: पदेन पालिका सभापतिहरू पदाधिकारीमा उम्मेदवार बन्न पाउने छैनन्) ।

(ग) **कोषाध्यक्ष मनोनयन:** निर्वाचित सदस्यहरूमध्येबाट सक्षमता र समावेशिताका आधारमा जिल्ला सभापतिको सिफारिसमा जिल्ला समितिबाट अनुमोदन गराई १ जना कोषाध्यक्षको चयन गरिनेछ ।

(३) **निर्वाचन प्रणाली र निकटतम प्रत्यासी :**

(क) **सर्वाधिक मत प्रणाली:** प्रत्यक्ष मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी (सर्वाधिक) मत प्राप्त गर्ने उम्मेदवार स्वत: जिल्ला सभापति निर्वाचित भएको घोषणा गरिनेछ ।

(ख) **निकटतम प्रत्यासीको सम्मान:** आन्तरिक एकता र लोकतन्त्रलाई सुदृढ गर्न, जिल्ला सभापतिको निर्वाचनमा पराजित हुने तर कुल सदर मतको कम्तीमा १० (दस) प्रतिशत मत प्राप्त गर्ने 'निकटतम प्रत्यासी' स्वत: जिल्ला समितिको सदस्य हुनेछ ।

(४) **जिल्ला समितिको आकार, पदेन सदस्य र गणितीय सन्तुलन:**

(क) **पदेन सदस्य:** जिल्ला र स्थानीय तहबीच बलियो साङ्गठनिक

पुल निर्माण गर्न, सम्बन्धित जिल्लाअन्तर्गत पार्टीका तर्फबाट निर्वाचित सम्पूर्ण 'पालिका (नगर/गाउँपालिका) सभापतिहरू' जिल्ला समितिका स्वतः 'पदेन सदस्य' हुनेछन् ।

(ख) **बिजोर सङ्ख्याः** माथिका सबै सदस्यहरू (निर्वाचित, समावेशी, पदेन र प्रत्यासी) जोड्दा आउने कुल सङ्ख्यालाई 'बिजोर' कायम गर्न र समितिलाई पूर्णता दिन, जिल्ला सभापतिले थप २ वा ३ जनासम्म सदस्यहरू मनोनित गर्न पाउनेछ ।

(५) **सदस्यीय समावेशी कोटा र ३३% महिला ग्यारेन्टीः**

(क) **समावेशी कोटाको आधारः** जिल्लामा निर्वाचित हुने ५ जना समावेशी सदस्यहरूको पदपूर्ति सम्बन्धित जिल्लाको यथार्थ जनसाङ्ख्यिक बनोट का आधारमा निर्वाचन समितिले कोटा निर्धारण गरेबमोजिम सार्वभौम मतदानबाट हुनेछ ।

(ख) **महिला प्रतिनिधित्वको सुनिश्चितताः** सिङ्गो जिल्ला समितिमा कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिला सहभागिता अनिवार्य हुनेछ । यदि पहिलो चरणको निर्वाचन (निर्वाचन क्षेत्र) र पदेन (पालिका सभापति) बाट प्राकृतिक रूपमा महिला सङ्ख्या अपुग भएमा, '५ जना समावेशी कोटा' को नतिजा निकाल्दा सर्वाधिक मत ल्याउने महिला उम्मेदवारलाई प्राथमिकता दिएर र सभापतिले गर्ने '२ वा ३ जनाको मनोनयन' मार्फत अनिवार्य रूपमा अपुग महिला सङ्ख्या पूर्ति गर्नुपर्नेछ ।

(६) **कार्यकाल र रिक्त पदको पूर्तिः**

(क) **कार्यकालः** जिल्ला समितिको कार्यकाल एउटा जिल्ला अधिवेशनदेखि अर्को जिल्ला अधिवेशनसम्म हुनेछ ।

(ख) **पदपूर्तिः** कार्यकालको बीचमा कुनै पनि पद (सभापति बाहेक) रिक्त हुन गएमा जिल्ला समितिले नै बहुमतबाट) उक्त पदको पदपूर्ति गर्नेछ ।

**(७) जिल्ला समितिको काम, कर्तव्य र अधिकार**

जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(क) रणनीतिक तथा कार्यकारी नेतृत्वः**

जिल्लाभर पार्टीको समग्र कार्यकारी नेतृत्व गर्ने । माथिल्लो कमिटीले गरेका निर्णयहरूको अक्षरशः कार्यान्वयन गर्ने र तल्लो कमिटीहरूबाट कार्यान्वयन भए/नभएको सघन अनुगमन गर्ने ।

**(ख) नागरिक प्रस्ताव र बाध्यकारी जवाफदेहिताः**

नागरिक वा तल्लो तहबाट आएका नीतिगत प्रस्ताव, समस्या र गुनासोहरूलाई केवल 'सुझाव बाकस' मा सीमित नराखी, पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि वा सम्बन्धित राज्य संयन्त्रले अनिवार्य रूपमा सम्बोधन गर्नुपर्ने संस्थागत संयन्त्र निर्माण र सञ्चालन गर्ने ।

**(ग) डिजिटल अभिलेखीकरण र वैज्ञानिक सङ्गठनः**

जिल्लाभित्रका सम्पूर्ण पार्टी सदस्य, मतदाताको प्रवृत्ति, सांगठनिक संरचना र आर्थिक गतिविधिको आधुनिक डिजिटल अभिलेख राख्ने । प्रविधिको प्रयोगमार्फत संगठनलाई चुस्त, पारदर्शी र डाटा-आधारित बनाउने ।

**(घ) नीति तर्जुमा र स्थानीय एजेन्डा सेटिङः**

जिल्लाको समसामयिक राजनीतिक, आर्थिक र सामाजिक परिस्थिति अनुरूप पार्टीको आधिकारिक दृष्टिकोण तय गर्ने । स्थानीय विकास, कृषि रूपान्तरण, र जनजीविकाका सवालहरूमा स्पष्ट कार्ययोजना बनाई जनपरिचालन र आवश्यक वकालत गर्ने ।

**(ङ) निर्वाचन परिचालन र जनशक्ति व्यवस्थापनः**

संघ, प्रदेश र स्थानीय तहका निर्वाचनहरूमा पार्टीको वाचापत्र निर्माणमा भूमिका खेल्ने । निर्वाचन जित्नका लागि आवश्यक पर्ने बुथ कमिटीदेखि जिल्ला तहसम्मको सम्पूर्ण जनशक्ति र संयन्त्रलाई रणनीतिक रूपमा परिचालन गर्ने ।

(च) **कार्यविभाजन र कार्यसम्पादन मूल्याङ्कनः**
जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूको स्पष्ट कार्यविभाजन गर्ने र उनीहरूको कार्यसम्पादनको आवधिक मूल्याङ्कन गरी उत्तरदायी बनाउने ।

(८) **जिल्ला पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

(क) **जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार**
जिल्लाभित्र पार्टीको सर्वोच्च राजनीतिक नेतृत्व गर्दै, संगठनलाई सबल र चलायमान बनाउने प्रमुख पदाधिकारीका रूपमा जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **समग्र नेतृत्व र आधिकारिक प्रतिनिधित्वः**
जिल्लाभित्र पार्टीको समग्र राजनीतिक र सांगठनिक नेतृत्व गर्ने । जिल्लामा पार्टीको प्रमुख नेता र प्रमुख पदाधिकारीका हैसियतमा वैचारिक, राजनीतिक तथा समसामयिक विषयहरूमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) **प्रादेशिक समन्वय र सांगठनिक शृङ्खलाः**
प्रदेश समितिसँगको सांगठनिक शृङ्खला र पदीय मर्यादालाई पूर्ण रूपमा पालना गर्दै, प्रदेश समिति र प्रदेश पदाधिकारीहरूले निर्देशन गरेका तथा सुम्पेका राजनीतिक एवं सांगठनिक जिम्मेवारीहरू जिल्लामा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र गराउने ।

(३) **वैचारिक सुदृढीकरण र मर्यादा पालनः**
पार्टीको आदर्श, सिद्धान्त र सांगठनिक मर्यादालाई जिल्लाभर उच्च राख्ने र सम्पूर्ण सदस्यहरूलाई सोहीअनुरूप निर्देशित गर्दै पार्टीलाई एक सबल र सक्षम संगठनका रूपमा सञ्चालन गर्ने ।

(४) **कार्यविभाजन र कार्यवाहक तोक्नेः**
आवश्यकताअनुसार जिल्ला समिति (कार्यसम्पादन

समिति)का सदस्यहरुको कार्यविभाजन गर्ने तथा हेरफेर गर्ने । आफू जिल्ला बाहिर जानुपर्ने वा अनुपस्थित हुनुपर्ने अवस्थामा जिल्ला उपसभापतिलाई कार्यवाहक सभापतिको जिम्मेवारी तोक्ने ।

(५) **तत्काल निर्णय र संकटकालीन व्यवस्थापनः**

पार्टीको नीति र विधानको परिधिभित्र रही जिल्लामा तत्काल आइपरेका राजनीतिक वा सांगठनिक कार्यहरू गर्ने । यसरी तत्काल गरिएका निर्णयहरूको जानकारी जिल्ला समितिको आगामी बैठकलाई अनिवार्य रूपमा गराउने ।

(६) **अनुगमन र समन्वयः**

जिल्लाअन्तर्गतका सम्पूर्ण समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रहरूबाट भएका निर्णयहरू प्रभावकारी रूपमा कार्यान्वयन भए/नभएको प्रत्यक्ष रेखदेख, अनुगमन र मूल्यांकन गर्ने/ गराउने ।

(७) **बैठक आह्वान र अध्यक्षताः**

जिल्ला समितिको बैठक बोलाउन निर्देशन दिने र बैठकको अध्यक्षता गर्दै आवश्यक एजेन्डाहरूमाथि छलफल तथा निर्णय गराउने ।

(८) **संस्थागत दायित्वः**

विधानबमोजिम जिल्ला समिति तथा पार्टीको माथिल्लो निकायले तोकेका वा निर्णय गरेका अन्य सम्पूर्ण सांगठनिक कार्यहरू गर्ने ।

**(ख) जिल्ला उपसभापतिको काम, कर्तव्य र अधिकार**

जिल्ला सभापतिको कार्यभारलाई सहज बनाउन र संगठनलाई चुस्त राख्न जिल्ला उपसभापतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **सभापतिलाई सहयोग र समन्वयः**

जिल्लाभित्र पार्टीको समग्र नेतृत्व, नीति निर्माण र निर्णय कार्यान्वयन गर्ने सन्दर्भमा जिल्ला सभापतिलाई प्रत्यक्ष रूपमा सहयोग गर्ने ।

(२) **प्रत्यायोजित कार्य र कार्यवाहकको भूमिकाः**

जिल्ला सभापतिले आफ्नो अधिकारक्षेत्रभित्र रही प्रत्यायोजन गरेका कार्यहरू सम्पादन गर्ने । सभापतिको अनुपस्थितिमा (सभापतिले तोकेबमोजिम) कार्यवाहक सभापतिको जिम्मेवारी सम्हाल्ने ।

(३) **आन्तरिक समन्वय र सहजीकरणः**

जिल्लाअन्तर्गतका पालिका तथा वडा समितिहरूको सांगठनिक गतिविधिहरूको अनुगमन गर्ने र तल्लो तहमा देखिएका विवाद वा समस्याहरू समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

(४) **संस्थागत दायित्वः**

जिल्ला अधिवेशन र जिल्ला समितिले समय-समयमा तोकेका अन्य सांगठनिक जिम्मेवारीहरू निर्वाह गर्ने ।

(ग) **जिल्ला सचिवको काम, कर्तव्य र अधिकार**

जिल्ला कमिटीको मुख्य प्रशासकीय पदाधिकारीका रूपमा जिल्ला सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **प्रशासकीय नेतृत्व र कार्यालय सञ्चालनः**

जिल्ला कार्यसमितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने । पार्टीको जिल्ला कार्यालय सचिवको प्रत्यक्ष मातहतमा रहनेछ र कार्यालयको दैनिक रेखदेख, कर्मचारी व्यवस्थापन र सञ्चालनको सम्पूर्ण जिम्मेवारी सचिवको हुनेछ ।

(२) **कार्ययोजना तर्जुमा र कार्यान्वयनः**

जिल्ला समिति, पार्टीका माथिल्ला निकायहरूबाट पारित नीति तथा निर्णयहरूको कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरी जिल्ला समितिमा पेस गर्ने । पारित निर्णयहरूको प्रभावकारी कार्यान्वयन र सुपरिवेक्षण गर्ने/गराउने ।

(३) **बैठक व्यवस्थापनः**

जिल्ला सभापतिको परामर्शमा जिल्ला समितिको बैठकहरू आह्वान गर्ने । बैठकको स्पष्ट सूचना जारी गर्ने, कार्यसूची (ऐजेन्डा) तयार पार्ने र बैठकका निर्णयहरूलाई व्यवस्थित रूपमा लिपिबद्ध गर्ने ।

(४) **सांगठनिक चुस्तता र सञ्चारः**

जिल्लाभित्र पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका खेल्ने । पार्टी सदस्यहरूलाई पार्टीका गतिविधि, निर्णय र निर्देशनहरूबारे नियमित रूपमा आन्तरिक सञ्चार गर्ने ।

(५) **डिजिटल अभिलेखीकरणः**

जिल्लाभित्रका सम्पूर्ण आधिकारिक दस्तावेज, निर्णयहरू र सूचनाहरूको सुरक्षित र अद्यावधिक (डिजिटल माध्यमसमेत प्रयोग गरी) अभिलेखीकरण गर्ने/गराउने ।

(६) **संस्थागत दायित्वः**

दैनिक कार्यसञ्चालनमा सभापतिलाई आवश्यक सल्लाह सुझाव दिने तथा जिल्ला समिति र सभापतिले तोकेका वा निर्देशन दिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

**(घ) जिल्ला सहसचिवको काम, कर्तव्य र अधिकार**

जिल्लाको सांगठनिक कार्यलाई थप व्यवस्थित गर्न सचिवलाई सघाउने पदाधिकारीका रूपमा जिल्ला सहसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(१) सचिवलाई सहयोग र प्रत्यायोजित कार्यः**

जिल्ला कार्यालय सञ्चालन, बैठक व्यवस्थापन र सूचना प्रवाहको सन्दर्भमा जिल्ला सचिवलाई प्रत्यक्ष रूपमा सहयोग गर्ने । सचिवले प्रत्यायोजन गरेका कार्यहरू सम्पादन गर्ने ।

**(२) संगठन विभागको नेतृत्व (विशिष्टीकृत कार्य):**

विधानबमोजिम पार्टीको 'जिल्ला संगठन विभागको प्रमुख' का रूपमा रही काम गर्ने । जिल्लाभित्र पार्टी सदस्यता विस्तार, अद्यावधिक र सांगठनिक सञ्जाल निर्माणको नेतृत्व गर्ने ।

**(३) कार्यवाहक सचिवको भूमिकाः**

जिल्ला सचिवको लामो अनुपस्थिति वा पद रिक्त भएको अवस्थामा कार्यवाहक सचिवको जिम्मेवारी सम्हाल्ने र कार्यालयको सम्पूर्ण कार्य सञ्चालन गर्ने ।

**(४) संस्थागत दायित्वः**

जिल्ला अधिवेशन र जिल्ला समितिले तोकेका वा निर्णय गरेका अन्य सांगठनिक कार्यहरू गर्ने ।

**(ङ) जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

जिल्ला कमिटीको आर्थिक सुशासन, पारदर्शिता र वित्तीय व्यवस्थापनको प्रमुख जिम्मेवार पदाधिकारीका रूपमा जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **आर्थिक स्रोत व्यवस्थापन र बजेट निर्माणः**
जिल्लाभित्र पार्टी सञ्चालनका निमित्त आवश्यक पर्ने आर्थिक स्रोत र साधनको व्यवस्थापन गर्ने, त्यसको संरक्षण गर्ने र आगामी वर्षको वार्षिक बजेट तथा वित्तीय योजना तयार गरी जिल्ला समितिमा पेस गर्ने ।

(२) **पारदर्शी स्रोत संकलन र अभिलेखीकरणः**
पार्टीलाई प्राप्त हुने सदस्यता शुल्क, लेवी, तथा तोकिएबमोजिमका अन्य शुल्क र कानुनसम्मत सहयोग रकम संकलन गर्ने । सम्पूर्ण आय-व्ययको अद्यावधिक अभिलेख सुरक्षित राख्ने ।

(३) **खाता सञ्चालन र वित्तीय अनुशासनः**
जिल्ला समितिको निर्णयअनुसार पार्टीको आधिकारिक बैंक खाता खोल्ने र विधानले तोकेको पदाधिकारीसहितको संयुक्त हस्ताक्षरमा खाता सञ्चालन गर्ने । समितिको निर्णय र बजेटको परिधिभित्र रहेर मात्र खर्चको भुक्तानी दिने र कडा वित्तीय अनुशासन कायम गर्ने ।

(४) **डिजिटल लेखा प्रणाली र प्रतिवेदनः**
पार्टीको आर्थिक गतिविधिलाई सुशासनयुक्त बनाउन आधुनिक (डिजिटल) लेखा प्रणालीको प्रयोग गर्ने । पार्टीको वार्षिक आर्थिक प्रतिवेदन (आय-व्यय विवरण) जिल्ला समिति र सोमार्फत जिल्ला परिषद्मा अनिवार्य रूपमा पेस गर्ने ।

(५) **संस्थागत दायित्वः**
जिल्ला समिति र पदाधिकारी बैठकले समय-समयमा तोकेका अन्य आर्थिक तथा व्यवस्थापकीय कार्यहरू गर्ने ।

**(च) जिल्ला समिति सदस्यको काम, कर्तव्य र अधिकार**

जिल्ला समितिका सदस्यहरूको भूमिकालाई केवल आदेश पालना गर्ने तहमा मात्र सीमित नराखी, नीति निर्माण, जनसम्पर्क र नागरिकका मुद्दाहरूको उठान गर्ने बलियो आधारस्तम्भका रूपमा स्थापित गर्न उनीहरूको काम, कर्तव्य र अधिकारलाई देहायबमोजिम विस्तृत गरिएको छः

**(१) तोकिएको जिम्मेवारी पूरा गर्नेः**

जिल्ला समितिको बैठकहरूमा नियमित उपस्थित भई एजेन्डाहरूमाथि सक्रिय सहभागिता जनाउने। जिल्ला समिति, जिल्ला सभापतिले तोकेका सांगठनिक, राजनीतिक वा अन्य विशेष कार्यहरू निष्ठापूर्वक सम्पादन गर्ने।

**(२) सांगठनिक समन्वय र जनसम्पर्कः**

पार्टीका तल्लो तहका कमिटीहरू, साधारण सदस्यहरू र आम नागरिकसँग निरन्तर सम्पर्क र समन्वय कायम राख्ने। पार्टीको सिद्धान्त, विचार तथा नीतिलाई आम नागरिकसम्म पुर्‍याउन बलियो पुलको काम गर्ने।

**(३) जनगुनासो व्यवस्थापन र नागरिक प्रतिनिधित्वः**

पार्टी, मुलुक र जनताको हितका लागि पार्टी नीतिको परिधिभित्र रही रचनात्मक र सिर्जनात्मक कार्यहरूको अगुवाइ गर्ने। नागरिकका दैनिक समस्या, गुनासो र जनआवाजलाई संकलन गरी समाधानका लागि पहल गर्ने र पार्टीको मञ्चमार्फत सम्बन्धित निकायसम्म पुर्‍याउने।

**(४) नीति तथा निर्णयको पालनाः**

पार्टीको विधान, बाचापत्र र केन्द्रीय, प्रादेशिक तथा जिल्ला नेतृत्वबाट भएका आधिकारिक

निर्णयहरूको पूर्ण रूपमा पालना गर्ने । पार्टीको मर्यादा र अनुशासनलाई उच्च प्राथमिकतामा राखी आफ्ना गतिविधिहरू सञ्चालन गर्ने ।

(५) **अध्ययन, अनुसन्धान र नीतिगत सुझावः**
मुलुक निर्माण, स्थानीय विकास, सुशासन र जनजीविकाका विविध विषयमा निरन्तर स्वअध्ययन तथा अनुसन्धान गर्ने । अध्ययनबाट प्राप्त निष्कर्ष र नागरिकका आकांक्षाहरूलाई समेटेर पार्टीको नीति निर्माणमा सहयोग पुर्याउन जिल्ला समितिमा निरन्तर लिखित सुझाव तथा कार्ययोजना पेस गर्ने ।

## २९. निर्वाचन क्षेत्र समिति

सङ्घीय संरचनाअनुरूपका १६५ वटा निर्वाचन क्षेत्रलाई आधार मानी, विशेषगरी सङ्घीय र प्रादेशिक निर्वाचनको प्रभावकारी व्यवस्थापन, जनसम्पर्क र चुनावी रणनीतिको परिचालन गर्न पार्टीको एक 'निर्वाचन क्षेत्र समिति' रहनेछ ।

यस समितिले पालिका र जिल्ला समितिको नियमित प्रशासनिक क्षेत्राधिकारमा हस्तक्षेप नहुने गरी विशुद्ध निर्वाचन केन्द्रित निकायका रूपमा काम गर्नेछ । यसको गठन र अधिकार देहायबमोजिम हुनेछः

(१) **निर्वाचन क्षेत्र समितिको गठन र वैज्ञानिक सन्तुलन विधि**

(क) **बहु-निर्वाचन क्षेत्र भएका जिल्लामाः**
जिल्ला समितिले सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने जिल्ला समितिका सदस्यको संयोजकत्वमा ७ (सात) सदस्यीय निर्वाचन क्षेत्र समिति गठन गर्नेछ ।

(ख) **एकल निर्वाचन क्षेत्र भएका जिल्लामाः**
एउटा मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला समितिले नै निर्वाचन क्षेत्र समितिको सम्पूर्ण कार्यभार सम्हाल्नेछ ।

**(ग) पदाधिकारी संरचना र वैज्ञानिक भौगोलिक सन्तुलनः**

यस समितिमा १ संयोजक, २ उपसंयोजक, १ सचिव र ३ जना सदस्य रहनेछन् । एउटा संघीय निर्वाचन क्षेत्रभित्र दुईवटा प्रदेशसभा निर्वाचन क्षेत्र ('क' र 'ख') रहने हुँदा, भौगोलिक वर्चस्व वा विभेद नहोस् भन्नका लागि देहायको वैज्ञानिक विधि अपनाइनेछः

**(अ) उपसंयोजकको बाँडफाँडः** २ जना उपसंयोजकहरू मध्ये प्रदेशसभा क्षेत्र 'क' को भूगोलबाट १ जना र प्रदेशसभा क्षेत्र 'ख' को भूगोलबाट १ जना अनिवार्य रूपमा निर्वाचित/चयन गरिनेछ ।

**(आ) ४:३ को अनुपातः** कुल ७ सदस्यीय समितिमा कुनै जनसङ्ख्या बढी भएको प्रदेशसभा क्षेत्रबाट बढीमा ४ जना र अर्को प्रदेशसभा क्षेत्रबाट कम्तीमा ३ जना (४:३ को अनुपात) हुनैपर्ने अनिवार्य व्यवस्था गरिनेछ । कुनै पनि अवस्थामा एउटै प्रदेशसभा क्षेत्रबाट ५ जना वा सोभन्दा बढी पदाधिकारी/सदस्य राख्न पाइने छैन ।

**(घ) पदेन सदस्यः**

पार्टीका तर्फबाट निर्वाचित सम्बन्धित क्षेत्रका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यहरू (सांसदहरू) यस समितिका स्थायी आमन्त्रित सदस्य हुनेछन् ।

**(ङ) पदपूर्तिः**

यस समितिको कुनै पद रिक्त हुन आएमा भौगोलिक सन्तुलनको माथिल्लो नियम (४:३) नबिग्रिने गरी जिल्ला समितिले सम्बन्धित निर्वाचन क्षेत्रभित्रका पार्टी सदस्यहरूमध्येबाट पदपूर्ति गर्नेछ ।

**(२) निर्वाचन क्षेत्र समितिको काम, कर्तव्य र अधिकार**

**(क) निर्वाचन लक्षित रणनीतिक तयारीः**

आफ्नो भूगोल (जुन पालिका वा वडाको पूरै वा आंशिक

भाग पर्न सक्छ) भित्र सङ्घीय र प्रादेशिक निर्वाचनका लागि रणनीतिक तयारी गर्ने । पालिका र वडा समितिहरूसँगको समन्वयमा स्थानीय तहको निर्वाचनमा पनि आवश्यक प्राविधिक सहयोग र समन्वय गर्ने ।

(ख) **मतदाता अभिलेखीकरण र निर्वाचन प्रवृत्ति विश्लेषणः**
विगतका निर्वाचनहरूमा आफ्नो क्षेत्रभित्र खसेको मत, उम्मेदवारले प्राप्त गरेको मतभार र बदर मतको प्रवृत्तिलाई वडा र मतदान स्थल (बुथ) गत रूपमा सुक्ष्म विश्लेषण गर्ने । बदलिँदो जनसांख्यिक अवस्था र मतदाताको मनोविज्ञान अध्ययन गरी आगामी निर्वाचन जित्ने रणनीतिक कार्ययोजना तयार पारी जिल्ला समितिमा पेस गर्ने ।

(ग) **मतदान स्थल (बुथ) समिति गठनः**
निर्वाचनको समयमा वडा समितिसँगको प्रत्यक्ष समन्वयमा प्रत्येक मतदान स्थल का लागि ५ सदस्यीय (१ संयोजक, १ उपसंयोजक, १ सचिव र २ सदस्य) 'मतदान स्थल समिति' गठन गर्ने । बुथ प्रतिनिधिहरूलाई प्रविधिमैत्री तालिम दिई मतदानको दिन परिचालन गर्ने ।

(घ) **मतदाता शिक्षा र जनआवाज संकलनः**
आफ्नो क्षेत्रभित्र मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने । नागरिकका समस्या, गुनासा र जनआवाजलाई संकलन गरी चुनावी वाचापत्र निर्माणका लागि तल्ला कमिटी र उम्मेदवारहरूलाई प्रत्यक्ष फिडब्याक दिने ।

(ङ) **मितव्ययी र पारदर्शी निर्वाचन अभियानः**
निर्वाचनलाई कम खर्चिलो, स्वच्छ र पारदर्शी बनाउन वडा र पालिका कमिटीहरूसँग समन्वय गर्दै निर्वाचन अभियानको नेतृत्व गर्ने । उम्मेदवारहरूलाई जिताउन सम्पूर्ण सांगठनिक शक्तिलाई एकताबद्ध गरी परिचालन गर्ने ।

(च) **निर्वाचन विशेष विस्तारित बैठक:**

चुनावी तयारीलाई तीव्रता दिन र सांगठनिक सञ्जाललाई चुस्त राख्न देहायबमोजिमका विस्तारित बैठकहरू अनिवार्य आयोजना गर्ने:

निर्वाचनको मिति घोषणा भएको १५ दिनभित्र कम्तीमा १ पटक ।

उम्मेदवार घोषणा भएको १० दिनभित्र कम्तीमा १ पटक ।

**सहभागीहरू:** निर्वाचन क्षेत्र समितिका सबै सदस्य, जिल्ला समितिका पदाधिकारी, सम्बन्धित भूगोलका पालिका र वडा समितिका सभापति/सचिवहरू, निर्वाचित जनप्रतिनिधिहरू, पूर्व उम्मेदवारहरू र मतदान स्थल समितिका पदाधिकारीहरू ।

(छ) **संस्थागत दायित्व:**

पार्टीको केन्द्रीय निर्वाचन आयोग र जिल्ला समितिले तोकेका निर्वाचनसम्बन्धी अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

(ज) **जिल्ला समितिसँगको समन्वय र उत्तरदायित्व:**

निर्वाचन क्षेत्र समितिले एउटा समानान्तर कमिटीको रूपमा नभई जिल्ला समितिको 'विशेष निर्वाचन एकाइ' का रूपमा काम गर्नेछ। यसले आफ्ना सम्पूर्ण गतिविधिहरू जिल्ला समितिको प्रत्यक्ष समन्वय र निर्देशनमा सञ्चालन गर्नेछ तथा आफ्नो कार्यप्रगतिको नियमित प्रतिवेदन जिल्ला समितिलाई अनिवार्य रूपमा बुझाउनेछ।

(३) **निर्वाचन क्षेत्र समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

(क) **निर्वाचन क्षेत्र संयोजकको काम, कर्तव्य र अधिकार:**

निर्वाचन क्षेत्रभित्र पार्टीको 'इलेक्सन कमान्डर' का रूपमा संयोजकको भूमिका देहायबमोजिम हुनेछ:

(१) **समग्र नेतृत्व र समन्वय:** निर्वाचन क्षेत्र

समितिको समग्र सांगठनिक तथा निर्वाचन-लक्षित गतिविधिहरूको नेतृत्व गर्ने । उम्मेदवार, जिल्ला समिति र मातहतका (पालिका र वडा) कमिटीहरूबीच प्रभावकारी समन्वय कायम गर्ने ।

(२) **प्रतिवेदन र उत्तरदायित्व:** निर्वाचन क्षेत्रभित्रका सांगठनिक गतिविधि, चुनावी तयारी र तथ्याङ्क विश्लेषणको अद्यावधिक प्रतिवेदन जिल्ला समितिमा पेस गर्ने ।

(३) **कार्यविभाजन र कार्यवाहक तोक्ने:** आवश्यकता अनुसार निर्वाचन क्षेत्र समितिका सदस्यहरूको कार्यविभाजन र हेरफेर गर्ने । आफू जिल्ला वा निर्वाचन क्षेत्रबाहिर जानुपर्ने अवस्थामा कुनै एक उपसंयोजकलाई कार्यवाहक संयोजकको जिम्मेवारी तोक्ने ।

(४) **तत्काल निर्णय र संकटकालीन व्यवस्थापन:** विशेषगरी निर्वाचनको समयमा तत्काल आइपरेका राजनीतिक, प्राविधिक वा सांगठनिक कार्यहरू गर्ने र त्यसको जानकारी समितिको आगामी बैठकलाई अनिवार्य रूपमा गराउने ।

(५) **बैठक आह्वान र संस्थागत दायित्व:** समितिको बैठक बोलाउने र विधानले तोकेका अन्य कार्यहरूको नेतृत्व गर्ने ।

(ख) **निर्वाचन क्षेत्र उपसंयोजकको काम, कर्तव्य र अधिकार संयोजकलाई सहयोग:**

निर्वाचन क्षेत्र समितिको समग्र कार्यसम्पादन र चुनावी अभियानमा संयोजकलाई प्रत्यक्ष सहयोग गर्ने ।

(१) **प्रदेशसभा क्षेत्रको नेतृत्व (विशिष्टीकृत कार्य):** समितिमा रहेका दुई जना उपसंयोजकहरूले आपसी समन्वयमा आफ्नो प्रतिनिधित्व रहेको

सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्र ('क' र 'ख') भित्रको सम्पूर्ण चुनावी तयारी, जनसम्पर्क र सांगठनिक सञ्जाल सञ्चालनको प्रत्यक्ष नेतृत्व गर्ने ।

(२) **प्रत्यायोजित कार्य:** संयोजकले प्रत्यायोजन गरेका र विधानबमोजिम समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

(ग) **निर्वाचन क्षेत्र सचिवको काम, कर्तव्य र अधिकार**
समितिको सचिवको भूमिका देहायबमोजिम हुनेछ:

(१) **प्रशासकीय नेतृत्व र कार्ययोजना:** माथिल्ला निकाय र समितिबाट पारित निर्णयहरूको कार्यान्वयनका लागि निर्वाचन-लक्षित विस्तृत कार्ययोजना तयार गरी समितिमा पेस गर्ने र कार्यान्वयनको सुपरिवेक्षण गर्ने ।

(२) **बैठक व्यवस्थापन:** संयोजकको परामर्शमा समितिको बैठकको कार्यसूची तयार गर्ने, समयमै सूचना जारी गर्ने र बैठकका निर्णयहरूलाई व्यवस्थित रूपमा लिपिबद्ध गर्ने ।

(३) **डिजिटल अभिलेख र तथ्याङ्क व्यवस्थापन:** मतदाताहरूको विवरण, चुनावी तथ्याङ्क , विगतको मत-परिणामको विश्लेषण र समितिका सम्पूर्ण आधिकारिक अभिलेखहरू सुरक्षित तथा डिजिटल रूपमा राख्ने ।

(४) **सञ्चार र समन्वय:** पार्टी सदस्य, बुथ समिति र आम नागरिकलाई आवश्यक सूचना प्रवाह गर्ने, निर्णयको जानकारी गराउने र चुनावी गतिविधिहरूलाई चुस्त बनाउन सञ्चार-पुलको काम गर्ने ।

(घ) **निर्वाचन क्षेत्र समिति सदस्यको काम, कर्तव्य र अधिकार**
**तोकिएको जिम्मेवारी पूरा गर्ने:** समिति र संयोजकले

तोकेका सांगठनिक र निर्वाचन-केन्द्रित कार्यहरू निष्ठापूर्वक सम्पादन गर्ने ।

(१) **मतदान स्थल (बुथ) परिचालन:** वडा र मतदान स्थल (बुथ) समितिहरूसँग प्रत्यक्ष समन्वय गरी आफ्नो तोकिएको भूगोलमा मतदाता शिक्षा, जनपरि चालन र चुनाव प्रचारप्रसारका कार्यहरूमा सक्रिय नेतृत्व लिने ।

(२) **जनसम्पर्क र जनआवाज संकलन:** पार्टी सदस्य र आम नागरिकसँग निरन्तर समन्वय गरी उनीहरूका समस्या र 'जनआवाज' संकलन गर्ने, जसले पार्टीको स्थानीय चुनावी वाचापत्र निर्माणमा प्रत्यक्ष सहयोग पुर्याओस् ।

## ३०. पालिका अधिवेशन

सम्बन्धित गाउँपालिका वा नगरपालिका (महानगर/उपमहानगरसमेत) भित्र पार्टीको नीति निर्माण र नेतृत्व चयन गर्ने सर्वोच्च सांगठनिक निकायका रूपमा 'पालिका अधिवेशन' रहनेछ ।

यसको संरचना, प्रतिनिधि चयन र अधिकारक्षेत्र देहायबमोजिम हुनेछ:

(१) **संरचना र समयावधि**

**सर्वोच्च निकाय:** पालिका अधिवेशन सम्बन्धित पालिकाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ ।

**नियमित आयोजना:** विधानबमोजिम प्रत्येक ५ वर्षमा पालिका अधिवेशनको नियमित आयोजना गरिनेछ । यसको आयोजना र भौतिक व्यवस्थापन बहालवाला पालिका समितिले गर्नेछ ।

(२) **पालिका अधिवेशनका प्रतिनिधिहरू**

पालिका अधिवेशनलाई तल्लो तहका नागरिकको वास्तविक ऐना बनाउन यसमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन्:

(क) **पदेन प्रतिनिधिहरू:**

पालिका समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

पालिका सल्लाहकार परिषद्का सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

पालिका सम्पर्क विभागका प्रमुखसहितका पदाधिकारी तथा सदस्यहरू ।

पालिकाअन्तर्गतका सम्पूर्ण वडा समितिका पदाधिकारी तथा सदस्यहरू ।

पालिकास्तरका विभिन्न विभागका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

(ख) **जननिर्वाचित र माथिल्लो तहका प्रतिनिधिः**

सम्बन्धित पालिकाभित्र पार्टीको तर्फबाट निर्वाचित सम्पूर्ण स्थानीय जनप्रतिनिधिहरू ।

सम्बन्धित पालिकाबाट जिल्ला, प्रदेश र केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने सम्पूर्ण पदाधिकारी तथा सदस्यहरू ।

जिल्ला, प्रदेश र केन्द्रीय विभागहरूमा प्रतिनिधित्व गर्ने पालिकाका पदाधिकारी तथा सदस्यहरू ।

(ग) **वडाबाट निर्वाचित प्रतिनिधि (समानुपातिक जनआधार):**

कुनै पनि आधिकारिक समितिमा नपरेका तर सम्बन्धित वडामा मतदाता नामावली/ठेगाना भएका साधारण वा सक्रिय सदस्यहरूमध्येबाट वडा अधिवेशनले देहायबमोजिम प्रतिनिधि छनोट गरी पठाउनेछः

(१) **१०० जनासम्म सदस्य भएको वडाबाटः** समावेशी आधारमा कम्तीमा १ जना महिला अनिवार्य हुने गरी कुल ३ जना प्रतिनिधि ।

(२) **१०० भन्दा बढी सदस्य भएको वडाबाटः** १०० जना सदस्य बराबर माथिको (३ जना) व्यवस्था लागू हुने र सोभन्दा बढीको हकमा प्रत्येक ५० जना थप सदस्य बराबर थप १ जना प्रतिनिधि ।

(३) **अधिवेशनको आयोजना र निर्वाचन प्रक्रिया**

(क) **पूर्व-तयारीः** पालिका समितिको कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा ३ (तीन) महिनाअगावै केन्द्रीय निर्वाचन आयोगले

पालिका अधिवेशन सम्पन्न गर्नका लागि सम्बन्धित समितिलाई आधिकारिक सिफारिस र पत्राचार गर्नेछ ।

(ख) **मिति र स्थानः** केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा पालिका समितिले अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तय गर्नेछ ।

(ग) **स्वच्छ र पारदर्शी निर्वाचनः** पालिका अधिवेशनको सम्पूर्ण निर्वाचन प्रक्रिया केन्द्रीय निर्वाचन आयोग वा आयोगले तोकेको प्रतिनिधिमार्फत सम्पन्न हुनेछ । निर्वाचन प्रक्रियालाई कम खर्चिलो र पूर्ण पारदर्शी बनाइनेछ ।

(४) **पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार**

पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) **नयाँ नेतृत्व चयनः**

विधानबमोजिम गोप्य मतदान वा सर्वसम्मत प्रक्रियाबाट आगामी कार्यकालका लागि पालिका समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।

(ख) **प्रतिनिधि छनोटः**

पालिका अधिवेशनले तोकिएको सङ्ख्या र मापदण्डका आधारमा जिल्ला अधिवेशन, प्रदेश अधिवेशन र केन्द्रीय महाधिवेशनका लागि प्रतिनिधिहरू छनोट गर्ने । (स्पष्ट व्यवस्थाः एकै व्यक्ति फरक-फरक तहको अधिवेशन वा महाधिवेशनमा एकैपटक प्रतिनिधि हुन पाउने छैन ।)

(ग) **नीति तथा जनआवाजको सम्बोधनः**

निवर्तमान पालिका समितिले पेस गरेको सांगठनिक र आर्थिक प्रतिवेदन पारित गर्ने । नागरिक तहबाट उठेका गुनासा र 'जनआवाज' लाई सम्बोधन गर्ने गरी ५ वर्षका लागि पालिकाभित्र पार्टीको स्थानीय विकास नीति र राजनीतिक कार्यदिशा तय गर्ने ।

## ३१. पालिका समिति

सम्बन्धित पालिका (गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका) भित्रको सर्वोच्च कार्यकारी निकायका रूपमा 'पालिका समिति' रहनेछ । यो समिति आफ्नो सम्पूर्ण कार्यसम्पादनका लागि माथिल्लो कमिटीप्रति पूर्ण रूपमा उत्तरदायी हुनेछ ।

यसको गठन, संरचना र निर्वाचन प्रक्रिया देहायबमोजिम हुनेछः

**(१) समितिको आकार र संरचना**

स्थानीय तहको प्रकृति र जनसंख्याको चापलाई मध्यनजर गर्दै पालिका समितिको आकार देहायबमोजिम फरक-फरक हुनेछः

**(क) गाउँपालिका समिति (११ सदस्यीय)ः**

४ निर्वाचित पदाधिकारी, ५ निर्वाचित सदस्य र २ मनोनीत सदस्य गरी कुल ११ जना ।

**(ख) नगरपालिका समिति (१५ सदस्यीय)ः**

४ निर्वाचित पदाधिकारी, ९ निर्वाचित सदस्य र २ मनोनीत सदस्य गरी कुल १५ जना ।

**(ग) उपमहानगरपालिका समिति (२१ सदस्यीय)ः**

४ निर्वाचित पदाधिकारी, १५ निर्वाचित सदस्य र २ मनोनीत सदस्य गरी कुल २१ जना ।

**(घ) महानगरपालिका समिति (२५ सदस्यीय)ः**

४ निर्वाचित पदाधिकारी, १९ निर्वाचित सदस्य र २ मनोनीत सदस्य गरी कुल २५ जना ।

**पदेन र आमन्त्रित सदस्यः** पालिकाअन्तर्गतका सम्पूर्ण वडा समितिका सभापतिहरू यस समितिका पदेन सदस्य हुनेछन् । साथै, पार्टीको तर्फबाट स्थानीय तहमा निर्वाचित प्रमुख र उपप्रमुख (अध्यक्ष/उपाध्यक्ष/ मेयर/ उपमेयर) समितिका स्थायी आमन्त्रित सदस्य हुनेछन् ।

**(२) पदाधिकारी व्यवस्थापन र विशेषाधिकार**

**(क) पदाधिकारीहरूः** पालिका अधिवेशनबाट १ सभापति, १ उपसभापति, १ सचिव र १ सहसचिव प्रत्यक्ष निर्वाचित हुनेछन् ।

(ख) **कोषाध्यक्षको मनोनयन र हेरफेरः** सभापतिले निर्वाचित सदस्यहरूमध्येबाट १ जनालाई कोषाध्यक्ष मनोनीत गर्नेछन् ।

कोषाध्यक्षको कार्यसम्पादन चित्त नबुझेमा वा वित्तीय अनुशासन कायम राख्न नसकेमा सभापतिले निजलाई जिम्मेवारीबाट हटाई अर्को निर्वाचित सदस्यलाई कोषाध्यक्ष मनोनीत गर्न सक्नेछन् ।

(ग) **सदस्य मनोनयनः** समितिको कुल सङ्ख्या पूर्ण गर्न सभापतिले पालिकाअन्तर्गतका सदस्यहरूमध्येबाट बढीमा २ जनासम्म सदस्य मनोनीत गर्न सक्नेछन् ।

(३) **निर्वाचनको वैज्ञानिक मापदण्ड र निकटतम प्रतिद्वन्द्वीको सम्मान**

(क) **सर्वाधिक मत प्रणालीः** पालिका अधिवेशनका प्रतिनिधिहरूद्वारा गरिने प्रत्यक्ष मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी (सर्वाधिक) मत प्राप्त गर्ने उम्मेदवार स्वतः पालिका सभापति निर्वाचित भएको घोषणा गरिनेछ ।

(ख) **निकटतम प्रत्यासीलाई समेट्ने विधिः** स्थानीय तहमा पार्टीको आन्तरिक एकता र लोकतन्त्रलाई सुदृढ गर्न, पालिका सभापतिको निर्वाचनमा पराजित हुने तर कुल सदर मतको कम्तीमा १० (दस) प्रतिशत मत प्राप्त गर्ने 'निकटतम प्रत्यासी' स्वतः पालिका समितिको सदस्य हुनेछ ।

(स्पष्टीकरणः यसरी स्वतः कमिटीमा आउने निकटतम प्रत्यासीको पदलाई, पालिका सभापतिले गर्ने २ (दुई) जनाको मनोनयन कोटाभित्रै मिलान गरिनेछ, जसले गर्दा समितिको कुल गणितीय सङ्ख्या र बिजोर अङ्क बिग्रिने छैन) ।

(४) **समावेशिताको अनिवार्य सर्तः**

(क) **दलित र महिलाको अनिवार्य ग्यारेन्टीः** पालिका

समितिमा समाजको यथार्थ प्रतिबिम्ब झल्किने गरी कम्तीमा १ (एक) जना 'दलित समुदाय' को प्रतिनिधित्वसहित न्यूनतम ३३ (तेत्तीस) प्रतिशत महिला सहभागिता अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्नेछ । नेतृत्व र समितिमा ४० वर्षमुनिका युवाहरूलाई विशेष प्राथमिकता दिइनेछ ।

(ख) **रिक्तता सम्बन्धी कठोर व्यवस्थाः** विधानको समावेशी मर्मलाई कडाइका साथ लागू गर्न, यदि कुनै कारणवश तोकिएको समावेशी कोटा (महिला वा दलित) मा उम्मेदवारी नै नपरेर वा अन्य कारणले पद पूर्ति हुन नसकेमा, ती पदहरू कार्यकालभरि रिक्त (खाली) नै राखिनेछन् । तर, समावेशी सिद्धान्तविपरीत त्यस्ता रिक्त पदहरू अन्य समूह, क्लस्टर वा खुला तर्फबाट (पुरुष वा गैर-दलितबाट) कुनै पनि हालतमा पूर्ति वा रूपान्तरण गरिनेछैन ।

(५) **समयावधि**

पालिका समितिको कार्यकाल एक पालिका अधिवेशनदेखि अर्को पालिका अधिवेशनसम्म अर्थात् ५ वर्षको हुनेछ ।

(६) **पालिका समितिको काम, कर्तव्य र अधिकार**

स्थानीय तहमा पार्टीको प्रमुख कार्यकारी निकायका रूपमा पालिका समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) **कार्यकारी नेतृत्व र निर्णय कार्यान्वयनः**

पालिकाभर पार्टीको समग्र नेतृत्व गर्ने । माथिल्ला कमिटी (जिल्ला, प्रदेश, केन्द्र) ले गरेका वा जारी गरेका नीति, निर्देशन र निर्णयहरूको अक्षरशः कार्यान्वयन गर्ने, गराउने र त्यसको सघन अनुगमन गर्ने ।

(ख) **नीति तर्जुमा र जनआवाज सम्बोधनः**

पालिकाको समसामयिक परिस्थिति र स्थानीय

आवश्यकतामा आधारित रही पार्टीको दृष्टिकोण, नीति र कार्यक्रम तय गर्ने । नागरिकका दैनिक समस्या, गुनासा र 'जनआवाज' लाई संकलन गरी वडादेखि पालिका सरकारसम्म पुर्याई समाधानका लागि संस्थागत पहल गर्ने ।

(ग) **स्थानीय विकास, उत्पादन र जनपरिचालनः**
पालिकाभित्र भौतिक तथा मानवीय विकास, कृषि तथा उद्यममार्फत उत्पादन वृद्धि, जनजीविकाको सहजीकरण र सामाजिक न्यायका लागि आवश्यक कार्यको अगुवाइ गर्ने। जनहितको रक्षा र सुशासनका लागि आवश्यकताअनुसार शान्तिपूर्ण जनपरिचालन तथा रचनात्मक अभियानहरू सञ्चालन गर्ने ।

(घ) **निर्वाचन परिचालन र स्थानीय वाचापत्रः** स्थानीय तहको निर्वाचनमा नागरिकका प्राथमिकता र पारदर्शी विकासका एजेन्डा समेटेर पार्टीको स्थानीय बाचापत्र तयार गर्ने । निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन पालिकाभित्रका सम्पूर्ण सांगठनिक संयन्त्रलाई रणनीतिक रूपमा परिचालन गर्ने र माथिल्ला कमिटीलाई आवश्यक सहयोग गर्ने ।

(ङ) **कार्यविभाजन र तल्ला निकायको नियमनः**
आवश्यकताअनुसार पालिका समितिका सदस्यहरूको स्पष्ट कार्यविभाजन र मूल्याङ्कन गर्ने । वडा समिति, पालिकास्तरका विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रहरूका निर्णयलाई आवश्यक संशोधनसहित अनुमोदन गर्ने र उनीहरूलाई थप क्रियाशील र पारदर्शी बनाउने ।

(च) **पारदर्शी आर्थिक व्यवस्थापनः**
पालिकाभित्र पार्टीको आर्थिक प्रणाली सुदृढ गर्न आवश्यक स्रोतको पहिचान, संकलन र परिचालन पारदर्शी रूपमा गर्ने ।

(छ) **कार्यालय सञ्चालन र प्रशासनः**
पार्टीको पालिका कार्यालयलाई व्यवस्थित, डिजिटल-मैत्री र नागरिकको पहुँचयोग्य बनाउन प्रशासनिक एवं दैनिक कार्य सञ्चालनका लागि आवश्यक निर्देशन दिने ।

(ज) **अधिवेशन आयोजना र वैधानिक दायित्वः**
विधानबमोजिम तोकिएको समयमा पालिका अधिवेशनको व्यवस्थित आयोजना गर्ने । नेपालको संविधान, प्रचलित कानुन र पार्टी विधानले पालिका समितिले गर्ने भनी तोकेका अन्य सम्पूर्ण सांगठनिक कार्यहरू गर्ने ।

(७) **पालिका पदाधिकारी र सदस्यहरूको काम, कर्तव्य र अधिकार**

(क) **पालिका सभापतिको काम, कर्तव्य र अधिकार**
स्थानीय सरकारको निगरानी गर्ने र नागरिकसँग प्रत्यक्ष जोडिने पार्टीको 'स्थानीय कमान्डर' का रूपमा पालिका सभापतिको भूमिका देहायबमोजिम हुनेछः

(१) **समग्र नेतृत्व र आधिकारिक प्रतिनिधित्वः**
पालिकाभित्र पार्टीको समग्र राजनीतिक, वैचारिक र सांगठनिक नेतृत्व गर्ने । पालिकास्तरमा पार्टीको प्रमुख नेता र प्रवक्ताका हैसियतमा समसामयिक विषय र स्थानीय सरोकारमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) **स्थानीय सरकारको निगरानी र समन्वयः**
स्थानीय सरकार (पालिका) ले गरेका कामकार बाहीको निगरानी गर्ने । नागरिकका मुद्दाहरूमा आवश्यकताअनुसार स्थानीय सरकारसँग समन्वय गर्ने वा खबरदारी गर्ने ।

(३) **वैचारिक सुदृढीकरण र मर्यादा पालनः**
पार्टीको आदर्श, सिद्धान्त र सांगठनिक मर्यादालाई पालिकाभर उच्च राख्ने र सम्पूर्ण सदस्यहरूलाई सोहीअनुरूप निर्देशित गर्ने ।

(४) **कार्यविभाजन र कार्यवाहक तोक्ने:**
आवश्यकताअनुसार पालिका समितिका सदस्यहरूको कार्यविभाजन तथा हेरफेर गर्ने । आफू पालिकाबाहिर जानुपर्ने वा अनुपस्थित हुनुपर्ने अवस्थामा उपसभापतिलाई कार्यवाहक सभापतिको जिम्मेवारी तोक्ने ।

(५) **तत्काल निर्णय र अनुगमन:**
पालिकाभित्र तत्काल आइपरेका कार्यहरू गर्ने र त्यसको जानकारी समितिलाई गराउने । पालिकाअन्तर्गतका वडा समिति, विभाग र कार्यदलका निर्णयहरू कार्यान्वयन भए/नभएको प्रत्यक्ष अनुगमन गर्ने/गराउने ।

(६) **बैठक आह्वान र संस्थागत दायित्व:**
पालिका समितिको बैठक बोलाउने, अध्यक्षता गर्ने र विधानले तोकेका अन्य सांगठनिक कार्यहरू गर्ने ।

**(ख) पालिका उपसभापतिको काम, कर्तव्य र अधिकार**

(१) **सभापतिलाई सहयोग र प्रत्यायोजित कार्य:**
पालिकाभित्र पार्टीको नेतृत्व र निर्णय कार्यान्वयनमा सभापतिलाई प्रत्यक्ष रूपमा सहयोग गर्ने । सभापतिले प्रत्यायोजन गरेका कार्यहरू सम्पादन गर्ने ।

(२) **कार्यवाहकको भूमिका:**
सभापतिको अनुपस्थितिमा (सभापतिले तोकेबमोजिम) कार्यवाहक सभापतिको जिम्मेवारी सम्हाल्ने ।

(३) **वडा समन्वय:**
पालिकाअन्तर्गतका वडा समितिहरूको सांगठनिक गतिविधिहरूको अनुगमन गर्ने र तल्लो तहमा

देखिएका समस्याहरू समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

(ग) **पालिका सचिवको काम, कर्तव्य र अधिकार**

पालिका कमिटीको सचिवको भूमिका देहायबमोजिम हुनेछः

(१) **प्रशासकीय नेतृत्व र कार्यालय सञ्चालनः**

पालिका कार्यसमितिको प्रशासकीय प्रमुखको रूपमा काम गर्ने । पार्टीको पालिका कार्यालय सचिवको प्रत्यक्ष मातहतमा रहनेछ र कार्यालयको दैनिक सञ्चालनको सम्पूर्ण जिम्मेवारी सचिवको हुनेछ ।

(२) **कार्ययोजना तर्जुमा र कार्यान्वयनः**

माथिल्ला निकाय र समितिबाट पारित निर्णयहरूको कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरी समितिमा पेस गर्ने र कार्यान्वयनको सुपरिवेक्षण गर्ने ।

(३) **बैठक व्यवस्थापनः**

सभापतिको परामर्शमा समितिको बैठकको कार्यसूची (एजेन्डा) तयार गर्ने, समयमै सूचना जारी गर्ने र बैठकका निर्णयहरूलाई व्यवस्थित रूपमा लिपिबद्ध गर्ने ।

(४) **सञ्चार र डिजिटल अभिलेखीकरणः**

पार्टीका गतिविधि र निर्णयहरूबारे सदस्यहरूलाई आन्तरिक सञ्चार गर्ने ।

पालिकाभित्रका सम्पूर्ण आधिकारिक दस्तावेज र सदस्यहरूको अभिलेख डिजिटल माध्यमसमेत प्रयोग गरी सुरक्षित राख्ने ।

**(घ) पालिका सहसचिवको काम, कर्तव्य र अधिकार**

**(१) सचिवलाई सहयोग र प्रत्यायोजित कार्य:**

पालिका कार्यालय सञ्चालन, बैठक व्यवस्थापन र सूचना प्रवाहमा सचिवलाई प्रत्यक्ष सहयोग गर्ने ।

**(२) संगठन विभागको नेतृत्व (विशिष्टीकृत कार्य):**

विधानबमोजिम पार्टीको 'पालिका संगठन विभागको प्रमुख' का रूपमा रही काम गर्ने । पालिकाभित्र पार्टी सदस्यता विस्तार, अद्यावधिक र सांगठनिक सञ्जाल निर्माणको नेतृत्व गर्ने ।

**(३) कार्यवाहक सचिवको भूमिका:**

सचिवको लामो अनुपस्थिति वा पद रिक्त भएको अवस्थामा कार्यवाहक सचिवको जिम्मेवारी सम्हाल्ने ।

**(ङ) पालिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

**(१) आर्थिक व्यवस्थापन र बजेट निर्माण:**

पालिकाभित्र पार्टी सञ्चालनका निमित्त आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन गर्ने, त्यसको संरक्षण गर्ने र समितिको बजेट तयार गर्ने ।

**(२) पारदर्शी संकलन र डिजिटल लेखा प्रणाली:**

सदस्यता शुल्क, लेवी र कानुनसम्मत सहयोग रकम पारदर्शी रूपमा संकलन गर्ने । पार्टीको आर्थिक गतिविधिलाई सुशासनयुक्त बनाउन आधुनिक लेखा प्रणालीको प्रयोग गरी अद्यावधिक अभिलेख राख्ने ।

**(३) खाता सञ्चालन र वित्तीय अनुशासन:**

समितिको निर्णयअनुसार बैंक खाता खोल्ने र सञ्चालन गर्ने । समितिको निर्णयको परिधिभित्र रहेर मात्र खर्चको भुक्तानी दिने र कडा वित्तीय अनुशासन कायम गर्ने ।

(४) **प्रतिवेदनः**
पार्टीको वार्षिक आर्थिक प्रतिवेदन (आय-व्यय विवरण) पालिका समिति र परिषद्मा अनिवार्य रूपमा पेस गर्ने ।

(च) **पालिका समिति सदस्यको काम, कर्तव्य र अधिकार**

(१) **तोकिएको जिम्मेवारी पूरा गर्नेः**
समिति र सभापतिले तोकेका सांगठनिक, राजनीतिक वा अन्य विशेष कार्यहरू निष्ठापूर्वक सम्पादन गर्ने ।

(२) **जनसम्पर्क र जनआवाज संकलनः**
पार्टी सदस्य र आम नागरिकसँग निरन्तर सम्पर्क कायम राख्ने । नागरिकका दैनिक समस्या र 'जनआवाज' लाई संकलन गरी पार्टीको मञ्चमार्फत पालिका सरकारसम्म पुर्याउन पहल गर्ने ।

(३) **रचनात्मक कार्य र नीतिगत सुझावः**
मुलुक र स्थानीय तह निर्माणका विविध विषयमा स्वअध्ययन गर्ने र प्राप्त निष्कर्षलाई समेटेर पार्टीको नीति निर्माणका लागि लिखित सुझाव तथा कार्ययोजना पेस गर्ने ।

## ३२. वडा अधिवेशन

सम्बन्धित वडाभित्र पार्टीको नीति निर्माण, नेतृत्व चयन र स्थानीय नागरिकका एजेन्डा तय गर्ने सर्वोच्च लोकतान्त्रिक तथा सांगठनिक निकायका रूपमा 'वडा अधिवेशन' रहनेछ ।

यसको संरचना, प्रतिनिधि चयन र अधिकारक्षेत्र देहायबमोजिम हुनेछः

(१) **संरचना र समयावधि**

(क) **सर्वोच्च निकायः** वडा अधिवेशन सम्बन्धित वडाभित्र पार्टीको सर्वोच्च सांगठनिक निकाय हुनेछ ।

(ख) **नियमित आयोजना:** विधानबमोजिम प्रत्येक ३ वर्षमा वडा अधिवेशनको नियमित आयोजना गरिनेछ । यसको आयोजना र भौतिक व्यवस्थापन बहालवाला वडा समितिले गर्नेछ ।

(२) **वडा अधिवेशनका प्रतिनिधिहरू**

(क) **आधिकारिक प्रतिनिधि:** विधानबमोजिम सदस्यता प्राप्त गरेका र तोकिएको प्रक्रिया पूरा गरेका सम्बन्धित वडाभित्रका पार्टीका सम्पूर्ण सदस्यहरू यस अधिवेशनका आधिकारिक प्रतिनिधि हुनेछन् ।

(३) **अधिवेशनको आयोजना र निर्वाचन प्रक्रिया**

(क) **पूर्व-तयारी र सिफारिस:** वडा समितिको कार्यकाल समाप्त हुनुभन्दा कम्तीमा ३ (तीन) महिनाअगावै केन्द्रीय निर्वाचन आयोगले वडा अधिवेशन सम्पन्न गर्नका लागि सम्बन्धित जिल्ला समितिमार्फत आधिकारिक सिफारिस गर्नेछ ।

(ख) **मिति र स्थान:** केन्द्रीय निर्वाचन आयोगको सिफारिसमा बहालवाला वडा समितिले अधिवेशन आयोजना गर्ने उपयुक्त मिति र स्थान तय गर्नेछ ।

(ग) **स्वच्छ निर्वाचन प्रक्रिया:** वडा अधिवेशनको सम्पूर्ण निर्वाचन प्रक्रिया केन्द्रीय निर्वाचन आयोग वा आयोगले तोकेको प्रतिनिधिमार्फत स्वच्छ र पारदर्शी रूपमा सम्पन्न हुनेछ ।

(४) **वडा अधिवेशनको काम, कर्तव्य र अधिकार**

(क) **नेतृत्व चयन:** यस अधिवेशनले विधानबमोजिम गोप्य मतदान वा सर्वसम्मत प्रक्रियाबाट आगामी कार्यकालका लागि वडा समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्नेछ ।

## ३३. वडा समिति

सम्बन्धित वडाभित्रको सर्वोच्च कार्यकारी निकायका रूपमा 'वडा समिति' रहनेछ । यो समिति आफ्नो सम्पूर्ण कार्यसम्पादनका लागि पालिका समिति प्रति पूर्ण रूपमा उत्तरदायी हुनेछ ।

यसको गठन, संरचना र निर्वाचन प्रक्रिया देहायबमोजिम हुनेछः

**(१) समितिको आकार र संरचना**

**(क) आकारः** वडा समिति भूगोल र आवश्यकताका आधारमा न्यूनतम ३ सदस्यीयदेखि अधिकतम ११ सदस्यीयसम्मको हुनेछ ।

**(ख) पदाधिकारी र सदस्य (११ सदस्यीयको हकमा):** वडा अधिवेशनका प्रतिनिधिहरूबाट १ सभापति, १ उपसभापति, १ सचिव र ६ जना सदस्यहरू निर्वाचित हुनेछन् ।

**(ग) सदस्य मनोनयनः** निर्वाचित वडा सभापतिले वडाका पार्टी सदस्यहरूमध्येबाट २ जनालाई वडा समितिमा मनोनीत गर्न सक्नेछन् ।

**(घ) आमन्त्रित सदस्यः** पार्टीको तर्फबाट वडामा निर्वाचित स्थानीय जनप्रतिनिधिहरू यस समितिका स्थायी आमन्त्रित सदस्य हुनेछन् ।

**(२) निर्वाचनको वैज्ञानिक मापदण्ड र निकटतम प्रत्यासीको सम्मानः**

**(क) सर्वाधिक मत प्रणालीः**

वडा अधिवेशनमा सहभागी पार्टी सदस्यहरू (मतदाता) द्वारा गरिने प्रत्यक्ष मतदानमा खसेको कुल सदर मतमध्ये सबैभन्दा बढी (सर्वाधिक) मत प्राप्त गर्ने उम्मेदवार स्वतः वडा सभापति निर्वाचित भएको घोषणा गरिनेछ ।

**(ख) निकटतम प्रत्यासीलाई समेट्ने विधिः**

स्थानीय वडास्तरमा पार्टीको आन्तरिक एकता, भाइचारा र लोकतन्त्रलाई सुदृढ गर्न, वडा सभापतिको निर्वाचनमा पराजित हुने तर कुल सदर मतको कम्तीमा १० (दस) प्रतिशत मत प्राप्त गर्ने 'निकटतम प्रत्यासी' स्वतः वडा समितिको सदस्य हुनेछ ।

(स्पष्टीकरणः यसरी स्वतः कमिटीमा आउने निकटतम प्रत्यासीको पदलाई छुट्टै नथपी, वडा समितिलाई पूर्णता दिन वडा सभापतिले गर्ने २ (दुई) जनाको मनोनयन कोटाभित्रै मिलान गरिनेछ । यसले गर्दा वडा समितिको कुल गणितीय सङ्ख्या र बिजोर अङ्क बिग्रिने छैन) ।

**(३) समावेशिताको अनिवार्य सर्त**

११ सदस्यीय पूर्ण समितिमा कम्तीमा १ जना दलित महिलासहित न्यूनतम ४ जना महिला अनिवार्य रूपमा हुनुपर्नेछ भने युवाहरूलाई विशेष प्राथमिकतामा राखिनेछ ।

कुनै कारणवश तोकिएको समावेशी कोटा (महिला वा दलित) कायम हुन नसकेमा ती पदहरू रिक्त नै रहनेछन्, तर अन्य फरक समूह वा क्लस्टरबाट ती पदहरू पूर्ति गरिने छैन ।

**(४) समयावधि**

वडा समितिको कार्यकाल एउटा वडा अधिवेशनदेखि अर्को वडा अधिवेशनसम्म अर्थात् ५ वर्षको हुनेछ ।

**(५) वडा समितिको काम, कर्तव्य र अधिकार**

स्थानीय स्तरमा पार्टीको प्रमुख कार्यकारी निकायका रूपमा वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(क) निर्णय कार्यान्वयन र अनुगमनः**

पार्टीले गरेका निर्णयहरू पूर्ण रूपमा कार्यान्वयन गर्ने/ गराउने र सो कार्यान्वयन भए वा नभएको विषयमा निरन्तर अनुगमन गर्ने ।

**(ख) कार्यकारी नेतृत्वः**

वडाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । यस बीचमा आवश्यक निर्णयहरू गर्ने र ती निर्णयहरूलाई पछि बस्ने समितिको बैठकमा अनुमोदनका लागि पेस गर्ने ।

**(ग) नीति तर्जुमा र वैधानिक दायित्वः**

वडाभित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण, नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा सांगठनिक विषयमा आवश्यकताअनुसार निर्णय गर्ने ।

पार्टीको विधानले पार्टीको वडा समितिले गर्ने भनी उल्लेख भएका सम्पूर्ण कार्यहरू गर्ने ।

(घ) **निर्वाचन परिचालन र समन्वयः**

वडा तहको निर्वाचनमा पार्टीको बाचापत्र, नीति र कार्यक्रम तयार गर्न तथा निर्वाचनमा विजय हासिल गर्न वडाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्ने । यस कार्यमा आफूभन्दा उपल्लो समितिलाई आवश्यक सहयोग गर्ने ।

(ङ) **कार्यविभाजन र मूल्याङ्कनः**

आवश्यकताअनुसार वडा समितिका सदस्यहरूको स्पष्ट कार्यविभाजन गर्ने र तोकिएको जिम्मेवारीको मूल्याङ्कन गर्ने ।

(च) **स्थानीय विकास, जनपरिचालन र सामाजिक न्यायः**

वडाको भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, नागरिकको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यको अगुवाइ गर्ने ।जनजीविका र जनहितको रक्षाका लागि आवश्यकताअनुसार शान्तिपूर्ण जनपरिचालन तथा आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने । पार्टीलाई जनस्तरमा प्रभावकारी बनाउन आवश्यक अभियान घोषणा गरी कार्यान्वयन गर्ने/गराउने ।

(छ) **अधिवेशन आयोजनाः**

विधानबमोजिम तोकिएको समयमा वडा अधिवेशनको व्यवस्थित आयोजना गर्ने ।

(ज) **आर्थिक सुदृढीकरणः**

वडाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति आवश्यक स्रोतको पहिचान, संकलन र परिचालन पारदर्शी रूपमा गर्ने ।

## (६) वडा पदाधिकारीहरूको काम कर्तव्य र अधिकार

### (क) वडा सभापतिको काम, कर्तव्य र अधिकार

स्थानीय स्तरमा नागरिकसँग प्रत्यक्ष जोडिने पार्टीको फोकल पर्सनका का रूपमा वडा सभापतिको भूमिका देहायबमोजिम हुनेछः

(१) **समग्र नेतृत्व र आधिकारिक प्रतिनिधित्वः**

वडाभित्र पार्टीको समग्र नेतृत्व गर्ने । वडाभित्र पार्टीको प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रूपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने ।

(२) **वैचारिक सुदृढीकरण र मर्यादा पालनः**

वडाभित्र पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रूपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने ।

(३) **कार्यविभाजन र अनुगमनः**

वडा समितिका सदस्यहरूको कार्यविभाजन तथा हेरफेर गर्ने । वडाका पार्टी सदस्यहरूलाई दिइएको जिम्मेवारीको कार्यान्वयन भए नभएको प्रत्यक्ष रे खदेख गर्ने/गराउने ।

(४) **तत्काल निर्णय र जानकारीः**

वडाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरू गर्ने र त्यसको जानकारी वडा समितिलाई अनिवार्य रूपमा दिने ।

(५) **कार्यवाहक तोक्नेः**

आफू (वडा सभापति) बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकताअनुसार वडा उपसभापतिलाई कार्यवाहक सभापतिको जिम्मेवारी तोक्ने ।

(६) **बैठक आह्वान र वैधानिक दायित्वः**

वडा समितिको बैठक बोलाउने । साथै, वडा समितिले तोकेबमोजिम, पार्टीको निर्णयबमोजिम र यस विधानले तोकेबमोजिमका अन्य सम्पूर्ण सांगठनिक कार्यहरू गर्ने ।

(ख) **वडा उपसभापतिको काम, कर्तव्य र अधिकार**

वडाको समग्र सांगठनिक कार्यमा समन्वयकारी भूमिका खेल्ने वडा उपसभापतिको जिम्मेवारी देहायबमोजिम हुनेछः

(१) **सहयोग र समन्वयः**

वडा सभापतिको दैनिक तथा सांगठनिक काममा प्रत्यक्ष र आवश्यक सहयोग गर्ने ।

(२) **प्रत्यायोजित कार्यको सम्पादनः**

वडा सभापतिले आवश्यकताअनुसार प्रत्यायोजन गरेका कार्यहरू जिम्मेवारीपूर्वक सम्पादन गर्ने ।

(३) **संस्थागत दायित्वः**

वडा समितिले समय-समयमा तोकेबमोजिमका अन्य सम्पूर्ण सांगठनिक कार्यहरू गर्ने ।

(ग) **वडा सचिवको काम, कर्तव्य र अधिकार**

वडा कमिटीको प्रमुख प्रशासकीय केन्द्रका रूपमा वडा सचिवको भूमिका देहायबमोजिम हुनेछः

(१) **कार्ययोजना तर्जुमाः**

वडा समिति र पार्टीका माथिल्ला निकायहरूबाट पारित नीति तथा निर्णय कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तयार गरी वडा समितिमा प्रस्तुत गर्ने ।

(२) **बैठक व्यवस्थापनः**

वडा सभापतिको परामर्शमा वडा समितिको बैठक बोलाउने, समयमै सूचना जारी गर्ने र बैठकको कार्यसूची (एजेन्डा) तयार गर्ने ।

(३) **निर्णय कार्यान्वयन र सुपरिवेक्षण:**
वडा समितिबाट पारित नीति र निर्णयहरूको अक्षरशः कार्यान्वयन गर्ने/गराउने र तिनको सघन सुपरिवेक्षण गर्ने/गराउने ।

(४) **प्रशासकीय नेतृत्व र कार्यालय सञ्चालन:**
पार्टीको वडा कार्यालय प्रत्यक्ष रूपमा वडा सचिवको मातहतमा रहनेछ । सचिवले वडा कार्यालयको रेखदेख गर्ने, कार्यालयको बैठक बोलाउने र दैनिक सञ्चालन गर्ने ।

(५) **संस्थागत दायित्व:**
वडा समितिले समय-समयमा तोकेका अन्य सांगठनिक कामहरू गर्ने ।

(६) **निर्देशनको पालना:**
वडा सभापतिको निर्देशनबमोजिम अन्य आवश्यक कामहरू गर्ने ।

(७) **सभापतिलाई सहयोग र परामर्श:**
दैनिक कार्यसञ्चालनमा वडा सभापतिलाई प्रत्यक्ष सहयोग गर्ने र आवश्यकताअनुसार सभापतिलाई सल्लाह तथा सुझाव दिने ।

(८) **संगठन सुदृढीकरण र सञ्चार:**
वडामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने । पार्टी सदस्यहरूलाई गतिविधिका बारेमा अद्यावधिक गर्ने, आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा आवश्यक निर्देशन जारी गर्ने ।

(९) **आधिकारिक अभिलेखीकरण:**
वडाभित्र पार्टीका सबै प्रकारका आधिकारिक दस्तावेज र अभिलेखहरूको सुरक्षित संरक्षण गर्ने/गराउने ।

(१०) **अन्य कार्यः**

यसबाहेक विधान वा नियमावलीले तोकेबमोजिमका अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने ।

(घ) **वडा समिति सदस्यको काम, कर्तव्य र अधिकार**

वडास्तरमा पार्टी र नागरिकलाई प्रत्यक्ष रूपमा जोड्ने प्रतिनिधिको रूपमा वडा समिति सदस्यको भूमिका देहायबमोजिम हुनेछः

(१) **तोकिएको जिम्मेवारी पूरा गर्नेः**

वडा समिति तथा वडा सभापतिले समय-समयमा तोकेका सांगठनिक तथा अन्य कार्यहरू जिम्मेवारी पूर्वक सम्पादन गर्ने ।

(२) **जनसम्पर्क र समन्वयः**

पार्टीका सदस्यहरू र आम नागरिकसँग निरन्तर सम्पर्क स्थापित गर्दै आवश्यक समन्वय तथा सहयोग गर्ने ।

(३) **वैधानिक दायित्वः**

पार्टीको आधिकारिक निर्णय र यस विधानबमोजिम तोकिएका अन्य सम्पूर्ण कार्यहरू गर्ने ।

(४) **सिर्जनात्मक कार्यः**

पार्टी, मुलुक र आम जनताको हितका लागि पार्टीको नीति र मार्गनिर्देशन अनुरूप आवश्यक सिर्जनात्मक एवं रचनात्मक कार्यहरू गर्ने ।

(५) **स्वअध्ययन र नीतिगत सुझावः**

मुलुक निर्माण र स्थानीय विकासका विविध विषयमा स्वअध्ययन गरी प्राप्त निष्कर्षलाई समेटेर पार्टीको नीति निर्माणका लागि लिखित सुझाव पेस गर्ने ।

(ङ) **थप विशेष जिम्मेवारी (उम्मेदवार छनोट प्रक्रियामा सहभागिता)**

माथि उल्लेख गरिएका सम्पूर्ण सांगठनिक संरचना, तिनका पदाधिकारी र सदस्यहरूले पार्टी सहभागी हुने विभिन्न तहका निर्वाचन लक्षित पार्टीको आन्तरिक उम्मेदवार छनोट प्रक्रियामा आवश्यक हुँदा अनिवार्य रूपमा सहभागी हुनुपर्नेछ । यसरी सहभागी हुँदा पार्टीको उम्मेदवार छनोट रूपरेखा ले तय गरेको मापदण्ड र प्रत्यायोजन गरेको अधिकारक्षेत्रको पूर्ण रूपमा पालना गर्नु सम्बन्धित संरचना तथा पदाधिकारीहरूको थप विशेष जिम्मेवारी हुनेछ ।

## ३४. बुथ (मतदान केन्द्र) समिति

प्रत्येक मतदाताको घरदैलोमा पुग्न, तथ्याङ्क सङ्कलन गर्न र निर्वाचनलाई प्रत्यक्ष रूपमा व्यवस्थापन गर्न वडा समितिको मातहतमा रहने गरी प्रत्येक मतदान केन्द्रमा ५ (पाँच) सदस्यीय एक छरिलो र कार्यमूलक ‘बुथ समिति’ रहनेछ ।

### (१) बुथ समितिको गठन र संरचना

विशिष्टीकृत कार्यविभाजनसहितको यो समिति देहायबमोजिम गठन हुनेछः

(क) बुथ संयोजक - १ जना

(ख) बुथ सचिव (तथ्याङ्क तथा सञ्चार व्यवस्थापक) - १ जना

(ग) सदस्य (मतदाता शिक्षा तथा जनसम्पर्क) - १ जना

(घ) सदस्य (स्वयंसेवक तथा बुथ व्यवस्थापन) - १ जना

(ङ) सदस्य (समावेशी कोटा) - १ जना

(द्रष्टव्यः यस ५ सदस्यीय समितिमा कम्तीमा २ जना महिला अनिवार्य रूपमा हुनुपर्नेछ ।)

### (२) बुथ समितिको काम, कर्तव्य र अधिकार

निर्वाचनको ’फ्रन्टलाइन’ मा खटिने यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

**(क) मतदाता म्यापिङः**

आफ्नो मतदान केन्द्रअन्तर्गत पर्ने सम्पूर्ण मतदाताहरूको

घरधुरी पहिचान गर्ने, मतदाता नामावलीको डिजिटल अभिलेख राख्ने र पार्टीको पक्ष/विपक्षमा रहेको जनमतको सूक्ष्म विश्लेषण गर्ने ।

(ख) **मतदाता शिक्षा र घरदैलोः**
पार्टीको चुनाव चिह्न, मतदान गर्ने सही तरिका र स्थानीय वाचापत्रबारे घर-घरमा पुगेर मतदाता शिक्षा प्रदान गर्ने र निरन्तर जनसम्पर्क कायम राख्ने ।

(ग) **बुथ व्यवस्थापनः**
निर्वाचनको दिन मतदान केन्द्रको प्राविधिक तथा भौतिक व्यवस्थापन गर्ने, पार्टीका तर्फबाट आधिकारिक एजेन्ट (प्रतिनिधि) बस्ने र शान्तिपूर्ण मतदानका लागि स्वयंसेवक परिचालन गर्ने ।

(घ) **नागरिक सहजीकरणः**
मतदानको दिन अशक्त, वृद्धवृद्धा, गर्भवती र अपाङ्गता भएका मतदाताहरूलाई मतदान केन्द्रसम्म पुग्न र सहज रूपमा मतदान गर्न आवश्यक सहयोग गर्ने ।

(ङ) **समन्वय र रिर्पोटिङः**
आफ्नो बुथको राजनीतिक अवस्था, अन्य दलका गतिविधि र जनमतको नियमित रिपोर्टिङ वडा समितिलाई गर्ने तथा वडा समितिको निर्देशन पालना गर्ने ।

## ३५. टोल समिति

पार्टीको विचार, नीति र अभियानलाई आम नागरिकको घरदैलोसम्म पुऱ्याउन र नागरिकका दैनिक समस्यालाई पार्टीको वडा समितिसम्म जोड्न, पार्टीको सबैभन्दा तल्लो आधारभूत एकाइका रूपमा प्रत्येक टोल वा बस्तीमा एक छरितो 'टोल समिति' गठन गरिनेछ ।

यसलाई भद्दा र पदीय लालसाको थलो नबनाई विशुद्ध 'स्वयम्सेवी र छरितो कार्यदलका रूपमा देहायबमोजिम सञ्चालन गरिनेछः

(क) **संरचनाः** यो समिति बढीमा ३ देखि ५ सदस्यीय 'एक्सन-ओरिएन्टेड टिम हुनेछः

टोल संयोजक - १ जना (समग्र टोलको जनसम्पर्क र नेतृत्व गर्ने)
टोल सह-संयोजक - १ जना (महिला अनिवार्य - समावेशी प्रतिनिधित्व र महिला परिचालन गर्ने)
टोल सदस्य - १ देखि ३ जनासम्म (स्थानीय प्रभाव भएका र खट्न सक्ने युवा/क्रियाशील सदस्यहरू)

(ख) **गठन प्रक्रिया:** टोल समितिको गठनका लागि कुनै जटिल निर्वाचन प्रक्रिया अपनाइने छैन । सम्बन्धित टोलमा बसोबास गर्ने पार्टीका क्रियाशील/साधारण सदस्यहरूको भेलाले आपसी समझदारी वा सक्रियताका आधारमा टोल समितिको चयन गर्नेछ । यसरी चयन भएको समितिलाई सम्बन्धित वडा समितिले अभिलेखीकरण गरी औपचारिक मान्यता प्रदान गर्नेछ ।

(१) **टोल समितिका काम, कर्तव्य र अधिकार:**
टोल समितिलाई कुनै प्रशासनिक वा माइन्युट लेख्ने झन्झट नदिई विशुद्ध रूपमा देहायका ४ वटा जनमुखी कार्यमा मात्र केन्द्रित गरिनेछ:

(क) **सूचनाको घरदैलो:** पार्टीका राष्ट्रिय अभियान, नीति र आधिकारिक सन्देशहरूलाई टोलका प्रत्येक घरधुरीसम्म 'वर्ड अफ माउथ' मार्फत पुऱ्याउने । चुनावका बेला मतदाताको घर-घरमा पुगेर भोट माग्ने र मिथ्या सूचना फैलिएको भए त्यसलाई चिर्ने ।

(ख) **जनगुनासो सङ्कलन:** टोलमा बाटो बिग्रेको, पानी नआएको, बिजुली नभएको वा कोही अन्यायमा परेको जस्ता जनजीविकाका साना तर महत्त्वपूर्ण विषयहरू तत्काल वडा समितिलाई 'रिपोर्टिङ' गर्ने । नागरिक र वडाका जनप्रतिनिधिबीच 'पुल' को काम गर्ने ।

(ग) **सामाजिक कार्यमा पार्टीको अनुहार:** टोलमा हुने सरसफाइ अभियान, विपद् व्यवस्थापन, सांस्कृतिक कार्यक्रम वा कसैलाई आपत्-विपद् पर्दा पार्टीको तर्फबाट 'पहिलो उद्धारकर्ता' बनेर संस्थागत उपस्थिति जनाउने ।

(घ) **डिजिटल सञ्जाल र तथ्याङ्क:** टोल संयोजकले आफ्नो टोलका सबै घरधुरी जोडिएको एउटा 'डिजिटल सञ्चार समूह' (जस्तैः ह्वाट्सएप वा भाइबर ग्रुप) बनाउने, जहाँ पार्टीका आधिकारिक सूचनाहरू तत्काल सेयर गर्न सकियोस् । साथै, टोलभित्रका मतदाताको यथार्थ विवरण अद्यावधिक गरी चुनावको बेला बुथ समितिलाई उपलब्ध गराउने ।

## भाग - ९
## राष्ट्रिय महाधिवेशन र अधिवेशनसम्बन्धी थप व्यवस्था

### ३६. अधिवेशन र महाधिवेशनसम्बन्धी थप व्यवस्था

(१) राष्ट्रिय महाधिवेशनको प्रक्रिया सबैभन्दा तल्लो तहको वडा अधिवेशनबाट सुरु हुनेछ ।

(२) पालिका अधिवेशन गर्नका लागि सो पालिकाभित्रका सबै वडाका अधिवेशन सम्पन्न भइसकेको हुनुपर्नेछ । कुनै कारणवश कुनै वडाको अधिवेशन गर्न सम्भव नभएमा केन्द्रीय संगठन विभागले निर्णय गरी सो वडाको अधिवेशन थाती राखी पालिका अधिवेशन गर्न सकिनेछ ।

(३) जिल्ला अधिवेशन गर्नका लागि सो जिल्लाभित्रका सबै पालिकाका अधिवेशन सम्पन्न भइसकेको हुनुपर्नेछ । कुनै कारणवश सबै पालिकाको अधिवेशन गर्न सम्भव नभएमा केन्द्रीय समितिले निर्णय गरी केही पालिकाको अधिवेशन थाती राखी जिल्ला अधिवेशन गर्न सकिनेछ। तर, जिल्लाभित्र रहेको महानगरपालिका, उपमहानगरपालिका र जिल्ला सदरमुकाम रहेको पालिकाको अधिवेशन भने जिल्ला अधिवेशनअगावै अनिवार्य रूपमा सम्पन्न भएको हुनुपर्नेछ ।

(४) प्रदेश अधिवेशन गर्नका लागि प्रदेशभित्रका सबै जिल्लाका अधिवेशन सम्पन्न भइसकेको हुनुपर्नेछ । कुनै कारणवश कुनै

जिल्लाको अधिवेशन गर्न सम्भव नभएमा केन्द्रीय समितिले निर्णय गरी सो जिल्लाको अधिवेशन थाती राखी प्रदेशको अधिवेशन गर्न सकिनेछ ।

(५) राष्ट्रिय महाधिवेशनको पहिलो चरण सुरु गर्नका लागि सबै प्रदेशका अधिवेशनहरू सम्पन्न भइसकेको हुनुपर्नेछ ।

(६) वडा, पालिका, जिल्ला, प्रदेश र केन्द्रको अधिवेशन तथा महाधिवेशन आयोजक समितिमा विधानले तोकेबाहेकका थप सदस्यहरू आवश्यकताअनुसार केन्द्रीय समितिले मनोनीत गर्न सक्नेछ ।

**(७) उम्मेदवारको योग्यता तथा सङ्क्रमणकालीन व्यवस्थाः**

**(क) नियमित वैधानिक व्यवस्थाः**

सम्बन्धित तहको महाधिवेशन तथा अधिवेशनमा सभापति, पदाधिकारी र सदस्यको निर्वाचनमा उम्मेदवार हुनका लागि सम्बन्धित भूगोलको पार्टीको 'सक्रिय सदस्य' भई महाधिवेशन वा अधिवेशन प्रतिनिधि निर्वाचित भएको हुनुपर्नेछ ।

**(ख) पहिलो ऐतिहासिक महाधिवेशनका लागि विशेष (सङ्क्रमणकालीन) व्यवस्थाः**

यस विधानमा उम्मेदवार हुन 'सक्रिय सदस्य' हुनुपर्ने अनिवार्य व्यवस्था गरिए तापनि, पार्टीको 'पहिलो ऐतिहासिक राष्ट्रिय महाधिवेशन' र सोअन्तर्गतका सम्पूर्ण तहका अधिवेशनहरूको हकमा 'सक्रिय सदस्यता' को अवधारणा पूर्ण रूपमा कार्यान्वयनमा आइनसक्ने यथार्थलाई दृष्टिगत गर्दै, देहायबमोजिमको सङ्क्रमणकालीन व्यवस्था लागू हुनेछः

(अ) **साधारण सदस्य नै योग्य हुनेः** पार्टीको अद्यावधिक अभिलेखमा दर्ता भएका 'प्रमाणित साधारण सदस्य' भई विधिवत् रूपमा महाधिवेशन वा अधिवेशन प्रतिनिधि निर्वाचित भएका कुनै पनि

व्यक्तिले विधानबमोजिमका पदहरूमा उम्मेदवार बन्न पाउनेछन् ।

(आ) **समायोजन/मनोनयन भएकाहरूको हकमाः** पार्टी निर्माणको ऐतिहासिक चरणमा अन्य विचार, अभियान वा राजनीतिक दलबाट 'समायोजन' भई यस विधानबमोजिम 'विशिष्ट मनोनयन (अधिकतम १०%)' मा परेका प्रतिनिधिहरूलाई समेत उम्मेदवार बन्नका लागि यस दफाले कुनै वैधानिक बाधा पुऱ्याएको मानिने छैन ।

(स्पष्टीकरणः पहिलो राष्ट्रिय महाधिवेशन सम्पन्न भई नयाँ केन्द्रीय समिति निर्वाचित भएपश्चात् माथि उल्लिखित सङ्क्रमणकालीन व्यवस्था स्वतः निष्क्रिय हुनेछ र भविष्यका नियमित अधिवेशनहरूमा 'सक्रिय सदस्य' को प्रावधान पूर्ण रूपमा लागू हुनेछ) । यहाँ तोकिएको योग्यता बाहेक आवश्यक हुने थप योग्यता विधानकै अन्य भागले र सम्बन्धित नियमावलीले तोके बमोजिम हुनेछ ।

(८) अधिवेशन वा महाधिवेशनसँग सम्बन्धित सम्पूर्ण प्रतिनिधि तथा सदस्यहरूले आफूले तिर्नुपर्ने हरेक प्रकारका लेबी, सदस्यता शुल्क वा तोकिएको अन्य आर्थिक दायित्व अनिवार्य रूपमा चुक्ता गरिसकेको हुनुपर्नेछ । दायित्व चुक्ता नगर्ने सदस्यलाई निर्वाचन प्रक्रियामा सहभागी गराइने छैन ।

(९) नेतृत्व चयनको निर्वाचन प्रक्रियालाई प्रविधिमैत्री बनाउन अन्य तहका अधिवेशनहरूमा सम्भव भएसम्म डिजिटल माध्यमको प्रयोग गर्नुपर्नेछ । तर, केन्द्रीय महाधिवेशनको हकमा भने विद्युतीय मतदान मेसिन वा डिजिटल माध्यमबाट अनिवार्य रूपमा मतदान गराउनुपर्नेछ ।

(१०) अधिवेशनका क्रममा प्रतिनिधि चयन वा निर्वाचन प्रक्रियामा कुनै विवाद उत्पन्न भएमा तत्काल सुनुवाइ गरी फैसला गर्न केन्द्रीय निर्वाचन आयोगले एक अस्थायी विवाद समाधान न्यायाधिकरण गठन गर्न सक्नेछ। यसरी गठन हुने न्यायाधिकरणमा सम्बन्धित अधिवेशनमा सहभागी हुने प्रतिनिधिबाहेकका व्यक्तिहरू मात्र हुनुपर्नेछ।

(११) अधिवेशन र महाधिवेशनसम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकेबमोजिम हुनेछ।

## ३७. प्रथम राष्ट्रिय महाधिवेशन र अधिवेशनसम्बन्धी व्यवस्था

(१) केन्द्रीय संगठन विभागले प्रमाणित गरेका वडा, पालिका, जिल्ला र प्रदेश तहका तदर्थ समितिहरू नै सम्बन्धित तहका 'अधिवेशन आयोजक समिति' हुनेछन्।

(२) तत्काल बहाल रहेको केन्द्रीय समिति नै 'प्रथम राष्ट्रिय महाधिवेशन आयोजक समिति' हुनेछ।

(३) कुनै विशेष परिस्थिति वा कारणवश अद्यावधिक भएका तर अधिवेशन सम्पन्न गर्न नसकेका तहहरूको हकमा, विधानबमोजिम माथिल्लो तहको अधिवेशन वा महाधिवेशनमा प्रतिनिधि पठाउनका लागि देहायबमोजिमको विशेष व्यवस्था गरिनेछः

**(क) वडा र पालिका समितिको हकमाः**

केन्द्रीय संगठन विभागको निर्णय र प्रमाणीकरणका आधारमा।

**(ख) जिल्ला र प्रदेश समितिको हकमाः**

केन्द्रीय संगठन विभागको सिफारिसमा केन्द्रीय समितिले निर्णय गरी सहमति प्रदान गरेबमोजिम।

## भाग - १०
## विभाग

### ३८. विभागहरूको गठन र वर्गीकरण

पार्टीको सांगठनिक जीवनलाई जीवन्त, प्रविधिमैत्री र सुव्यवस्थित बनाउन, पार्टीका नीति तथा कार्यक्रमहरूलाई जनस्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न र राज्य संयन्त्रका विभिन्न विषयगत क्षेत्रहरूसँग समानान्तर समन्वय गर्न केन्द्रीय समितिको मातहतमा विभिन्न केन्द्रीय विभागहरू रहनेछन् ।

कार्यप्रकृति र जिम्मेवारीका आधारमा पार्टीका सम्पूर्ण विभागहरूलाई देहायबमोजिम दुई खण्डमा वर्गीकरण गरिनेछः

**(१) सांगठनिक तथा परिचालन विभाग**

पार्टीलाई जनमुखी र परिणाममुखी बनाउन, वैचारिक धरातललाई सुदृढ गर्न र सम्पूर्ण सांगठनिक शक्तिलाई निर्वाचन तथा राष्ट्र निर्माणको अभियानमा रणनीतिक रूपमा परिचालन गर्न केन्द्रीय समितिको मातहतमा देहायबमोजिमका 'सांगठनिक तथा परिचालन विभाग' हरू रहनेछन्:

**(क) नीति तथा विचार विभागः**

यस विभागले पार्टीको राजनीतिक र वैचारिक दिशाबो धक को रूपमा काम गर्नेछ । जनअपेक्षा र बदलिँदो विश्वपरिवेश अनुरूप पार्टीको सैद्धान्तिक धारलाई तिखार्ने, समसामयिक राजनीतिक दस्ताबेजहरू निर्माण गर्ने र पार्टीलाई सधैं स्पष्ट वैचारिक गन्तव्यमा डोर्याउने जिम्मेवारी यस विभागको हुनेछ ।

**(ख) संगठन विभागः**

पार्टीको रक्तसञ्चारको रूपमा रहेको सांगठनिक सञ्जाललाई जनस्तरसम्म विस्तार र सुदृढ गर्ने कार्य यस विभागले गर्नेछ । वडादेखि केन्द्रसम्मका सम्पूर्ण संरचनालाई गतिशील बनाउँदै, आम नागरिकलाई पार्टीमा

गोलबद्ध गर्ने, सांगठनिक अभिलेखलाई व्यवस्थित तथा अद्यावधिक गर्ने र निर्वाचन आयोगको प्रयोजनका लागि आवश्यक सांगठनिक सहजीकरण गर्दै पार्टीको जगलाई अभेद्य बनाउनु यस विभागको मुख्य दायित्व हुनेछ ।

**(ग) प्रशिक्षण विभाग:**

पार्टीका सदस्यहरूलाई केवल सदस्य मात्र नभई भविष्यका नेता र राष्ट्रसेवकका रूपमा विकास गर्ने कार्य यस विभागले गर्नेछ । आधुनिक सिकाइ प्रणालीमार्फत नेतृत्व पंक्तिलाई वैचारिक, रणनीतिक र व्यावहारिक रूपमा निखार्दै पार्टीभित्र सक्षम नेतृत्वको निरन्तर उत्पादन गर्नु यसको मुख्य कार्यक्षेत्र हुनेछ ।

**(घ) अभियान तथा प्रचारप्रसार विभाग:**

पार्टीका विचार, नीति र जनसरोकारका मुद्दाहरूलाई सशक्त रूपमा आम जनमानसमा स्थापित गर्ने जिम्मेवारी यस विभागको हुनेछ । जनचेतनामूलक राजनीतिक अभियानहरूको नेतृत्व गर्ने र परम्परागत तथा डिजिटल मिडियामार्फत पार्टीको आवाजलाई बुलन्द र प्रभावकारी बनाउने कार्य यसले गर्नेछ ।

**(ङ) आन्तरिक सूचना प्रविधि तथा प्रणाली विभाग:**

एक्काइसौँ शताब्दीको आधुनिक र प्रविधिमैत्री राजनीतिको अभ्यास गर्दै, पार्टीको समग्र आन्तरिक कार्यप्रणाली र लोकतन्त्रलाई 'डिजिटल' माध्यमबाट सुशासित र जीवन्त बनाउने मुख्य दायित्व यस विभागको हुनेछ । पार्टीका सम्पूर्ण प्रशासनिक कामकारबाही, आन्तरिक निर्वाचन प्रणाली र देशभरका सदस्यहरूको तथ्याङ्कलाई साइबर सुरक्षा र डाटा गोपनीयताको उच्च मापदण्डअनुरूप पूर्ण सुरक्षित र पारदर्शी राख्दै, सिङ्गो पार्टी संयन्त्रलाई अत्याधुनिक प्राविधिक पूर्वाधार मार्फत सञ्चालन गर्ने संस्थागत व्यवस्था यसै विभागले मिलाउनेछ ।

(छ) **मानव पुँजी, स्वयंसेवक तथा प्रशासन विभागः**

पार्टीलाई आधुनिक, प्रविधिमैत्री र सुशासित संस्थाका रूपमा सञ्चालन गर्न आवश्यक भौतिक तथा प्रशासनिक पूर्वाधारको व्यवस्थापन यस विभागले गर्नेछ।

पार्टीमा जोडिन आउने हरेक नागरिक, विज्ञ र हजारौँ स्वयंसेवकहरूको पेसागत पृष्ठभूमि, क्षमता र रुचिको वैज्ञानिक अभिलेखीकरण गरी, उनीहरूको विज्ञतालाई पार्टीको उपयुक्त संरचनामा सदुपयोग गर्ने 'सही ठाउँमा सही व्यक्तिको नीति कार्यान्वयन गर्नु यसको मुख्य दायित्व हुनेछ। साथै, पार्टीका केन्द्रीय कार्यालय लगायत मातहतका संरचनाहरूको प्रशासनिक व्यवस्थापन र निर्वाचन वा अभियानका बेला स्वयंसेवकहरूको विशाल पङ्क्तिलाई व्यवस्थित रूपमा परिचालन गर्ने कार्यसमेत यसैले गर्नेछ।

(ज) **सामाजिक न्याय, लैङ्गिक समानता तथा समावेशिता विभागः**

समाजमा विद्यमान पितृसत्तात्मक सोच, लैङ्गिक विभेद लगायत सबै प्रकारका असमानता र उत्पीडनविरुद्ध लड्ने पार्टीको एकीकृत वैचारिक मोर्चा यस विभागले सम्हाल्नेछ। पार्टीका हरेक संरचना र राज्यका निकायहरूमा महिलाहरूको अर्थपूर्ण सहभागिता एवं राजनीतिक नेतृत्व विकास गर्दै उनीहरूलाई पार्टीको मूलधारमा स-सम्मान सङ्गठित गर्नु यसको प्रमुख कार्य हुनेछ।

साथै, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अति-सीमान्तकृत समुदायलाई पार्टीमा गोलबद्ध गर्ने आधिकारिक संयन्त्रका रूपमा यसैले कार्य गर्नेछ। सबै प्रकारका लैङ्गिक तथा सामाजिक हिंसाविरुद्ध निर्णायक अभियान सञ्चालन गर्ने, राज्यका भौतिक

पूर्वाधार तथा सूचना प्रणालीलाई पूर्ण रूपमा 'अपाङ्गता-मैत्री' बनाउन र अल्पसङ्ख्यकहरूको पहिचानसहितको अधिकार सुनिश्चित गर्दै समग्र 'सामाजिक न्याय' को पक्षमा यस विभागले निरन्तर नीतिगत पैरवी गर्नेछ । ।

**(झ) कानुनी मामिला तथा संस्थागत अनुपालन विभाग:**

पार्टीको आन्तरिक कानुनी सल्लाहकारका रूपमा यस विभागले कार्य गर्नेछ । निर्वाचन आयोगलगायत राज्यका अन्य निकायहरूमा गर्नुपर्ने वैधानिक अद्यावधिक, प्रतिवेदन पेस र राजनीतिक दलसम्बन्धी कानुनको पूर्ण अनुपालन सुनिश्चित गर्ने मुख्य दायित्व यस विभागको हुनेछ ।

पार्टी, पार्टीका संरचना वा नेतृत्वविरुद्ध अदालत वा अन्य निकायमा पर्ने उजुरी तथा मुद्दामामिलाको संस्थागत प्रतिरक्षा गर्ने, निर्वाचनका क्रममा उम्मेदवारी दर्ता वा मतदानमा आइपर्ने कानुनी विवादहरूमा पार्टीका तर्फबाट प्रतिनिधित्व गर्ने र पार्टीको विधान/नियमावली मस्यौदामा केन्द्रीय समितिलाई आवश्यक संस्थागत कानुनी परामर्श उपलब्ध गराउने कार्य यसैले गर्नेछ । साथै, पार्टीको कामको सिलसिलामा सदस्य वा अभियानकर्मीहरूमाथि पर्न सक्ने कानुनी झमेला वा राजनीतिक प्रकृतिका मुद्दाहरूमा आवश्यक कानुनी सहायता उपलब्ध गराउने कार्यसमेत यसैले गर्नेछ ।

**(ञ) सार्वजनिक सेवा तथा जनगुनासो व्यवस्थापन विभाग:**

आम नागरिकलाई सरकारी सेवा प्रवाहमा पर्ने झन्झट, प्रशासनिक ढिलासुस्ती र बेथितिविरुद्ध पार्टीको तर्फबाट संस्थागत सहजीकरण गर्ने कार्य यस विभागले गर्नेछ । नागरिकका जनगुनासाहरूको सुनुवाइ गरी सम्बन्धित मन्त्रालय वा पार्टीका जनप्रतिनिधिसम्म पुऱ्याउने र नागरिकप्रति जवाफदेही राज्य संयन्त्र निर्माण गर्न 'पुल' का रूपमा यसले काम गर्नेछ ।

**(ट) र्‍याट (Rapid Action Team - RAT) विभाग:**

जनताको सुखदुःखमा सँगै उभिने पार्टीको पहिलो पङ्क्तिको दस्ता तयार गर्ने जिम्मेवारी यस विभागको हुनेछ । विपत् व्यवस्थापन, मानवीय उद्धार, र समाजमा हुने विकृति-विसंगति तथा भ्रष्टाचारविरुद्ध एक्सनमा उत्रिन ऊर्जाशील सदस्यहरूलाई द्रुत कार्यदलका रूपमा परिचालन गर्ने व्यवस्था यसले मिलाउनेछ ।

**(ठ) स्वदेश सम्पर्क विभाग:**

रोजगारी वा पेसा-व्यवसायको सिलसिलामा आफ्नो स्थायी ठेगानाभन्दा बाहिर (देशभित्रै) अस्थायी बसोबास गरिरहेका आम नागरिकहरूलाई सङ्गठित गर्ने आधिकारिक संयन्त्रका रूपमा यस विभागले कार्य गर्नेछ । आन्तरिक बसाइँसराइ वा अस्थायी बसोबासका कारण राजनीतिक मूलधारबाट टाढा रहेका नागरिकहरूको राजनीतिक ऊर्जा, विज्ञता र सञ्जाललाई पार्टीको साङ्गठनिक मूल प्रवाहमा जोड्नु यस विभागको मुख्य दायित्व हुनेछ ।

आफ्नो स्थायी ठेगानाभन्दा बाहिर रहेका पार्टी सदस्य एवं नागरिकहरूलाई सङ्गठित गर्न र उनीहरूसँग आवश्यक समन्वय गर्न सम्बन्धित तहका समितिहरूको मातहतमा देहायबमोजिमका 'सम्पर्क विभाग' हरू गठन गरिनेछन्:

(१) **प्रदेश सम्पर्क विभाग:** देशभित्रै रहेका तर आफ्नो प्रदेशभन्दा बाहिर (अर्को प्रदेशमा) बसोबास गर्ने पार्टी सदस्य एवं नागरिकहरूलाई सङ्गठित गर्न सम्बन्धित प्रदेश समितिले 'प्रदेश सम्पर्क विभाग' गठन गर्नेछ ।

(२) **जिल्ला सम्पर्क विभाग:** देशभित्रै रहेका तर आफ्नो जिल्लाभन्दा बाहिर (अर्को जिल्लामा) बसोबास गर्ने पार्टी सदस्य एवं नागरिकहरूलाई समेट्न सम्बन्धित जिल्ला समितिले 'जिल्ला सम्पर्क विभाग' गठन गर्नेछ ।

(३) **पालिका सम्पर्क विभागः** देशभित्रै रहेका तर आफ्नो पालिकाभन्दा बाहिर (अर्को पालिकामा) बसोबास गर्ने पार्टी सदस्य एवं नागरिकहरूलाई सङ्गठित गर्न सम्बन्धित पालिका समितिले 'पालिका सम्पर्क विभाग' गठन गर्नेछ ।

कुनै पनि भूगोलमा समानान्तर साङ्गठनिक अभ्यास नहुने गरी, यी सम्पूर्ण तहगत सम्पर्क विभागहरूको केन्द्रीय समन्वय तथा साङ्गठनिक अभिलेख अद्यावधिक गर्ने कार्य पार्टीको 'सङ्गठन विभाग' सँगको प्रत्यक्ष समन्वयमा हुनेछ । सम्पर्क विभागहरूको सञ्चालन, कार्यक्षेत्र र अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको नियमावलीबमोजिम हुनेछ ।

(ङ) **प्रवास सम्पर्क विभागः**
विदेशमा रहेका नेपालीहरूलाई 'ग्लोबल नेपाली डायस्पोरा' का रूपमा मातृभूमिको रूपान्तरणसँग जोड्ने कार्य यस विभागले गर्नेछ । उनीहरूको ज्ञान, सीप र स्रोतलाई देश निर्माणमा परिचालन गर्दै प्रवासमा पार्टीको आयतन विस्तार गर्नु यसको कार्यक्षेत्र हुनेछ ।

(२) **सार्वजनिक नीति तथा विषयगत विभागहरू**
पार्टीलाई राज्य सञ्चालनका लागि वैचारिक र नीतिगत रूपमा पूर्ण तयार राख्न, सरकारका कामकारबाहीको निरन्तर अनुगमन गरी रचनात्मक सुझाव तथा दबाब दिन र जनसरोकारका विभिन्न विषयमा पार्टीको आधिकारिक धारणा र वैकल्पिक नीति निर्माण गर्न केन्द्रीय समितिको मातहतमा देहायबमोजिमका विषयगत विभागहरू रहनेछन्:

(क) **सुशासन तथा राज्य व्यवस्था विभागः**
सार्वजनिक सेवा प्रवाहलाई झन्झटमुक्त र जनमुखी बनाउन आवश्यक नीतिगत सुधारका प्रस्तावहरू तयार

गर्ने कार्य यस विभागले गर्नेछ । प्रशासनमा हुने सास्ती हटाउन पहल गर्ने र राज्य संयन्त्रमा हुने भ्रष्टाचारको सूक्ष्म निगरानी गर्दै सुशासनयुक्त राज्य व्यवस्थाका लागि सरकारलाई निरन्तर दबाब दिने मुख्य दायित्व यसको हुनेछ ।

**(ख) विधायन, संसदीय मामिला तथा न्याय प्रणाली विभाग:**

देशको समग्र न्याय प्रणालीलाई छिटोछरितो, निष्पक्ष र सर्वसुलभ बनाउन, संविधानप्रदत्त मौलिक हकहरूको रक्षा गर्न र नागरिक अधिकारको पक्षमा निरन्तर वकालत गर्ने कार्य पार्टीको यस नीतिगत विभागले गर्नेछ ।

राज्यका पुराना, जनविरोधी र अव्यावहारिक कानुनहरू संशोधन वा खारेज गर्न यसले ’वैकल्पिक कानुनी खाका निर्माण गर्नेछ । सङ्घीय तथा प्रादेशिक संसद्मा पेस हुने सम्पूर्ण विधेयकहरूमाथि गहन अध्ययन तथा अनुसन्धान गरी पार्टीको आधिकारिक धारणा तय गर्ने र पार्टीका सांसदहरूलाई आवश्यक प्राविधिक तथा कानुनी ‘ब्रिफिङ’ उपलब्ध गराउँदै पार्टीको ‘संसदीय मोर्चा’ लाई अत्यन्तै प्रभावकारी, तथ्यपरक र धारिलो बनाउनु यस विभागको मुख्य दायित्व हुनेछ ।

**(ग) अर्थ विभाग:**

मुलुकको समष्टिगत आर्थिक अवस्थाको निरन्तर अध्ययन र विश्लेषण गरी पार्टीको आधिकारिक आर्थिक दृष्टिकोण र मार्गचित्र तयार गर्ने कार्य यस विभागले गर्नेछ । राष्ट्रिय पुँजी निर्माण, प्रगतिशील कर प्रणाली र सन्तुलित वित्त नीतिको पक्षमा वकालत गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई पारदर्शी बनाउन सरकारलाई रचनात्मक सुझाव र नीतिगत विकल्प प्रस्तुत गर्ने जिम्मेवारी यसको हुनेछ ।

**(घ) कृषि, भूमि व्यवस्था तथा सहकारी विभागः**

कृषि तथा पशुपन्छीपालनको आधुनिकीकरण र व्यवसायीकरणमार्फत देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन आवश्यक कृषि तथा भूमि नीति निर्माण गर्ने कार्य यस विभागले गर्नेछ। वैज्ञानिक भू-उपयोग नीतिको कार्यान्वयन, भूमिहीनका समस्या समाधान र सहकारी क्षेत्रको उचित नियमनका लागि यसले वकालत गर्नेछ। किसानको उत्पादनलाई बजारको मूल्य-शृङ्खलासँग जोड्न सरकारलाई नीतिगत विकल्प दिने, मलखाद/बिउबिजनको सुनिश्चितता गराउने र आम किसानका ज्वलन्त मुद्दाहरूमा निरन्तर पैरवी गर्नु यसको मुख्य दायित्व हुनेछ।

**(ङ) शिक्षा तथा मानव पुँजी विकास विभागः**

राष्ट्रलाई 'ज्ञानमा आधारित अर्थतन्त्र मा रूपान्तरण गर्न समयसापेक्ष शैक्षिक नीति तथा मानव पुँजी विकासको राष्ट्रिय खाका तर्जुमा गर्ने कार्य यस विभागले गर्नेछ। सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्दै यसलाई अनुसन्धान र सीपसँग जोड्न, प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यापक विस्तार गर्न र विश्वविद्यालयहरूलाई दलीय राजनीतिक हस्तक्षेप र भागबन्डाबाट मुक्त गरी विशुद्ध प्राज्ञिक तथा अनुसन्धानको केन्द्र बनाउन यसले सरोकारवालाहरूसँग निरन्तर समन्वय गर्नेछ। 'शिक्षाका लागि शिक्षा' नभई 'श्रम र बजारका लागि शिक्षा' को मान्यता स्थापित गर्दै देश निर्माणका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने नीतिगत पैरवी गर्नु यसको मुख्य दायित्व हुनेछ।

**(च) जनस्वास्थ्य विभागः**

सम्पूर्ण नागरिकको शारीरिक तथा मानसिक सुस्वास्थ्य सुनिश्चित गर्न सर्वसुलभ जनस्वास्थ्य सेवा, प्रभावकारी

स्वास्थ्य बिमा, पोषण र महामारी व्यवस्थापनको वैकल्पिक नीति तर्जुमा गर्ने कार्य यस विभागले गर्नेछ । सार्वजनिक स्वास्थ्य संस्थाको स्तरोन्नति, स्वास्थ्य जनशक्तिको व्यवस्थापन र खाद्य तथा औषधिको गुणस्तर नियमनसम्बन्धी पार्टीको आधिकारिक धारणा तय गर्दै राज्यलाई जबाफदेही बनाउनु यसको मुख्य जिम्मेवारी हुनेछ ।

**(छ) पूर्वाधार विभागः**

दिगो र वातावरणमैत्री राष्ट्रिय पूर्वाधार विकास र व्यवस्थित सहरीकरणका लागि पार्टीको तर्फबाट रणनीतिक गुरुयोजना निर्माण गर्ने कार्य यस विभागले गर्नेछ । राज्यद्वारा सञ्चालित राष्ट्रिय गौरवका आयोजनाहरूको निगरानी गर्ने तथा सुरक्षित र अत्याधुनिक सार्वजनिक यातायात प्रणालीको विकासका लागि सरकारलाई प्राविधिक र नीतिगत सुझाव उपलब्ध गराउनु यसको दायित्व हुनेछ ।

**(ज) उद्योग, वाणिज्य तथा लगानी प्रवर्द्धन विभागः**

राष्ट्रिय औद्योगिकीकरण, पुँजी निर्माण र व्यापक रोजगारी सिर्जनाका लागि स्वदेशी तथा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन लगानीमैत्री वातावरणको नीतिगत खाका तयार गर्ने कार्य यस विभागले गर्नेछ । साना तथा मझौला उद्यम र नव-उद्यमको प्रवर्द्धन गर्ने, व्यापार घाटा न्यूनीकरण गर्न निर्यातमुखी अर्थतन्त्रको वकालत गर्ने र अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निजी क्षेत्रसँग पार्टीको संस्थागत समन्वय गर्ने यसको दायित्व हुनेछ ।

**(झ) श्रम, रोजगारी तथा सामाजिक सुरक्षा विभागः**

स्वदेशमै मर्यादित रोजगारीको सिर्जना गर्ने र सम्पूर्ण औपचारिक तथा अनौपचारिक श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन यस

विभागले नीतिगत पहल गर्नेछ । विशेषगरी नेपालको अर्थतन्त्र धानेका तर सधैँ उपेक्षामा परेका वैदेशिक रोजगारीमा गएका लाखौँ आप्रवासी श्रमिकहरूको अधिकारको रक्षा गर्ने, अप्ठ्यारोमा परेकाको उद्धार गर्ने र सुरक्षित आप्रवासनको ग्यारेन्टी गर्न यसले खरो रूपमा आवाज उठाउनेछ ।

(ञ) **आपूर्ति, बजार सुशासन तथा उपभोक्ता अधिकार विभागः** आम नागरिकको दैनिक जनजीविकासँग प्रत्यक्ष जोडिएको बजार व्यवस्थापन र उपभोक्ता अधिकारको पूर्ण रक्षा गर्ने कार्य यस विभागले गर्नेछ । बजारमा हुने कालो बजारी, कृत्रिम मूल्यवृद्धि, अस्वाभाविक सिन्डिकेट र कार्टेलिङविरुद्ध नागरिकको पक्षबाट खरो रूपमा उत्रिने यसको मुख्य दायित्व हुनेछ । दैनिक उपभोग्य वस्तुहरूको सहज आपूर्ति सुनिश्चित गर्न, खाद्यवस्तु तथा औषधिको गुणस्तर मापनमा कडाइ गर्न र ठगिएका उपभोक्ताहरूलाई न्याय दिलाउन यसले सरकारलाई निरन्तर खबरदारी गर्नेछ ।

(ट) **विज्ञान, सूचना प्रविधि, नवप्रवर्तन तथा स्टार्टअप विभागः** विज्ञान, सूचना प्रविधि र नवप्रवर्तनका माध्यमबाट देशलाई एक्काइसौँ शताब्दीको 'डिजिटल अर्थतन्त्र' मा रूपान्तरण गर्ने नीतिगत खाका यस विभागले तयार गर्नेछ । विज्ञान, प्रविधि र अनुसन्धानको क्षेत्रमा राज्यको लगानी बढाउन यसले सरकारलाई निरन्तर झकझकाउनेछ । देशभित्रै उद्यमशीलताको विकास गर्न नवप्रवर्तक युवाहरूका लागि लगानीमैत्री 'स्टार्टअप इकोसिस्टम निर्माण गर्ने, सुरुवाती पुँजी को सहज पहुँच स्थापित गर्ने र नयाँ सोच बोकेका टेक-उद्यमीहरूको पक्षमा खरो वकालत गर्ने प्रमुख कार्य यसले गर्नेछ ।

**(ठ) वातावरण, जलवायु तथा प्राकृतिक स्रोत विभागः**

राष्ट्रको प्राकृतिक सम्पदा र जैविक विविधताको संरक्षण गर्दै प्राकृतिक स्रोत उपयोगको पार्टीगत नीति तय गर्ने कार्य यस विभागले गर्नेछ । विश्वव्यापी जलवायु परिवर्तनका असर न्यूनीकरण, जलवायु न्याय र हरित ऊर्जा प्रवर्द्धनको क्षेत्रमा सरकारका कामको समीक्षा गर्दै राष्ट्रिय हितअनुकूल आवश्यक नीतिगत विकल्प प्रस्तुत गर्नु यसको जिम्मेवारी हुनेछ ।

**(ड) संस्कृति, पर्यटन तथा राष्ट्रिय सम्पदा विभागः**

नेपालको बहुसांस्कृतिक पहिचान र ऐतिहासिक सम्पदाहरूको संरक्षणका लागि पार्टीको नीति निर्माण गर्ने कार्य यस विभागले गर्नेछ । पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्न सरकारलाई रणनीतिक गुरुयोजनाहरू सुझाउने र राष्ट्रिय पर्यटन प्रवर्द्धनमा वकालत गर्ने कार्य यसले गर्नेछ ।

**(ढ) सामाजिक न्याय तथा समता प्रवर्द्धन विभागः**

समाजमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य गर्दै समतामूलक राष्ट्र निर्माणका लागि पार्टीको सामाजिक न्याय र समता प्रवर्द्धनसम्बन्धी नीति तर्जुमा गर्ने कार्य यस विभागले गर्नेछ । महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समुदायको अधिकार रक्षा तथा राज्य संयन्त्रमा उनीहरूको अर्थपूर्ण पहुँचका लागि राज्यलाई निरन्तर खबरदारी र सुझाव दिने जिम्मेवारी यसको हुनेछ ।

**(ण) युवा सशक्तिकरण तथा खेलकुद विभागः**

युवाहरूको नेतृत्व विकास, उद्यमशीलता र नवप्रवर्तनलाई प्रवर्द्धन गर्न पार्टीको युवा नीति निर्माण गर्ने कार्य यस विभागले गर्नेछ । खेलकुद क्षेत्रको संस्थागत विकास र खेलाडीहरूको सर्वाङ्गीण हित सुनिश्चित गर्न सरकारलाई

नीतिगत दबाब दिने र यस क्षेत्रका प्रतिभाहरूलाई पार्टीसँग जोड्ने कार्य यसले गर्नेछ ।

**(त) अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभागः**

राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डतालाई अक्षुण्ण राख्दै स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिका सम्बन्धमा पार्टीको आधिकारिक धारणा निर्माण गर्ने कार्य यस विभागले गर्नेछ । बदलिँदो भू-राजनीतिक परिदृश्यको अध्ययन गर्ने र आर्थिक तथा सामरिक कूटनीतिको प्रभावकारी सञ्चालनका लागि राज्यलाई निरन्तर सुझाव र सल्लाह दिने दायित्व यसको हुनेछ ।

**३९. विभागहरूको संरचनागत विस्तार तथा वैधानिक हैसियत**

पार्टीका विभागहरूलाई साङ्गठनिक रूपमा छरितो प्रभावकारी र समयसापेक्ष बनाउन तथा विधानको वैधानिक मर्मलाई सुरक्षित राख्न विभागहरूको तहगत विस्तार र वैधानिक व्यवस्था देहायबमोजिम हुनेछः

**(१) कार्यप्रकृति र संरचनागत तहः**

यस विधानमा व्यवस्था गरिएका सम्पूर्ण विभागहरूलाई तल्लो तहसम्म बाध्यात्मक रूपमा विस्तार गरिने छैन । विभागको कार्यप्रकृति, क्षेत्राधिकार र जनसम्पर्कको आवश्यकताका आधारमा यिनीहरूको साङ्गठनिक उपस्थिति देहायबमोजिम तय गरिनेछः

(क) केन्द्रीय तहमा मात्र रहने

(ख) प्रदेश तहसम्म विस्तार हुने

(ग) जिल्ला तहसम्म विस्तार हुने

(घ) पालिका तहसम्म विस्तार हुने

(कुन विभाग कुन तहसम्म विस्तार गर्ने र तल्लो तहका विभागको साङ्गठनिक आकार कस्तो हुने भन्ने विस्तृत व्यवस्था केन्द्रीय समितिले पारित गरेको ‘विभागीय सञ्चालन नियमावली’ बमोजिम हुनेछ) ।

(२) **आवश्यकताअनुसार नयाँ विभाग थप्न सकिने वैधानिक लचकता:** बदलिँदो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश, प्रविधिको विकास वा कुनै विशेष राजनीतिक तथा सामाजिक आवश्यकतालाई तत्काल सम्बोधन गर्नुपर्ने भएमा पार्टीलाई हरदम गतिशील राख्न वैधानिक लचकता अपनाइनेछ । यसका लागि केन्द्रीय समितिले आवश्यक देखेमा विधान संशोधनको लामो प्रक्रिया नपर्खिकनै (विधान संशोधन नगरी) तत्काल 'नयाँ विषयगत विभाग' वा अधिकारसम्पन्न 'विशेष कार्यदल' हरू गठन गरी सञ्चालन गर्न सक्नेछ । यसरी गठन भएका विभागहरूले विधानमा उल्लेखित अन्य विभागहरूसरह नै मान्यता प्राप्त गर्नेछन् ।

(३) **उल्लिखित विभागहरू हटाउन नमिल्ने वैधानिक संरक्षण:** यस विधानमा स्पष्ट रूपमा नाम र कार्यक्षेत्र तोकिएर सूचीकृत गरिएका सम्पूर्ण विभागहरू पार्टीका स्थायी र आधारभूत वैधानिक संरचना हुन् । महाधिवेशन वा विधान अधिवेशनमार्फत विधिवत् रूपमा विधान संशोधन नगरी, केन्द्रीय समितिको वा अन्य कुनै पनि कार्यकारी निकायको सामान्य निर्णयबाट मात्र यहाँ उल्लेखित कुनै पनि विभागलाई खारेज गर्न, हटाउन वा अस्तित्व मेटिने गरी अन्य विभागमा गाभ्न पूर्ण रूपमा बन्देज लगाइएको छ ।

## ४०. सबै विभागहरूको साझा प्रारूप

पार्टीका सम्पूर्ण विभागहरूको गठन प्रक्रिया र संरचनामा एकरूपता कायम हुने गरी देहायबमोजिम हुनेछः

(१) **केन्द्रीय तहको विभाग:**

- (क) **सदस्य संख्या:** बढीमा २१ जनासम्म ।
- (ख) **नेतृत्व (प्रमुख):** पार्टीको केन्द्रीय सदस्य वा प्रतिनिधि सभा सदस्यबाट चयन हुने ।
- (ग) **पदाधिकारी संरचना:** प्रमुख १, उपप्रमुख १/२, सचिव १ र अन्य सदस्यहरू रहने ।

(२) **प्रदेश तहको विभागः**

(क) **सदस्य संख्याः** बढीमा १५ जनासम्म ।

(ख) **नेतृत्व (प्रमुख):** पार्टीको प्रदेश सदस्य वा प्रदेश सभा सदस्यबाट चयन हुने ।

(ग) **पदाधिकारी संरचनाः** प्रमुख १, उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरू रहने ।

(३) **जिल्ला तहको विभागः**

(क) **सदस्य संख्याः** बढीमा ११ जनासम्म ।

(ख) **नेतृत्व (प्रमुख):** पार्टीको जिल्ला सदस्य वा सम्बन्धित विषय विज्ञ (पार्टी सदस्य) बाट चयन हुने ।

(ग) **पदाधिकारी संरचनाः** प्रमुख १, उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरू रहने ।

(४) **पालिका तहको विभागः**

(क) **सदस्य संख्याः** बढीमा ९ जनासम्म ।

(ख) **नेतृत्व (प्रमुख):** पार्टीको पालिका सदस्य वा सम्बन्धित विषय विज्ञ (पार्टी सदस्य) बाट चयन हुने ।

(ग) **पदाधिकारी संरचनाः** प्रमुख १, उपप्रमुख १, सचिव १ र अन्य सदस्यहरू रहने ।

(५) **विभागीय कार्यविधि तथा सञ्चालन स्वायत्तता**

साझा तथा विशिष्टकृत प्रारूपअन्तर्गत गठन भएका सम्पूर्ण विभागहरूले यस विधानले तोकेको आधारभूत सांगठनिक संरचना र मर्मको अधीनमा रही, आफ्नो कार्यप्रकृति र आवश्यकताअनुसार दैनिक कार्यसञ्चालन, कार्यविभाजन र व्यवस्थापनका लागि आफ्नै 'विभागीय कार्यविधि' तथा आन्तरिक निर्देशिका निर्माण गरी लागू गर्न सक्नेछन् ।

(नोटः पार्टीमा एकरूपता कायम गर्न 'यस्तो कार्यविधि केन्द्रीय समितिबाट अनुमोदन भएपश्चात् लागू हुनेछ')

## भाग - ११
## सल्लाहकार परिषद्

**४१. सल्लाहकार परिषद् तथा समितिको गठन र व्यवस्थाः**

पार्टीको नीति निर्माणमा विज्ञहरूको बौद्धिक राय समावेश गर्न र वैचारिक मार्गदर्शन प्राप्त गर्न पार्टीका विभिन्न तहमा देहायबमोजिमको सल्लाहकार व्यवस्था रहनेछः

(१) **तहगत संरचना र गठनः**

(क) **केन्द्रमा (केन्द्रीय सल्लाहकार परिषद्)ः** केन्द्रीय समितिले आफ्नो कुल सदस्य संख्याको एकतिहाई नबढ्ने गरी राष्ट्रिय स्तरका विज्ञ तथा अग्रजहरू सम्मिलित 'केन्द्रीय सल्लाहकार परिषद्' गठन गर्न सक्नेछ ।

(ख) **प्रदेश, जिल्ला र पालिका तहमा (सल्लाहकार समिति)ः** पार्टीको केन्द्रबाहेक अन्य सबै तहका (प्रदेश, जिल्ला र पालिका) समितिहरूले आफ्नो कार्यक्षेत्रभित्र आवश्यकताअनुसार 'सल्लाहकार समिति' गठन गर्न सक्नेछन् ।

(२) **पदीय मर्यादा र हैसियतः**

सल्लाहकारहरूको साङ्गठनिक मर्यादा उनीहरू रहने तहअनुसार देहायबमोजिम हुनेछः

(क) **केन्द्रीय सल्लाहकार परिषद्का सदस्यः** केन्द्रीय समितिको 'सदस्य' सरह ।

(ख) **प्रदेश, जिल्ला र पालिका सल्लाहकार समितिका सदस्यः** सम्बन्धित तहको समितिको 'सदस्य' सरह ।

(३) **भूमिका र कार्यप्रणालीः**

(क) **नीतिगत भूमिकाः** सल्लाहकार परिषद् तथा समितिहरूले पार्टीमा कार्यकारी भूमिका निर्वाह गर्ने छैनन् । यिनको मुख्य कार्य सम्बन्धित समितिलाई नीतिगत सल्लाह र रणनीतिक मार्गदर्शन प्रदान गर्नु हुनेछ ।

(ख) **बैठक आह्वानः** केन्द्रीय सल्लाहकार परिषद्को बैठक पार्टी

सभापतिले आवश्यकताअनुसार आह्वान गर्नेछन् । प्रदेश र तल्लो तहका सल्लाहकार समितिको बैठक सम्बन्धित तहका सभापति/अध्यक्षले बोलाउनेछन् ।

(ग) **संयुक्त छलफल:** सल्लाहकार परिषद् वा समितिका बैठकहरूमा एजेन्डाको प्रकृतिका आधारमा सम्बन्धित तहका कार्यसमिति सदस्यहरूलाई समेत छलफलका लागि आमन्त्रण गर्न सकिनेछ ।

(४) **सञ्चालन कार्यविधि:**

सबै तहका सल्लाहकार परिषद् तथा समितिहरूको कार्यक्षेत्र, सल्लाहकारको न्यूनतम योग्यता र बैठक सञ्चालनसम्बन्धी अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको कार्यविधि वा निर्देशिकाबमोजिम हुनेछ ।

## भाग - १२

## अनुशासन आयोग, लेखा आयोग तथा निर्वाचन आयोग

### ४२. अनुशासन आयोगको गठन र व्यवस्था:

पार्टीभित्र विधि, पद्धति र अनुशासन कायम राख्न तथा पार्टी सदस्यहरूले आचारसंहिताको पूर्ण पालना गरेको सुनिश्चित गर्न देहायबमोजिमको अनुशासन आयोगको व्यवस्था रहनेछ:

(१) **गठन तथा संरचना:**

महाधिवेशनपछिको पहिलो केन्द्रीय समितिको बैठकले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरू रहने गरी कुल ११ (एघार) सदस्यीय 'केन्द्रीय अनुशासन आयोग' गठन गर्नेछ । यो आयोग सीधै केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछ ।

(२) **पदीय मर्यादा र हैसियत:**

यस आयोगका पदाधिकारी तथा सदस्यहरूको साङ्गठनिक मर्यादा देहायबमोजिम हुनेछ:

आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टीको

'सचिवालय समिति' का सदस्यहरूसरह हुनेछ ।

आयोगका अन्य सदस्यहरूको मर्यादा पार्टीको 'केन्द्रीय सदस्य' सरह हुनेछ ।

(३) **दोहोरो जिम्मेवारीमा रोकः**

आयोगको कामकारबाहीलाई पूर्ण रूपमा स्वतन्त्र र निष्पक्ष बनाउन, यस आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै पनि समिति, आयोग, विभाग वा संयन्त्रमा पदेन वा निर्वाचित सदस्यका रूपमा रहन पाउने छैनन् ।

(४) **निर्वाचन तथा उम्मेदवारीसम्बन्धी व्यवस्थाः**

आयोगका पदाधिकारी एवम् सदस्यहरू पदमा बहाल रहँदासम्म र पदमुक्त भएको ६ महिनासम्म पार्टीको अन्य आन्तरिक निर्वाचनमा उम्मेदवार बन्न पाउने छैनन् ।

तर, पार्टीको विशेष आवश्यकता महसुस गरी केन्द्रीय समितिले निर्णय गरेको खण्डमा भने आयोगका पदाधिकारी वा सदस्यहरूलाई उक्त आन्तरिक वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न यो उपदफाले बाधा पुर्‍याएको मानिने छैन ।

(५) **प्रदेश तथा जिल्ला अनुशासन आयोगः**

केन्द्रीय अनुशासन आयोगको सञ्चालन नियमावलीको अधीनमा रही, प्रदेश अधिवेशनपछिको पहिलो प्रदेश समितिको बैठकले 'प्रदेश अनुशासन आयोग' र जिल्ला अधिवेशनपछिको पहिलो जिल्ला समितिले 'जिल्ला अनुशासन आयोग' गठन गर्नेछन् ।

(६) **केन्द्रीय अनुशासन आयोगको काम, कर्तव्य र अधिकारः**

पार्टीभित्र पूर्ण अनुशासन, सुशासन र आर्थिक पारदर्शिता कायम गर्न केन्द्रीय अनुशासन आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(७) **अनुगमन, छानबिन तथा कारबाहीः**

(क) **अनुगमन र निर्देशनः** पार्टीको केन्द्रीय निकायका पदाधिकारी (सभापति बाहेक) वा सदस्य लगायत सबै तहका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी

एवम् सदस्यले पार्टीको निर्णय, निर्देशन र आचारसंहिताको पालना गरे/नगरेको नियमित अनुगमन गर्ने र आवश्यक निर्देशन दिने ।

(ख) **उजुरी छानबिन र कारबाही:** पार्टीको कुनै पनि तहका सदस्य उपर पार्टी निर्णयविपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा निष्पक्ष छानबिन गर्ने र नियमावली बमोजिम आवश्यक अनुशासनात्मक कारबाही गर्ने ।

**४३. सम्पत्ति विवरणसम्बन्धी विशेष अधिकार (पारदर्शिता):**

केन्द्रीय समिति, प्रदेश समिति वा सोसरहका समितिका पदाधिकारी एवम् सदस्यहरू, पार्टीको तर्फबाट नियुक्ति भएका पदाधिकारीहरू, केन्द्रीय अनुशासन आयोगका आफ्नै पदाधिकारी/सदस्यहरू र पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरूको वार्षिक सम्पत्ति विवरण लिने, त्यसको सुरक्षित अभिलेख राख्ने र आवश्यकताअनुसार त्यसमाथि छानबिन गर्ने विशेष अधिकार यस आयोगलाई हुनेछ ।

(१) **प्रतिवेदन पेस गर्ने:**

आयोगले आफ्नो वार्षिक तथा आवधिक कार्यसम्पादनको प्रतिवेदन केन्द्रीय समिति तथा केन्द्रीय परिषद्मा प्रस्तुत गर्नेछ ।

**४४. आयोगको पदावधि, पदमुक्ति र पदपूर्तिसम्बन्धी व्यवस्था:**

(१) **कार्यकाल:** आयोगका पदाधिकारी र सदस्यहरूको कार्यकाल सामान्यतया ५ (पाँच) वर्षको हुनेछ ।

(क) **राजीनामा र पदपूर्ति:**

आयोगका सदस्यले आयोगको प्रमुखसमक्ष र प्रमुखले केन्द्रीय समितिसमक्ष आफ्नो राजीनामा पेस गर्न सक्नेछन् ।

आयोगका पदाधिकारी वा सदस्यको पद कुनै कारणवश रिक्त हुन गएमा, केन्द्रीय समितिले उक्त रिक्त पदपूर्ति (मनोनयन) गर्न सक्नेछ ।

**(ख) पदबाट हटाउन सक्ने:**

आयोगका कुनै पदाधिकारी वा सदस्यले गम्भीर अनुशासनहीन कार्य गरेमा वा पदीय आचरणविपरीत कार्य गरेको पाइएमा, केन्द्रीय समितिको बहुमत निर्णयबाट त्यस्ता पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन सकिनेछ ।

**(ग) कार्यविधि तथा तल्लो तहका आयोगहरू:**

**(१) सञ्चालन स्वायत्तता:**

आफ्नो कामकारबाहीलाई स्वतन्त्र र प्रभावकारी बनाउन केन्द्रीय अनुशासन आयोगले आफ्नो आन्तरिक 'कार्यसम्पादन कार्यविधि' आफैँ निर्माण गरी लागू गर्न सक्नेछ ।

अनुशासनात्मक कारबाहीसम्बन्धी अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको नियमावलीबमोजिम हुनेछ ।

**(२) प्रदेश र जिल्ला अनुशासन आयोग:**

प्रदेश अनुशासन आयोग र जिल्ला अनुशासन आयोगको काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले बनाएको अनुशासन नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

**४५. अनुशासनात्मक कारबाहीको प्रक्रिया:**

**(१) उजुरी, प्रारम्भिक छानबिन र सुनुवाइ:**

पार्टीको कुनै पनि तहको समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी वा सदस्यउपर पार्टीको निर्णयविपरीतका क्रियाकलाप, आर्थिक अनियमितता वा नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा केन्द्रीय अनुशासन आयोगले आवश्यक छानबिन गर्नेछ ।

छानबिनका क्रममा आयोगले सम्बन्धित पक्षको गुनासो सुन्ने र आफ्नो भनाइ राख्ने उचित व्यवस्था मिलाउनेछ ।

(२) **कारबाहीको क्षेत्राधिकार र निर्णय प्रक्रिया:**
आरोपित व्यक्तिको पदीय तहअनुसार कारबाही गर्ने अधिकारक्षेत्र देहायबमोजिम फरक हुनेछ:

(क) **केन्द्रीय तथा प्रदेश तहका पदाधिकारीको हकमा:**
केन्द्रीय समिति (वा सोसरहको समिति) का पदाधिकारी एवम् सदस्य, तथा प्रदेश समिति र प्रदेश आयोगका पदाधिकारीहरूको हकमा केन्द्रीय अनुशासन आयोगले आफैँ कारबाही गर्न सक्ने छैन । आयोगले आवश्यक छानबिन प्रतिवेदनसहित 'सदस्यता निलम्बन' वा 'खारेजी' सम्मको कारबाहीका लागि केन्द्रीय समितिमा सिफारिस पठाउनेछ र सोही सिफारिसका आधारमा केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ । तर केन्द्रीय सभापतिको हकमा यो प्रावधान लागू हुने छैन ।

(ख) **अन्य तहका पदाधिकारी तथा सदस्यको हकमा:**
खण्ड (क) मा उल्लिखित बाहेक अन्य (तल्लो) तहका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी एवम् सदस्यको हकमा केन्द्रीय अनुशासन आयोगले आफैँ 'सदस्यता निलम्बन' सम्मको कारबाही गर्न सक्नेछ । तर, 'सदस्यता खारेजी' (पार्टीबाट निष्कासन) नै गर्नुपर्ने गम्भीर अवस्थामा भने आयोगले केन्द्रीय समितिलाई सिफारिस मात्र गर्नेछ र अन्तिम निर्णय केन्द्रीय समितिले नै गर्नेछ ।

(३) **स्पष्टीकरण र सफाइको मौका:**

(क) **सफाइको अनिवार्य मौका:** कुनै पनि पदाधिकारी वा सदस्यलाई सदस्यताबाट निलम्बन वा खारेजी गर्नुपूर्व केन्द्रीय समिति वा अनुशासन आयोगले निजलाई आरोपको प्रकृति खुलाई स्पष्टीकरणसहित आफ्नो सफाइ पेस गर्ने उचित मौका अनिवार्य रूपमा दिनुपर्नेछ ।

(ख) **अल्पकालीन निलम्बन:** तथापि, तत्काल कारबाही नगर्दा

प्रमाण नष्ट हुन सक्ने वा पार्टीलाई गम्भीर क्षति पुग्न सक्ने विशेष परिस्थिति उत्पन्न भएमा, स्पष्टीकरण सोध्नुअघि नै 'अल्पकालीन रूपमा सदस्यता निलम्बन' गरी छानबिन प्रक्रिया अगाडि बढाउन सकिनेछ ।

(४) **केन्द्रीय समितिको विशेषाधिकारः**

(क) **क्षेत्राधिकार ग्रहणः** गम्भीर राजनीतिक परिस्थिति उत्पन्न भएमा, केन्द्रीय समितिले अनुशासन आयोगको क्षेत्राधिकार आफैँले ग्रहण गर्न सक्नेछ । यस्तो अवस्थामा तत्काल बसेको केन्द्रीय समितिको बैठकको दुई-तिहाइ (२/३) बहुमतबाट सबै कानुनी प्रक्रिया अवलम्बन गरी कुनै पनि पदाधिकारी वा सदस्यउपर सीधै अनुशासनात्मक कार बाही गर्न सकिनेछ ।

(ख) **निर्णय पुनरावलोकनः** पार्टीको सर्वोच्च कार्यकारी निकाय भएको हैसियतले, केन्द्रीय समितिले अनुशासन आयोग वा तल्लो तहले गरेको वा आफैँले गरेको कारबाहीसम्बन्धी निर्णयलाई जुनसुकै बखत बदर, परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

## ४६. केन्द्रीय लेखा आयोगको गठन र व्यवस्थाः

पार्टीको सम्पूर्ण आर्थिक गतिविधि, आय-व्यय र कोष सञ्चालनलाई पूर्ण रूपमा पारदर्शी, विधिसम्मत र जबाफदेही बनाउन तथा आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी रूपमा सम्पन्न गर्न पार्टीमा देहायबमोजिमको एक 'केन्द्रीय लेखा आयोग' रहनेछः

(१) **गठन तथा संरचनाः**

राष्ट्रिय महाधिवेशनपछिको पहिलो केन्द्रीय समितिको बैठकले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरू रहने गरी कुल ११ (एघार) सदस्यीय 'केन्द्रीय लेखा आयोग' गठन गर्नेछ । यो आयोग सीधै केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछ ।

(२) **पदीय मर्यादा र हैसियतः**

यस आयोगका पदाधिकारी तथा सदस्यहरूको साङ्गठनिक मर्यादा

देहायबमोजिम हुनेछः

आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टीको 'सचिवालय समिति' का सदस्यहरूसरह हुनेछ ।

आयोगका अन्य सदस्यहरूको मर्यादा पार्टीको 'केन्द्रीय सदस्य' सरह हुनेछ ।

(३) **दोहोरो जिम्मेवारीमा रोकः**

आयोगको कामकारबाही र लेखापरीक्षणलाई पूर्ण रूपमा स्वतन्त्र र निष्पक्ष बनाउन, यस आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै पनि समिति, आयोग, विभाग वा संयन्त्रमा पदेन वा निर्वाचित सदस्यका रूपमा रहन पाउने छैनन् ।

(४) **आयोगको पदावधि, पदमुक्ति र पदपूर्तिसम्बन्धी व्यवस्थाः**

(क) **कार्यकालः** आयोगका पदाधिकारी र सदस्यहरूको कार्यकाल सामान्यतया ५ (पाँच) वर्षको हुनेछ ।

(ख) **राजीनामा र पदपूर्तिः** आयोगका सदस्यले आयोगको प्रमुखसमक्ष र प्रमुखले केन्द्रीय समितिसमक्ष आफ्नो राजीनामा पेस गर्न सक्नेछन् । आयोगका पदाधिकारी वा सदस्यको पद कुनै कारणवश रिक्त हुन गएमा केन्द्रीय समितिले उक्त रिक्त पदपूर्ति (मनोनयन) गर्न सक्नेछ ।

(ग) **पदबाट निष्कासन गर्न सक्नेः** आयोगका कुनै पदाधिकारी वा सदस्यले गम्भीर आर्थिक अनियमितता गरेमा वा पदीय आचरणविपरीतको कार्य गरेमा, केन्द्रीय समितिको बहुमत निर्णयबाट त्यस्ता पदाधिकारी वा सदस्यलाई पदबाट निष्कासन गर्न सकिनेछ ।

## ४७. प्रदेश लेखा आयोग र अन्य व्यवस्थाः

प्रदेश अधिवेशनपछिको पहिलो प्रदेश समितिले आफ्नो तहको आर्थिक कारोबारको नियमन गर्न 'प्रदेश लेखा आयोग' गठन गर्न सक्नेछ ।

केन्द्रीय लेखा आयोग र प्रदेश लेखा आयोगको सञ्चालनसम्बन्धी अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको नियमावलीबमोजिम हुनेछ ।

## ४८. केन्द्रीय लेखा आयोगको काम, कर्तव्य र अधिकारः

पार्टीको समग्र आर्थिक कारोबार, कोष सञ्चालन र वित्तीय प्रणालीलाई पूर्ण रूपमा पारदर्शी, विधिसम्मत र जवाफदेही बनाउन केन्द्रीय लेखा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **लेखापरीक्षण तथा आर्थिक अनुगमनः**

(क) **नियमित अनुगमनः** केन्द्रीय समितिको समग्र आय-व्यय र कोषाध्यक्षले राखेको आर्थिक कारोबारको विवरणको नियमित अनुगमन तथा निरीक्षण गर्ने ।

(ख) **वार्षिक लेखापरीक्षणः** पार्टीको केन्द्रीय समिति, सम्पूर्ण विभाग, आयोग र अन्य संयन्त्रहरूको आवश्यकता र विधानबमोजिम वार्षिक रूपमा आन्तरिक लेखापरीक्षण गर्ने वा गराउने ।

(२) **नीतिगत सल्लाह तथा नियमनः**

(क) **नियमावली निर्माणः** पार्टीको आर्थिक अनुशासन र पारदर्शिता कायम गर्न आवश्यक पर्ने 'लेखा, कोष तथा आर्थिक व्यवस्थापन नियमावली' को मस्यौदा तयार गरी अनुमोदन तथा कार्यान्वयनका लागि केन्द्रीय समितिमा पेस गर्ने ।

(ख) **सल्लाह र सुझावः** केन्द्रीय समितिलाई आवश्यकताअनुसार पार्टीको लेखा प्रणाली, कोष व्यवस्थापन तथा समष्टिगत आर्थिक विषयमा नीतिगत सल्लाह र सुझाव उपलब्ध गराउने ।

(ग) **निर्देशनको पालनाः** आर्थिक सुशासन कायम गर्ने सन्दर्भमा केन्द्रीय समितिको निर्देशनबमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने र गराउने ।

(३) **विज्ञको नियुक्ति तथा प्रतिवेदनः**

(क) **विज्ञ परिचालनः** लेखापरीक्षणको कार्यलाई थप विश्वसनीय बनाउन आवश्यकताअनुसार स्वतन्त्र 'लेखापरीक्षण विज्ञहरू' नियुक्त गर्ने र उनीहरूसँग आवश्यक समन्वय तथा छलफल गरी लेखापरीक्षण प्रतिवेदन तयार पार्ने ।

(४) **प्रतिवेदन पेस गर्ने:** तयार भएको लेखापरीक्षण प्रतिवेदन आवश्यक कार्यान्वयनका लागि केन्द्रीय समितिमा पेस गर्ने । साथै, आयोगले आफ्नो समग्र कार्यसम्पादनको वार्षिक प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने ।

## ४९. केन्द्रीय निर्वाचन आयोगको गठन र व्यवस्था:

पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ गर्न र पार्टीको उम्मेदवार छनोट रूपरेखा अन्तर्गत रहेको प्रारम्भिक निर्वाचनलाई पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र विधिसम्मत ढङ्गले सम्पन्न गर्न पार्टीमा देहायबमोजिमको एक 'केन्द्रीय निर्वाचन आयोग' रहनेछ:

(१) **गठन तथा संरचना:**

राष्ट्रिय महाधिवेशनपछिको पहिलो केन्द्रीय समितिको बैठकले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरू रहने गरी कुल ११ (एघार) सदस्यीय 'केन्द्रीय निर्वाचन आयोग' गठन गर्नेछ ।

यो आयोग सीधै केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछ ।

(२) **पदीय मर्यादा र हैसियत:**

यस आयोगका पदाधिकारी तथा सदस्यहरूको साङ्गठनिक मर्यादा देहायबमोजिम हुनेछ:

आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टीको 'सचिवालय समिति' का सदस्यहरूसरह हुनेछ ।

आयोगका अन्य सदस्यहरूको मर्यादा पार्टीको 'केन्द्रीय सदस्य' सरह हुनेछ ।

(३) **दोहोरो जिम्मेवारी र उम्मेदवारीमा रोक:**

(क) **दोहोरो जिम्मेवारी:** प्रारम्भिक निर्वाचन लाई पूर्ण रूपमा निष्पक्ष बनाउन, यस आयोगका पदाधिकारी र सदस्यहरू पार्टीका अन्य कुनै पनि समिति, आयोग, विभाग वा संयन्त्रमा पदेन वा निर्वाचित सदस्यका रूपमा रहन पाउने छैनन् ।

(ख) **उम्मेदवारीमा रोक:** आयोगका पदाधिकारी एवम् सदस्यहरू पदमा बहाल रहँदासम्म र पदमुक्त भएको ६ महिनासम्म

पार्टीको कुनै पनि आन्तरिक वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न पाउने छैनन् । तर, केन्द्रीय समितिले निर्णय गरेको खण्डमा भने यो उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(४) **आयोगको पदावधि, पदमुक्ति र पदपूर्तिसम्बन्धी व्यवस्थाः**

(क) **कार्यकालः** आयोगका पदाधिकारी र सदस्यहरूको कार्यकाल सामान्यतया ५ (पाँच) वर्षको हुनेछ ।

(ख) **राजीनामा र पदपूर्तिः** आयोगका सदस्यले आयोगको प्रमुखसमक्ष र प्रमुखले केन्द्रीय समितिसमक्ष आफ्नो राजीनामा पेस गर्न सक्नेछन् । आयोगका पदाधिकारी वा सदस्यको पद कुनै कारणवश रिक्त हुन गएमा, प्रदेश समितिले उक्त रिक्त पदपूर्ति (मनोनयन) गर्न सक्नेछ ।

(ग) **महाअभियोगः** आयोगका कुनै पदाधिकारी वा सदस्यले निर्वाचनमा धाँधली गरेमा वा पदीय आचरणविपरीतको कार्य गरेमा, प्रदेश समितिको दुई-तिहाइ (२/३) बहुमतले त्यस्ता पदाधिकारी वा सदस्यलाई महाअभियोग लगाई पदबाट निष्कासन गर्न सक्नेछ ।

(५) **प्रदेश निर्वाचन आयोग र अन्य व्यवस्थाः**

प्रदेश अधिवेशनमा निर्वाचन सम्पन्न गर्नका लागि प्रदेश अधिवेशन हुनुभन्दा अगाडिको प्रदेश समितिको बैठकले ‘प्रदेश निर्वाचन आयोग’ गठन गर्नेछ ।

प्रदेश निर्वाचन आयोग सञ्चालनसम्बन्धी अन्य विस्तृत व्यवस्था केन्द्रीय समिति वा केन्द्रीय समितिले प्रत्यायोजन गरेको संरचनाले निर्माण गरेको रूपरेखा बमोजिम हुनेछ ।

## ५०. केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारः

पार्टीका सम्पूर्ण निर्वाचन प्रक्रियाको सर्वोच्च नियमनकारी निकायका रूपमा केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) **आन्तरिक निर्वाचन सञ्चालनः**

पार्टीको राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका अधिवेशन र वडा अधिवेशनलगायत सबै तहका आन्तरिक निर्वाचनहरू विधान र नियमावलीले तोकेबमोजिम स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न गर्ने र गराउने ।

**(२) प्रारम्भिक निर्वाचन सञ्चालनः**

राज्यका विभिन्न तहका निर्वाचन (स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभा) मा पार्टीको तर्फबाट उठ्ने उम्मेदवारहरूको उम्मेदवारी छनोटका लागि उम्मेदवार छनोट रूपरेखा अन्तर्गत गरिने 'प्रारम्भिक निर्वाचन' को सम्पूर्ण व्यवस्थापन, सञ्चालन र नतिजा प्रकाशन गर्ने ।

**(३) मतदाता नामावली र निर्वाचन आचारसंहिताः**

पार्टीको आन्तरिक वा प्रारम्भिक निर्वाचनका लागि सदस्यहरूको अद्यावधिक विवरण (मतदाता नामावली) तयार गर्ने, अन्तिम नामावली प्रकाशन गर्ने, मतदान प्रक्रियाको व्यवस्थापन गर्ने र 'निर्वाचन आचारसंहिता' निर्माण गरी त्यसको कडा अनुगमन गर्ने ।

## भाग - १३
## योग्यता, पद रिक्त, पद मुक्त तथा पदपूर्ति

### ५१. पदाधिकारी तथा सदस्यको योग्यताः

(१) पार्टीको कुनै पनि तहको समिति, विभाग, आयोग वा संयन्त्रको सदस्य वा पदाधिकारी बन्नका लागि निज अनिवार्य रूपमा पार्टीको 'सक्रिय सदस्य' भएको हुनुपर्नेछ ।

(२) तर, सक्रिय सदस्य हुनुपर्ने यो बाध्यात्मक व्यवस्था पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न भएपश्चात् मात्र लागू हुनेछ ।

### ५२. पद स्वतः रिक्त हुने अवस्थाहरूः

पार्टीको कुनै पनि तहको समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी वा सदस्यको पद देहायका अवस्थामा स्वतः रिक्त भएको मानिनेछः

(१) निजको मृत्यु भएमा ।

(२) निजले आफ्नो पदबाट दिएको राजीनामा सम्बन्धित समिति वा निकायबाट स्वीकृत भएमा ।

(३) विधानको सदस्यता समाप्ति बमोजिम निजको पार्टी सदस्यता खारेज वा समाप्त भएमा ।

(४) मनोनीत पदाधिकारी वा सदस्यको हकमा, निजलाई मनोनयन गर्ने अधिकारप्राप्त अधिकारी वा निकायले निजलाई पदबाट हटाएमा वा जिम्मेवारी हेरफेर गरेमा ।

(५) निजलाई पदमुक्त (बर्खास्त) गरिएमा ।

**५३. पदमुक्त गरिने प्रक्रिया:**

निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई देहायको प्रक्रियाबमोजिम पदमुक्त गर्न सकिनेछ:

**(१) दुई-तिहाइ बहुमतबाट प्रत्याह्वान:**

कुनै पनि तहको निर्वाचित पदाधिकारी वा सदस्यलाई निजलाई निर्वाचित गर्ने सम्बन्धित निकाय (जस्तैः अधिवेशन) को दुई-तिहाइ (२/३) बहुमतले मनासिब कारणसहित अविश्वासको प्रस्ताव पारित गरी जुनसुकै बखत पदमुक्त गर्न सक्नेछ ।

**(२) कार्यक्षमता अभाव र निष्क्रियताका कारण पदमुक्ति:**

देहायका कुनै पनि अवस्था प्रमाणित भएमा सम्बन्धित समिति, विभाग वा संयन्त्रले आफ्ना पदाधिकारी वा सदस्यलाई पदबाट हटाउन सक्नेछ:

**(क) लगातार अनुपस्थिति:** सम्बन्धित समितिको बैठकमा पूर्वसूचना बिना वा दिएको सूचना मनासिब नठहरी, वा सम्बन्धित समितिको अवहेलना गर्दै लगातार ३ (तीन) पटकसम्म (वा ३ पटक बैठक बस्ने अवधिभित्रका बैठकहरूमा) अनुपस्थित रहेमा ।

**(ख) कमजोर कार्यसम्पादन:** विधान, नियमावली, कार्यविधि वा समितिले तोकेको जिम्मेवारी पूरा नगरेमा, कार्यसम्पादन मूल्याङ्कन कमजोर देखिएमा वा निजको कार्य नतिजामुखी नभएमा ।

(३) **पदमुक्ति गर्दा अपनाउनुपर्ने कानुनी प्रक्रियाः**

उपदफा (२) को (क) र (ख) को अवस्थामा कुनै पदाधिकारी वा सदस्यलाई पदमुक्त गर्नुअघि देहायको प्रक्रिया अनिवार्य रूपमा अवलम्बन गर्नुपर्नेछः

(क) **सफाइको मौकाः** सम्बन्धित समिति वा निकायले निजलाई आरोपको प्रकृति खुलाई स्पष्टीकरणसहित सफाइ पेस गर्ने उचित मौका दिनुपर्नेछ ।

(ख) **उपल्लो समितिको सहमतिः** निजको स्पष्टीकरण चित्तबुझ्दो नभई पदमुक्त गर्नुपर्ने अवस्थामा कारबाही गर्ने (तल्लो) समितिले अनिवार्य रूपमा आफूभन्दा 'एक तह माथिल्लो (उपल्लो) समिति' को पूर्वसहमति लिनुपर्नेछ ।

(ग) **केन्द्रीय समितिको हकमाः** तर, केन्द्रीय समितिका पदाधिकारी वा सदस्यको हकमा माथिल्लो निकाय नहुने हुँदा केन्द्रीय समिति आफैँले स्पष्टीकरण सोधी पदमुक्त गर्ने अन्तिम निर्णय गर्न सक्नेछ (अन्य निकायको सहमति आवश्यक पर्ने छैन) ।

## ५४. पदपूर्ति सम्बन्धी व्यवस्था

पार्टीको कुनै पनि तहको पद कुनै पनि कारणले रिक्त हुन गएमा देहायको प्रक्रियाबमोजिम पदपूर्ति गरिनेछः

(१) **मनोनीत पदको हकमाः**

कुनै पनि तहको मनोनीत पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा, जुन प्रक्रियाबाट मनोनयन भएको हो, सोही प्रक्रिया बमोजिम नयाँ व्यक्ति मनोनयन गरी पदपूर्ति गरिनेछ ।

(२) **निर्वाचित पदाधिकारी तथा सदस्यको हकमा (सभापतिबाहेक):**

(क) **पदपूर्ति प्रक्रियाः** दुई महाधिवेशन वा अधिवेशनबीचको अवधिमा केन्द्रीय समिति, अनुशासन आयोग, लेखा आयो ग तथा प्रदेश, जिल्ला, पालिका र वडा समितिको कुनै निर्वाचित/मनोनित पद (सभापति बाहेक) रिक्त हुन गएमा जुन प्रक्रियाबाट पदपूर्ति भएको हो सोहि प्रक्रियाबाट योग्यता पुगेका पार्टी सदस्यहरूमध्येबाट पदपूर्ति गर्नेछ ।

(ख) **हैसियत र कार्यकाल:** यसरी पदपूर्ति गरिएको पदलाई विधानतः 'निर्वाचित पद' नै मानिनेछ र निजको कार्यकाल साविकको पदाधिकारी वा सदस्यको बाँकी अवधिका लागि मात्र हुनेछ ।

(३) **कुनै पनि तहको सभापतिको पद रिक्त भएमा:**
पार्टीको केन्द्रदेखि वडासम्मका कुनै पनि तहको सभापतिको पद रिक्त हुन गएमा देहायबमोजिमको व्यवस्था लागू हुनेछः

(क) **कार्यवाहकको व्यवस्था:** सभापतिको पद रिक्त हुनेबित्तिकै नयाँ निर्वाचन सम्पन्न नभएसम्म सम्बन्धित तहको उपसभापतिले 'कार्यवाहक सभापति' को जिम्मेवारी सम्हाल्नेछ । एकभन्दा बढी उपसभापति रहेको अवस्थामा सम्बन्धित महाधिवेशन/अधिवेशनमा सर्वाधिक मत प्राप्त गर्ने उपसभापतिले उक्त जिम्मेवारी पाउनेछ । कुनै कारणवश उपसभापति पनि अनुपस्थित रहेमा सम्बन्धित समितिको उमेरका आधारमा सबैभन्दा ज्येष्ठ सदस्यले कार्यवाहक भई कार्य गर्नेछ ।

(ख) **नयाँ निर्वाचन:** सभापतिको पद रिक्त भएको ६ (छ) महिनाभित्र सम्बन्धित तहको प्रक्रिया मार्फत नै नयाँ सभापतिको निर्वाचन सम्पन्न गरिसक्नुपर्नेछ । यस निर्वाचनमा उम्मेदवारको योग्यता र निर्वाचन प्रक्रिया महाधिवेशन/अधिवेशनमा तोकिएबमोजिम नै हुनेछ, तर मतदाता भने सम्बन्धित तहका 'अधिवेशन प्रतिनिधि सदस्यहरू' मात्र हुनेछन् । यसरी निर्वाचित नयाँ सभापतिको कार्यकाल बाँकी अवधिका लागि मात्र हुनेछ ।

(ग) **निर्वाचन गर्न नपर्ने अपवाद:** खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि, राष्ट्रिय महाधिवेशन हुन १ (एक) वर्षभन्दा कम र अन्य (तल्लो) तहको अधिवेशन हुन ६ (छ) महिनाभन्दा कम समय बाँकी रहेको अवस्थामा सभापतिको पद रिक्त हुन गएमा नयाँ सभापतिको निर्वाचन गरिरहनु पर्ने छैन (उक्त अवधिसम्म कार्यवाहकले नै नेतृत्व गर्नेछ) ।

# भाग - १४

## तहगत कार्यालय तथा प्रशासनिक व्यवस्था

**५५. केन्द्रीय कार्यालय र कार्यालय सचिवको व्यवस्थाः**

पार्टीको केन्द्रीय कार्यालयको दैनिक प्रशासन र व्यवस्थापनलाई चुस्त, व्यावसायिक र प्रविधिमैत्री बनाउन देहायबमोजिमको प्रशासनिक संरचना रहनेछः

(१) **कार्यालय सचिवको नियुक्तिः**

केन्द्रीय समितिले तोकिएको न्यूनतम शैक्षिक योग्यता र प्रशासनिक अनुभव पुगेका नेपाली नागरिकहरूमध्येबाट खुल्ला प्रतिस्पर्धाका आधारमा एक जना 'केन्द्रीय कार्यालय सचिव' को नियुक्ति गर्नेछ ।

(२) **काम, कर्तव्य र अधिकारः**

कार्यालयको प्रमुख प्रशासकीय अधिकृतका रूपमा केन्द्रीय कार्यालय सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) **प्रशासनिक नेतृत्व तथा अभिलेखीकरणः** पार्टीको केन्द्रीय कार्यालयको दैनिक कार्यसञ्चालन गर्ने, कार्यालयको सम्पत्ति, अभिलेख र तथ्याङ्कहरूको सुरक्षित व्यवस्थापन गर्ने र सम्पूर्ण प्रशासनिक कार्यको नेतृत्व लिने ।

(ख) **समन्वय तथा सञ्चारः** पार्टीका विभिन्न तहका समिति, विभाग, आयोग र संयन्त्रहरूबीच आवश्यक सम्पर्क स्थापित गर्ने र दोहोरो सञ्चार प्रणालीलाई व्यवस्थित गर्ने ।

(ग) **बैठक तथा कार्यक्रम व्यवस्थापनः** केन्द्रीय तहमा आयोजना हुने समिति वा पदाधिकारीका बैठक तथा अन्य औपचारिक कार्यक्रमहरूको लजिस्टिक र व्यवस्थापकीय तयारी गर्ने ।

(घ) **पदाधिकारीलाई सहजीकरणः** पार्टीका केन्द्रीय पदाधिकारीहरूलाई उनीहरूको पदीय दायित्व प्रभावकारी

रूपमा निर्वाह गर्न आवश्यक प्रशासकीय सहयोग उपलब्ध गराउने र केन्द्रीय समितिको निर्देशनबमोजिमका अन्य प्रशासनिक कार्यहरू गर्ने ।

(३) **कर्मचारी व्यवस्थापन र सञ्चालनः**

(क) **चेन अफ कमान्डः** केन्द्रीय कार्यालयमा कार्यरत अन्य सम्पूर्ण कर्मचारीहरू केन्द्रीय कार्यालय सचिवको प्रत्यक्ष मातहत र निर्देशनमा रहनेछन् ।

(ख) **प्रशासनिक नियमावलीः** कार्यालय सचिव तथा अन्य कर्मचारीहरूको सेवा, सर्त, सुविधा र केन्द्रीय कार्यालय सञ्चालनसम्बन्धी अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको 'प्रशासनिक नियमावली' बमोजिम हुनेछ ।

**५६. प्रदेश, जिल्ला तथा पालिका कार्यालयको व्यवस्थाः**

पार्टीको साङ्गठनिक सञ्जाललाई तल्लो तहसम्म व्यवस्थित र क्रियाशील बनाउन देहायबमोजिमका कार्यालयहरू रहनेछन्:

(१) **कार्यालय स्थापना र प्रशासनिक समन्वय :**

पार्टीको दैनिक प्रशासनिक कार्य, अभिलेखीकरण र आन्तरिक सञ्चारलाई व्यवस्थित गर्न प्रदेश, जिल्ला र पालिका तहमा सम्बन्धित तहका 'पार्टी कार्यालयहरू' स्थापना गरिनेछन् ।

**दोहोरो नियन्त्रणको स्पष्टताः** यी कार्यालयहरू राजनीतिक र कार्यकारी रूपमा सम्बन्धित तहको 'कार्यसमिति' को प्रत्यक्ष निर्देशन र नियन्त्रणमा सञ्चालन हुनेछन् । तर, प्राविधिक, पत्राचार र प्रशासनिक मापदण्डका हकमा भने यी कार्यालयहरू 'केन्द्रीय कार्यालय' को समन्वय र मातहतमा रहनेछन् ।

(२) **कार्यालयको काम र दायित्वः**

सम्बन्धित तहका कार्यालयहरूको मुख्य दायित्व देहायबमोजिम हुनेछ:

(क) **प्रशासन र अभिलेखः** सम्बन्धित तहको दैनिक कार्यसञ्चालन गर्ने, पत्राचार (दर्ता-चलानी) व्यवस्थित गर्ने, बैठकहरूको माइन्युट (निर्णयपुस्तिका) तथा पार्टी सदस्य र मतदाताहरूको तथ्याङ्क सुरक्षित रूपमा भण्डारण गर्ने ।

(ख) **सञ्जाल समन्वयः** आफूभन्दा माथिल्लो (केन्द्र/प्रदेश) र तल्लो (पालिका/वडा) तहका कार्यालयहरूसँग निरन्तर सम्पर्क स्थापित गरी सूचनाको दोहोरो आदानप्रदान सुनिश्चित गर्ने ।

(ग) **सहजीकरणः** सम्बन्धित तहका पदाधिकारी र कार्यसमितिलाई उनीहरूको पदीय दायित्व प्रभावकारी रूपमा निर्वाह गर्न आवश्यक पर्ने सम्पूर्ण प्रशासकीय तथा लजिस्टिक सहयोग उपलब्ध गराउने ।

(३) **सञ्चालन र कर्मचारी व्यवस्थापनः**
प्रदेश, जिल्ला र पालिका कार्यालयको सञ्चालन, कार्यालयको भौतिक व्यवस्थापन, र त्यहाँ कार्यरत कर्मचारी वा कार्यालय सचिवको नियुक्ति, सेवा, सर्त तथा सुविधासम्बन्धी सम्पूर्ण व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको 'प्रशासनिक नियमावली' बमोजिम हुनेछ ।

## भाग - १५
## पुनरावेदन तथा न्यायिक पुनरावलोकन

### ५७. पुनरावेदन समितिको गठन र व्यवस्थाः

केन्द्रीय अनुशासन आयोगबाट भएको कारबाहीउपर परेका निवेदनहरूको न्यायिक सुनुवाइ गर्न पार्टी केन्द्रमा एक 'केन्द्रीय पुनरावेदन समिति' र हनेछः

(१) **गठन प्रक्रियाः** केन्द्रीय समितिले पार्टी सभापतिको प्रस्तावमा प्रमुख १, उपप्रमुख १, सचिव १ र अन्य २ सदस्य गरी कुल ५ (पाँच) सदस्यीय पुनरावेदन समिति गठन गर्नेछ ।

(२) **स्वार्थको द्वन्द्वमा रोकः** प्राकृतिक न्यायको सिद्धान्तबमोजिम, न्यायिक निष्पक्षता कायम राख्न कुनै पनि तहको 'अनुशासन आयोग' मा बहाल रहेका पदाधिकारी वा सदस्यहरू यस पुनरावेदन समितिमा बस्न पाउने छैनन् ।

(३) **पुनरावेदनको तह र क्षेत्राधिकार :**

कुनै पनि तहको अनुशासन आयोग वा समितिले गरेको अनुशासनात्मक कारबाही चित्त नबुझ्ने पक्षले कारबाहीको निर्णय वा पत्र प्राप्त गरेको मितिले ३५ (पैँतीस) दिनभित्र देहायबमोजिमको तहमा पुनरावेदन गर्न सक्नेछः

(क) **तल्लो तहको कारबाहीमाः** तल्लो तह (जिल्ला वा पालिका) को अनुशासन आयोगले गरेको कारबाहीउपर एक तह माथिल्लो 'प्रदेश अनुशासन आयोग' मा पुनरावेदन लाग्नेछ ।

(ख) **प्रदेशको कारबाहीमाः** प्रदेश अनुशासन आयोगले गरेको कारबाहीउपर 'केन्द्रीय अनुशासन आयोग' मा पुनरावेदन लाग्नेछ ।

(ग) **केन्द्रीय आयोगको कारबाहीमाः** केन्द्रीय अनुशासन आयोगले गरेको कारबाहीउपर 'केन्द्रीय पुनरावेदन समिति' समक्ष निवेदन दिनुपर्नेछ ।

(४) **पुनरावेदन समितिको काम, कर्तव्य र सुनुवाइ प्रक्रियाः**

पुनरावेदन समितिमा दर्ता हुन आएका निवेदनहरूको सुनुवाइ र अन्तिम किनारा देहायको प्रक्रियाबमोजिम हुनेछः

(क) **छानबिन र पुनः सुनुवाइः** समितिले प्राप्त निवेदनउपर स्वतन्त्र र निष्पक्ष रूपमा छानबिन गर्नेछ । छानबिनका क्रममा समितिले आवश्यक देखेमा निवेदक (कारबाहीमा परेको सदस्य) लाई बोलाएर निजको गुनासोको पुनः सुनुवाइ गर्न र थप प्रमाणहरू मगाउन सक्नेछ ।

(ख) **प्रतिवेदन र सिफारिसः** विस्तृत छानबिनपश्चात्, समितिले अघिल्लो कारबाहीलाई 'सदर गर्ने, बदर गर्ने वा परिमार्जन (सजाय हेरफेर) गर्ने' भन्ने आफ्नो स्पष्ट राय र सिफारिससहितको प्रतिवेदन पार्टी सभापतिसमक्ष पेस गर्नेछ ।

(ग) **अन्तिम निर्णयः** पुनरावेदन समितिले दिएको सिफारिस प्रतिवेदनका आधारमा पार्टी सभापतिले अन्तिम निर्णयका

लागि केन्द्रीय समितिको बैठकमा प्रस्ताव पेस गर्नेछन् । उक्त प्रस्तावउपर केन्द्रीय समितिले गरेको निर्णय नै पार्टीको अन्तिम निर्णय हुनेछ ।

(५) **केन्द्रीय समितिको निर्णयउपर 'पुनरावलोकन' (सम्बन्धी विशेष व्यवस्था:**

यस विधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, यदि केन्द्रीय समिति आफैँले (आफ्नो विशेषाधिकार प्रयोग गरी) कुनै पदाधिकारी वा सदस्यलाई अनुशासनात्मक कारबाही (जस्तैः सदस्यता खारेजी) गरेको अवस्थामा सोउपर 'पुनरावेदन समिति' मा उजुरी लाग्ने छैन ।

त्यस्तो निर्णयउपर सम्बन्धित पक्षले ३५ दिनभित्र केन्द्रीय समिति समक्ष नै 'पुनरावलोकन' का लागि निवेदन दिन सक्नेछ । नयाँ प्रमाण वा तथ्य देखिएमा केन्द्रीय समितिले आफ्नो अघिल्लो निर्णयलाई बदर वा संशोधन गर्न सक्नेछ ।

(६) **कार्यविधि:**

पुनरावेदन र पुनरावलोकनसम्बन्धी अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको नियमावली बमोजिम हुनेछ ।

## भाग - १६
## पार्टीको कोष, आर्थिक व्यवस्थापन तथा लेखापरीक्षण

### ५८. पार्टी कोषको व्यवस्था र आर्थिक स्रोतहरू:

पार्टीको दैनिक प्रशासनिक कार्य, साङ्गठनिक विस्तार र राजनीतिक गतिविधिहरू सञ्चालन गर्न पार्टीको आफ्नै एक 'पार्टी कोष' रहनेछ । उक्त कोषमा देहायबमोजिमका वैध स्रोतहरूबाट प्राप्त रकम जम्मा गरिनेछः

(१) **सदस्यता तथा लेबी:** साधारण तथा सक्रिय सदस्यहरूबाट प्राप्त हुने प्रवेश शुल्क, नवीकरण शुल्क र विधानबमोजिम तोकिएको लेबी ।

(२) **स्वैच्छिक सहयोग र चन्दाः** पार्टी सदस्य वा शुभेच्छुक नेपालीहरूबाट बाट प्राप्त हुने स्वैच्छिक नगद वा जिन्सी सहयोग/दान ।

(३) **शुल्कः** पार्टीको आन्तरिक उम्मेदवार छनोट रूपरेखा को अधीनमा रहेर क्यान्डिडेट क्लब, लिडरसिप एकेडेमी र उम्मेदवार छनोट प्रक्रियामा सहभागी हुँदा बुझाउने तोकिएबमोजिमको शुल्क ।

(४) **प्रकाशन तथा सम्पत्ति परिचालनः** पार्टीका मुखपत्र, नीतिगत दस्तावेज वा प्रकाशनहरूको बिक्री-वितरणबाट प्राप्त आय तथा पार्टीको स्वामित्वमा रहेको भौतिक सम्पत्तिको परिचालन (भाडा, लिज आदि) बाट प्राप्त आय ।

(५) **विशेष अभियानः** पार्टीले सञ्चालन गर्ने विशेष आर्थिक सङ्कलन अभियान वा अन्य रचनात्मक कार्यक्रमहरूबाट सङ्कलित आय ।

## ५९. कानुनी परिपालना र पारदर्शिताः

(१) **प्रचलित कानुनको अधीनमाः** यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि, पार्टीको कोष सङ्कलन, व्यवस्थापन, खर्च र बैंकिङ कारोबार पूर्ण रूपमा 'नेपालको संविधान' र 'राजनीतिक दलसम्बन्धी प्रचलित कानुन' को अधीनमा रही सञ्चालन गरिनेछ ।

(२) **प्रतिबन्धित स्रोतः** पार्टीले कानुनद्वारा बन्देज लगाइएका विदेशी नागरिक, विदेशी संस्था, वा अज्ञात तथा अवैध स्रोतबाट कुनै पनि प्रकारको आर्थिक सहयोग वा चन्दा स्वीकार गर्ने छैन ।

## ६०. पार्टी कोषको सञ्चालन तथा व्यवस्थापनः

पार्टीको समग्र आर्थिक कारोबारलाई विधिसम्मत, पारदर्शी र पूर्ण जवाफदेही बनाउन कोषको सञ्चालन र व्यवस्थापन देहायबमोजिम गरिनेछः

(१) **संस्थागत संयन्त्र र बैंकिङ प्रणालीः**

(क) **आर्थिक व्यवस्थापन संयन्त्रः** पार्टीको कोष सञ्चालन तथा व्यवस्थापनका लागि केन्द्र, प्रदेश, जिल्ला र पालिका

तहमा विधान र नियमावलीले तोकेबमोजिमका 'आर्थिक व्यवस्थापन विभाग' वा संयन्त्रहरू रहनेछन् ।

(ख) **अनिवार्य बैंकिङ कारोबारः** आर्थिक पारदर्शिता सुनिश्चित गर्न पार्टीका सबै तहका समितिहरूले आफ्नो नगद सङ्कलन तथा सम्पूर्ण आय-व्ययको कारोबार अनिवार्य रूपमा बैंकिङ प्रणाली मार्फत मात्र गर्नुपर्नेछ ।

(ग) **खाता सञ्चालनः** बैंक खाताको सञ्चालन सम्बन्धित समितिको औपचारिक निर्णयबमोजिम तोकिएका प्रमुख पदाधिकारीहरूको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

(२) **आर्थिक नियमावली र लेखापरीक्षणः**

कोषको समग्र व्यवस्थापन, खर्चको मापदण्ड र सञ्चालन प्रक्रिया केन्द्रीय समितिले निर्माण गरेको 'आर्थिक व्यवस्थापन नियमावली' बमोजिम हुनेछ ।

पार्टीका हरेक तहले प्रत्येक आर्थिक वर्षको अन्त्यमा आफ्नो आय-व्ययको अनिवार्य रूपमा आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनुपर्नेछ र सोको प्रतिवेदन आ-आफ्नो तहको अधिवेशन, भेलाको बैठकमा अनुमोदनका लागि प्रस्तुत गर्नुपर्नेछ ।

(३) **सम्पत्तिको स्वामित्वः**

पार्टीका जुनसुकै तह, निकाय वा कार्यालयको नाममा प्राप्त, खरिद वा आर्जन भएका सम्पूर्ण चल, अचल तथा जिन्सी सम्पत्तिहरूमाथि पूर्ण र एकल स्वामित्व 'केन्द्रीय समिति' को मात्र रहनेछ । तल्लो तहका समितिहरूले उक्त सम्पत्तिको संरक्षण र उपयोग मात्र गर्न पाउनेछन् ।

(४) **ऋण तथा दायित्वको सीमाः**

केन्द्रीय समितिको पूर्व लिखित स्वीकृतिबिना पार्टीको कुनै पनि तहको समिति, विभाग, पदाधिकारी वा सदस्यले पार्टीको नाममा लिएको कुनै पनि प्रकारको ऋण वा सिर्जना गरेको आर्थिक दायित्वप्रति पार्टी जवाफदेही हुने छैन ।

यस्तो अनधिकृत ऋण वा आर्थिक दायित्वको सम्पूर्ण कानुनी र व्यावहारिक जवाफदेहिता सम्बन्धित व्यक्ति वा समिति आफैँले व्यक्तिगत रूपमा व्यहोर्नुपर्नेछ ।

**(५) लेखापरीक्षण तथा आर्थिक अनुशासनः**

पार्टीको समग्र आर्थिक प्रणालीलाई पारदर्शी बनाउन र आर्थिक अनुशासन कायम राख्न देहायबमोजिमको व्यवस्था हुनेछः

**(६) लेखापरीक्षण प्रणालीः**

पार्टीका सम्पूर्ण तहका निकायहरूको आय र व्ययको वार्षिक विवरणको अनिवार्य रूपमा अन्तिम लेखापरीक्षण गरिनेछ ।

यस कार्यका लागि 'केन्द्रीय लेखा आयोग' ले स्वतन्त्र तथा मान्यता प्राप्त लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक तथा सेवाका सर्तहरू तोक्नेछ ।

**(७) कानुनी ढाँचा र प्रतिवेदनः**

पार्टीको आय-व्ययको सम्पूर्ण हिसाबकिताब र विवरण 'राजनीतिक दलसम्बन्धी ऐन' ले तोकेको कानुनी ढाँचामा राखिनेछ ।

ऐनले तोकेको म्यादभित्र लेखापरीक्षण कार्य सम्पन्न गरी सोको आधिकारिक प्रतिवेदन सम्बन्धित जिम्मेवार पदाधिकारीमार्फत 'निर्वाचन आयोग' मा पेस गरिनेछ ।

पूर्ण पारदर्शिताको अभ्यास गर्दै, निर्वाचन आयोगमा बुझाइएको उक्त लेखापरीक्षण प्रतिवेदन आम नागरिक र पार्टी सदस्यहरूको जानकारीका लागि सार्वजनिक गरिनेछ ।

**(८) कोष अपचलनउपर गम्भीर कारबाहीः**

पार्टीको कोष, सम्पत्ति वा स्रोतसाधनको हिनामिना वा अपचलन गर्ने कार्यलाई पार्टीभित्रको 'सबैभन्दा गम्भीर प्रकृतिको अपराध मध्य एक' मानिनेछ ।

कुनै पनि तहको पदाधिकारी, सदस्य वा कर्मचारीले पार्टीको कोष अपचलन गरेको प्रमाणित भएमा निजलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी तत्काल निष्कासन (बर्खास्त) गरिनेछ । साथै, अपचलन भएको सम्पूर्ण रकम असुलउपर गरी निजउपर प्रचलित कानुनबमोजिम कडा कानुनी कारबाही (फौजदारी तथा देवानी) अगाडि बढाइनेछ ।

## भाग -१७
## बैठक र निर्णय

**६१. बैठक आह्वान तथा निर्णयसम्बन्धी व्यवस्थाः**

पार्टीका हरेक तहका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रहरूको बैठक सञ्चालन र निर्णय प्रक्रिया देहायबमोजिम हुनेछः

(१) **बैठक आह्वान र अध्यक्षताः**

पार्टीका हरेक तहगत समिति, विभाग, आयोग लगायत अन्य सम्पूर्ण संयन्त्रको बैठक आह्वान गर्ने र त्यसको अध्यक्षता (नेतृत्व) गर्ने अधिकार सम्बन्धित निकायको 'प्रमुख' लाई हुनेछ । प्रमुखको अनुपस्थितिमा, निजले तोकेको 'उपप्रमुख' ले बैठकको अध्यक्षता गर्नेछ ।

(२) **निर्णय प्रक्रियाः**

हरेक तहगत समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रले आफ्ना बैठकहरूमा कुनै पनि विषयमा निर्णय गर्दा सामान्यतया 'बहुमत' को आधारमा गर्नेछन् ।

तर, यस विधानमा कुनै खास विषयका लागि छुट्टै प्रक्रिया (जस्तैः दुई-तिहाइ बहुमत) उल्लेख गरिएको अवस्थामा भने सोही विधानमा उल्लेख गरिएबमोजिम नै निर्णय हुनेछ ।

**६२. नियमित बैठकको समयावधि र विशेष बैठकसम्बन्धी व्यवस्थाः**

पार्टीका विभिन्न तहगत समिति, विभाग ,आयोग लगायतका संयन्त्र हरूलाई जीवन्त र क्रियाशील राख्न बैठकको समयावधि र विशेष बैठक आह्वानको प्रक्रिया देहायबमोजिम हुनेछः

(१) **नियमित बैठकको समयावधिः**

विधानमा उल्लिखित संयन्त्रहरूको नियमित बैठक देहायबमोजिमको समयावधिमा बस्नु अनिवार्य हुनेछः

(क) **वडा समितिः** प्रत्येक २ (दुई) महिनामा न्यूनतम १ पटक ।

(ख) **पालिका समितिः** प्रत्येक ३ (तीन) महिनामा न्यूनतम १ पटक ।

(ग) **निर्वाचन क्षेत्र समितिः** प्रत्येक ३( तीन) महिनामा न्यूनतम १ पटक ।

(घ) **जिल्ला समितिः** प्रत्येक २ (दुई) महिनामा न्यूनतम १ पटक ।

(ङ) **प्रदेश समितिः** प्रत्येक ३ (तीन) महिनामा न्यूनतम १ पटक ।

(च) **केन्द्रीय विभागः** प्रत्येक २(दुई) महिनामा न्यूनतम एकपटक

(छ) **केन्द्रीय समितिः** प्रत्येक ४ (चार) महिनामा न्यूनतम १ पटक ।

(ज) **केन्द्रीय सचिवालयः** प्रत्येक १(एक) महिनामा न्यूनतम एकपटक ।

(झ) **सम्बन्धित तहको भेलाः** प्रत्येक १५ (पन्ध्र) महिनामा एकपटक भेला गर्नुपर्ने छ ।

अन्यको हकमा सम्बन्धित कार्यविधिले तोके बमोजिम ।

(२) **विशेष बैठकको माग र बाध्यात्मक व्यवस्थाः**

उपदफा (१) मा तोकिएको समयावधिभित्र सम्बन्धित निकायको प्रमुखले नियमित बैठक आह्वान नगरेमा, उक्त निकायका कम्तीमा एक-चौथाइ (१/४) सदस्यहरूले बैठक बोलाउन माग गर्दै लिखित निवेदन दिन सक्नेछन् ।

यसरी सदस्यहरूबाट लिखित निवेदनसहित बैठकको माग भई आएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित निकायको प्रमुखले अनिवार्य रूपमा बैठक बोलाउनुपर्नेछ ।

(३) **विशेष बैठक सञ्चालन र अध्यक्षताः**

लिखित निवेदन दिएको १५ दिन बितिसक्दा पनि प्रमुखले बैठक नबोलाएमा, लिखित निवेदन दिने सदस्यहरू आफैं भेला भई विशेष बैठक बस्न सक्नेछन् ।

यसरी विशेष परिस्थितिमा बसेको बैठकको अध्यक्षता सम्बन्धित निकायको 'उपप्रमुख' ले गर्नेछ । यदि उपप्रमुख पनि अनुपस्थित रहेको अवस्थामा, उपस्थित सदस्यहरूमध्ये उमेरका आधारमा सबैभन्दा जेष्ठ सदस्यले उक्त बैठकको अध्यक्षता गर्नेछ ।

**(४) विशेष बैठकको गणपूरक सङ्ख्याः**

यस प्रक्रियाबमोजिम सदस्यहरू आफैँले बोलाएको विशेष बैठकले आधिकारिक मान्यता पाउनका लागि बैठकमा उक्त निकायका कुल सदस्य सङ्ख्याको कम्तीमा दुई-तिहाइ (२/३) सदस्यहरूको उपस्थिति अनिवार्य हुनुपर्नेछ । तोकिएको दुई-तिहाइ सदस्य उपस्थित नभएमा उक्त बैठकले मान्यता पाउने छैन ।

**(५) बैठकको गणपूरक सङ्ख्याः**

पार्टीका सबै तहका निकायहरूको बैठकको आधिकारिकता र निर्णयको वैधानिकता सुनिश्चित गर्न 'गणपूरक सङ्ख्या' सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

**(क) साधारण गणपूरक सङ्ख्याः** पार्टीका सबै तहका समिति, विभाग, आयोग वा अन्य कुनै पनि निकायको बैठक बस्नका लागि सम्बन्धित निकायमा तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको बहुमत (५१ प्रतिशत वा सोभन्दा बढी) सदस्यहरूको उपस्थिति हुनु अनिवार्य हुनेछ । यसै उपस्थितिलाई बैठकको वैधानिक गणपूरक सङ्ख्या मानिनेछ ।

## भाग - १८
## निर्वाचन र उम्मेदवार छनोट

### ६३. उम्मेदवार छनोट रूपरेखा

(१) पार्टीका तर्फबाट सङ्घीय, प्रादेशिक र स्थानीय तह लगायतका कुनै पनि निर्वाचनमा उम्मेदवार तय गर्ने प्रक्रिया पूर्णतः वैज्ञानिक, वस्तुपरक, पारदर्शी, समावेशी र लोकतान्त्रिक विधिमा आधारित हुनेछ ।

(२) उम्मेदवार छनोट कुनै व्यक्ति, गुट वा नेतृत्वको तजबिजी अधिकार, पहुँच वा प्रभावका आधारमा नभई कारक मूल्याङ्कन विधिमा आधारित तथ्यपरक रूपरेखाबाट निर्देशित हुनेछ । यसको

विस्तृत प्रक्रिया केन्द्रीय समितिले निर्माण गरेको 'उम्मेदवार छनोट रूपरेखा (निर्देशिका)' बमोजिम हुनेछ ।

## ६४. क्यान्डिडेट क्लब

(१) पार्टीका तर्फबाट निर्वाचनमा उम्मेदवार बन्न चाहने कुनै पनि आकांक्षीले प्रारम्भिक प्रवेशविन्दुका रूपमा सर्वप्रथम पार्टीको 'क्यान्डिडेट क्लब' मा अनिवार्य रूपमा औपचारिक आवेदन दर्ता गर्नुपर्नेछ ।

(२) विधान र विधानअन्तर्गत निर्माण हुने उम्मेदवार छनोट रूपरेखाले तोकेबमोजिमको निश्चित समयावधि र योग्यता पूरा गरेका पार्टी सदस्यहरूले मात्र क्लबमा आवेदन दिन पाउनेछन् ।

(३) यद्यपि, विशेष परिस्थितिमा पार्टीलाई आवश्यक पर्ने विज्ञ वा समाजमा स्थापित विशिष्ट व्यक्तिको हकमा सम्बन्धित माथिल्लो कमिटीको लिखित पूर्वस्वीकृतिमा उम्मेदवार छनोट रुपरेखा अन्तर्गत रहेर 'ल्याटरल इन्ट्री' मार्फत प्रवेश गराउन सकिनेछ; तर उनीहरूले पनि उम्मेदवार छनोटको सम्पूर्ण परीक्षण प्रक्रिया अनिवार्य रूपमा पूरा गर्नुपर्नेछ ।

## ६५. लिडरसिप एकेडेमी

(१) क्यान्डिडेट क्लबमा दर्ता भएका सम्पूर्ण आकांक्षीहरूले नेतृत्व विकास र वैचारिक स्पष्टताका लागि पार्टीको 'लिडरसिप एकेडेमी' द्वारा सञ्चालित अनिवार्य प्रशिक्षणमा सहभागी हुनुपर्नेछ ।

(२) लिडरसिप एकेडेमीले सञ्चालन गर्ने योग्यता परीक्षणमा उत्तीर्ण हुनु उम्मेदवार छनोट प्रक्रियाको थप चरण (यसपछिको मूल्याङ्कन र प्रारम्भिक निर्वाचन) मा प्रवेश गर्नका लागि बाध्यात्मक पूर्वसर्त हुनेछ ।

## भाग - १९
## संसदीय दल
## संसदीय दल तथा सरकारको नेतृत्वसम्बन्धी व्यवस्था

६६. **संसदीय दलसम्बन्धी व्यवस्थाः**

(१) **संसदीय दलको परिभाषा र उद्देश्यः**

**परिभाषाः** 'संसदीय दल' भन्नाले संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा) वा प्रदेश सभामा पार्टीका तर्फबाट निर्वाचित वा मनोनीत सांसदहरूको संस्थागत र सङ्गठित समूहलाई बुझिनेछ । यसको मुख्य उद्देश्य पार्टीको चुनावी बाचापत्र, नीति र सिद्धान्तलाई संसद्मार्फत कानुन र राष्ट्रिय नीतिमा रूपान्तरण गर्नु, सांसदहरूलाई पार्टीको अनुशासन र निर्देशन (ह्विप) मा आबद्ध गरी सदनमा पार्टीको एकताबद्ध तथा सशक्त उपस्थिति सुनिश्चित गर्नु र पार्टीको केन्द्रीय नेतृत्व तथा संसद्बीच निरन्तर समन्वय कायम गर्नु हुनेछ ।

(२) **संघीय तथा प्रदेश संसदीय दलको गठनः**

संघीय संसद् वा प्रदेश सभाको निर्वाचन सम्पन्न भएपश्चात् पार्टीको तर्फबाट निर्वाचित सम्पूर्ण सदस्यहरू (सांसदहरू) सम्मिलित गरी संसद्को तहअनुसार क्रमशः 'संघीय संसदीय दल' र 'प्रदेश संसदीय दल' गठन गरिनेछ ।

(३) **संसदीय दलका पदाधिकारी तथा सचेतक व्यवस्थाः**

गठन भएको संघीय तथा प्रदेश संसदीय दलमा सदनको कामकार बाहीलाई प्रभावकारी बनाउन देहायबमोजिमका पदाधिकारीहरू रहनेछन्:

(क) **संसदीय दलको नेताः** १ (एक) जना ।

(ख) **संसदीय दलको उपनेताः** १ (एक) जना ।

(ग) **प्रमुख सचेतक वा मुख्य सचेतकः** १ (एक) जना ।

(घ) **सचेतकः** आवश्यकताअनुसार १ (एक) देखि २ (दुई) जनासम्म ।

(विशेष समावेशी व्यवस्था: दलले सदनको आवश्यकता महसुस गरी २ जना सचेतक नियुक्त गरेको अवस्थामा, दुवै सचेतकहरू अनिवार्य रूपमा फरक-फरक (विपरीत) लिङ्गको हुनुपर्नेछ ।)

**(ङ) कोषाध्यक्ष:** १ (एक) जना ।

**(४) पदावधि र अन्य कार्यविधि:**

**(क) पदावधि:** संघीय संसदीय दल र प्रदेश संसदीय दलका पदाधिकारी एवम् सदस्यहरूको पदावधि सम्बन्धित संघीय संसद् वा प्रदेश सभाको कार्यकालभर मात्र कायम रहनेछ। (संसद् वा सभाको अवधि सकिएसँगै दलको अवधि स्वत: समाप्त हुनेछ) ।

**(ख) संसदीय दलको विधान:** संसदीय दलको आन्तरिक निर्वाचन प्रक्रिया, कार्यसञ्चालन र अनुशासनसम्बन्धी अन्य विस्तृत व्यवस्था 'संसदीय दलको विधान' मा उल्लेख भएबमोजिम हुनेछ ।

## ६७. सरकारको नेतृत्व तथा कार्यकारी प्रमुख (प्रधानमन्त्री/मुख्यमन्त्री) सम्बन्धी व्यवस्था:

निर्वाचनपश्चात् पार्टीले संघीय वा प्रदेश सरकारको नेतृत्व गर्ने अवसर प्राप्त गरेको अवस्थामा, नेपालको संविधानका सम्बन्धित धाराहरूलाई आधार मानी कार्यकारी प्रमुख (प्रधानमन्त्री वा मुख्यमन्त्री) को चयन देहायबमोजिम गरिनेछ:

**(१) एकल बहुमतको सरकार गठन हुने अवस्थामा:**

**(क) संविधानको धारा ७६(१) वा १६८(१) बमोजिम:** प्रतिनिधिसभा वा प्रदेश सभाको निर्वाचनमा पार्टीले स्पष्ट एकल बहुमत प्राप्त गरी सरकार गठन गर्ने अवस्थामा, पार्टीको तर्फबाट 'संसदीय दलको नेता' नै स्वत: प्रधानमन्त्री (वा मुख्यमन्त्री) हुनेछ । यसमा पार्टीभित्र थप निर्णय गरिरहनु पर्ने छैन ।

(२) **सबैभन्दा ठूलो दलको हैसियतमा सरकार गठन गर्दा:**

(क) **संविधानको धारा ७६(३) वा १६८(३) बमोजिम:** संसद्मा कुनै पनि दलको स्पष्ट बहुमत नपुगेको अवस्थामा, सबै भन्दा ठूलो दलको हैसियतले अल्पमतको सरकारको नेतृत्व गर्ने अवसर प्राप्त भएमा समेत 'संसदीय दलको नेता' नै प्रधानमन्त्री (वा मुख्यमन्त्री) हुनेछ ।

(३) **संयुक्त (गठबन्धन) सरकार गठन हुने अवस्थामा:**

(क) **संविधानको धारा ७६(२) वा १६८ (२) बमोजिम:** दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा गठबन्धन सरकार गठन गरी पार्टीले नेतृत्व गर्ने अवस्थामा पार्टीको तर्फबाट प्रधानमन्त्री (वा मुख्यमन्त्री) को स्वाभाविक उम्मेदवार 'संसदीय दलको नेता' नै हुनेछ ।

(ख) **केन्द्रीय समितिको विशेषाधिकार:** तर, गठबन्धन निर्माणको जटिल राजनीतिक परिस्थिति, शक्ति सन्तुलन वा रणनीतिक सहमतिका आधारमा संसदीय दलको नेताबाहेक पार्टीका अन्य कुनै योग्य सांसदलाई सरकारको नेतृत्व गर्न पठाउनुपर्ने विशेष बाध्यात्मक अवस्था सिर्जना भएमा, त्यसको अन्तिम निर्णय गर्ने अधिकार 'पार्टी केन्द्रीय समिति' लाई मात्र हुनेछ ।

(४) **व्यक्तिगत दाबी र अनुशासन:**

संविधानको धारा ७६(५) (वा प्रदेशको हकमा १६८(५) बमोजिम संसद्को 'कुनै पनि सदस्य'ले प्रधानमन्त्री/मुख्य मन्त्रीमा दाबी गर्न सक्ने अवस्था उत्पन्न भए तापनि, पार्टीको कुनै पनि सांसदले केन्द्रीय समितिको पूर्व संस्थागत निर्णय र स्वीकृतिबिना प्रधानमन्त्री वा मुख्यमन्त्रीको उम्मेदवार भई दाबी पेस गर्न पाउने छैन । त्यस्तो गरेमा पार्टी अनुशासनको गम्भीर उल्लङ्घन मानिनेछ ।

(५) **संसदीय दलको नेता चयनसम्बन्धी व्यवस्था:**

संघीय संसद् (प्रतिनिधि सभा र राष्ट्रिय सभा) तथा प्रदेश सभाका 'संसदीय दलका नेताहरू' को चयन निर्वाचित सांसदहरुको मतदानबा हुने छ ।

**(६) उम्मेदवारीः**

सम्बन्धित सभा (प्रतिनिधि सभा, राष्ट्रिय सभा वा प्रदेश सभा) को सदस्यमा निर्वाचित वा मनोनीत भएर आएका पार्टीका सांसदहरूमध्येबाट इच्छुक सांसदले मात्र आफ्नो सभाको 'संसदीय दलको नेता' का लागि उम्मेदवारी दिन सक्नेछन् ।

**(७) निर्वाचक मण्डल र मतभारः**

प्रतिनिधि सभा र राष्ट्रिय सभाको हकमा सम्बन्धित संघीय संसद्को सभामा रहेका पार्टीका सांसदहरूले र प्रदेश सभाको हकमा सम्बन्धित प्रदेश सभामा रहेका पार्टीका सांसदहरूले मतदान गर्नेछन् ।

**(८) विजयी मापदण्ड र पुनः मतदानः**

संसदीय दलको नेता चयनको मतदान परिणाम देहायबमोजिम घोषणा गरिनेछः

**(क)** **दुई जना मात्र उम्मेदवार हुँदाः** प्रतिस्पर्धामा २ (दुई) जना मात्र उम्मेदवार रहेको अवस्थामा, पहिलो चरणकै मतदानमा जसले बढी मतभार प्राप्त गर्दछ, निज स्वतः विजयी भएको मानिनेछ ।

**(ख)** **दुईभन्दा बढी उम्मेदवार हुँदा र बहुमतको सिद्धान्तः** प्रतिस्पर्धामा ३ (तीन) वा सोभन्दा बढी उम्मेदवारहरू रहेको अवस्थामा, कुल मतभारको पचास प्रतिशतभन्दा बढी (५०% + १) प्राप्त गर्ने उम्मेदवार विजयी भएको मानिनेछ ।

**(ग)** **पुनः मतदानः** खण्ड (ख) को अवस्थामा कुनै पनि उम्मेदवारले पहिलो चरणमा स्पष्ट बहुमत (५०% + १) मतभार प्राप्त गर्न नसकेमा, सबैभन्दा बढी मतभार प्राप्त गर्ने शीर्ष २ (दुई) जना उम्मेदवारहरूबीच मात्र पुनः मतदान गराइनेछ । उक्त दोस्रो चरणको मतदानमा बढी मतभार ल्याउने उम्मेदवार विजयी हुनेछ ।

**(घ)** **मतभार बराबर भएमाः** यदि अन्तिम प्रतिस्पर्धामा (पहिलो वा दोस्रो चरणमा) दुई उम्मेदवारबीच प्राप्त मतभार पूर्ण

रूपमा बराबर हुन गएमा, ’केन्द्रीय निर्वाचन आयोग’ ले गोलाप्रथा द्वारा अन्तिम विजेताको निर्णय गर्नेछ ।

(**सञ्चालनः** यस निर्वाचनको मिति केन्द्रीय समितिले तोक्नेछ र सम्पूर्ण निर्वाचन प्रक्रियाको सञ्चालन ‘केन्द्रीय निर्वाचन आयोग’ वा निजले तोकेको सम्बन्धित निर्वाचन समितिले गर्नेछ ।)

**६८. संसदीय दलको नेतालाई पदमुक्त गर्ने र प्रत्याह्वान सम्बन्धी व्यवस्थाः**

संसदीय दलभित्र लोकतान्त्रिक जवाफदेहिता र पदीय स्थिरता दुवैलाई सन्तुलनमा राख्न, विश्वव्यापी संसदीय मूल्यमान्यताका आधारमा संसदीय दलको नेताको पदमुक्ति र प्रत्याह्वानसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

**(१) पद रिक्त हुने सामान्य अवस्थाहरूः**

देहायका कुनै अवस्थामा संसदीय दलको नेताको पद स्वतः रिक्त भएको मानिनेछः

(क) निजले दलको नेताको पदबाट लिखित राजीनामा दिएमा वा निजको मृत्यु भएमा ।

(ख) निज सम्बन्धित संघीय संसद् वा प्रदेश सभाको सदस्य नरहे मा (सांसद पद खारेज भएमा वा कार्यकाल सकिएमा) ।

(ग) निजले पार्टी त्याग गरेमा वा पार्टीबाट निष्कासित भएमा ।

(घ) सरकारको नेतृत्व गरिरहेको अवस्थामा सम्बन्धित संसद् को सदनभित्रै विश्वासको मत गुमाएमा ।

(ङ) यस विधानको ११ (क) को अ को ३ अनुसार पार्टी सभापतिले दिएको नीतिगत मार्गनिर्देशन पालना नगरेमा ।

(च) निजविरुद्ध संसदीय दलमा प्रत्याह्वान वा अविश्वास प्रस्ताव पारित भएमा ।

**(२) संसदीय दलमा स्थिरताः**

(क) संसदीय दल र सरकारलाई निरन्तरको अस्थिरताबाट जोगाउन केन्द्रीय समितिले पहल गर्न सक्नेछ ।

**(३) प्रत्याह्वानको प्रस्ताव दर्ता प्रक्रियाः**

संसदीय दलको नेताको कार्यक्षमता वा नेतृत्वप्रति गम्भीर असन्तुष्टि भई निजलाई पदबाट फिर्ता बोलाउनुपर्ने अवस्था आएमा देहायबमोजिम प्रस्ताव दर्ता गर्न सकिनेछः

(क) सांसदहरूको विशेषाधिकारः सम्बन्धित सभाको संसदीय दलमा तत्काल कायम रहेका कुल सांसद सङ्ख्याको कम्तीमा एक-चौथाइ (२५ प्रतिशत) सांसदहरूले हस्ताक्षर. ।

**(४) सफाइ र सुनुवाइको मौकाः**

प्रस्ताव दर्ता भएपछि, मतदान प्रक्रियामा जानुअघि प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सम्बन्धित संसदीय दलको नेतालाई दलको बैठकमा आफूमाथि लागेका आरोपको प्रतिरक्षा गर्ने र स्पष्टीकरण दिने पूर्ण अवसर प्रदान गरिनेछ ।

**(५) मतदान प्रक्रिया र पदमुक्तिः**

राजनीतिक सङ्कटको समाधान तत्काल गर्नुपर्ने संसदीय यथार्थलाई ध्यानमा राख्दै, दलको नेतालाई पदमुक्त गर्ने मतदान प्रक्रिया देहायबमोजिम हुनेछः

**(क) मतदानको समयः** प्रस्ताव दर्ता भएको मितिले बढीमा १५ (पन्ध्र) दिनभित्र केन्द्रीय निर्वाचन आयोगको रोहवरमा प्रत्याह्वानको मतदान प्रक्रिया सम्पन्न गर्नुपर्नेछ ।

**(ख) मतदाताः** यस मतदान प्रक्रियामा सम्बन्धित सभाका (प्रतिनिधि सभा, राष्ट्रिय सभा वा प्रदेश सभाका) पार्टीका 'सांसदहरू' ले मात्र गोप्य मतदान मार्फत भाग लिनेछन् । यसमा पार्टीका सक्रिय सदस्यहरूको मतदान हुने छैन ।

**(ग) निर्णय/पदमुक्तिः** उक्त मतदानमा सम्बन्धित संसदीय दलमा तत्काल कायम रहेका कुल सांसद सङ्ख्याको पचास प्रतिशतभन्दा बढी (५०% + १) सांसदहरूले नेतालाई 'फिर्ता बोलाउने' प्रस्तावको पक्षमा मतदान गरेमा, सम्बन्धित नेता तत्काल पदमुक्त भएको मानिनेछ । बहुमत मत नपुगेमा प्रस्ताव स्वतः खारेज हुनेछ ।

(घ) **स्पष्टीकरणः** यसरी अविश्वासको प्रस्ताव पारित भई नेता पदमुक्त भएको अवस्थामा, 'नयाँ नेता' चयन गर्ने प्रक्रिया भने विधानको भाग १९ बमोजिमकै आधारमा हुनेछ ।

(६) **अनुशासनको कारबाही र विशेषाधिकारः**
यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, संसदीय दलको नेताले संविधान वा कानुनको गम्भीर उल्लङ्घन गरेको, राज्यविरुद्धको अपराध वा फौजदारी कसुरमा अदालतबाट दोषी ठहर भएको, पार्टीको विधान विपरीत कार्य गरेको प्रमाणित भई पार्टी 'केन्द्रीय समिति' को दुई-तिहाइ (२/३) बहुमतले पदमुक्त गर्ने निर्णय गरेमा निज जुनसुकै बखत स्वतः पदमुक्त हुनेछ । यस्तो विशेष अवस्थामा माथिको मतदान प्रक्रिया वा उन्मुक्ति अवधि लागू हुने छैन ।

## भाग - २०
## निर्वाचित जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार

पार्टीको तर्फबाट जुनसुकै तहमा निर्वाचित जनप्रतिनिधिहरूलाई पार्टीको नीति, बाचापत्र र जनअपेक्षाप्रति पूर्ण जवाफदेही बनाउन 'प्रत्याह्वान' को व्यवस्था गरिनेछ । यसको वैज्ञानिक आधार र प्रक्रिया देहायबमोजिम हुनेछः

६९. **प्रस्तावको सुरुवातः**
देहायको अवस्थामा कुनै पनि निर्वाचित जनप्रतिनिधिविरुद्ध 'राइट टु रिकल' को प्रक्रिया प्रारम्भ हुन सक्नेछः

(१) **आन्तरिक मागदाबीः** सम्बन्धित निर्वाचन क्षेत्रका कुल सक्रिय सदस्यहरूमध्येबाट 'निश्चित प्रतिशत' सदस्यहरूले जनप्रतिनिधिले जनअपेक्षाविपरीत वा पार्टीको हितविपरीत काम गरेको भनी सप्रमाण लिखित उजुरी/मागदाबी पेस गरेमा ।

(२) **पार्टीको संस्थागत अनुगमनः** पार्टीको अनुशासन आयोगले जनप्रतिनिधिको कार्यसम्पादन अत्यन्तै कमजोर रहेको वा गम्भीर विचलन भएको प्रतिवेदन पेस गरेमा ।

## ७०. आन्तरिक छानबिन तथा परीक्षण:

धारा ६९ को उपदफा (१) बमोजिम मागदाबी वा प्रतिवेदन प्राप्त भएपश्चात्, पार्टीले कुनै पनि निर्णय लिनुपूर्व सम्बन्धित जनप्रतिनिधिको कार्यसम्पादन, जनगुनासो र आरोपहरूका सम्बन्धमा एक स्वतन्त्र र तथ्यपरक 'आन्तरिक छानबिन तथा कार्यसम्पादन परीक्षण' गर्नेछ ।

प्राकृतिक न्याय: यस छानबिन प्रक्रियामा सम्बन्धित जनप्रतिनिधिलाई आफूमाथि लागेका आरोपहरूको खण्डन गर्ने र स्पष्टीकरण दिने पूर्ण अवसर अनिवार्य रूपमा प्रदान गरिनेछ ।

## ७१. केन्द्रीय समितिको दुई-तिहाइबाट अनुमोदन:

सामान्य अवस्थामा, 'आन्तरिक अडिट' को प्रतिवेदन प्राप्त भएपछि सम्बन्धित जनप्रतिनिधिलाई फिर्ता बोलाउने अन्तिम निर्णय केन्द्रीय समितिको तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको कम्तीमा दुई-तिहाइ (२/३) बहुमतबाट अनुमोदन हुनु अनिवार्य हुनेछ ।

यसरी प्रस्ताव पारित भएपश्चात् मात्र पार्टीले आफ्नो विशेषाधिकार प्रयोग गरी निजलाई दलबाट कारबाही तथा पदमुक्त गर्ने कानुनी प्रक्रिया निर्वाचन आयोगसमक्ष अघि बढाउनेछ ।

## ७२. विशेष अवस्थामा केन्द्रीय समितिको विशेषाधिकार:

यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, देहायका विशेष र गम्भीर परिस्थितिहरूमा ६९ को उपदफा (१) र (२) को लामो प्रक्रिया अवलम्बन गरिरहनु पर्ने छैन । प्राकृतिक न्यायको सिद्धान्तबमोजिम स्पष्टीकरणको मौका दिई, केन्द्रीय समितिको तत्काल कायम रहेको कुल सदस्य सङ्ख्याको कम्तीमा दुई-तिहाइ (२/३) बहुमतले निर्णय गरी त्यस्तो जनप्रतिनिधिलाई जुनसुकै बखत सीधै पदमुक्त गर्न सक्नेछ:

(१) दल त्याग गरेमा, दल विभाजन गर्ने गतिविधिमा संलग्न भएमा वा अर्को दलमा प्रवेश गरेमा ।

(२) संसद् वा सम्बन्धित सभामा पार्टीको निर्देशन (ह्विप) को गम्भीर उल्लङ्घन गरेमा ।

(३) भ्रष्टाचार, राज्यविरुद्धको अपराध, वा नैतिक पतन देखिने गम्भीर फौजदारी कसुरमा अदालतबाट दोषी ठहर भएमा ।

(४) पार्टीको विधान विपरीत गम्भीर आँच आउने कार्य गरेको प्रमाणित भएमा ।

**७३. प्रत्याह्वानको वैज्ञानिक सीमाः**

७२ को उपदफा (४) को विशेष अवस्थामा बाहेक, निर्वाचित भएको मितिले पहिलो १ (एक) वर्षसम्म कुनै पनि जनप्रतिनिधिविरुद्ध 'राइट टु रिकल' को प्रक्रिया सुरु गर्न पाइने छैन । त्यस्तै, एकपटक दर्ता भएको प्रस्ताव केन्द्रीय समितिबाट अस्वीकृत भएमा, पुनः अर्को १ (एक) वर्षसम्म निजविरुद्ध त्यस्तो प्रस्ताव ल्याउन पाइने छैन ।

**७४. विस्तृत कार्यविधिः**

यस दफाको कार्यान्वयनका लागि आवश्यक पर्ने मागदाबीको प्रतिशत, 'आन्तरिक अडिट' को ढाँचा र पदमुक्तिको सम्पूर्ण विस्तृत व्यवस्था के न्द्रीय समितिले निर्माण गर्ने छुट्टै 'जनप्रतिनिधि प्रत्याह्वान कार्यविधि' मा तोकेबमोजिम हुनेछ ।

## भाग - २१
## कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी व्यवस्था

**७५. कार्यसम्पादन मूल्याङ्कनः**

पार्टीका सम्पूर्ण तहगत समिति, विभाग, संयन्त्र तथा पदाधिकारीहरूलाई पार्टीको लक्ष्यप्रति जवाफदेही, नतिजामुखी र सक्रिय बनाइराख्न निरन्तर रूपमा वैज्ञानिक कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । यससम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

**(१) मूल्याङ्कन गर्ने अधिकारी र निकायः**

**(क) संस्थागत मूल्याङ्कनः** पार्टीको प्रत्येक तहको समितिको समग्र कार्यसम्पादन मूल्याङ्कन ठीक एक तह माथिल्लो समितिले गर्नेछ । त्यसैगरी, समितिअन्तर्गत गठन भएका विभाग, निकाय र संयन्त्रहरूको कार्यसम्पादन मूल्याङ्कन तिनलाई गठन गर्ने सम्बन्धित तहको समितिले गर्नेछ ।

(ख) **व्यक्तिगत मूल्याङ्कनः** सम्बन्धित समितिका पदाधिकारी तथा सदस्यहरूको व्यक्तिगत कार्यसम्पादन मूल्याङ्कन उक्त समितिको प्रमुख (अध्यक्ष/सभापति) को नेतृत्वमा हुनेछ ।

(२) **मूल्याङ्कनको आधार र परिणाम (दण्ड र पुरस्कार):**

कार्यसम्पादन मूल्याङ्कन व्यक्तिपरक नभई पार्टीले तय गरेका वस्तुनिष्ठ 'मुख्य कार्यसम्पादन सूचकका आधारमा गरिनेछ ।

यस मूल्याङ्कनका आधारमा उत्कृष्ट नतिजा ल्याउने समिति वा व्यक्तिलाई थप जिम्मेवारीसहित प्रोत्साहित गरिनेछ ।

कार्यक्षमता कमजोर देखिएकाहरूको हकमा आवश्यक सुधारका लागि प्रशिक्षण तथा अभिमुखीकरण प्रदान गरिनेछ । निरन्तर पदीय दायित्व निर्वाह नगर्ने, निष्क्रिय रहने वा कमजोर नतिजा ल्याउनेलाई सचेत गराउने वा पदीय जिम्मेवारीबाट मुक्त गर्ने (दण्डित गर्ने) सम्मको कारबाही गरी सिङ्गो पार्टी संरचनालाई चुस्त-दुरुस्त राखिनेछ ।

(३) **समिति वा संयन्त्र विघटनः**

कुनै तहको समिति, विभाग वा संयन्त्रको कार्यसम्पादन अत्यन्त कमजोर रहेको, बारम्बार सचेत गराउँदा पनि सुधार हुन नसकेको वा सुधारको गुन्जायस नरहेको भनी माथिल्लो समितिले सप्रमाण सिफारिससहित प्रतिवेदन पेस गरेमा, 'केन्द्रीय समिति' ले त्यस्तो समिति वा संयन्त्रलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

(तर, विघटनको अन्तिम निर्णय गर्नुपूर्व प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सम्बन्धित समितिलाई आफ्नो अवस्था र सफाइ पेस गर्ने अवसर अनिवार्य रूपमा प्रदान गरिनेछ ।)

(४) **विस्तृत कार्यविधिः**

कार्यसम्पादन मूल्याङ्कनका सूचकहरू, मापन विधि र अन्य विस्तृत व्यवस्था केन्द्रीय समितिले निर्माण गरेको छुट्टै 'कार्यसम्पादन मूल्याङ्कन कार्यविधि' मा तोकेबमोजिम हुनेछ ।

# भाग - २२
# विविध

## ७६. पार्टी विघटन हुने अवस्थाः

(१) पार्टी विघटनसम्बन्धी व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) पार्टी विघटन भएमा पार्टीको सम्पत्तिसम्बन्धी दायित्व प्रचलित कानुनबमोजिम फरफारक गरिनेछ । दायित्व फरफारक गरे पश्चात् बाँकी रहन आउने सम्पूर्ण चल-अचल तथा बौद्धिक सम्पत्ति प्रचलित कानुनबमोजिम नेपाल सरकारको कोषमा जानेछ ।

## ७७. पार्टी एकीकरण वा विभाजनः

(१) एकीकरणको प्रक्रियाः पार्टीको केन्द्रीय समितिको कम्तीमा दुई तिहाइ (२/३) बहुमतको निर्णयले प्रचलित कानुनबमोजिम समान विचार, दर्शन र लोकतान्त्रिक मूल्यमान्यता भएका अन्य कुनै राजनीतिक दलसँग पार्टी एकीकरण गर्ने प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(२) एकीकरणको अनुमोदनः केन्द्रीय समितिले गरेको एकीकरणको अन्तिम सम्झौतालाई लागू गर्नुअघि अनिवार्य रूपमा पार्टीको राष्ट्रिय महाधिवेशनका प्रतिनिधिहरूको प्रत्यक्ष 'डिजिटल मतदान' मार्फत अनुमोदन गराउनुपर्नेछ ।

(३) पार्टी विभाजनसम्बन्धी व्यवस्था प्रचलित कानुनबमोजिम हुनेछ ।

(४) सम्पत्ति र तथ्याङ्कको संरक्षणः पार्टीबाट विभाजित भई जाने वा पार्टी परित्याग गरी जाने कुनै पनि समूह वा व्यक्तिले मूल पार्टीको आधिकारिक नाम, झण्डा, निर्वाचन चिह्न, चल-अचल सम्पत्ति, तथा सदस्यहरूको डिजिटल अभिलेख माथि कुनै पनि प्रकारको दाबी गर्न पाउने छैन । त्यस्तो सम्पत्ति र पहिचानमा मूल पार्टीको मात्र पूर्ण अधिकार रहनेछ ।

**७८. पार्टी सदस्यलाई एजेन्डा उठाउने अधिकार :**

(१) **संस्थागत माध्यमबाटः**

पार्टीका कुनै पनि तहका समितिमा पदीय जिम्मेवारीमा नरहेका साधारण सदस्यहरूले आफू सम्बन्धित वडा समितिमार्फत पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेन्डा उठाउन सक्नेछन् । त्यसरी उठाइएको एजेन्डामाथि सम्बन्धित वडा समितिले अनिवार्य छलफल गर्नुपर्नेछ ।

(२) **तहगत सिफारिसः**

सबै तहका समितिलाई आफ्नो एक तह माथिको समितिमा एजेन्डा उठाउने अधिकार हुनेछ । वडा समितिले पालिका समितिमा, पालिका समितिले जिल्ला समितिमा, जिल्ला समितिले र प्रदेश समितिले केन्द्रीय समितिमा पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेन्डा प्रस्ताव गर्न सक्नेछन् ।

(३) **डिजिटल नागरिक-प्रस्तावः**

उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि, कुनै साधारण सदस्यले उठाएको नीतिगत एजेन्डालाई पार्टीको 'आधिकारिक डिजिटल प्लेटफर्म' मार्फत विधान वा नियमावलीले तोकेबमोजिम निश्चित सङ्ख्या वा प्रतिशतमा पार्टी सदस्यहरूले समर्थन जनाएमा, त्यस्तो एजेन्डा पदानुक्रमका तहहरू (वडा, पालिका, जिल्ला) पार नगरी सिधै केन्द्रीय समिति वा सम्बन्धित उच्च समितिको बैठकमा 'अनिवार्य कार्यसूची' का रूपमा प्रवेश पाउनेछ ।

(४) **एजेन्डाको ट्र्याकिङ र जवाफदेहिताः**

कुनै पनि सदस्य वा तल्लो समितिले उठाएको एजेन्डा कुन तहको समितिमा पुग्यो, त्यसमाथि के छलफल भयो र स्वीकृत/अस्वीकृत के भयो भन्ने कुराको स्पष्ट कारणसहितको जानकारी सम्बन्धित सदस्य वा समितिलाई डिजिटल प्रणालीमार्फत वा लिखित रूपमा निश्चित समयसीमाभित्र अनिवार्य गराउनुपर्नेछ ।

## ७९. पार्टीका तहगत समितिहरूबीचको अन्तरसम्बन्ध र साङ्गठनिक शृङ्खला

**(१) निर्देशनको पालनाः**

पार्टीका प्रत्येक तल्लो समितिले आफूभन्दा ठीक माथिल्लो समितिबाट जारी भएका निर्णय, नीति, परिपत्र तथा निर्देशनहरूको अनिवार्य रूपमा पालना र कार्यान्वयन गर्नुपर्नेछ।

**(२) साङ्गठनिक पदानुक्रमको अनिवार्यताः**

पार्टीको साङ्गठनिक प्रणाली पूर्णतः पदानुक्रमिक हुनेछ। माथिल्लो तहबाट तल्लो तहमा निर्देशन सम्प्रेषण गर्दा वा तल्लो तहबाट माथिल्लो तहमा प्रतिवेदन तथा पत्राचार गर्दा निर्धारित साङ्गठनिक शृङ्खला को अनिवार्य पालना गर्नुपर्नेछ।

**(३) तहगत उल्लङ्घनमा रोकः**

कुनै पनि माथिल्लो समितिले बिचको तहलाई पन्छाएर सीधै तल्लो समितिलाई निर्देशन दिने वा साङ्गठनिक हस्तक्षेप गर्ने कार्य गर्न पाउने छैन। त्यसैगरी, कुनै पनि तल्लो समितिले बिचको तहलाई छलेर सीधै केन्द्रीय वा माथिल्लो निकायमा पत्राचार गर्ने, प्रतिवेदन बुझाउने वा गुनासो दर्ता गर्ने कार्य गर्न पाउने छैन।

**(४) जवाफदेहिता र प्रतिवेदन प्रणालीः**

प्रत्येक तल्लो समिति आफ्नो कार्यसम्पादन, आर्थिक सुशासन र साङ्गठनिक गतिविधिको हकमा आफूभन्दा ठीक माथिल्लो समितिको मातहतमा रहनेछ। तल्लो समितिले आफ्ना सबै आवधिक कार्ययोजना र प्रतिवेदनहरू आफूभन्दा ठीक माथिल्लो समितिमा मात्र पेस गर्नुपर्नेछ।

**(५) उजुरी तथा पुनरावलोकनः**

तल्लो समितिको निर्णयउपर चित्त नबुझेमा वा कुनै साङ्गठनिक गुनासो तथा उजुरी दर्ता गर्नुपरेमा, तहगत शृङ्खला नतोडीकन क्रमशः आफूभन्दा ठीक माथिल्लो समितिमार्फत मात्र विधिसम्मत रूपमा अपिल वा उजुरी अगाडि बढाउनुपर्नेछ।

**८०. पार्टी सदस्यमा निहित सार्वभौमसत्ता तथा निर्णय खारेज गर्न सक्ने विशेषाधिकार**

**(१) सदस्यमा सार्वभौमसत्ता:**

पार्टीको सम्पूर्ण साङ्गठनिक एवं नीतिगत सार्वभौमसत्ता यसका सदस्यहरूमा निहित रहनेछ । पार्टीका हरेक तहका समितिहरू प्रत्यक्ष रूपमा आफ्ना सदस्यहरूप्रति उत्तरदायी हुनेछन् ।

**(२) निर्णय खारेज गर्न सक्ने अधिकार:**

पार्टीको कुनै पनि तहको समितिले गरेको निर्णयप्रति असहमति भएमा, उक्त तहमा मतदाता ठेगाना कायम भएका सम्पूर्ण सदस्यहरूको बहुमतले मतदानमार्फत त्यस्तो निर्णयलाई खारेज वा बदर गर्न सक्नेछ ।

**(३) विशेषाधिकार प्रयोगका सर्तहरू (दुरुपयोग नियन्त्रण प्रणाली):**

उपदफा (२) बमोजिमको सार्वभौम अधिकारलाई लहड, गुटगत स्वार्थ वा भिडतन्त्रका आधारमा दुरुपयोग हुन नदिन देहायबमोजिमको कार्यविधि अनिवार्य लागू हुनेछ:

(क) **प्रक्रियाको थालनी:** कुनै पनि निर्णय खारेजीको प्रक्रिया (आन्तरिक मतदान) सुरु गर्नका लागि, उक्त निर्णय सार्वजनिक भएको मितिले ३० दिनभित्र सम्बन्धित तहका कुल सदस्य सङ्ख्याको कम्तीमा १५ प्रतिशत (वा तोकिएको निश्चित प्रतिशत) सदस्यहरूले आफ्नो परिचय र हस्ताक्षरसहित पार्टीको आधिकारिक निर्वाचन/अनुशासन निकायमा लिखित निवेदन दर्ता गराएको हुनुपर्नेछ ।

(ख) **निरपेक्ष बहुमतको मापदण्ड:** निवेदन प्रमाणित भएपछि सम्बन्धित निकायले प्रत्यक्ष वा सुरक्षित विद्युतीय प्रणाली मार्फत गोप्य मतदान गराउनेछ । निर्णय बदर हुनका लागि 'मतदानमा सहभागीहरूको बहुमत' मात्र नभई, सम्बन्धित तहमा कायम रहेका कुल दर्ताकृत सदस्यहरूको निरपेक्ष बहुमत (५१ प्रतिशत वा सोभन्दा बढी) ले खारेजीको पक्षमा मतदान गरेको हुनुपर्नेछ ।

(ग) **पुनरावृत्तिमा रोकः** कुनै एउटा विषयमा दर्ता भएको खारेजी प्रस्ताव मतदानबाट असफल भएमा वा टुङ्गो लागिसकेको खण्डमा, सोही कार्यकालभरि पुनः सोही विषयलाई लिएर खारेजीको प्रस्ताव ल्याउन पाइने छैन ।

(४) **विशेषाधिकार आकर्षित नहुने अपवादहरूः**

पार्टी संयन्त्रलाई अनिर्णयको बन्दी हुनबाट जोगाउन र संस्थागत अनुशासन कायम राख्न देहायका विषयहरूमा सदस्यहरूले प्रत्यक्ष खारेजी प्रस्ताव ल्याउन पाउने छैननः

(क) पार्टी कार्यालयको दैनिक प्रशासनिक कार्य, कर्मचारी व्यवस्थापन तथा नियमित आर्थिक सञ्चालनका विषयहरू ।

(ख) विधानबमोजिम कुनै व्यक्ति वा समूहउपर गरिएको छानबिन वा अनुशासनको कारबाही (यसको समाधान पार्टीको छुट्टै पुनरावेदन/अपिल प्रणालीबाट मात्र हुनेछ, अन्यथा कारबाहीमा परेको व्यक्तिले भिड जम्मा गरेर कारबाही खारेज गराउन सक्छ) ।

(ग) माथिल्लो समितिको नीतिगत निर्देशन, देशको संविधान, वा प्रचलित कानुन पालना गर्ने क्रममा गरिएका बाध्यात्मक निर्णयहरू ।

## ८१. विधान संशोधनको अधिकार, प्रक्रिया र अपरिवर्तनीय व्यवस्थाहरू

(१) **विधान संशोधनको अन्तिम अधिकार र मञ्चः**

यस विधानलाई संशोधन, परिमार्जन वा खारेज गर्ने अन्तिम र सर्वोच्च अधिकार पार्टीको सार्वभौम 'महाधिवेशन' र 'विधान अधिवेशन लाई मात्र हुनेछ ।

नियमित महाधिवेशन सम्पन्न भइसकेपछिको अवस्थामा, अर्को महाधिवेशन हुनुभन्दा अगाडि विधानमा कुनै संशोधन गर्नुपर्ने अनिवार्य आवश्यकता आइपरेमा, सो कार्य विशेष रूपमा आह्वान गरिएको 'विधान अधिवेशन' ले मात्र गर्न सक्नेछ ।

(२) **दुई-तिहाइ बहुमतको मापदण्ड :**

विधान पार्टीको मूल कानुन भएकोले यसको संशोधन 'सामान्य बहुमत' बाट हुने छैन । विधानमा प्रस्तुत गरिएको कुनै पनि संशोधन प्रस्ताव पारित हुनका लागि महाधिवेशन वा विधान अधिवेशनमा उपस्थित कुल प्रतिनिधिहरूको कम्तीमा दुई-तिहाइ (२/३) बहुमतले पारित गरेको हुनुपर्नेछ ।

(३) **विधानका अपरिवर्तनीय व्यवस्थाहरू:**

पार्टीको प्राण, पहिचान र लोकतान्त्रिक चरित्रलाई समाप्त पार्ने गरी यस विधानका देहायबमोजिमका आधारभूत व्यवस्थाहरूमा कहिल्यै पनि, कुनै पनि बहुमतले वा अधिवेशनले संशोधन गर्न वा हटाउन मिल्ने छैनः

(क) पार्टीको नाम, झण्डा र आधिकारिक निर्वाचन चिह्न ।

(ख) पार्टीको आधारभूत वैचारिक मार्गदर्शक सिद्धान्त, राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता र बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्रप्रतिको निष्ठा ।

(ग) पार्टी सदस्यहरूमा निहित सार्वभौमसत्ता, सदस्यहरूको विशेषाधिकार र आन्तरिक लोकतन्त्रको सुनिश्चितता ।

(घ) पार्टीका सबै तहमा हुने आवधिक निर्वाचन प्रणाली

(४) **कानुनी बाध्यात्मक अवस्थामा बाधा अड्काउ फुकाउनेः**

यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, देशको नयाँ कानुन, अदालतको फैसला वा निर्वाचन आयोगको बाध्यात्मक निर्देशनका कारण विधानमा तत्काल कुनै परिमार्जन नगर्दा पार्टीको दर्ता वा कानुनी अस्तित्व नै सङ्कटमा पर्ने असाधारण परिस्थिति उत्पन्न भएमा;

केन्द्रीय समितिको दुई तिहाइ बहुमतले कानुनसँग बाझिएको वा बाधा परेको हदसम्म मात्र विधानमा 'अस्थायी संशोधन' गर्न सक्नेछ । तर, त्यस्तो अस्थायी संशोधनलाई लगत्तै बस्ने विधान अधिवेशन वा महाधिवेशनबाट अनिवार्य रूपमा अनुमोदन गराउनुपर्नेछ, अन्यथा उक्त संशोधन स्वतः खारेज हुनेछ ।

## ८२. विधानको आधिकारिक व्याख्या र विवाद निरूपण

**(१) प्रारम्भिक र प्रशासकीय व्याख्याको अधिकार :**

पार्टीको दैनिक साङ्गठनिक कार्य सञ्चालन र नीति कार्यान्वयनका क्रममा यस विधानका कुनै दफा, उपदफा वा शब्दावलीमा अस्पष्टता उत्पन्न भएमा, तत्कालका लागि त्यसको प्रारम्भिक र व्यावहारिक व्याख्या गरी काम सुचारु गर्ने अधिकार केन्द्रीय समितिलाई हुनेछ ।

**(२) व्याख्याका आधार र सीमाहरू:**

विधानको व्याख्या स्वेच्छाचारी ढङ्गले गर्न पाइने छैन । व्याख्या गर्दा अनिवार्य रूपमा देहायका पक्षहरूलाई आधार मान्नुपर्नेछः

(क) पार्टीको प्रस्तावना, घोषित वैचारिक सिद्धान्त र विधानका 'अपरिवर्तनीय व्यवस्थाहरू' ।

(ख) प्राकृतिक न्यायको सिद्धान्त र सदस्यहरूमा निहित सार्वभौमसत्ता ।

(ग) नेपालको संविधान र प्रचलित राष्ट्रिय कानुनको मर्म ।

**(३) सर्वोच्चता र नजिरः**

विधानको व्याख्यासम्बन्धी गम्भीर सङ्कट उत्पन्न भएमा त्यसको अन्तिम र सर्वमान्य छिनोफानो गर्ने सर्वोच्च अधिकार पार्टीको 'महाधिवेशन' वा 'विधान अधिवेशन' लाई मात्र हुनेछ । अधिवेशनले वा स्वतन्त्र न्यायिक निकायले विवादित विषयमा एकपटक गरेको अन्तिम लिखित व्याख्या पार्टीको 'नजिरका रूपमा स्थापित हुनेछ र भविष्यमा सोही प्रकृतिका विवादमा उक्त नजिर मार्गदर्शकका रूपमा लागू हुनेछ ।

## ८३. नियमावली, निर्देशिका तथा कार्यविधि तर्जुमा र जारी गर्ने अधिकार

**(१) केन्द्रीय नियमावली तथा निर्देशिकाः**

यस विधानको पूर्ण अधीनमा रही, विधानले निर्दिष्ट गरेका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन र सम्पूर्ण पार्टी पङ्क्तिमा साङ्गठनिक एकरूपता कायम राख्न, केन्द्रीय समितिले आवश्यक

पर्ने नियमावली,निर्देशिका तथा अन्य आवश्यक कार्यविधिहरू निर्माण गरी लागू गर्न सक्नेछ ।

(२) **मातहतका समितिहरूको अधिकार र सीमा:**
प्रदेश समिति र पालिका समितिहरूले आफ्नो भौगोलिक तथा साङ्गठनिक विशिष्टता र स्थानीय आवश्यकतालाई सम्बोधन गर्न, आफ्नो तहको कार्य सञ्चालनका लागि आवश्यक स्थानीय कार्यविधि वा निर्देशिका बनाउन सक्नेछन् ।

(स्पष्टीकरण: तल्लो तहका समितिहरूलाई पार्टीको छुट्टै 'नियमावली' वा अनुशासन तथा सदस्यतासम्बन्धी मूल कानुन बनाउने अधिकार हुनेछैन ।)

(३) **कानुनको पदानुक्रम र बाझिएमा बदर हुने:**
पार्टीका नियमहरूको पदानुक्रम क्रमश:

(क) विधान,

(ख) केन्द्रीय नियमावली/निर्देशिका र

(ग) तल्लो तहका कार्यविधि हुनेछ ।

कुनै पनि तहले निर्माण गरेको नियम विधानसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । त्यसैगरी, तल्लो तहले जारी गरेको कार्यविधि वा निर्देशिका केन्द्रीय नियमावली वा आफूभन्दा माथिल्लो समितिको नियमसँग बाझिएमा समेत बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

(४) **विधानको सर्वोच्चता र अधिकार कटौतीमा बन्देज:**
केन्द्रीय समिति लगायत कुनै पनि समितिले नियमावली, निर्देशिका वा परिपत्र जारी गर्दा विधानले प्रत्यायोजन नगरेको अधिकारको प्रयोग गर्न (विधानको सीमा नाघ्न) पाउने छैन । त्यस्ता नियम वा परिपत्रहरूले विधानले सदस्यहरूलाई प्रदान गरेको सार्वभौम अधिकार, विशेषाधिकार र आन्तरिक लोकतन्त्रलाई खुम्च्याउने, सङ्कुचित गर्ने वा निलम्बन गर्ने कार्य गर्न पाउने छैनन् ।

(५) **माथिल्लो समितिको सुपरिवेक्षण र अभिलेखीकरण:**
तल्लो तह (प्रदेश वा पालिका) ले कुनै पनि निर्देशिका वा कार्यविधि जारी गरेपछि त्यसको एक प्रमाणित प्रति जानकारी र अभिलेखका लागि अनिवार्य रूपमा आफ्नो ठीक माथिल्लो समितिमा यथाशीघ्र पठाउनुपर्नेछ । माथिल्लो समितिले त्यस्ता कार्यविधिहरू विधान र केन्द्रीय नीति प्रतिकूल देखेमा त्यसलाई खारेज वा परिमार्जन गर्न बाध्यात्मक आदेश दिन सक्नेछ ।

(६) **परिपत्र जारी गर्ने:**
पार्टीका हरेक तहका समितिहरूले आफ्ना निर्णय, नीति, विशेष अभियान र तत्कालीन निर्देशनहरू कार्यान्वयन गराउन तहगत साङ्गठनिक शृङ्खला को पूर्ण पालना गर्दै, आफूभन्दा ठीक मातहतका (तल्लो तहका) समिति वा सदस्यहरूलाई लक्षित गरी 'परिपत्र' जारी गर्न सक्नेछन् ।

## ८४. बाधा अड्काउ फुकाउने अधिकार र त्यसका सीमाहरू

(१) **बाधा अड्काउ फुकाउने अधिकार:**
यस विधानलाई पूर्ण रूपमा लागू गर्ने वा कार्यान्वयन गर्ने क्रममा कुनै अनपेक्षित व्यावहारिक, प्राविधिक वा कानुनी कठिनाइ उत्पन्न भई साङ्गठनिक गतिरोध पैदा भएमा, पार्टीको दैनिक कार्यसञ्चालन सुचारु गर्नका लागि केन्द्रीय समितिले स्पष्ट निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउने आदेश जारी गर्न सक्नेछ ।

(२) **विधानको मर्म र भावनाविपरीत जान नपाइने:**
उपदफा (१) बमोजिम बाधा अड्काउ फुकाउने नाममा केन्द्रीय समितिले कुनै पनि अवस्थामा यस विधानको मूल मर्म, प्रस्तावना, आधारभूत संरचना र लोकतान्त्रिक मूल्यमान्यताभन्दा बाहिर गएर कुनै आदेश वा निर्णय गर्न पाउने छैन । यस विशेषाधिकारलाई विधानको छद्म वा अप्रत्यक्ष संशोधन गर्ने हतियारका रूपमा प्रयोग गर्न पूर्णतः बन्देज हुनेछ ।

**(३) दुरुपयोगमा प्रतिबन्धः**

बाधा अड्काउ फुकाउने बहानामा केन्द्रीय समितिले देहायका कार्यहरू गर्न वा त्यस्तो प्रभाव पर्ने आदेश जारी गर्न पाउने छैनः

(क) विधानका 'अपरिवर्तनीय व्यवस्थाहरू' फेरबदल, निलम्बन वा निष्प्रभावी गर्न ।

(ख) पार्टी सदस्यहरूमा निहित सार्वभौम अधिकार, निर्णय खारेज गर्न सक्ने विशेषाधिकार वा तल्लो तहका समितिहरूको स्वायत्ततालाई सङ्कुचित वा खारेज गर्न ।

(ग) महाधिवेशन, अधिवेशन वा कुनै पनि तहको आवधिक निर्वाचनको समयसीमा स्वेच्छाचारी ढङ्गले पछाडि धकेल्न वा नेतृत्वको कार्यकाल लम्ब्याउन ।

**(४) स्पष्ट कारण र औचित्य खुलाउनुपर्ने :**

बाधा अड्काउ फुकाउनका लागि आदेश जारी गर्दा केन्द्रीय समितिले विधानको कुन दफा कार्यान्वयनमा ठ्याक्कै के-कस्तो कठिनाइ उत्पन्न भएको हो र त्यसलाई फुकाउनु किन अनिवार्य भयो भन्ने कुराको स्पष्ट लिखित कारण र औचित्य अनिवार्य रूपमा खुलाएर सार्वजनिक गर्नुपर्नेछ ।

## ८५. शपथ ग्रहण

(१) पार्टीका सदस्यले र पार्टीका सबै निकायका सदस्य तथा पदाधिकारीले अनुसूची-४ बमोजिम शपथ ग्रहण गर्नुपर्नेछ ।

(२) सबै तहका सभापति वा प्रमुखलाई केन्द्रीय निर्वाचन आयोगले तोकेको प्रतिनिधिले र समितिका अन्य सदस्यलाई सम्बन्धित तहको सभापति वा प्रमुखले शपथ ग्रहण गराउनेछ ।

(३) पार्टीका सदस्यलाई शपथ लिइसकेको पार्टी सदस्य वा केन्द्रीय समितिले तोकेको पदाधिकारीले शपथ गराउनेछ ।

## ८६. आधिकारिक सम्पर्क व्यक्ति

(१) निर्वाचन आयोग लगायतका सरकारी तथा कानुनी निकायहरूसँग पार्टीको तर्फबाट पार्टी सभापतिको निर्देशन तथा अनुमतिअनुसार

आधिकारिक पत्राचार, प्रतिनिधित्व र समन्वय गर्ने मुख्य जिम्मेवारी पार्टी सभापतिले तोकेको महामन्त्रीको हुनेछ। ।

(२) महामन्त्रीको पद रिक्त रहेमा, निलम्बनमा परेमा वा विशेष कारणले जिम्मेवारी निर्वाह गर्न असमर्थ भएमा सभापतिको निर्देशन तथा अनुमतिअनुसार केन्द्रीय समितिले औपचारिक निर्णय गरी पार्टीको अन्य कुनै पदाधिकारीलाई सम्पर्क व्यक्ति तोक्न सक्नेछ ।

## ८७. सङ्क्रमणकालीन साङ्गठनिक व्यवस्था

**(१) सङ्क्रमणकालीन समितिको हैसियतः**

पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन र सोअन्तर्गतका प्रदेश, जिल्ला, पालिका र वडा अधिवेशनहरू सम्पन्न भई विधिवत् रूपमा नयाँ नेतृत्व चयन नभएसम्मका लागि, हाल कायम रहेका तदर्थ/संस्थापक समितिहरूले नै सङ्क्रमणकालीन समितिको हैसियतमा दैनिक साङ्गठनिक कार्य सञ्चालन गर्नेछन् ।

**(२) शृङ्खलाबद्ध अधिवेशनः**

प्रथम महाधिवेशन हुनुअघि तल्लो तहका संरचनाहरूलाई लोकतान्त्रिकरण गर्न वडा, पालिका, जिल्ला र प्रदेश तहका अधिवेशनहरू अनिवार्य रूपमा तलबाट माथिको क्रममा क्रमशः सम्पन्न गरिनेछ । प्रथम पटकका यी अधिवेशनहरूपछि पार्टीका आगामी सबै अधिवेशन यसै विधानको नियमित व्यवस्था बमोजिम हुनेछन् ।

**(३) सङ्क्रमणकालीन पदपूर्ति र अधिकारको सीमाः**

प्रथम महाधिवेशन नभएसम्मको अवधिमा, विधान कार्यान्वयनमा कुनै कठिनाइ आएमा वा कुनै संरचनामा पदपूर्ति गर्नुपर्ने अवस्था सिर्जना भएमा, केन्द्रीय समितिले 'सामूहिक निर्णय' मार्फत मात्र त्यस्तो पदपूर्ति वा निर्णय गर्न सक्नेछ ।

**(४) महाधिवेशनअघि विधान संशोधनको विशेष अधिकारः**

पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न भइनसकेको अवस्थामा निर्वाचन आयोगको बाध्यात्मक निर्देशन पालना गर्न

वा महाधिवेशनको प्राविधिक तयारीका लागि विधान संशोधन गर्नैपर्ने अपरिहार्य आवश्यकता आइपरेमा; केन्द्रीय समितिको दुई-तिहाइ (२/३) बहुमतले सङ्क्रमणकालीन संशोधन गर्न सक्नेछ । तर, यसरी गरिएको संशोधनलाई प्रथम महाधिवेशनबाट अनिवार्य रूपमा अनुमोदन गराउनुपर्नेछ ।

## ८८. खारेजी र बचाउ

**(१) प्रारम्भ र खारेजी:**

यो विधान (वा संशोधन) केन्द्रीय समितिबाट पारित भई निर्वाचन आयोगमा विधिवत् रूपमा अद्यावधिक भएको मितिदेखि लागू हुनेछ । यो विधान लागू भएसँगै यसअघिका सम्पूर्ण साविकका विधानहरू स्वतः खारेज हुनेछन् ।

**(२) पुराना नियमहरूको निरन्तरता र अमान्यता:**

यो संशोधित विधान प्रारम्भ हुँदाका बखत कायम रहेका पार्टीका नियमावली, निर्देशिका, तथा कार्यविधिहरू केन्द्रीय समितिको निर्णयले खारेज वा संशोधन नभएसम्म लागू नै रहनेछन् । तर, पुराना नियमावली वा कार्यविधिका कुनै पनि प्रावधान यो विधानसँग बाझिएको पाइएमा, बाझिएको हदसम्म स्वतः अमान्य भएको मानिनेछ ।

**(३) काम कारबाहीको बचाउ:**

खारेज भएको अघिल्लो विधान वा सोअन्तर्गत बनेका नियम बमोजिम भइसकेका कामकारबाही, निर्णय, सदस्यता वितरण, गरिएका सम्झौता वा आर्थिक कारोबारहरू यसै विधानबमोजिम रीतपूर्वक सम्पन्न भएको मानिनेछ र ती कार्यहरूले पूर्ण कानुनी वैधता पाउनेछन् ।

## भाग - २३
## विशेष महाधिवेशनसम्बन्धी व्यवस्था

### ८९. विशेष महाधिवेशनको आह्वानः

पार्टीको राजनीतिक जीवनमा कुनै गम्भीर वा असाधारण परिस्थिति उत्पन्न भई तत्काल वैचारिक, नीतिगत वा साङ्गठनिक (नेतृत्व परिवर्तनसमेत) निर्णय लिनुपर्ने अवस्था सिर्जना भएमा पार्टीको विशेष राष्ट्रिय महाधिवेशन आह्वान गर्न सकिनेछ। विशेष महाधिवेशन सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ ।

### ९०. आयोजनाका आधार र प्रक्रियाः

देहायबमोजिमको अवस्था विद्यमान भएमा पार्टीको विशेष महाधिवेशन बोलाइनेछः

(१) **प्रतिनिधिहरूको मागदाबीबाटः** पार्टीको पछिल्लो नियमित महाधिवेशनका तत्काल कायम रहेका कुल प्रतिनिधिहरू मध्ये कम्तीमा दुई - तिहाई सदस्यहरूले हस्ताक्षरसहित स्पष्ट कार्यसूची खुलाएर केन्द्रीय समितिसमक्ष लिखित मागदाबी पेस गरेमा ।

### ९१. समयावधिको बन्देज :

धारा ९० को उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि, पार्टीको नियमित राष्ट्रिय महाधिवेशन सम्पन्न भएको मितिले ३ (तीन) वर्ष पूरा नभएसम्म विशेष राष्ट्रिय महाधिवेशन आह्वान गर्न वा सोका लागि ९० को उपधारा (१) बमोजिम प्रतिनिधिहरूबाट लिखित मागदाबी पेस गर्न पाइने छैन ।

### ९२. समयावधि र बाध्यात्मक व्यवस्थाः

९१ अनुसार समयसीमा पूरा भएको अवस्थामा, ९० को १ बमोजिम प्रतिनिधिहरूबाट विधिवत् रूपमा लिखित माग पेस भएको मितिले अधिकतम नब्बे (९०) दिनभित्र केन्द्रीय समितिले अनिवार्य रूपमा विशे ष महाधिवेशनको आयोजना गर्नुपर्नेछ ।

**९३. कार्यसूचीको सीमितता:**

विशेष महाधिवेशनको कार्यक्षेत्र अत्यन्त विशिष्ट हुनेछ । जुन निर्दिष्ट प्रस्ताव वा कार्यसूचीका लागि महाधिवेशन आह्वान गरिएको हो वा प्रतिनिधिहरूले माग गरेका हुन्, उक्त महाधिवेशनमा सोही विषयमा मात्र केन्द्रित रही छलफल र निर्णय गरिनेछ । नियमित महाधिवेशनमा झैं अन्य विविध प्रस्तावहरू यसमा प्रवेश गराइने छैन ।

**९४. विशेष महाधिवेशन प्रतिनिधि :**

विशेष महाधिवेशनमा भाग लिने प्रतिनिधिहरू सामान्यतया पार्टीको पछिल्लो नियमित महाधिवेशनमा निर्वाचित वा सहभागी भएका प्रतिनिधिहरू नै कायम रहनेछन् । पद रिक्त रहेको अवस्थामा विधानको अन्य व्यवस्थाबमोजिम पदपूर्ति गरिनेछ ।

**९५. निर्णयको वैधानिकता:**

विशेष महाधिवेशनले गरेका निर्णयहरूको कानुनी हैसियत नियमित राष्ट्रिय महाधिवेशनले गरेका निर्णयहरूसरह नै सर्वोच्च र सम्पूर्ण पार्टी पङ्क्तिका लागि पूर्ण रूपमा बाध्यकारी हुनेछ ।

***(विधान अधिवेशन बाहेक अन्य कुनै तरिकाबाट विधान संशोधन गर्न नमिल्ने व्यवस्था भए तापनि भाषिक शुद्धाशुद्धि, टंकण त्रुटि वा प्राविधिक त्रुटि सच्याउने कार्यमा यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।)***

# अनुसूची - १

## शपथको ढाँचा

## राष्ट्रिय स्वतन्त्र पार्टी
## शपथ पत्र

म ............................................ मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधानप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दै इमानका साथ ईश्वर, देश र जनताको नाममा शपथ लिन्छु कि पार्टीप्रति पूर्ण बफादार र हुँदै ....................................समिति/विभाग/आयोगको .................. पदको कामकाज प्रचलित कानून र पार्टीको विधानको अधिनमा रही मुलुक र जनताको भलो चिताई, कसैको डर नमानी पक्षपात नगरी पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीका साथ गर्नेछु ।

मिति:

हस्ताक्षर :

नाम:

ठेगाना:

केन्द्रीय कार्यालय:
चःमति, वनस्थली, काठमाडौं - १६, नेपाल | + ९७७ ०१ ५९१४५९१, ९८५१३६०६६६
info@rspnepal.org | www.rspnepal.org